Simple Sermons That Teach

सरल प्रवचनहरू जसले सिकाउँछ

लेखक
जेरी बेट्स

लेखकको भनाइ

पाठकहरुले परमेश्वरको सत्यतालाई सही तरीकाले बुझ्न र उपयोग गर्नमा लाभदायी हुने आशाका साथ यी रुपरेखाहरु दिएका छन् । शिर्षकले संकेट गरे अनुसार यी प्रवचनका रुप रेखाहरु गहिरो ईश्वरशास्त्र विषयमा छलफल गर्नको निम्ति संरचना गरिएको छैन्, बरु सकेसम्म सरल तरीकाले परमेश्वरको वचनको सत्यताहरुलाई सिकाउँदछ । निश्चय नै केही रुप रेखाहरुले केही सत्यताको गहिराइमा छलफल गर्दछ अथवा यसलाई पावलले खँदिलो वचन भन्दछ । तै पनि सबैले बुझ्न सकोस् भनी यी सत्यताहरुलाई मैले सम्भव भएसम्म सामान्य तरीकाले प्रस्तुत गरेको छु ।

यसको मौलिकतामा म दावी गर्दिन् । यी रुपरेखाहरु धेरै वर्षहरुको अन्तरालमा तयार गरिएको छ । धेरै स्रोतहरुबाट तिनीहरुलाई संकलन गरिएको थियो । मेरो आशा र प्रार्थना छ कि यो पुस्तकलाई प्रयोग गरी यसमा भएका रुपरेखाहरु उपयोगी छ भन्ने कुरा पाउनुको साथै आफ्नो ज्ञानमा बढ्दै जानुहुनेछ र आफ्नै प्रवचनहरु तयार गर्न सहायता मिल्नेछ । यसमा भएका शब्दहरुलाई सत्यताको रुपमा मात्र नलिनुहोस्, तर आफ्नो निरन्तर व्यक्तिगत अध्यनमा तपाईको मार्गदर्शनको निम्ति बाइबललाई प्रयोग गर्नुहुन हौसला दिन्छु । यी आधारभूत रुपरेखाहरुलाई लिनुहोस् । तपाईलाई उपयुक्त भए अनुसार र तपाईको जीवनका अनुभवहरु र व्यक्तित्वहरुसित तिनीहरुलाई विस्तार गरी आफ्ना स्रोताहरु समक्ष उत्तम तरीकाले पुग्नुहोस् । परमेश्वरले यो पुस्तक अध्ययन गर्ने स्रोताहरुलाई आशिष दिनुहोस् जसरी उहाँले निश्चय नै लेखकलाई आशिष दिनुभएको छ ।

प्रभुमा सेवक
जेरी बेट्स

बिषय सूची

पाठ	बिषय	पा.नं.
(१)	तौलियाका पाठहरु (यूहन्ना १३:१-१७).....	५
(२)	आराधनामा बाद्यसंगीत (कलस्सी ३:१६-१७).....	११
(३)	येशूको पुनरुत्थान (१ कोरिन्थी १५:१-२३).....	१५
(४)	येशू, पुनरुत्थान र ज्योति (यूहन्ना ११:१-५३).....	२०
(५)	दह्रिलो विश्वासमा बृद्धि हुनु (याकूब १:१३-२७).....	२५
(६)	शाउलको रुपान्तरण.....	२९
(७)	पावलको "म" (रोमी १:१३-१७).....	३४
(८)	नमुनाको मण्डली.....	३८
(९)	आराधनाका जगहरु (मत्ती ४:८-१०).....	४४
(१०)	अनुग्रहको सुसमाचार (प्रेरित २०:२४).....	४८
(११)	एकताको निम्ति परमेश्वरको मंच (एफिसी ४:१-६).....	५२
(१२)	ईजबेल- दियाबलसको सेवाकाई (१ राजा १६:२९-२२:४०).....	५८
(१३)	ओम्री- परमेश्वरविना सफलता (१ राजा १६:२३-२८).....	६३
(१४)	सित्तैको वरदानको उच्च मूल्य.....	६७
(१५)	विश्वासको सहनशीलता (हिब्रू १२).....	७१
(१६)	जब सबै गुमाएको जस्तो देखिन्छ (१ राजा १९:४).....	७६
(१७)	अनुग्रहद्धारा उद्धार (एफिसी २:७-१०).....	८०
(१८)	जलप्रलय- बप्तिस्मा (१ पत्रुस ३:२०-२१).....	८५
(१९)	प्रतिज्ञा अनुसारको उत्तराधिकारी (गलाती ३:२६-२९).....	९०
(२०)	छिमेकीमा सबैभन्दा लोकप्रिय चोर (लूका २३:३९-४४).....	९५
(२१)	लाल समुन्द्रका नियमहरु.....	९९
(२२)	लिडियाको हृदय खोलिएको (प्रेरित १६:१२-१५).....	१०४
(२३)	सुँगुर-पुच्छर धर्म.....	१०९
(२४)	नयाँ जन्म (यूहन्ना ३:१-५).....	११४
(२५)	किन येशू पृथ्वीमा आउनुभयो? (यूहन्ना १:१-३,१४).....	११८
(२६)	बाइबलीय पश्चात्ताप भनेको के हो?.....	१२३
(२७)	कालेब, विश्वासको महान आशावादी (गन्ती १३,१४).....	१२८
(२८)	सबैभन्दा ठूलो उपहार (मर्कूस १२:४१-४४)	१३३
(२९)	दिने सिद्धान्तहरु (२ कोरिन्थी ९:६-११).....	१३८
(३०)	मैले उद्धार पाउन के गर्नै पर्छ (प्रेरित १६:३०).....	१४४
(३१)	निर्णयको समय आजै हो (१ राजा १८:१७-३९).....	१४९

(३२)	विश्वासको दौड दौड्ने (हिब्रू १२:१-३).....	१५४
(३३)	इथियोपियाली नपुंसकको रुपान्तरण (प्रेरित ८:२६-४०).....	१५८
(३४)	"प्रार्थना नगर" भनी जब परमेश्वरले भन्नुभयो.....	१६३
(३५)	अरुले भन्दा तपाईले के बढी गर्न सक्नुहुन्छ (मत्ती ५:४३-४८)....	१६८
(३६)	तिम्रो विश्वास ठूलो छ (मत्ती ८:१०).....	१७३
(३७)	उत्तम कुराहरु गरिरहेका छौ (हिब्रू ६:१०).....	१७८
(३८)	खीष्टको बारेमा तपाई के सोच्नुहुन्छ (मत्ती २२:४१-४६; मर्कूस १२:३५-३७; लूका २०:४१-४४).....	१८२
(३९)	मण्डलीको सेवाकाई.....	१८६
(४०)	स्वीकारयोग्य आराधनाका कला.....	१९१
(४१)	शिष्यत्को लागि आव्हान(लूका ५:१-११).....	१९६
(४२)	परमेश्वर सक्षम हुनुहुन्छ (एफिसी ३:२०).....	२०१
(४३)	परमेश्वरको व्यवसायलाई व्यस्थापन गर्दै (मत्ती २५:१४-३०).....	२०६
(४४)	तपाईको भण्डारीको लेखा दिनु (लूका १६:२).....	२१०
(४५)	किन बप्तिस्मा.....	२१३
(४६)	बाइबलीय प्रेरणा.....	२१८
(४७)	हर्मेन्यूक्टिस्.....	२२७
(४८)	मलाई त्यो गर्न सहज छैन्.....	२३४
(४९)	मैले त्यसबाट के पाउँछु?.....	२३६
(५०)	सेवाकाई गर्ने आमाः दिदी युनिस.....	२३९
(५१)	अबीगेल.....	२४१
(५२)	एस्तरको पुस्तकबाट महान पाठहरु.....	२४३
(५३)	सुसमाचारवादी महिला.....	२४५
(५४)	योकोबेद.....	२५७
(५५)	अग्रिणी महिला र दिदी प्रिस्किला.....	२६०
(५६)	लिडिया.....	२६२
(५७)	स्त्रीको भूमिका.....	२६५
(५८)	के नगर्ने- दिदी सफिरा.....	२७३

पाठ- १

तौलियाका पाठहरू

Lessons of Towel

यूहन्ना १३:१-१७

(१) जस्तो तरीकाले परमेश्वरले काम गर्नुपर्छ भनी हामीले सोचेका हुन्छौं, प्रायजसो उहाँले हरेक समय त्यसरी काम गर्नुहुन्न् ।

(२) प्रेमसित परमेश्वरले हामीलाई हाम्रो जीवन जिउने रोजाईको स्वतन्त्रताको अनुमति दिनुहुन्छ, कि त परमेश्वरको सेवा गर्ने या त आफ्नै सेवा गर्ने । परमेश्वरलाई हामीले प्रेमसित प्रतिक्रिया गरेको उहाँ चाहनुहुन्छ, प्रेम नै त्यो मार्ग हो जसले हामीलाई जवाफ दिनको निम्ति प्रोत्साहन दिन्छन् ।

(३) खीष्टको जीवनको अर्को उदाहरण हामी यूहन्ना १३ अध्यायमा पाउँछौं, जहाँ उहाँले त्यस्तो क्रियाकलाप गर्नु भयो जुन मानिसले त्यो सही हो भनी सोचेको थिएनन्, । येशूले चेलाहरुको गोडा धुनुभयो ।

(४) खीष्टको समय आइपुगेको छ, त्यो उहाँको मृत्युको समय हो । अबको २४ घण्टामा उहाँको मृत्यु हुनेछ ।

[I] हामीले नम्रताको पाठ सिक्नु पर्छ ।

(क) *यहूदासँगै आफ्ना चेलाहरुसित येशू अन्तिम भोजन गर्दै हुनुहुन्छ ।*

(१) येशू र उहाँका चेलाहरु अन्तिम भोजनमा दा भिन्चीको उत्कृष्ट नमुनाको फोटोमा जस्तै बस्नुभएका थिएनन् ।

(२) सम्भवत तिनीहरु आफ्नो कुहिनोले टेकेर एक अर्काको छेउमा पल्टिरहेका थिए ।

(ख) *भोजनको कुनै समयमा कसैले नसोचेको कुरा येशूले गर्नुहुन्छ । उहाँ उठेर तौलिया लिनुहुन्छ र चेलाहरुका गोडा धुन थाल्नु हुन्छ ।*

(१) त्यो समयको सामाजिक दृष्टिकोणमा गोडा धुने कार्य एउटा महत्वपूर्ण हिस्सा थियो । ती दिनहरुमा हरेकले प्यालेसटाइनका बाटोहरुमा चप्पलहरु लगाएर हिड्थे । अनि कसैको खुट्टा र गोली गांठाहरु धेरै फोहोर हुन्थ्यो ।

(२) असल घर मालिकले ढोकाको छेउमा पानीको भाँडा राखेको हुन्थ्यो । कोही मानिस घरमा प्रवेश गर्दछन् भने कसैले उसको गोडा धोइदिन्थ्यो ।

(३) साधारणतया यस्तो काम नोकरद्धारा गरिन्थ्यो । किनभने यो सबै भन्दा अपमानजनक काम हो भनी मानिसहरु सोच्दथे । किन भनेर म बुझ्न सक्छु, तपाई सक्नुहुन्न्? पाहुनाहरुका गोडा धुनको निम्ति हिब्रू नोकहरुलाई बाध्य गर्नु निकै अपमानजनक थियो; त्यो काम

गर्नको निम्ति केवल ग्रीक नोकहरुलाई आज्ञा गरेको हुन्थ्यो । यदि त्यहाँ कोही नोकरहरु थिएनन् भने असल घर मालिक आफैले पाहुनाहरुको गोडा धुन्थ्यो ।

(४) त्यसो भए किन तिनीहरु गोडा नधोइकन टेबलको वरीपरी जम्मा भएर बसेका थिए? हामी लूकाको अभिलेखमा आखिरी भोजनबारे (लूका २२:२४) पढ्न पाउँछौं कि तिनीहरु मध्ये सबैभन्दा ठुलो को थियो भन्ने बारेमा चेलाहरुबिच विवाद भइरहेका थिए । यस्तो सम्वादलाई हामी कल्पना गर्न सक्छौं कि त्यस्तो तुच्छ काम गर्नको निम्ति हरेकले आफैलाई निकै महत्वपूर्ण छैन भनी दावी गरिरहेका थिए । त्यस्तो कामको निम्ति स्वयंसेवक हुनु भनेको हीनतालाई स्वीकार गर्नु हुनेछ ।

(५) कोठा पूर्णरुपले घमण्डी हृदय र फोहोर खुट्टले भरिएको थियो । तिनीहरु अधिकार र सिंहासनको निम्ति लड्न तयार थिए तर तौलियाको निम्ति इच्छुक थिएनन् ।

(६) जब यी कुराहरु भइरहेको थियो, येशूले अकल्पनीय कुरा गर्नुभयो उहाँ आफैले अरु चेलाहरुका साथ साथै यहूदाको पनि गोडा धुनु थाल्नुभयो यूहन्ना १३:५) । सबैभन्दा महान व्यक्तिले घुँडा टेकेर अरुको गोडा धुनुभयो ।

(७) मैले कल्पना गर्न सक्छु कि उहाँले तिनीहरुको गोडा धुनुहुँदा सबै झिना मसिना कुराहरुको अन्त्य भए । तत्कालै विवादको अन्त्य भयो । सम्भवत तिनीहरु एकले अर्कालाई अप्ठयारो मानेर हेरिरहेका थिए होला, लाजले तिनीहरुका आँखा झुकिरहेका थिए ।

(ग) *उहाँ आफैले गर्न नचाहनु भएका कुराहरु हामीले गरेको होस भन्ने चाहनुहुन्न ।*

(१) येशू पृथ्वीमा आउनुहुँदा उहाँ "आफैले आफैलाई रित्याईकन कमाराको रुप धारण गर्नुभयो ।"

(२) लूका २२:२७ मा येशूमा यसो भन्नुभयो, "म तिमीहरुका बीचमा एक जना सेवा गर्ने जस्तै छु ।"

(घ) *हामीले तौलिया उठाउनु पर्छ ।*

(१) हाम्रो ओठबाट नम्रताको बारेमा कुरा गछौं, तर नम्रता भनेको हामीहरुले इच्छा गर्ने वा प्रशंसा गर्ने सदगुण होइन् ।

(२) हामी धेरै पल्ट थोरैमा पनि अपमानित भएको महसुस गरेका छौं । कसैलाई पनि अपमानित भएको, लज्जित भएको वा असजिलो भएको मन पर्दैनन् । गोडा धुनु भनेको अपमानजनक अनुभव थियो । अरुलाई सेवा गर्ने समय पनि अपमानजनक समय हुन सक्छन् ।

(३) कसैले हामीलाई "नोकर" भनेर बोलाएको मन पर्दैनन् । हामीलाई नोकरलाई जस्तै व्यवहार गरेको मन पर्दैनन् । नोकरहरुलाई

दुर्व्यवहार गर्छन र हल्कासित लिन्छन् । कूसमा टाँगिएका सेवकहरुले मात्र कूसमा टाँगिएको मुक्तिदातासँग सम्वाद गर्न सक्छन् ।

(४) तिमीहरुमध्ये जो सबैभन्दा उच्च छ, त्यो तिमीहरुको सेवक हुनेछ । जसले आफूलाई उच्च पार्छ, त्यो होच्चाइनेछ, र जसले आफूलाई होच्चाउँछ, त्यो उच्च पारिनेछ (मत्ती २३:११-१२) ।

(ङ) *कसरी हामीमा यस्तो स्वभाव आउन सक्छ? (यूहन्ना १३:३)*

(१) येशू कहाँबाट आउनुभएको थियो भनी उहाँ जान्नुहुन्थ्यो । उहाँले स्वर्गको महिमा र परमेश्वरसँगको संगतिलाई त्याग्नुभएको थियो ।

(२) उहाँ को हुनुहुन्थ्यो भनी येशू जान्नुहुन्थ्यो । उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो । मानिसलाई पापबाट बचाउनु हुने उहाँ मसीह हुनुहुन्थ्यो

(३) उहाँ कहाँ जाँदै हुनुहुन्छ भनी येशू जान्नुहुन्थ्यो । उहाँ कूस भएर पुनरुत्थानद्धारा स्वर्गतिर जाँदै हुनुहुन्छ भन्ने कुरा उहाँ जान्नुहुन्छ ।

(४) हामीले उस्तै यी तीनवटा कुराहरु थाहा हुनैपर्छ । हामी पापमय जीवनमा आयौ; अब हामी परमेश्वरका सन्तान हौ; हामी परमेश्वरसँगको संगतिमा अनन्तता बिताउन जाँदैछौ । सुरक्षित मानिसहरुमात्र केवल नम्र हुन सक्छन् ।

(च) *स्वेइच्छाले आफैले आफैलाई सेवकको रुपमा राख्न प्रोत्साहन दिने कुरा के हो? प्रेम*

(१) पद १ लाई याद गर्नुहोस्, जहाँ खीष्टको प्रेमलाई जोड दिएको छ । उहाँले आफ्ना चेलाहरुलाई अन्त्यसम्मै प्रेम गर्नुभयो, शाब्दिक अर्थमा पूर्ण हदसम्म भन्ने हुन्छ । खीष्टको प्रेममा सिमितता छैनन् ।

(२) येशूले गर्नुभए जस्तै यदि तपाईले प्रेम गर्नुभयो भने तपाईले यस्तो काम गर्नुहुनेछ, जुन कुरा तपाईलाई कुनै प्रकारले तिर्न सक्दैनन् । एक जना धनी अमेरिकन यात्री यात्रा गर्दै एक पल्ट दक्षिण एशियाको अस्पतालमा भ्रमण गर्न गयो । जवान मिसनरी नर्सले एकजना नालीमा लडिरहेको बृद्ध मानिसको फोहोर, बिरामीहरुको घाउ सफा गर्दै थिइन् । त्यो मानिसले नर्सलाई भन्यो, "दशौ लाख दिए पनि म त्यस्तो काम गर्दिन ।" नर्सले शान्तपूर्वक उत्तर दिइन्, "न त मलाई पनि मन पर्छ ।" पैसा भन्दा पनि उच्च स्तरको प्रेरणा छन् ।

[II] हामीले पवित्रताको पाठ सिक्नु पर्छ (यूहन्ना १३:६-११) ।

(क) *जब येशू पत्रुसकहाँ आउनुभयो, तपाई मेरो गोडा धुनुहुन्छ भनी उनले उहाँलाई सोधे । येशूले नोकरको अपमानित काम किन गर्दै हुनुहुन्छ भनी पत्रुसले बुझेको छैनन् भनी उहाँले उनलाई व्याख्या गर्नुभयो, तर उनले पछि बुझ्नेछन् । उहाँको पुनरुत्थान, स्वर्गारोहण, पवित्र आत्माको आगमन पछि उनले सबै कुरा बुझ्नेछन् ।*

(१) पत्रुसले बुझ्नेनन् । येशूले उनको गोडा कहिल्यै पनि धुनुहुने छैनन् भनी पत्रुसले भन्यो । ग्रीक भाषामा यो वाक्यमा दोहोरो नकारात्मक शब्द समावेश भएका छन्, जसले नकारात्मकलाई तीव्र गर्नको लागि सेवा गर्दछन् । "तपाईले मेरो गोडा कहिल्यै-कहिल्यै धुनुहुनेछैन ।"

(२) मैले तिम्रो गोडा नधोइदिएसम्म हाम्रो संगति हुन सक्दैन् भनी येशूले जवाफ दिनुभयो ।

(३) त्यसपछि पत्रुसले अर्को शब्दमा उत्तर दियो, "मलाई नुहाइदिनुहोस् ।"

(४) आफ्नो नम्रतामा ख्रीष्टलाई भन्दा बढी थाहा थियो भनी पत्रुस सोच्दछ । हामीमा जस्तै पत्रुसमा पनि त्यही समस्या थियो-परमेश्वरले जुन तरीकाद्वारा गर्नुहुन्छ ती चीजहरुलाई हेछौं ।

(ख) *केवल फोहोर भागहरुलाई मात्र धुनु आवश्यक छ भनी येशूले भन्नुभयो ।*

(१) त्यसपछि येशूले सिङ्गो समुहलाई भन्नुहुन्छ । तिनीहरु सबै शुद्ध थिए ।

(२) तर तिनीहरुमध्ये सबै शुद्ध थिएन् । यो प्रष्टरुपमा यहूदाको सन्दर्भ थियो (यूहन्ना १३:११) । तिनीहरु सबै शारीरिक रुपमा शुद्ध थिए, तर आत्मिकरुपमा थिएनन् । यहूदाको समस्या प्रत्यक्षरुपमा गोडा थिएनन, तर उसको हृदय थियो ।

(ग) *यहाँ येशूले आत्मिक पाठ सिकाइरहनु भएको छ । कूसमा अपमानजनक ख्रीष्टको कष्टले पुरुष र स्त्रीहरुलाई उहाँको रगत बहाइद्धारा शुद्ध बनाइने छन् ।*

(१) हामी सबै येशूद्धारा धोइनुपर्छ । येशूको रगतले हाम्रा पापहरु धुनुहुन्छ । हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई पापबाट स्वतन्त्र पार्नुहुन्छ (प्रकाश १:५) ।

(२) प्रेरित २२:१६ ।

(३) हामी मैला भएर हिड्दा हामीलाई निरन्तर शुद्धिकरणको आवश्यकता पर्दछ । यदि हामीले हाम्रा पापहरु स्वीकार गछौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ (१ यूहन्ना १:९) ।

[III] खुशीको पाठ (यूहन्ना १३:१२-१७) ।

(क) *हामीले "गोडा धुन" सिक्नुपर्छ ।*

(१) येशू फेरी आफ्नो स्थानमा बस्नुभयो र उहाँले तिनीहरुको निम्ति के गर्नुभयो सो बुझेका छौ कि भनी उहाँले सोध्नुभयो, "के तिमीहरु जान्दछौ?"

(२) प्रभुत्वको स्थिति सेवा अभ्याससित मिल्दैनन् ।

(३) येशूले भन्नुभयो, "तिमीहरुले मलाई गुरु भन्दछौ ।" उहाँ तिनीहरुको गुरु हुनुहुन्थ्यो । यो कुरा गुरुको साथसाथै चेलाहरुका निम्ति

पनि सुहाउँदो छ ।

(४) तिनीहरुले उहाँको गोडा धुनु पर्छ भनी येशूले भन्नु हुन्छ भनी हामीले अपेक्षा गर्छौं होला । तिनीहरु अझैपनि मैला नै छन् । येशूको गोडा धुने बारे हामीले त्यति मनमा राख्दैनौं । तर, तिनीहरु एकले अर्काको गोडा धुनु पर्छ भनी उहाँ भन्नुहुन्छ ।

(ख) *हामीले कसको गोडा धोएको येशू चाहनुहुन्छ?*

(१) हाम्रा मित्रहरुको? यो त्यति नराम्रो पनि होइन् ।

(२) येशूले अरुको साथसाथै यहूदाको पनि गोडा धुनुभयो ।

(३) मित्रहरु र शत्रु जस्तो व्यवहार गर्ने सबैका गोडा धुने चाहना हामीले गर्नु पर्छ (यूहन्ना १३:१६) ।

(ग) *के हामीहरुमा गोडा धुने समारोह हुनुपर्छ?*

(१) कहिलेकाहीं केही धार्मिक समुहहरुले गर्दछन् । गोडा सफा नभएकाहरु मण्डलीमा सहभागीताको निम्ति आउँछन् । पूर्णरुपमा गोडा धुनको निम्ति तिनीहरु कोरिएको रेखामा जान्छन् । मौलिक उद्देश्य- फोहोर गोडा धुने- अर्थ गुमाएको छ ।

(२) केवल एक पल्ट मात्र नयाँ नियमको १ तिमोथी ५:९-१० मा खुट्टा धोएको बारे उल्लेख गरेको छ, जहाँ पावलले विधवाहरुका योग्यताहरु दिंदछन् जो मण्डलीद्धारा सहयोग पाउनको निम्ति योग्यका छन् ।

(३) खुट्टा धुने बारेमा प्रारम्भिक ख्रीष्टियानहरुका लेखमा केही पनि भनिएको छैन् । अधिका मण्डलीको आराधनामा कहिल्यै पनि यस्तो प्रकारका समारोह मनाएनन् ।

(४) जसरी चार्ल्स हर्जले भन्दछ, "खुट्टा धुने बादबिवादमा हामी जितेका हौला- तर हामीले अझै पनि खुट्टा धुन सिकेका छैनौं । अरुहरुलाई सेवा गर्ने इच्छुक हुनु पर्छ भन्ने २१ औं शताब्दीको समानान्तर हो- तिनीहरु को हुन् त्यसले फरक पार्दैनन्, त्यसको मूल्य कति पर्छ त्यसले असर पार्दैनन्, त्यो काम कति आरामदायी छैनन् त्यसले फरक पार्दैनन् ।

(५) संसारले सोध्छ, "कति जना मानिस तपाईको निम्ति काम गर्छ?" परमप्रभु सोध्नुहुन्छ, "तिमी कति जना मानिसहरुका निम्ति काम गर्छौं?"

(घ) *"गोडा धुनु" नै खुशीको कुञ्जी हो (यूहन्ना १३:१७) ।*

(१) थाहा पाउनु मात्र पर्याप्त होइन्, हामीले अरुको सेवा गर्नु पर्छ । यो हामीले गर्नै पर्छ ।

(२) आशिष शब्दको निम्ति त्यस्तै धन्य शब्द पनि प्रयोग गरेको छ । यसले आन्तरिक खुशीलाई बुझाउँछ वा यो बाहिरी परिस्थितिमा निर्भर नहुने आनन्द हो ।

(३) अब यसले संसारको स्तर अनुसार कुनै अर्थ दिदैनन् । कुनै

कुराहरुबाट वा हामीलाई अरु मानिसहरुले सेवा गर्दा खुशी आउँछ भनी हामी सोच्छौं । अल्बर्ट स्क्वेटजर भन्दछ, "तपाईको भाग्य के हुनेछ त्यो मलाई थाहा छैन, तर एउटा कुरा मलाई थाहा छः हाम्रो माझमा भएको त्यो व्यक्तिमात्र वास्तवमा खुशी हुनेछ जसले सेवा गर्ने कुरा खोज्दछ र त्यो मार्ग भेट्नुउँछ ।"

निष्कर्ष

(१) के म बिनम्र भएर सेवा गर्न इच्छुक छु? जीन इस्ट्रिटले भोजनालयबाट लाखौं पैसा कमाए । भोजनालय व्यवसायको सफलताको बारेमा उनको यस्तो निरिक्षण छः "यदि तपाईमा सेवकको मानसिकता छैनन् भने यसले काम गर्ने छैनन् ।" यदि यो कुरा भोजनालयमा सत्य हो भने, मण्डलीमा यो कति धेरै सत्य हुनुपर्छ ।

(२) विशेषगरी अगुवाहरु पनि सेवक हुनै पर्छ ।

(३) मण्डली सेवक हुनु पर्छ । अरुहरुलाई सेवा गर्ने हुनैपर्छ । परमेश्वरको सेवक हुनुपर्छ ।

पाठ- २

आराधनामा बाद्य संगीत

Instrumental Music in Worship

कलस्सी ३:१६-१७

परिचय

(१) ख्रीष्टियानिटीको इतिहासमा शिक्षा र अभ्यासहरुका विभिन्न बिन्दुहरुमा धेरै विवाद भएका छन् ।

(२) बाद्य संगीत पनि ती विवादित बिषयहरु मध्ये एउटा हो जसबाट धेरै मण्डलीहरु विभाजन भएका छन् ।

(३) वास्तवमा आज थोरै मानिसहरु मात्र यसबारे चिन्तित छन् । लगभग सबै धार्मिक समुहहरुले यसलाई प्रयोग गर्दछन् वा यसको विरोध गर्दैनन् । मण्डलीमा जहिले पनि बाद्य संगीत थियो भनी धेरै मानिसहरुका अवधारणा छन् ।

(४) आज धेरै मण्डलीहरुले यसको विरोध गर्न छोडिसक्यो । मण्डलीले परिवर्तन गर्नै पर्छ वा मण्डलीको भविष्यको मुहार फेर्नु पर्छ भनी कोही प्रचारकहरुले भन्दछन् । प्रतिरोधको सानो भिन्नताको निम्ति हामी अस्तित्वबाट समाप्त हुन्छौं । यदि सही कुरा हो भने पनि त्यसको सत्यतालाई कुनै प्रभाव पार्दैनन् ।

(५) धर्मशास्त्रले विविध प्रकारका आराधनाको पहिचान गर्दछः इच्छा अनुसारको आराधना, व्यर्थको आराधना, अज्ञानताको आराधना, र सत्य आराधना । केवल एउटै आराधना परमेश्वरमा ग्रहणयोग्य हुन्छ ।

[I] हामी बाद्य संगीत प्रयोग गर्दैनौं भनी किन कसैले भन्दछ?

(क) *हामी यसको विपरित हुन चाहन्छौं ।*

(१) केवल जिद्दी भइरहेको छ ।

(२) केवल फरक हुन चाहेको छ ।

(३) केवल समस्या खडा गर्नेहरु हुन् । आहाबले एलियालाई समस्या सृजना गर्ने मानिस भन्यो, 'इस्रायललाई कष्ट दिने तिमी नै हौ?' (१ राजा १८:१७) ।

(ख) *राम्रो संगीतको ज्ञान छैन वा मन पर्दैन ।*

(१) म संगीतकार होइन् वा राम्रो संगीतको शिक्षा पाएको छैन् ।

(२) अरु धेरै मानिसहरु छन् । तिनीहरु राम्रो संगीत विद्यालयहरुमा गएका छन्, संगीत रचना गर्न सक्छन्, धेरै बाद्य संगीतहरु बजाउन सक्छन् आदि ।

(३) प्रायजसो मण्डलीमा सम्भवत त्यस्ता कोही हुन्छन् जसले हाम्रो भजन सँगसँगै राम्ररी बजाउन सक्छन् ।

(ग) *परम्परासँग गाँसिएको ।*

(१) हामी अहिलेका सबै नयाँ कुराहरुका विरुद्धमा छौं ।
(२) धेरै प्रचारकहरुले अहिलेका हाम्रा अभ्यासहरुलाई हाम्रा परम्पराको रुपमा उल्लेख गर्दछ ।

[II] कुनेदुङ्गे पद

(क) *कलस्सी ३:१७*
(१) सबै कुरामा ख्रीष्टको अधिकारलाई सम्मान गर्नु हुन्छ भन्ने यसको अर्थ बुझिन्छ ।
(२) व्यक्तिगत आचरण र नैतिकताको क्षेत्रमा पनि यो कुरा सही छ ।
(३) हाम्रा विचार र कार्य लगायत गोप्य कुराहरुमा पनि यो सही छ ।
(४) यो निश्चय नै ख्रीष्टियानहरुका सामुहिक भेलामा पनि लागु हुन्छ । हामीलाई के र कसरी गर्ने भनी परमेश्वरले भन्नुभएको छ भने, उहाँले भन्नु भएको तरीका अनुसार हामीले गर्नैपर्छ ।

(ख) *धर्ममा लेखिएका कुराहरु गर्नको निम्ति हामीमा समस्या छ । तर, यसको महत्वलाई हामीले अरु क्षेत्रहरुमा पनि बुझ्न सक्छौं ।*
(१) पकाउने कुरामा: चार ओटा अण्डाहरु राख भनी पकाउने विधिले भन्दछ भने चार वटा भन्दा बढी अण्डाहरु प्रयोग गर्नु भनेको पकाउने विधिलाई परिवर्तन गर्नु हो । यसले स्पष्टरुपमा स्वादलाई नै परिवर्तन गरिदिन्छ ।
(२) विवाहको निमन्त्रणामा मिति र समय तोकिदिएको हुन्छ । यो नियमले अरु कुनै दिन र समयलाई बाहिर हटाइदिन्छ ।

(ग) *नोआ: " परमेश्वरले नोआलाई आज्ञा गर्नुभएबमोजिम तिनले सबै गरे" (उत्पति ६:२२) ।*
(१) गोपेर काठको जहाज बनाई भित्र- बाहिर अलकत्राले लिप्नु भनी नोआलाई आज्ञा गरिएको थियो ।
(२) जहाजको ठीक नाप, तल्लाहरु, झ्यालहरु, ढोकाहरु र आकारबारे नोआलाई भनिएको थियो ।
(३) जहाजभित्र कति जनावरहरु ल्याउने भनी नोआलाई भनिएको थियो ।
(४) परमेश्वरले नोआलाई आज्ञा गर्नु भएबमोजिम उनले ठीक त्यसै गरे । कुनै परिवर्तन गरेको भए अनाज्ञाकारी हुन्थ्यो र नोआले त्यसको मूल्य चुकाउनु पर्थ्यो ।

(घ) *मत्ती २६*
(१) येशूले प्रभुभोजको स्थापना गर्नुभयो । त्यसमा रोटी र अंगुरको रस प्रयोग गर्नु भनी उहाँले भन्नुभयो ।
(२) केक र कोकाकोलालाई प्रयोग गर्दा पनि राम्रै हुन्छ भनी थोरैले मात्र विवाद गर्दछन् ।
(३) हामी रोटी र अंगुरको रस प्रयोग गछौं । किन? किनभने येशूले त्यसो

गर भन्नुभयो ।

[III] नयाँ नियमले भजन गाउनेलाई मात्र अधिकार दिन्छ ।

(क) *" एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै" (एफिसी ५:१९) ।*

(१) "धुन निकाल्दै" भन्ने ग्रीक शब्दमा बाद्य संगीत समावेश भएको छ भनी धेरैले भन्ने गर्दछन् । बाद्य संगीतविना तपाईले धुन निकाल्न सक्दैनन् भनी एक जना ब्याप्तिस् मण्डलीको प्रचारले भन्यो । धेरै वर्ष अघिदेखि उनको आफ्नै सम्प्रदायले बाद्य संगीत प्रयोगलाई विरोध गरेका थिए । यहूदीहरुका मन्दिर, सभाघरहरुमा र मूर्तिहरुका आराधना गर्ने ग्रीकहरुमा बाद्य संगीत सामान्य भएता पनि प्रारम्भिक मण्डलीहरुमा केवल स्वर संगीतलाई मात्र प्रयोग गरेको थियो भनी सबै विद्धानहरु सहमत हुन्छन् । यदि यो सही हो भने किन पावल र प्रारम्भिक मण्डलीले तिनीहरुलाई प्रयोग गरेनन्?

(२) हृदय नै बिशिष्ट उपकरण हो । यसले पुरानो करारको भौतिक आराधनालाई र नयाँ नियमको आत्मिक आराधनाको विषमतालाई जोड दिन्छ ।

(३) "खीष्टको वचन तिमीहरुमा प्रशस्तसँग वास गरोस् । पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ" (कलस्सी ३:१७) ।

(ख) *पद १६ मा भजन गाउने कुरा आराधनासँग जोडिएको कुरा उल्लेख गर्दछ । एउटै मात्र उल्लेख गरेको संगीत भनेको स्वर संगीत हो ।*

(१) नयाँ नियममा करिब ४४ पल्ट बाद्य संगीतहरु उल्लेख गरेका छन् । ती सबै आनन्द र अन्त्येष्टि कर्मको सम्वन्धमा उल्लेख गरेका छन । प्रकाशको पुस्तकमा बाहेक अरु कुनै पनि पदहरुमा आराधनासँग सम्बन्धित छैनन् ।

(२) यसकारण, हामी आराधनामा खीष्टको नाउँमा भजन गाउन सक्छौं, तर खीष्टको नाउँमा बजाउन सक्दैनौं, किनभने खीष्टले बजाउने कुरालाई अधिकार दिनुभएको छैन ।

(३) खीष्टले अधिकार गर्नु भएको उपकरण हृदय हो ।

(४) फ्लोएड डेकर र विल्कोक्सविच पाँच रातको बहसको कथा भन्दछु । खीष्टियान मण्डलीको डेकरले पहिले बोल्यो र उनले ३० मिनेटमा स्पष्टरुपले बाद्य संगीतका सबै तर्कहरु दिए । त्यसपछि विल्कोक्स उभिए र बोर्डमा गए । बोर्डको एकापट्टि भजन गाउने बारे नयाँ नियमले अधिकार दिएका धर्मशास्त्रका सबै पदहरु लेख्यो र अर्को पट्टि ठुलो गोलाकार घेरा बनाएर नयाँ नियमले बाद्य संगीत बजाउनु हुन्छ भनी अधिकार दिएका धर्म शास्त्रीय पदहरु

डेकरले लेख्नु पर्‍यो र वहस अन्त्य हुनेछ । विल्कोक्सले दुई मिनेट बोल्यो र बस्यो । डेकर उठेर विल्कोक्सको उपहास गर्न थाले र पुनः बाद्य संगीतको बारेमा सामान्य तर्कहरु दिए । विल्कोक्स फेरी दुई मिनेट बोलेर बस्यो । अर्को दिन एकजना एल्डर डेकरको अफिसमा आएर उनलाई सोध्यो कि किन तपाईले बोर्डमा धर्मशास्त्रका पदहरु लेखेनौ । डेकरले स्पष्टरुपमा भन्यो कि यदि मलाई थाहा भएको भए म त्यहाँ पदहरु लेख्थे । उनले सोध्यो, "अब तपाई के गर्नु हुन्छ?" डेकरले भन्यो, "मलाई थाहा छैन, तर मसँग अझै वहसको निम्ति चार रात बाँकी छ ।" केही समय पछि डेकर विल्कोक्सकहाँ गएर आफु गलत रहेछु भनी स्वीकार गरे । यसो देखिन्छ कि आज पनि थोरै मानिसहरुले गलतलाई स्वीकार गर्ने इच्छा देखाउँछ । यो बिषयमा छलफल गर्नु कुनै मूल्यको छैनन् भनी अरुले सोच्दछन् ।

(ग) *कसैले भन्ने गर्दछन कि हामीसँग भजन पुस्तकहरु वा मण्डली भवन जत्तिकै अधिकार पियानोसँग पनि छ । बाइबलमा भजन पुस्तक, भवन जस्ता कुरापनि उल्लेख गरेका छैनन् ।*

(१) हामीलाई आराधनाको निम्ति भेला हुन आज्ञा गरेको छ । भेलाको निम्ति आवश्यक पर्ने कुरा स्थान होः भवन (किनेको होस् वा भाडामा लिएको कोठा होस्), रुखमुनि, वा घरमा त्यसले फरक बनाउँदैनन् ।

(२) हामीलाई गाउन आज्ञा दिएको छ जसमा भजन कितावहरु सम्लग्न हुन्छन, त्यसले हामीलाई गाउन सहायता गर्छन् ।

(३) बाद्य संगीत भनेको भजन गाउने उपकरण होइन्, तर यो अर्को प्रकारको संगीत हो जुन गायन भन्दा पूर्णरुपमा फरक छन् ।

निष्कर्ष

(१) कसैले पनि बाद्य संगीतलाई कहिल्यै स्वीकार गरेनन्, किनभने लामो समयसम्मको बाइबल अध्ययन पश्चात कोही यो निष्कर्षमा पुग्छन् कि यो परमेश्वरको योजना होइन् । तर हाम्रो रोजाइ अनुसारको धार्मिक व्यवस्थामा यसलाई सहजपूर्वक अपनाइयो । अर्को शब्दमा भन्नुपर्दा, हामीलाई यो मन पर्छ वा अरु मानिसहरुले पनि यसलाई मन पराएको हामी चाहन्छौं । फेरि पनि यसले मानिसको भौतिक कुरालाई अपील गर्दछ ।

(२) तपाईले व्यक्तिगत रुपमा बाद्य संगीत प्रयोग गर्नलाई समर्थन नगर्नु भएता पनि जुन मण्डलीमा तपाई आराधना गर्न जानुहुन्छ यदि त्यहाँ बाद्य संगीत प्रयोग गर्दछन् भने तपाई पनि यसको प्रयोग गर्न समर्थन गर्नुहुन्छ ।

(३) यहि सिद्धान्त अरु धेरै कुराहरुमा पनि प्रयोग हुन्छन् । आधुनिक धर्मले अरु धेरै कुराहरु थप्दछ जुन अधिकार गरिएको छैन, जस्तैः धुप बाल्ने, धार्मिक नाच, मैनबत्ती बाल्ने, अन्तिम मृत्यु संस्कारहरु इत्यादि ।

(४) परमेश्वरले अधिकार दिनुभएको कुरा गरिरहँदा के तपाई सन्तुष्ट हुनुहुन्छ?

पाठ- ३

येशूको पुनरूत्थान

The Resurrection of Jesus

१ कोरिन्थी १५:१-२३

परिचय

(१) बाइबलले प्रष्टरुपमा खीष्टको शारीरिक पुनरुत्थानको तथ्यबारे सिकाउँदछ । तै पनि धेरै मानिसहरुलाई यो गाह्रो लाग्छ, विश्वास गर्न असम्भव ठान्छ ।

(२) एक जना बृद्ध महिलाले कृत्रिम फलफूल बेचेर आफ्नो जीवन चलाइरहेकी थिइन् । उनले बेचेका फलहरु यर्थाथको थिएनन् भनेर एक दिन ग्राहकले गुनासो गरे । उनले एउटा स्याउलाई देखाएर भनिन् कि यो पनि रातो छ, यो गोलो पनि छ, र साँचो स्याउ जस्तै ठूलो पनि छ । यो बिन्दुसम्म आउँदा कृत्रिम फल बेच्ने महिलाले एउटा स्याउ उठाएर खानलाई अगाडी बढाइन् । वर्षौं भरी येशूको पुनरुत्थानलाई आलोचनात्मक रुपमा जाँच गरियो, धेरै अधिकारवालाहरुले न्याय गरियो, र लेखकहरुले सम्पादन गरियो, र धेरैको निष्कर्ष यही भयो कि यो सामान्य घटना हो जसलाई प्रमाणित गर्न सक्दैनन् र सम्भवत सत्य हुनको निम्ति असल छ ।

(३) पुनरुत्थानलाई विश्वास गर्छौं भन्नेहरु गएर भन्दछन् कि यो साँच्चै घटेको घटना हो या होइन यसले वास्तवमा फरक पार्दैनन् । जीवनका हरेक क्षेत्रहरुमा यस्तो अन्धो विश्वास उपहास गरेको हुन्छ ।

(४) केही वर्ष अगाडी टाइम र साप्ताहिक दुवै पत्रिकामा येशूको पुनरुत्थानलाई आवरण कथाको रुपमा छापिएको थियो ।

(५) साप्ताहिक पत्रिकाले भन्दछ कि तिनीहरुले ६०० भन्दा बढी पत्रहरुबाट लेखको बारेमा विविध विचारहरु अभिव्यक्त प्राप्त गरे । ती मध्ये दुईवटा पत्रहरुलाई हेरौं । एउटा पत्र त्यो व्यक्तिबाट थियो, जसले आफुलाई "रेभरेन्ड" भनियो । "तपाईको लेखले यसलाई शानदार भनियो । बाइबल पूर्णरुपमा विरोधाभास, दन्त्यकथा, व्यक्तिगत पूर्वाग्रह र शंकास्पद इतिहास हो । तपाईले यी कुराहरु मण्डलीको आशनबाट सुन्नुहुन्न् । तर बाइबलले येशू नाम गरेको व्यक्तिको शारीरिक पुनरुत्थानबारे अटल विश्वास बोकेको छ । जब यी सबै कुराहरु भनेर सकाए, तब भरोसामात्र बाँकी रहन्छ, जुन जहिले पनि विश्वासको कुरा हुन्छ । अप्ठयारोबाट हेर्दा यो मण्डलीको ठूलो आनन्द हो । अर्को पत्रः "यदि उहाँ परमेश्वरको पुत्र हुनु हुनुहुन्थिएन भने येशू निश्चय नै पृथ्वीमा आउनु भएको अहिले सम्मकै सबैभन्दा महान सामाजिक सुधारक मात्र हुनुहुन्थ्यो (यसरी संसारमा आउनु भएको सबैभन्दा झुटो र छली पनि हुन्थ्यो) । परमेश्वरको दृष्टिकोणमा उहाँको प्रेम, दया, र समानताको सन्देशले मानिसहरुलाई जहिले पनि सान्त्वना र चुनौती दिन्छ । अन्तमा, उहाँको मृत्यु भइसकेपछि के

भयो भन्ने कुरा वास्तवमै महत्वपूर्ण कुरा हो ।

(६) आफुले आफुलाई खीष्टियान भन्नेहरु, नयाँ नियमका विद्धानहरु र धेरैको विचारमा पुनरुत्थान साँच्चै नै भएको हो वा होइन भन्ने कुराले फरक पार्दैनन् । यो केवल विश्वास मात्र हो । १ कोरिन्थी १५:३-८ ले येशूको पुनरुत्थानका केही प्रमाणहरु दिन्छन्, तर ती मानिसहरुका निम्ति प्रमाणहरु महत्वपूर्ण छैनन् । म विश्वास गर्छु कि यो सही हुनुपर्छ ।

- एउटा अर्थमा यो छ । मैले येशूको पुनरुत्थानलाई विश्वास गर्दिन भनेता पनि उहाँ बौरी उठ्नुभयो, यसले मेरो जीवनलाई असर पार्ने छैनन् ।
- अर्को हातमा, मेरो विश्वासले कुनै कुरा गलत वा सही बनाउने होइनन् । यदि यो कुरा सत्य थिएन् भने मेलै के गुमाउने छु? येशूको पुनरुत्थानको के महत्व छ?

[I] पुनरुत्थान महत्वपूर्ण छ किनभने परमेश्वरले जित्नुहुनेछ भन्ने कुराको आखिरी प्रमाण नै पुनरुत्थान हो ।

(क) *प्रायजसो समय परमेश्वरले जितिराख्नु भएको छैनन् जस्तो देखिन्छ ।*

(१) पृथ्वीमा जताततै खराब छ- पाप, हिंसा, गरिबी, कष्ट, युद्ध, मृत्यु इत्यादि भइरहेका छन्, त्यसो भए परमेश्वर कहाँ हुनुहुन्छ?

(२) मण्डली र खीष्टियानिटीलाई हेर्दा प्रायजसो धर्मीहरुलाई उपहास गर्दछन्, गलत शिक्षा र गलत धर्महरुलाई प्रचार गरियो र व्यापकरुपमा स्वीकार गरियो, परमेश्वरलाई सेवा गर्नुको सट्टामा तिनीहरुलाई जे गर्न मन लाग्छ त्यही कुराहरु गर्न मानिसहरु बढी इच्छुक हुन्छन्, र हामी अचम्मित हुन्छौ- यसको के उपयोग छ?

(३) यो कुरा विशेष गरी चेलाहरुमा पनि सही थियो । मसीहको मृत्यु भएको थियो! तिनीहरुका सबै आशा मरेर गए ।

(४) उदाहरणको निम्ति इम्माउसको दुईजना मानिसहरुको उदाहरण लिनुहोस् (लूका २४:१३-३५) । एकदम गलत तरीकाबाट गएको योजनालाई संक्षेप सार गरेको जस्तो थियो (पद २१ मा उदाहरणको निम्ति तिनीहरुमा आशा थियो; तिनीहरुलाई कल्पना गर्नुहोस्, टाउको झुकेको थियो, तिनीहरुको आशा गुम्यो) । खीष्टले तिनीहरुलाई धर्मशास्त्रबाट सिकाउनुभयो; तिनीहरुले सबै कुरालाई नयाँ तरीकाले हेर्नुपर्छ ।

(५) खीष्टको मृत्यु र पुनरुत्थान हुनु आवश्यक थियो; तिनीहरु परमेश्वरको योजनाको हिस्सा थियो । कुनै दिन उहाँको विजयी सबैको निम्ति प्रमाण हुनेछन् ।

(ख) *उपस्थितिको बाबजुट पनि पुनरुत्थानले प्रमाणित गर्दछ कि परमेश्वरको विजय हुनेछ ।*

(१) एक दिन परमेश्वरका सबै शत्रुहरु लगायत मृत्युलाई पनि जित्नुहुनेछ ।

"हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरुबाट जीवित भएर फेरी मर्नुहुनेछैन् । अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन्" (रोमी ६:९) ।

(२) घटनाहरु घट्दछन् जुन हामी बुझ्दैनौं । तर पुनरुत्थानले प्रमाण गर्दछ कि परमेश्वरले कुनै प्रकारबाट हारलाई विजय गराउनुहुनेछ ।

(३) "परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ, उहाँका महान कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्धारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौ" (१ पत्रुस १:३) ।

[II] पुनरुत्थान महत्वपूर्ण छ किनभने यसले येशू नै प्रभु हुनुहुन्छ भनी प्रमाणित गर्दछ । "येशू ख्रीष्ट हाम्रा प्रभु मरेकाहरुबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो" (रोमी १:४) ।

(क) *"यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाँउमा सब मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ । किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एकजना व्यक्तिद्धारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ । उनलाई मृतकबाट जीवित पारेर उहाँले सबै मानिसहरुलाई यसको प्रमाण दिनुभएको छ"* (प्रेरित १७:३०-३१) ।

(१) एथेन्सका दार्शनिकहरु निर्णय गर्नको निम्ति दबावमा परेका थिए । कसैले चलाकीपूर्ण उत्तर दिन्थे ।

(२) जीन, बौद्धमार्गी, लागुपदार्थ, अनुभवभन्दा बाहिर गएर औषधीको बारेमा काम गर्ने, अनुमानको सिद्धान्त, वा वैकल्पिक जीवन शैली जस्तो खीष्टियानिटी ठीक उस्तै तरीकाको अर्को जीवनको सिद्धान्त शास्त्र मात्र होइन् ।

(३) यदि ख्रीष्ट बौरी उठ्नुभयो भने यसले हामीहरुबाट निर्णयको माग गर्दछ । हामीले ख्रीष्टलाई स्वीकार गरेर उहाँलाई पछ्याउनै पर्छ । यदि उहाँ बौरी उठ्नु भएको थिएन भने हामीले निर्णय गर्नु पर्छ, तर अहिले हामी यसका सबै मूल्यहरुलाई इन्कार गर्नुपर्छ । यो काम नलाग्ने थोत्रो टुक्रामात्र हो, यो पूर्णरुपमा छली र झुटो भन्दा केही पनि होइन् । यो केवल एउटै धर्म हो, जुन पुनरुत्थानमा आधारित छ ।

(ख) *पुनरुत्थानविना खीष्टियानिटीको अर्थ हुनेछैन । पुनरुत्थानले ख्रीष्टलाई अरु सबै धर्मका गुरुहरुभन्दा अलग बनाउँछ ।*

(१) सुकरात, गान्धी, कन्फ्युसियस वा कोही महान यहूदी रब्बीको रुपमा ख्रीष्टलाई महान धार्मिक शिक्षक भनी चिनिएको थियो, तर उद्धार कर्त्ताको रुपमा होइनन् ।

(२) १ कोरिन्थी १५:१४- पुनरुत्थानको बारे कुनै उपयोगीता छैनन् भने हाम्रो विश्वास व्यर्थको, रित्तो, खाली हुन्छ ।

(३) हाम्रो प्रचार बेकारको हुन्छ । प्रेरितहरुको प्रचार दन्त्य कथाभन्दा

केही पनि हुँदैनन् ।

(४) खीष्ट र प्रेरितहरु परमेश्वरका झुटा गवाहीहरु हुन्थ्यो, किनभने पुनरुत्थान सत्य थियो भनी तिनीहरु साक्षी थियौ (प्रेरित २:३२) ।

(५) खीष्टियानहरु अझैपनि तिनीहरुका पापमा हुन्छन् (१ कोरिन्थी १५:१७) ।

(ग) *ऐतिहासिक तथ्यविना खीष्टमा भएको विश्वास बेकारको छ । म मेरो विश्वासद्धारा बचाइएको होइन् । यो भन्नुको अर्थ विश्वासद्धारा मात्र बचाइदैनन् ।*

(१) उदाहरणको निम्ति: परमेश्वरले निको पार्नु हुन्छ भनी तिनीहरुको विश्वासको आधारमा कोही मानिसहरु औषधी उपचार गर्न इन्कार गर्दछन् । तर पनि सबै मानिस मर्छन् ।

(२) उदाहरणको निम्ति: यदि म बाटोको बिचमा उभिएको छु भने गाडीले मलाई प्रहार गर्नेछन् । गाडीले मलाई प्रहार गरिहालेता पनि मलाई कुनै चोट लाग्ने छैनन् भनी मैले इमान्दारीपूर्वक विश्वास गर्छु भने मलाई चोट लाग्छ र सम्भवत म मर्नेछु ।

(३) येशू मेरो पापको निम्ति मर्नु भयो र तेस्रो दिनमा बौरी उठ्नुभयो भनी मेरो सम्पूर्ण हृदय, प्राण र मनले विश्वास गरुँला, तर यदि पुनरुत्थानको घटना नै घटेनन् भने संसारमा भएका सबै विश्वासले यसलाई सम्भव बनाउन सक्दैनन् । खीष्टले मेरो निम्ति के गर्नुभयो भन्ने कुरा नै मेरो मुक्तिको शक्ति हो, र उहाँले कथित रुपमा के गर्नुभयो भन्ने कुराको केवल मेरो विश्वास मात्र होइन् । "उहाँ हाम्रा अपराधहरुका निम्ति मारिनुभयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो" (रोमी ४:२५) ।

(४) त्यसरी नै मेरो विश्वास विनाको तथ्यले मलाई बचाउँदैनन । त्यसैले मेरो विश्वास विनाको ऐतिहासिक तथ्यका आधारहरु पनि बेकारको हुन्छ ।

[III] पुनरुत्थान महत्वपूर्ण छ किनभने अमरत्व यसमा निर्भर छ ।

(क) *हाम्रो मृत्यु वास्तविकता हो, र हामीले यसलाई इन्कार गर्न सक्दैनौं । हामी सबै मृत्युमा भयभित हुन्छौं ।*

(१) यसबाट कोही पनि उम्कन सक्दैनन् ।

(२) यो रहस्यमय छ । हामी बिना कारण डराउँछौं ।

(३) यसलाई हामी एक्लै सामना गर्नुपर्छ ।

(४) हाम्रा प्रियजनहरुबाट हामी अलग हुनेछौं ।

(५) हाम्रा व्यक्तिगत आशा र लक्ष्यहरु मृत्युमा अन्त्य हुन्छ ।

(६) हाम्रो विनाश हुनेछ भन्ने सम्भावनाको भयलाई मृत्युले बढाइदिन्छ । मृत्यु मानव जातिको सबैभन्दा ठूलो शत्रु हो । यसलाई केवल खीष्टले मात्र पराजित गर्नुभएको छ ।

(ख) *हाम्रो प्रेमिलो सम्बन्धहरु मृत्युमा अन्त्य हुनेछैनन् भन्नु नै पुनरुत्थान हो ।*

(१) एक अर्कासँगको सम्बन्ध । उदाहरण: यूहन्ना २०:१३-१६ । येशू गइसक्नु भयो भन्ने कुरा सोचेर रुदै मरियम मग्दलिनी चिहानमा आइपुगिन् । वास्तवमै येशू उनीसँगै हुनुहुन्थ्यो, तर यो कुरा उनलाई थाहा थिएन् । येशूले उनलाई नाउँद्वारा बोलाउनुभयो र उनको आवाजमा खुशीको सीमा नभएको हामी कल्पना गर्न सक्छौं । उनी ख्रीष्टलाई अंगालो हाल्न पुग्छिन्, उहाँलाई नछुनुहोस् भनी येशूले उनलाई भन्नुभयो । तिनीहरुको सम्वन्ध निरन्तर जोडियो किनभने परमेश्वर मृत्युभन्दा पनि बलियो हुनुहुन्छ ।

(२) परमेश्वरसँगको हाम्रो सम्बन्ध निरन्तर जोडिनेछ । यो अघिभन्दा अझै गहिराईमा परिवर्तित हुनेछ ।

(ग) *ख्रीष्ट पुनरुत्थान हुनुभयो भन्ने कुरा हामीलाई थाहा छ । ऐतिहासिक रुपमा यदि यो सत्य होइनन् भने हाम्रा विश्वासको कुनै प्रतिज्ञाहरु छैनन्* (१ कोरिन्थी १५:२०-२२); *परमेश्वरले परमप्रभुलाई जीवित पार्नुभयो र आफ्नो शक्तिद्वारा जीवित पार्नुहुनेछ (१ कोरिन्थी ६:१४) ।*

(१) मृत्युपछि जीवन छैन भने हामी सबैभन्दा दयनीय हुन्छौं (१ कोरिन्थी १५:१९) ।

(२) मृत्युपछि जीवनको आशा छैन् भने यो जीवनको कुनै उद्देश्य हुँदैन । सन् २००६ मा अमेरिकाले गरिएको एउटा सर्भेक्षणमा १००७ जना वयस्क मानिसहरुमध्ये केवल ३६% ले मात्र भौतिक पुनरुत्थानमा विश्वास गरेको पाइयो ।

(३) (१ कोरिन्थी १५:३२) । त्यसो भए सहि काम गर्ने कुनै कारण नै छैनन् ।

(४) यदि मृत्युपछिको जीवनको आशा नै नष्ट भयो भने, आत्म अनुशासनको निम्ति बिल्कुलै प्रोत्साहन हुँदैनन् ।

निष्कर्ष

(१) हाम्रो विश्वास, मुक्ति र आशाको केन्द्रबिन्दु येशूको पुनरुत्थान हो ।

(२) ख्रीष्टको जीवन आखिरी महत्वपूर्ण कुरा होइनन् । उहाँको महत्वपूर्ण कुरा पुनरुत्थान हो । पृथ्वीमा जिइएका अरु मानिसहरुलाई भन्दा पुनरुत्थानले नै ख्रीष्टलाई अलग बनाउँछ ।

(३) येशूको दावा र सिकाईको सत्यतालाई पुनरुत्थानले प्रमाणित गऱ्यो । पुनरुत्थान नै त्यो महत्वपूर्ण कुरा हो जसद्धारा चेलाहरुलाई आफ्नो सुसमाचारद्धारा संसार ढाक्न अगुवाई गऱ्यो । पुनरुत्थानको कारणले गर्दा हामीले नयाँ नियमको शिक्षालाई कि त स्वीकार गर्नुपर्छ या त इन्कार गर्नुपर्छ । त्यहाँ कुनै मध्य स्थान छैनन् । मध्य स्थानमा खडा हुनको निम्ति कोशिष गर्ने धेरै सिद्धान्तहरु आज प्रस्तुत गरेका छन् ।

(४) यदि वास्तवमै ख्रीष्ट मृत्युबाट बौरी उठ्नु भएनन् भने यो ऐतिहासिक तथ्यलाई विश्वास नगर्दा मैले के गुमाउँछु? सबै कुरा ।

पाठ- ४

येशूको पुनरूत्थान र ज्योति

Jesus, the Resurrection and the Light

यूहन्ना ११:१-४३

परिचय

(१) हामी सबैको मानवीय कमजोरी मृत्युसित आमने-सामने सामना गर्नुपर्छ ।

(२) लाजरसलाई जीवित पारेको एउटा बाइबलीय उदाहरण हो । अरु दुईवटा घटनाहरुमा येशूले कसैलाई मृत्युबाट जीवित पार्नुभएको छ (मर्कूस ५:४१ -४२; लूका ७:११-१७) ।

(३) कूसमा टाँग्न येशूको यरुशलेममा विजयको प्रवेश भन्दा अगाडी गरिएको यो अन्तिम आश्चर्यकर्म हो । यसलाई खीष्टको सेवाकाई सम्वन्धित आश्चर्यकर्म पनि भनिन्छ । खीष्टको शत्रुहरुका पछाडि गरिएको यो आश्चर्य कर्म थियो । यो यस्तो आश्चर्यकर्म जसलाई कसैले पनि इन्कार गर्न सक्दैनन् ।

(४) सबै आश्चर्यकर्महरुको प्राथमिक उद्देश्य- मानिसहरुलाई विश्वासतर्फ डोऱ्याउनु थियो (यूहन्ना २०:३०,३१) ।

(५) उहाँले दावी गर्नुभएका कुराहरुलाई यो आश्चर्यकर्मले प्रमाणित गऱ्यो ।
   (क) "जीवनको रोटी म नै हुँ ।" त्यसपछि उहाँले ५,००० मानिसहरुलाई खुवाउनुभयो ।
   (ख) "म ज्योति हुँ ।" त्यसपछि उहाँले अन्धालाई दृष्टि दिनुभयो ।
   (ग) "पुनरुत्थान र जीवन म नै हुँ ।" त्यसपछि उहाँले लाजरसलाई मृत्युबाट जीवित पार्नुभयो ।

[I] आश्चर्यकर्मका परिस्थितिहरु ।

(क) *आश्चर्यकर्ममा बेथानियाका परिवार समावेश छन् (यूहन्ना ११:१) ।*
   (१) यरुशलेमको करिव दुई माइल पूर्वतिर बेथानिया पऱ्यो ।
   (२) यो परिवारलाई येशूले प्रेम गर्नुहुन्थ्यो (यूहन्ना ११:३,४,३६) ।
      (क) येशूले लाजरसलाई आफ्नो मित्र भनी बोलाउनुभयो ।
      (ख) येशू घरबाट ताढा जानुहुँदा यो घरमा पस्नुभयो (लूका १०:३८-४२) ।
      (ग) येशूको पनि विशेष मित्रहरु थिए ।

(ख) *यी दिदी- बहिनीहरु समस्यामा थिए । तिनीहरुको केवल एउटै भाइ लाजरस बिरामी थियो ।*
   (१) कोही बिरामी हुनु भएको छ भने त्यसलाई परमप्रभुले प्रेम गर्नुहुन्न् भन्ने संकेट दिदैन् ।
   (२) येशूले अचम्मलाग्दो कुरा गर्नुहुन्छ; उहाँ जहाँ हुनुभएको थियो, त्यहाँ

अझै दुई दिन बस्नुभयो ।

(क) पृथकताको कारणले गर्दा होइन्, यसो हेर्दा लाजरसका दिदीहरुलाई त्यस्तो लाग्न सक्छन् ।

(ख) ऊ मरिसकेको थियो भनेर निश्चित गर्न पनि होइन् । उहाँ त्यहाँ पुग्नुहुँदा ऊ मरेको चार दिन भइसक्यो भन्ने कुरालाई विचार गर्दै जसरी पनि उसको मृत्यु भइसकेको कारणले उहाँ अगाडी जानुको औचित्य नै थिएन् ।

(ग) लाजरस साँच्चै नै मरिसकेको थियो यसमा कुनै शंका छैनन् भन्ने कुरालाई संरचना गर्न यो ढिलाई गरेको जस्तो देखिन्छ ।

(ग) *खीष्टलाई लाजरसको मृत्युको प्रभाव (यूहन्ना ११:३३) । यो एउटा खीष्टको भावनाको सबैभन्दा मजबुट अभिव्यक्त हो ।*

(१) उहाँ व्याकुल हुनुभयो । उहाँ व्याकुल हुनुभयो भनी दुई पल्ट भनिएको छ (यूहन्ना ११:३३,३८) । यसले रीस, कोधलाई संकेट गर्छ, शोकलाई होइन्, किन?

(क) पुन: मृत्यु हुनको निम्ति लाजरस एक पल्ट जीवित हुँदैछ ।

(ख) येशूले मृतकहरुलाई जीवित पार्न सक्नुहुने क्षमतामा शंका वा अविश्वास प्रदर्शन गरेकोमा सम्भवत उहाँ रिसाउनु भयो ।

(ग) मृत्युको वास्तविक तथ्यदेखि कोधित भएको हुनुपर्छ किनभने पापको ज्याला मृत्यु हो र पापको कारणले गर्दा मानव जीवनमा पीडा हुन्छ । येशूको निम्ति मृत्यु कुनै अगम्य बाधा थिएन्, न ता "परमेश्वरको इच्छा" नै थियो । त्यसको सट्टा यो मानिसको सबैभन्दा ठुलो शत्रु हो, जुन शत्रुबाट विजय हुनको निम्ति खीष्ट आउनुभयो ।

(२) उहाँ शोकित भएर रुनुभयो (यूहन्ना ११:३५) ।

(क) लाजरस, उनको परिवार र मित्रहरुका कष्टमाथि उहाँ शोकित हुनुभयो ।

(ख) नजिकैको मित्रको मृत्युमा येशूले शोक प्रकट गरी मानविय अनुभव प्रकट गर्नुभयो । हाम्रा कमजोरीहरुमा केवल येशूले नै हामीलाई सहानुभूति दिन सक्नुहुन्छ (हिब्रू ४:१५) ।

[II] मानिसहरुमा देखिएका विश्वासहरु ।

(क) *चेलाहरु*

(१) येशूले बेथानियाको यात्रा योजना गर्नु भएकोमा विचलित भए ।

(२) निश्चय नै यो मृत्यु हुनुपर्छ भनी तिनीहरुले सोचेका थिए । यूहन्ना १० अध्यायमा यरुशलेमका यहूदीहरुले उहाँलाई ढुङ्गले हान्न खोजेका थिए ।

(३) यदि लाजरसको मृत्यु भएको थियो भने खीष्टले गर्न सक्ने कुरा केही

पनि थिएनन् । यदि उनी सुतिरहेका छन् भने उनलाई उठ्नको निम्ति खीष्टको सहायताको आवश्यकता पर्दैनन् ।

(ख) *मरियम र मार्था*

(१) शुरुवातमा येशूको ढिलाइले दुवै जनालाई चोट पुगेको जस्तो देखिन्छ । दुवै जनाले त्यही तिरस्कारको वचन प्रयोग गरे (यूहन्ना ११:२१) ।

(२) दृढतापूर्वक खीष्टको शक्तिमा विश्वास गरे (यूहन्ना ११:२१-२२), कि त उहाँको शक्ति मृत्युमा अन्त्य हुनेछन् भनी सोचेका थिए या त उहाँले लाजरसलाई जीवित पार्नु हुनेछैनन् ।

(३) आखिरी पुनरुत्थानलाई दृढताकासाथ विश्वास गरेका थिए, तर अहिले हुन्छ भन्ने कुरालाई विश्वास गरेका थिएनन् (यूहन्ना ११:२४) ।

(४) चिहानको ढोका खोल भनेर येशूले आज्ञा गर्नुहुँदा मार्था अचम्मित र स्तम्भित भए ।

(ग) *यहूदी*

(१) तिनीहरु सबैले लाजरसको निम्ति खीष्टको प्रेम देख्न सक्थ्यो ।

(२) येशूले लाजरसको मृत्युलाई रोकथाम गरिराख्न सक्नुहुन्छ भनी तिनीहरुले त्यसरी नै विश्वास गर्‍यो (यूहन्ना ११:३७) ।

(३) सम्भवत तिनीहरु सबैले उहाँको अघि जीवित पारेका कुरालाई सुनेका या देखेका छन्, तर उहाँले फेरि गर्न सक्नुहुन्छ भन्ने कुरालाई विश्वास गर्न चाहेनन् ।

[III] आश्चर्य कर्मको उद्देश्य ।

(क) *परमेश्वरलाई महिमा दिन र खीष्ट उहाँको पुत्र हुनुहुन्छ भनी मानिसहरुले उहाँमा विश्वास गर्नतर्फ डोर्‍याउन (यूहन्ना ११:४) ।*

(१) महिमाको अर्थ उच्च पार्नु, बढाइ चढाइ गर्नु, प्रशंसा गर्नु । मृतकलाई जीवित पार्नु भनेको सामान्यरुपमा मृत्युलाई रोकथाम गरेर राख्नुभन्दा पनि ठुलो चिन्ह हो ।

(२) येशूले चौंकाउने भनाइ भन्नुहुन्छ (यूहन्ना ११:१५) ।

(ख) *येशू पुनरुत्थान हुनुहुन्छ भन्ने दावीलाई यो आश्चर्य कर्मले समर्थन गर्‍यो (यूहन्ना ११:२५- २६) । उहाँको ईश्वरत्वको आखिरी प्रमाण उहाँको आफ्नै पुनरुत्थान हुनेछ । रोमी १:४ अनुसार मरेकाहरुबाट पुनरुत्थान भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभयो ।*

(ग) *जीवन हुनुहुन्छ भनी खीष्टको दावीलाई यो आश्चर्य कर्मले समर्थन गर्दछ । सबै जीवनका स्रोत उहाँ नै हुनुहुन्छ । यूहन्ना ५:२६ अनुसार जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ ।*

[IV] आश्चर्य कर्मको यर्थाथता ।

(क) *त्यहाँ कुनै धोखाको सम्भावना छैन् ।*
- (१) येशू त्यस क्षेत्रमा हुनुहुन्थ्यो । कुनै योजनाहरु गरेको थिएनन् ।
- (२) लाजरस मरेको चार दिन भइसकेर गन्हाइसक्यो । यसरी कुनै धोखाको सम्भावना छैनन् ।
- (३) त्यहाँ उपस्थित भएका सबै निश्चय कुनै विश्वासी र अविश्वासीहरु थिए (यूहन्ना ११:४५-४७) ।

(ख) *त्यहाँ आश्चर्य कर्मलाई लुकाउने कुरा केही छैनन् ।*
- (१) यो आश्चर्य कर्म दिनको समयमा खुल्लमखुल्ला सार्वजनिक रुपमा गरेको थियो ।
- (२) बहुसंख्यक साक्षीहरुका माझमा यो आश्चर्य कर्म गरेको थियो ।

(ग) *धर्मशास्त्रको मौनताले यसको यथार्थता दर्शाउँछ ।*
- (१) यदि यो लेख मानिसले लेखेको थियो भने, अर्को जीवनको बारेमा कस्तो अनुमानको कुराहरुले स्थान लिन्थ्यो होला ।
- (२) लाजरसका अनुभवहरु चिहानभन्दा परका कुराहरुमा अभिलेख हुँदैन्थ्यो ।

[V] आश्चर्य कर्मको प्रभाव । जब लाजरस चिहानबाट बेह्रिएको कपडासहित बाहिर आएको देख्दा मानिसहरुको आनन्द र अचम्मलाई के तपाई कल्पना गर्न सक्नुहुन्छ?

यसले विश्वास नगर्ने यहूदीहरुलाई धपाइदियो । कसैकसैको निम्ति उहाँ केही मात्रामा नाशको निम्ति प्रतिस्पर्धाभन्दा अलि बढी हुनुहुन्थ्यो ।
- (१) कोही चाहिँ फरिसीहरुसँग कुराकानी गर्छन् (यूहन्ना ११:४६) ।
- (२) महासभा भेला भएर उहाँलाई मार्ने निर्णय गरे (यूहन्ना ११:४६) । आश्चर्यकर्म सत्यता हो कि होइनन् भन्ने विषयमा चासो थिएन् । येशू वास्तवमै को हुनुहुन्छ भनी दावी गर्नुभएको व्यक्ति हो कि होइनन् भन्ने विषयमा चासो थिएनन् । तिनीहरुको चासो भनेको आफ्नो पेशा र विशेष अधिकारको प्रतिष्ठा मात्र थियो ।
- (३) "मृतकहरुबाट कोही जीवित भए पनि तिनीहरुले विश्वास गर्ने छैनन्" भनी येशूले तिनीहरुलाई भन्नुभएको धेरै लामो समय भएको छैनन् (लूका १६:३१) ।
- (४) २ कोरिन्थी ४:४ अनुसार उहाँको सुसमाचार तिनीहरुले नदेखून भनेर यस संसारको देवले अविश्वासीहरुको समझलाई अन्धो तुल्याइदिएको छ ।
- (५) आजकालका मानिसहरुलाई पनि आश्चर्य कर्मका लेखाहरुले अझै धपाइदिन्छन् । अहिलेका मानिसहरुले यो लेखालाई आलोचना गर्दछन्, तर आश्चर्य कर्म भएको छैन् भनी यी मानिसहरुले कहिल्यै

पनि इन्कार गरेनन् (यूहन्ना ११:४७) ।

(६) प्रेरितहरुले गरेका आश्चर्य कर्महरु पनि यस्तै सरल थिए ।

[VI]प्रेरित ४:१६ ले भन्दछ, यी मानिसहरुलाई अब हामीले के गर्ने हो? किनभने साँच्ची नै यिनीहरुबाट एउटा अचम्मको काम भएको छ भन्ने यरुशलेमका बासिन्दा जम्मैलाई प्रकट भइसकेको छ, र हामी यो इन्कार गर्न सक्दैनौं ।

कसैको निम्ति यो विश्वस्त पार्ने शक्ति हो ।

(१) चेलाहरुको आफ्नो विश्वासमा दह्रिलो भए ।

(२) अरु धेरै यहूदीहरुले यो काम देखेर उहाँमाथि विश्वास गरे (यूहन्ना ११:४५) ।

(३) विना शंका यसले सबैलाई प्रभाव पार्‍यो, कि त कसैलाई विश्वासतर्फ डोर्‍यायो या त तिनीहरुको अविश्वासमा तिनीहरुलाई कठोर बनायो ।

निष्कर्ष

(१) यो लेखाले तपाईलाई कति प्रभाव पार्छ?

(२) खीष्ट आउनुभन्दा अघि मानिसहरु शोक र बेसाहाराको रुपमा पाइएको थियो । खीष्ट आइसक्नु भएपछि विश्वास, आनन्द र आशा आयो ।

(३) हामी पापमा सहारा विना हराइरहेका छौं, तर खीष्टद्वारा हामीमा पाप क्षमा हुन्छ ।

(४) यूहन्ना ११:२६ मा येशूले महत्वपूर्ण प्रश्न सोध्नुभयो । अस्पष्ट भविष्यमा मृत्युमाथि येशू विजयी हुनुहुन्न् । येशू अहिले पनि विजयी हुनुहुन्छ ।

पाठ- ५

दहिलो विश्वासमा बृद्धि हुनु

Growing a Strong Faith

याकूब १:१९-२७

परिचय

(१) यो खण्डले परमेश्वरको वचनप्रति हाम्रो स्वभावबारे देखाउँछ ।

(२) हामी सत्यको वचनद्वारा जन्मिएका छौं भनी पद १८ ले भन्दछ । यो नयाँ जन्म हो, जुन नयाँ नियममा सामान्य कुरा हो ।

(३) सुसमाचारको उपकरणद्वारा यो प्राप्त हुन्छ । परमेश्वरको वचनद्वारा हामी जन्मिएका छौं भनी पत्रुस भन्दछ (१ पत्रुस १:२३) ।

(४) यो नयाँ जन्ममा के कुरा संलग्न हुन्छन्?- जीवनको परिवर्तन ।

(क) परमेश्वरको आफ्नै स्वतन्त्रताको इच्छाद्वारा यो ल्याइयो । हामीलाई उद्धार मुक्ति दिन परमेश्वर बाध्य हुनुहुन्न् ।

(ख) अगौटे फलको प्रकार हुनको निम्ति हामी जन्मिएका थियौं । पुरानो करारको पहिलो फल उत्पादनको पहिलो हिस्सा थियो, जुन परमेश्वरको हुन्थ्यो, उहाँको अघि चढाउँथ्यो र बाँकी सामान्य उपयोगको निम्ति हुन्थ्यो । इस्राएल आफ्ना परमप्रभुको निम्ति पवित्र थियो, त्यो उहाँको फसलको अगौटे फल थियो (यर्मिया २:३) ।

(ग) त्यही अर्थमा हामी पनि अगौटे फल हुन् ताकि हामी परमेश्वरमा समर्पित हुन सकौं ।

(५) हामी परमेश्वरमा समर्पित भएकोले परमेश्वरको वचनप्रति हाम्रो सही स्वभाव कस्तो हुनुपर्छ?

[I] यदि हामी परमेश्वरको वचनद्वारा आशिषित हुन चाहन्छौं भने हामीले परमेश्वरको वचन ग्रहण गर्नैपर्छ ।

(क) *वचनलाई उत्सुकतासाथ ग्रहण गर ।*

(१) "प्राप्त गर्नु /स्वीकार गर्नु भन्ने शब्द ग्रीक भाषामा आतिथ्य सम्बन्धसँग जोडिएको हुन्छ जसको अर्थ "स्वागत गर्नु भन्ने लाग्छ ।

(२) सुन्नमा छिटो (पद १९) ।

(क) हामी चिठी-पत्रमा बिलहरु प्राप्त गछौं, तर हामी तिनीहरुलाई स्वागत गर्दैनौं ।

(ख) हामीले परमेश्वरको वचनलाई स्वागत गर्नुपर्छ । आहा! तपाईको व्यवस्थालाई म कति प्रेम गर्दछु! दिनभरि म तिनै माथि मनन गर्दछु (भजनसंग्रह ११९:९७) ।

(ख) *वचनलाई नम्रतासाथ ग्रहण गर । यसलाई समर्पण र स्वीकारयोग्य स्वभावले ग्रहण गर ।*

(ग) *किन वचनलाई ग्रहण गर्ने?*

(१) यो सत्यताको वचन हो ।

(क) अहिले हामी भुट्टो विज्ञापन र गलत प्रतिनिधित्वमा जिइरहेका छौं । कुनै-कुनै उत्पादनले के गर्न सक्छन् भनी गलत प्रतिनिधित्व गरेकोले कम्पनीलाई मुद्दा हाल्ने कुरा सामान्य हो । परोपकारी र धार्मिक संस्था पनि यसमा दोषी छन् । के कुरामाथि विश्वास गर्ने भनी प्रायजसो हामी अचम्मित हुन्छौं ।

(ख) सत्य उपलब्ध छ । एकपल्ट येशूले प्रार्थना गर्नुभयो, "तिनीहरुलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो" (यूहन्ना १७:१७) ।

(२) वचनले हाम्रो आत्मालाई बचाउन सक्छ ।

(क) वचनविना सम्वाद हुँदैनन् ।

(ख) तपाईसित अनन्त जीवनको वचन छ भनी एक पल्ट पत्रुसले येशूलाई भन्यो (यूहन्ना ६:६८) ।

(३) वचन सिद्ध स्वतन्त्रताको व्यवस्था हो ।

(क) सिद्ध (पूर्ण)-उद्देश्य अनुसार संरचनाको निम्ति पर्याप्त- आत्माको मुक्ति ।

(ख) यो कानुन हो किनभने यो आचरणको नियम हो ।

(ग) यो स्वतन्त्र व्यवस्थाको नियम हो किनभने यसले मानिसलाई पापको बन्धनबाट स्वतन्त्र पार्छ । यो विरोधाभास हो । प्रकृतिद्वारा कानुन संयमित हुन्छ । कानुन भएको ठाउँमा मात्र साँचो स्वतन्त्रता हुन सक्छ ।

(घ) *वचनलाई प्रत्यारोपन गर्नुपर्छ ।*

(१) प्रत्यारोपन गर्नु भन्नाले वचन ख्रीष्टियानहरुको स्थायी अविभाज्य हिस्सा हो ।

(२) जंगली पशुहरुमा मोनिटर प्रत्यारोपण गर्दा तिनीहरुका पद चिन्हका चालहरु वर्षौसम्ममा पनि मानिसहरुले पत्ता लगाउन सक्छ ।

(३) वचनले हामीलाई आज्ञा दिदै अगुवाई गर्छ । हामीलाई अनुकुल परेको बेलामा लिने र निकाल्ने कुरा होइन् ।

(४) ...तिनीहरुका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरुका हृदयमा त्यो लेखिदिनेछु (यर्मिया ३१:३३) ।

[II] परमेश्वरको वचनमा हामी उत्तरदायी हुनुपर्छ (याकूब १:२२) । वचनलाई पालन नगरेसम्म त्यसलाई स्वीकार गरेको हुँदैनन् ।

(क) *कसैले आम नो एक हप्ताको जीवनको निम्ति ३० मिनेट प्रतिस्थापन गर्न चाहन्छ ।*

(१) यदि तिमीहरुले यी कुरा जान्यौ र ती गऱ्यौ भने, तिनीहरु धन्य हुनेछौ (यूहन्ना १३:१७) ।

(२) प्रायजसो मानिसहरुले ध्यान दिएर सुन्छन्, तर त्यस अनुसार गर्न चुक्दछन् । मैले आराधनामा उपस्थितको बारेमा प्रचार गरेको छु,

मानिसले पाठमा टिप्पणी गर्दछन, तर तिनीहरु धेरै मात्रामा नियमित रुपमा उपस्थित हुँदैनन् ।

(३) जोन क्यालभिन यसो भन्दछ, "परमेश्वरको साँचो ज्ञानको आमा नै आज्ञाकारिता हो ।"

(ख) *केवल सुन्नेहरुले धोखा खाएको हुन्छ । आफैले आफैलाई धोखा दिने विचारबारे याकूबले यो दोस्रो पल्ट उल्लेख गरेको छ ।*

(१) परमेश्वरसित हाम्रो सम्बन्ध छ भनी हामी सोच्छौं (मण्डलीमा सहभागिता, बाइबल अध्ययन, प्रार्थना) ।

(२) उदाहरण: फरिसीहरु ।

(३) जीवित छौ भन्ने नाउँ त छ, तर तिमीहरु मरेका छौ (प्रकाश ३:१, सार्डिसको मण्डली) ।

[III] वचन पालन गर्नु भन्नाले के अर्थ दिन्छ?

(क) *दुष्टतालाई त्याग्ने वा पर फाल्ने ।*

(१) यो शब्द सामान्यरुपमा कपडाको सेटलाई निकाल्ने भन्ने अर्थमा प्रयोग हुन्छ । जस्तै: कपडाका धुलोहरु, दागहरु हटाउने । व्याकरणले एक पल्ट भन्ने कुरा देखाउँछ- ख्रीष्टियानहरुको निम्ति समयमा गर्नुपर्ने कार्य बुझिन्छ ।

(२) रात बितिसक्यो, र दिन नजीकै आइपुगेको छ । यसकारण अन्धकारका काम छोडेर हामी ज्योतिका हातहतियार धारण गरौं (रोमी १३:१२) ।

(क) "फोहर" शब्दले सबै प्रकारका नैतिक अशुद्धतालाई दर्शाउँछ ।

(ख) दुष्टताको अतिप्रवाह । निकै ठुलो नभएसम्म सानो दुष्टताहरु ठीकै छ भन्ने कुरा होइन् । हाम्रो वरपर दुष्टताले घेरिएको छ र हामी सबैले यसलाई छोड्नै पर्छ ।

(ख) *हामी परमेश्वरको वचनको प्रतिबिम्बित हुनैपर्छ (याकूब १:२३) ।*

(१) परमेश्वरको वचन ऐना जस्तै छ । हामी आफैले आफैलाई हेर्नको निम्ति ऐना प्रयोग गछौं । हामी कहिलेकाहीं आफैले आफैलाई हेर्न डराउँछौं ।

(२) जब महारानी एलिजाबेथ बृद्ध भइन्, तब तिनले महलमा भएका सबै ऐनाहरुलाई निकाल्न लगाइन् किनभने उनी आफै जवानी अवस्थाको छिन् भनी स्मरण गर्न चाहिन् ।

(३) किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ । (हिब्रू ४:१२) ।

(ग) *परमेश्वरको वचनको अनुसन्धान गर्नुहोस् (याकूब १:२५) ।*

(१) "हेर्दछ" भन्ने शब्दले "रोकेर भित्र हेर्नु" भन्ने अर्थ दिन्छ ।
(२) पावलले बेरियाका ख्रीष्टियानहरुको प्रशंसा गर्दछ (खोजी गर्दछ, जाँच गर्दछ) ।
(३) मानिसले परमेश्वरको इच्छालाई अध्ययन नगरेसम्म परमेश्वरलाई कसरी प्रशन्न तुल्याउन सकिन्छ भनी तिनीहरुले जान्न सक्छ? "व्ययवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस् तर त्यसमाथि तैले दिनरात ध्यान गर्नू अनि त्यसमा लेखिएका सबै कुरा होशियारीसाथ पालन गर्नू, र तेरा सबै मार्गहरुमा तैले उन्नति गर्नेछस् र सफलता पाउनेछस्" (यहोशू १:८) ।

(घ) *यसलाई याद गर्नू (याकूब १:२५) ।*
(१) हामीले सुनेका कुराहरु छिट्टै बिर्सन सक्छौं । वायु सेना प्रज्ञा प्रतिष्ठानको शिक्षकले जाँच गर्नुभयो । उनको कक्षालाई दुई भागमा विभाजन गऱ्यो । एउटा समुहले भाषणलाई केवल सुन्नुमात्र पऱ्यो; अर्को समुहले नोट लेखेर त्यसको रुपरेखा बनाउनु पऱ्यो । ७२ घण्टापछि जाँच लिएको थियो । सुन्ने समुहले केवल ५% मात्र स्मरण गर्न सक्यो भने अर्को समुहले ५५% स्मरण गर्न सक्यो ।
(२) यसकारण यी कुराहरु तिमीहरुलाई म सधै सम्झाउनेछु, यद्यपि तिमीहरु यी सब जान्दछौ, र तिमीहरुमा भएको सत्यतामा तिमीहरु स्थिर छौ । (२ पत्रुस २:१२) ।
(३) यसकारण जे सुनिएका छौं त्यसमाथि हामीले अझ बढी ध्यान दिनुपर्छ, नत्रता हामी त्यसबाट बहकिएर जानेछौं (हिब्रू २:१) ।

(ङ) *हामीले वचन पालन गरेका छौं भने तीनवटा व्यवहारिक जाँचलाई हेर्न सक्छौं ।*
(१) हामीसँग लगाम लगाएको जिब्रो हुन्छ (याकूब १:२६) । हामीले नियन्त्रण गर्न नसक्ने भागलाई नियन्त्रण गर्न सक्छौं भने, हामीले सिङ्गो शरीरलाई नियन्त्रण गर्न सक्छौं ।
(२) हामीसँग हेरचाह गर्ने हृदय हुन्छ (याकूब १:२७) । अनाथ र विधवाहरु आधारभूतरुपमा वेसाहाराका पर्यायवाची शब्दहरु हुन् । यो सामाजिक बोलावट होइनन्, तर वास्तविक रुपमा तिनीहरुलाई खाँचो परेको बेलामा सहायता गर्ने कुरा हो (भजनसंग्रह ६८:५) ।

निष्कर्ष

(१) साँचो धर्ममा सम्लग्न भएका सबै कुराहरुलाई याकूबले निष्कर्ष दिने प्रयास गरिरहेका छैनन् । उनले केवल सम्लग्न भएका केही कुराहरुलाई मात्र स्मरण गराउँदछ, नत्र भने हाम्रो धर्म बेकारको हुन्छ ।
(२) यी तीनवटा कुराहरुमा आराधनाबारे उल्लेख गरेको छैन् ।
(३) शैतानले हामीलाई छल्छन । धर्मको मुख्य केन्द्र बिन्दुमा हामीले के गरेका छौं भनी शैतानले हामीलाई यो सोच्न मन लगाउँदैनन् । बाहिरीरुपमा पनि आज्ञाकारिता विना हाम्रो धर्म व्यर्थको हुन्छ ।

पाठ- ६

शाऊलको रूपान्तरण

The Conversion of Saul

प्रेरित ८, २२, २६

परिचय

(१) बाइबलमा उल्लेख भएका केही अभिलेखहरु मध्ये टार्ससका शाऊलको रुपान्तरण निकै रोचक छन् ।

(२) पहिलो शताब्दीमा शाऊललाई निकै प्रभावशाली खीष्टियानको रुपमा लिए ।

(३) नयाँ नियमका २९ वटा पुस्तकहरु मध्ये आधा भागहरु उनले लेखेका थिए ।

(४) उनी अन्यजातिहरुका निम्ति प्रेरित भएको थियो ।

(५) तैपनि, पावल आफैले आफैलाई "पापीहरुमा म सबैभन्दा मुख्य हुँ" भन्थे ।

[I] शाऊलको पृष्ठभूमि

(क) *शाऊलको बारेमा हामीले पहिलो पल्ट सुन्दा उनले मण्डलीलाई सताइरहेका थिए ।*

(१) स्तिफनस नामक व्यक्तिले ठुलो हौसला र दृढ विश्वासकासाथ प्रचार गर्दै थिए (प्रेरित ७:५१-५३) ।

(२) उनको प्रचारले यहूदीहरु क्रुद्ध भए (प्रेरित ७:५४) ।

(३) कोधित भएका भीड उनको कुरा सुन्न छोडेर एकैसाथ तिनलाई झम्टेर शहर बाहिर निकालेर तिनीमाथि ढुङ्गा बर्साए ।

(४) साक्षीहरुले आफ्ना वस्त्रहरु शाऊल नाउँ भएको एउटा युवकका खुट्टानेर राखे (प्रेरित ७:५८) ।

(ख) *शाऊलले निरन्तर मण्डलीलाई खेदो सतावट गरिरहे ।*

(१) शाऊल पनि स्तिफनसको मुत्युमा सहमत थिए (प्रेरित ८:१) ।

(२) शाऊलले मण्डलीलाई संहार गरिरहेका थिए (प्रेरित ८:३) ।

(३) धेरै सन्तहरु शाऊलदेखि भयभीत भए । तिनीहरुमध्ये हननिया पनि एउटा थियो (प्रेरित ९:१३-१४) ।

(४) परमेश्वरको मण्डलीलाई भयानक रुपले सताएको र त्यसलाई नाश गर्न खोजेको कुरा पछि पावल भन्दछ (गलाती १:१३) ।

[II] अप्रत्याशित सामना

(क) *खीष्टियानहरुलाई निरन्तर जेलमा हाल्नको निम्ति शाऊल दमस्कसको (यरुशलेमबाट २२५ कि.मि. ताढा) बाटोमा गइरहेको थियो ।*

(१) अचानक सूर्यभन्दा पनि चहकिलो उज्यालो ज्योति उनको वरपर देखा पऱ्यो । चकित पार्ने ज्योतिले कुनै शंकाको स्थान दिएनन् । यो स्वर्गबाट आएको दर्शन थियो ।

(२) पावललले एकजना मानिसलाई देख्यो तर उहाँ को हुनुहुन्थ्यो भनी उनलाई थाहा थिएन (प्रेरित ९:५) ।

(ख) *येशूले भन्नुभयो, " म येशू हूँ, जसलाई तिमी सताउँदछौ" (प्रेरित ९:५) ।*

(१) कसैले खीष्टलाई प्रेम गरेको दावी गर्दछ, तापनि मण्डलमा केही गर्न चाहँदैनन् ।

(२) पावललले मण्डलीलाई सताइरहेको थियो भने वास्तवमा उनले खीष्टलाई सताइरहेको थियो ।

(३) हामीले खीष्टमा भएका दाजुभाइ दिदी बहिनीहरुलाई दुर्व्यवहार गछौं भने हामीले खीष्टलाई दुर्व्यवहार गरिरहेका हुन्छौं ।

(४) सम्भवत शाऊलको मनमा तैरिरहेका विचारहरुलाई कल्पना गरौं ।

(क) येशूको मृत्यु भयो भनी मैले सोचेको थिएँ, उहाँ जीवित हुनुहुन्छ भनी उहाँका चेलाहरु भन्दछन्– र तिनीहरु सही थिए ।

(ख) उहाँ दिव्य ईश्वर हुनुहुन्थ्यो भनी तिनीहरुले दावी गरे- र उहाँ त्यही हुनुहुन्छ ।

(ग) उहाँ खीष्ट हुनुहुन्थ्यो भनी तिनीहरुले जिद्दी गरे- र उहाँ त्यही व्यक्ति हुनुपर्छ ।

(घ) तिनीहरु सही थिए, र म गलत थिएँ ।

(ग) *सबै धर्महरु सही छैनन् भन्ने कुरा हामी सिक्छौं ।*

(१) शाऊल निकै नै सर्मपित ईश्वरभक्त यहूदी थिए ।

(२) उनमा धार्मिक प्रतिष्ठान थियो ।

(३) उनले मण्डलीलाई सताइरहँदा पनि इमान्दारितासाथ परमेश्वरको सेवा गरिरहेका थिए भनी सोच्दथे ।

(४) उनी मोशाको व्यवस्थामा निर्दोष थियो.....धार्मिकताको बिषयमा हो भने व्यवस्थामा भएको धार्मिकता बमोजिम निष्खोट ठहरिएको हुँ (फिलिप्पी ३:६) ।

(५) येशू बहुरुपी हुनुहुन्थ्यो भनी उनी पूर्णरुपमा दृढ विश्वस्त थियो ।

(६) शाउलमा शुद्ध विवेक थियो । आजको दिनसम्म परमेश्वरको दृष्टिमा मैले शुद्ध विवेकले जीवन बिताएको छु (प्रेरित २३:१) ।

(७) हाम्रो विवेक वा इमान्दारिताले होइन्, सत्यताले हामीलाई स्वतन्त्र बनाउँछ भनी येशूले यूहन्ना ८:३२ मा भन्नुभयो । जसरी शाउलको विवेक गलत थियो, त्यसरी नै हाम्रो विवेक पनि गलत हुन सक्छ ।

(८) तापनि उ पापी थियो भनी पावललले महसुस गऱ्यो र खीष्टमा परिवर्तन भए । किन? पावल जहाँ थियो त्यही नै उनको उद्धार भयो भनी वर्तमान समयका धेरै मानिसहरुले सोच्छन् । उनले पनि त्यही

परमेश्वरलाई सेवा गर्दै थियो ।

(क) अघिको मण्डलीको मित्रताको व्यवहारले गर्दा पावलले येशूलाई पछ्याउन शुरु गरेको होइन ।

(ख) यहूदीहरुका नियमवादबाट असन्तुष्टि भएकोले गर्दा पावल परिवर्तन भएको होइन् ।

(ग) पावल परिवर्तत भयो किनभने उनको पापबाट उनलाई केवल ख्रीष्टले मात्र बचाउन सक्थ्यो भनी उनले महसुस गरे । यो आज पनि सही हो (यूहन्ना १४:६) ।

[III] "मैले के गर्नु पर्छ?" भनी पावलले सोध्यो ।

(क) *परमेश्वरले उनलाई पर्खनको निम्ति दमस्कस पठाउनुभयो ।*

(१) तिनका संगीहरुले तिनलाई दमस्कसमा डोऱ्याएर ल्याए (प्रेरित ९:८) । "परमेश्वरको बदलाको शक्तिले दमस्कसमा पुऱ्याउनुहुनेछ भनी शाऊलले अपेक्षा गरेको थियो; त्यसको सट्टा बेसाहारा अन्धा भीखारीको रुपमा उनलाई दु:खी पापीको रुपमा शहर डोऱ्याएको थियो" (रोपर) ।

(२) शाऊल अन्धा भए, तीन दिनसम्म नता उनले खाना खाए न पानी पिए (प्रेरित ९:९) ।

(क) पश्चात्तापको चिन्हको रुपमा तिनी उपवास बसेको हुन सक्छ (यर्मिया ३:७) ।

(ख) शायद तिनी निकै उदास थियो जसले गर्दा तिनलाई खाना खानै मन लागेनन् ।

(३) ती दिनहरुमा शाऊल परमेश्वरसँग प्रार्थना गरेर बिताए (प्रेरित ९:११) ।

(ख) *शाऊलको परिवर्तनबाट परमेश्वरको बचाउने शक्ति देखाउँछ ।*

(१) शाऊल परिवर्तनको निम्ति असम्भाव्य उमेदवारको रुपमा पहिलो शताब्दीको धेरै जसो ख्रीष्टियानहरुले सम्भवत् सोच्ने गर्दथे । हननियाले गरे ।

(क) तिनी ख्रीष्टियानिटीको भाकल गरेको शत्रु थियो ।

(ख) तिनी धार्मिक व्यवस्थामा मजबुतकासाथ सुरक्षित गरिएको अगुवा थियो ।

(ग) ख्रीष्टियानहरुद्धारा तिनी निकै भयभित भएको थियो ।

(२) तापनि पावल परिवर्तन भए । ख्रीष्ट येशूको सुसमाचारद्धारा यो परिवर्तन आयो (रोमी १:१६) ।

(३) हामीले कसैलाई परिवर्तनको निम्ति असम्भव सम्भावनाको नाम पत्रको रुपमा राख्नुभन्दा अगि, ख्रीष्ट येशूको सुसमाचारको परिवर्तित शक्ति कम महत्वको छ भनी हामीले ठान्नुहुँदैन् ।

[IV] तिनले के गर्नुपर्छ भनी बताउनको निम्ति परमेश्वरले शाऊलसित बोल्नको लागि हननियालाई पठाउनुभयो ।

(क) *हननिया शाऊलकहाँ जानको लागि कम उत्साहित थिए ।*

(१) हननिया ईश्वर भक्त मानिस थिए (प्रेरित २२:१२) । तिनी प्रचारक थियो भनी कहीँ पनि संकेट गदैनन् ।

(२) शुरुमा तिनी निकै इच्छुक थियो । परमेश्वरले उनलाई बोलाउनुहुँदा "प्रभु हाजिर छु" भनी उनले भनेको थियो (प्रेरित ९:१०) ।

(३) उदाहरणको निम्ति जब परमेश्वरले उहाँको निम्ति बोल्न कसैलाई बोलाउनुहुँदा "म हाजिर छु, मलाई पठाउनुहोस् भनी" यशैयाले भनेको थियो (यशैया ६:८) ।

(४) हननियाले कलम लिएर परमेश्वरका अर्तीहरुलाई लेख्न थालेको कुरा म अनुमान गर्न सक्छु ।

(क) सीधा नाम गल्लीमा जाओ । जाँच गर्‍यो!

(ख) यहुदाको घरमा जाओ । जाँच गर्‍यो!

(ग) टार्ससको शाऊललाई खोज, तिमी आइरहेको छ भन्ने कुरा उनलाई थाहा छ ।

(५) हननिया रोकेर शाऊलले के गरेको थियो भनी परमेश्वरलाई स्मरण गराउँदछ ।

(६) शाऊल उहाँको निम्ति चुनिएको पात्र हो भनी परमेश्वरले भन्नुभयो (प्रेरित ९:१५-१६) ।

[V] हननिया शाऊलकहाँ जान्छ र उनले गर्नुपर्ने कुराहरु उनलाई बताउँछ ।

(क) *शाऊलले दमस्कसको बाटोमा उद्धार पाएको थिएनन् किनभने हननियाले उनलाई भन्दै गर्दा पनि तिनी पापी थियो ।*

(१) यदि उनले उद्धार पाएको थियो भने पनि यो कुरा शाऊललाई थाहा थिएन्, किनभने उनी तीन दिनसम्म उपवास र प्रार्थना गरिरहेका थिए । यदि उनको उद्धार भएको थियो भने धर्मशास्त्रमा उद्धार पाएकाहरुमध्ये उनी सबैभन्दा दयनीय उद्धार पाएको व्यक्ति हुन्थ्यो ।

(२) तिनी दमस्कसको बाटोमा बचाइएको थियो भन्ने कुरा पनि हननियालाई थाहा थिएन् (प्रेरित २२:१६) ।

(ख) *शाउलले तुरुन्तै बप्तिस्मा लिनु थियो ।*

(१) यो पानीमा डुबाएको थियो । यदि छर्किने वा खन्याउने कुरा पर्याप्त थियो भने जहाँ उ बसेको थियो त्यही नै उनले बप्तिस्मा लिन सक्थ्यो, तर तिनी उठेर घर छोडी जानु पर्‍यो ।

(२) केही कुरा खानुभन्दा अगि तिनले यो तत्कालै गरे (प्रेरित ९:१८-१९) । यदि पाप क्षमासँग बप्तिस्माको कुनै सम्बन्ध छैनन् भने यो किन अत्यावश्यक थियो ।

(ग) *मैले इन्टरनेटबाट बप्तिस्मा बारे कुनै व्यक्तिको टिप्पणी पढेको थिएँ, प्रेरित २२:१६ मा उनको टिप्पणीमा यस्तो भनेको थियो, " बप्तिस्माद्वारा नभईकन, उहाँको नाउँलाई पुकारा गरेर पावलको पाप क्षमा भएको थियो ।"*

(१) एउटा अर्थमा उनी सही हो । परमप्रभुको नाउँलाई पुकारा गऱ्यो भने हाम्रो उद्धार हुन्छ भनिएको छ (रोमी १०:१३) । परमप्रभुको नाउँलाई पुकार्नु भन्नाले के अर्थ लाग्छ?

(२) यो विश्वास होइन्, तर विश्वासपछि देखापर्छ (रोमी १०:१४) । शाऊलले येशूमा विश्वास गरेको थियो, तर पनि अझै उनका पापहरु पखालिनु पर्छ । केवल विश्वासमात्र पर्याप्त छैन् ।

(३) शाऊलले निश्चय नै पश्चात्ताप गऱ्यो, तर पनि अझै उनका पापहरु पखालिनु पर्छ ।

(४) शाऊलले प्रार्थना गरिरहेको थियो, तर पनि अझै उनका पापहरु पखालिनु पर्छ । उनले तीन दिनसम्म उपवास र प्रार्थना गरिरहे । उनले के को निम्ति प्रार्थना गरिरहेको थियो? हामीलाई थाहा छैन्, तर उनी कस्तो असल मानिस हो भनेर परमेश्वरलाई निश्चय नै भनिरहेको थिएनन् भनी भन्नु सुरक्षित हुन्छ । उनी कति ठुलो पापी हो भनी परमेश्वरलाई पश्चात्ताप गर्दै थियो भन्ने कुरामा कुनै शंका थिएन् । धर्मशास्त्रको कुनै पनि स्थानमा लोकप्रिय पापीहरुका प्रार्थना पाउँदैनौं । एक पल्ट म एकजना महिलासँग कुरा गर्दै थिएँ, र धेरै पल्ट उनले पापीको प्रार्थना भनेको बताई । त्यो प्रार्थना धर्मशास्त्रमा पाउँदैनन् भनी मैले भने, र उनले भनी, "मलाई अचम्म लाग्यो किन?" यो कहिल्यै पनि परमेश्वरको योजनाको हिस्सा थिएन् ।

(५) बप्तिस्मामा परमेश्वरको आज्ञाहरुलाई पालना गर्नु परमप्रभुको नाउँ पुकार्नु हो । प्रेरित २:२२ र २:३८ लाई तुलना गर्नुहोस् । बप्तिस्मा भनेको प्रार्थनामा काम गर्नु हो ।

पाठ- ७

पावलको "म हुँ"

The "I am's" of Paul

रोमी १:१३-१७

परिचय

(१) एकजना मानिस मण्डलीबाट फर्किरहेको कथा थियो, र प्रचारकले तिनको हात समाटेर त्यसलाई अलिक पर तानेर भन्यो, "तिमी परमप्रभुको सेनामा जोडिनुपर्छ ।" त्यो मानिसले भन्यो, "म पहिले नै परमप्रभुको सेना थिएँ ।" प्रचारकले भन्यो, "यो कसरी हुन सक्छ, मैले तिमीलाई ख्रीष्टमस र इस्तरमा बाहेक अरु बेलामा देख्दिन ।" उनले पछि खासखुस गर्दै भन्यो, "म रहस्यमय सेवामा छु ।"

(२) आज कति जना मानिसहरु परमेश्वरको रहस्यमय सेवामा छन्? वास्तवमै त्यस्तो कुराहरु छैनन् ।

(३) निश्चय नै पावल पनि गोप्य सेवामा थिएनन् । थोरै मात्रामा गनगन गरी कसरी पावलले ख्रीष्टको निम्ति त्यति धेरै काम र कष्ट भोग्न सक्छौ भनी हामी अचम्म हुन्छौं ।

छलफल

[I] "म ऋणी छु" (रोमी १:१४) ।

(क) *अरु कोहीसँग कुनै कुरामा विशेष गरी पैसामा ऋण लिएको छ भन्ने ऋणी शब्दको अर्थ लाग्छ ।*

(१) शरीरका कामहरुलाई वशमा राख्न हामी सबै ऋणी छौं (रोमी ८:१२) ।

(२) पावलको विशेष ऋण परमेश्वरको विशेष बोलावटको आधारमा थियो । यो ऋण उनको परमेश्वरको ऋणबाट बग्यो (रोमी १:१) ।

(३) किनकि यदि मैले सुसमाचार प्रचार गरें भने त्यसमा मैले घमण्ड गर्ने केही कारण छैन । प्रचार गर्न म बाध्य छु । सुसमाचार प्रचार गरिनँ भने मलाई धिक्कार छ । आफ्नो इच्छाले म यो काम गर्दछु भने मलाई इनाम छ, तर यदि मैले आफ्नै इच्छाले यो गरेको होइनँ भने पनि मलाई एउटा आज्ञा सुम्पिदिएको छ (१ कोरिन्थी ९:१६,१७) ।

(४) उनी ग्रीकहरु र असभ्यहरु (ग्रीक भाषा बोल्ने र अरु भाषा बोल्ने कम सभ्यता भएका मानिसहरु) जो शिक्षित र अशिक्षित सबैका ऋणी थिए । सबै मानिसहरुका निम्ति उनको कर्तव्य थियो ।

(ख) *परमेश्वरको सेवाको यो हाम्रो आधार हो । परमेश्वरसँग हाम्रो सम्बन्धले पनि हामीलाई सबै मानिसको ऋणी बनाउँछ ।*

(१) पावलले १ कोरिन्थी ४:१ मा हामी "परमेश्वरका रहस्यहरुका भण्डारेहरु"

भनेको छ । त्यस पछिको अर्को पदमा पावल भन्दछ कि त्यस बाहेक यो आवश्यक छ, कि भण्डारेहरु विश्वासयोग्य ठहरिनुपर्छ ।

(२) ऋणको महसुसले सेवाको निम्ति उत्साहको अग्नी प्रज्वलित गराउँछ ।

(३) धेरै मानिसहरु विश्वासयोग्य नभएको कारणहरुले, "म ऋणी छु" भनी भन्न सक्दैनन् ।

(४) अरुको पापलाई चेतावनी दिन परमेश्वरले जहिले पनि आफ्ना मानिसबाट माग गर्नुभयो । जब म दुष्टहरुलाई भन्छु 'ए दुष्ट, तँ निश्चय नै मर्नेछस्' र यदि तैले त्यसलाई आफ्नो चाल त्यागोस् भनेर चेताउनी दिएनस् भने' त्यो दुष्ट मानिस आफ्नो पापको कारण मर्नेछ, म तँलाई त्यसका रगतको जवाफदेही तुल्याउनेछु । तर यदि त्यसले आफ्नो चाल त्यागोस् भनेर तैले त्यस दुष्ट मानिसलाई चेताउनी दिइस् र त्यसले आफ्नो चाल त्यागेन भने, त्यो आफ्नो पापको कारण मर्नेछ, तर तैले आफूलाई बचाउनेछस् (इजकिएल ३३:८-९) ।

(क) अज्ञानताको कुनै बहाना छैन् । यदि हामीले दुष्टतालाई चेतावनी दिदैनौं भने पनि तिनीहरु नष्ट हुनेछन् ।

(ख) यदि हामीले चेतावनी दिदैनौं भने हामीहरु पनि नष्ट हुनेछौं । अरुहरुप्रति हाम्रो ऋण कति गम्भीर छ भन्ने कुरा यसले देखाउँछ

(५) हामीले गर्न सक्ने कुरा हामीले गरिहाले तापनि, यो ऋण तिनुभन्दा कुनै ठुलो कुरा होइन् ।

[II] "म तयार छु" (रोमी १:१५) ।

(क) *उनी पूर्ण सिमासम्म तयारी थियो, " ममा जति छ ।" यसले उत्सुकतालाई जनाउँछ । यसैले सकेसम्म तिमी रोममा हुनेहरुलाई पनि सुसमाचार प्रचार गर्न म उत्सुक छु (रोमी १:१५) ।*

(१) केही कुरा गर्न उसलाई दबाव दिदाँको यो पदत्यागी स्वभाव होइन् ।

(२) मानव जातिको सबैभन्दा अति आवश्यक कुरासम्म पुग्न उनी तयार थियो: सुसमाचार प्रचार गर्ने ।

(ख) *ख्रीष्टमा भएको परिवर्तनद्धारा पावललाई तयारी गरेको थियो ।*

(१) टार्ससको शाऊलबाट प्रेरित पावल, ख्रीष्टको सेवकमा परिवर्तन भए ।

(२) दमस्कसदेखि रोमसम्मको उनको यात्रामा रगत र खेदोले चिन्हित गऱ्यो, किनकि प्रभु येशूको नाउँको निम्ति कैदमा पर्नु मात्र होइन्, तर यरुशलेममा मर्न पनि म तयार छु (प्रेरित २१:१३) ।

(३) उनलाई डर, तयारीको अभाव, आत्माको भाव शुन्यताद्धारा बाधा दिएको थिएन् । तर सबै भन्दा राम्रो तयारी भनेको उचित उत्साह विना थोरै मूल्यको हो ।

(ग) *सबै ख्रीष्टियानहरुका स्वभाव " म तयार छु" भन्ने हुनुपर्छ ।*

(१) यशैया भन्दछ, "तब मैले परमप्रभुको यो आवाज सुने, 'म

कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?' अनि मैले भने, 'म हाजिर छु। मलाई पठाउनुहोस्'" (यशैया ६:८)।

(२) नहेम्याह यरुशलेममा गएर पर्खाल पुर्ननिर्माण गर्नको निम्ति जान तयार थियो।

(३) हाम्रा जिम्मेवारीहरुसम्म पुग्नको निम्ति हामी तयार हुनुपर्छ। आशिषले जहिले पनि जिम्मेवारीहरु ल्याउँछ।

[III] "म शर्माउदिनँ" (रोमी १:१६)।

(क) *"शर्मले" डर वा लाजको भावना हुनु भन्ने दर्शाउँछ जसले मानिसलाई केही कुरा गर्नबाट वञ्चित गराँउछ।*

(ख) *रोमी साम्राज्यमा खीष्टियानिटी अवैध धर्म थियो।*

(१) यहूदीहरुको निम्ति पावल देशद्रोही थियो। उनले व्यवस्थालाई उथलपुथल गऱ्यो। मूर्तिपूजकहरुले खीष्टियानिटीलाई नास्तिकको रुपमा चिन्ह लगाएको थियो।

(२) यहूदीहरुले सुसमाचारलाई ठोकरको कारण भनियो, ग्रीकहरुले यसलाई मूर्खता भने।

(३) सुसमाचारलाई यति घृणा गरिएको थियो कि जतातै यसको विरुद्धमा बोलेका छन् भनी पावल भन्दछ।

(ग) *रोममा नेरोको समयमा पनि पावल सुसमाचारदेखि लजाएको थिएन्।*

(१) रोममा सुसमाचारले यसको सबैभन्दा ठूलो धार्मिक जाँचको सामना गऱ्यो: मूर्तिपूजकवादहरुका अनगिन्ती भिन्नताहरु।

(२) रोममा सुसमाचारले यसको सबैभन्दा ठूलो धार्मिक जाँचको सामना गऱ्यो: कठोर रोमी साम्राज्यवादको शक्ति।

(३) रोममा सुसमाचारले यसको सबैभन्दा ठूलो नैतिक जाँचको सामना गऱ्यो: अनैतिकताको खादल।

(घ) *किन पावल लजाएनन्? (हिब्रू ४:१२)*

(१) यो परमेश्वरको शक्ति हो। संसारले सोचे जस्तो यो मूर्खता र कमजोर होइन। हो, संसारमा भएका धेरैले बाइबल मूर्खता र कमजोरी हो भनी सोच्छन्। तिनीहरुको एउटा कार्यक्रमको सामग्रीलाई विरोध गर्दै एकजना मानिसले टेलिभिजन कार्यकारीलाई पत्र लेख्यो। तिनले जवाफ पाए र त्यसको केही हिस्सा यस्तो लेखेको थियो, "आफ्नै बारेमा सोच्ने प्रयास गर्नुहोस् र तपाईको आफ्नो अस्तित्वको लागि लङ्गडो बैसाखीको रुपमा कथाहरुको पुरातन पुस्तकलाई प्रयोग गर्न छोड्नुहोस्।"

(क) नैतिक कान्तिलाई हासिल गरे।

(ख) यसको शक्ति प्रदर्शन भयो।

(१) यरुशलेममा पेन्तिकोसको दिन खीष्टका हत्याराहरु परिवर्तन भए।

(२) कोरिन्थीमा मूर्तिपूजक, व्यभिचारी, समलिङ्गीहरु इत्यादि परिवर्तन भए (१ कोरिन्थी १:६-९)।

(३) सामरियामा जादूबाट छलेकाहरु र जादूगरहरु परिवर्तन भए (प्रेरित ८)।

(ग) शैक्षिक, राजनैतिक, बौद्धिक र साँस्कृतिक अवधारण यसको शक्तिलाई परिवर्तन गर्न सक्दैनन्।

(२) यसमा लाज छैन् किनभने उनलाई सुसमाचारको उद्देश्य थाहा छ- बचाउने।

(क) दोष र निन्दाबाट छुटकारा गरी परमेश्वरको मानिसलाई पुर्नस्थापना गर्न।

(ख) रोमी १:१७। यो केवल ईश्वरीय उद्धारको माध्यम हो। अरु कसैमा मुक्ति छैन्, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसलाई अर्को कुनै नाउँ दिइएको छैनन् (प्रेरित ४:१२)।

(३) यसमा लाज छैन् किनभने उनले परमेश्वरमा पूर्ण भरोसा गरेको छ। झुटा कारणको निम्ति आफ्नो जीवन भक्तिभावमा बिताएको बारेमा पावलले चिन्ता गरेन्। पावल भन्दछ, यसै सुसमाचारको निम्ति म एक प्रचारक, प्रेरित र शिक्षक नियुक्त भएँ। यसकारण मैले यी कुरा भोगेको पनि छु। तर म शर्माउदिनँ, किनभने मैले कसमाथि विश्वास राखेको छु सो म जान्दछु, र मलाई निश्चय छ, जुन कुरा त्यस दिनसम्म मैले उहाँलाई सुम्पेको छु, त्यो सुरक्षित राख्न सक्ने उहाँ हुनुहुन्छ। (२ तिमोथी १:११-१२)।

(क) उनलाई परमेश्वरको शक्ति थाहा थियो- बचाउन सक्ने क्षमता।

(ख) उनलाई परमेश्वरको प्रेम र सम्बन्ध थाहा थियो- बचाउने इच्छा।

(ग) यसकारण, उनलाई थाहा थियो कि परमेश्वरले उसको आत्मालाई बचाउनुहुनेछ।

निष्कर्ष

(१) पावलको "म" शब्दहरु निकै निडर र प्रभावकारी छन्। किनभने तिनीहरु परमेश्वरसित जोडिएका छन्। तर जो म छु, त्यो परमेश्वरको अनुग्रहले छु, ममाथि भएको उहाँको अनुग्रह व्यर्थ भएन्। बरु मैले त तिनीहरु सबैले भन्दा बढी परिश्रम गरें। तैपनि मैले होइनँ, मसँग भएका परमेश्वरको अनुग्रहले हो (१ कोरिन्थी १५:१०)।

(२) केवल ख्रीष्टसितमात्र हामी निडर हुन सक्छौं, जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु। (फिलिप्पी ४:१३)।

(३) म ऋणी छु, म तयार छु, म शर्माउदिन भनी हामीले पावलसित भनौं।

(४) यी कुराहरुमा हामी उहाँको अनुयायी होऔं। यसकारण तिमीहरु मेरा अनुकरण गर्नेहरु होऔ भनी म तिमीहरुलाई आग्रह गर्दछु (१ कोरिन्थी ४:१६)।

पाठ- ८

नमुनाको मण्डली

A Model Church

१ थेसलोनिकी १:७

परिचय

(१) यदि हामीले कुनै एउटा नमुनाको मण्डलीको (सिद्ध होइन) नाउँ सोध्यौं भने एउटा नाउँ भन्न हामीलाई कठिन होला । अहिलेसम्म सम्लग्न भएका हरेक मण्डलीमा केही न केही कमी कमजोरीहरु छन् ।

(२) मण्डलीको जीवन, विश्वसनियता र त्यसको कार्यक्रमहरु, क्रियाकलापहरु, आकारहरु, संख्याहरु, परिवर्तनहरु र त्यसको परम्पराहरुद्धारा नापिदैनन्, तर त्यसको आत्मिकताको आधारमा नापिन्छ । हामी को हौं र हामी के भइरहेका छौं भन्ने कुरा आत्मिकताको आधारमा हुन्छ ।

(३) थेसलोनिकीको मण्डली नमुनाको मण्डली थियो (१ थेसलोनिकी १:७) । यो सिद्ध मण्डली थिएन् । यसरी, यो नमुना हो, आर्दशको होइन्, तर वास्तविकताको हो ।

(४) यो पुस्तकले हामीलाई हाम्रो जरासम्म लिएर जान्छ ।

(५) खीष्टियानिटी के हो? धेरै फरक उत्तरहरु छन् ।

(क) धर्मको हिस्सा र पश्चिमेली सभ्यताको सामाजिक संरचना ।

(ख) सभ्य ।

(ग) त्यो व्यक्ति दयालु, प्रेमिलो र विचारशील ।

(घ) येशू पृथ्वीमा जिउनुभयो भन्ने तथ्यलाई सामान्यतया स्वीकार्छ ।

(ङ) मण्डलीमा जान्छ र त्यो तथ्यलाई स्वीकार्छ ।

(६) विशेषताहरुले गर्दा थेसलोनिकी मण्डलीलाई यस्तो नमुनाको मण्डली बनायो । जुन कुराले खीष्टियानहरुलाई नमुनाको खीष्टियान बनाउँछ, त्यही कुराले नै मण्डलीलाई नमुनाको मण्डली बनाउँछ ।

[I] खीष्टियानहरु चुनिएका जनहरु हुन् (१ थेसलोनिकी १:४), परमेश्वरका चुनिएका जनहरु ।

(क) *चुनावले बहुमूल्य सम्पतिको विचारलाई बोक्दछ ।*

(१) खीष्टका आत्मिकी भातृत्वलाई वर्णन गर्न पावलले "दाजुभाइ" शब्दलाई प्रयोग गरेको छ ।

(२) "परमेश्वरद्धारा प्रेम गरियो" भन्ने कुराले केवल त्यो सम्बन्धलाई तीव्र पार्दछ ।

(ख) *चुनाव परमेश्वबाट शुरु हुन्छ । प्रभुले प्रेम गर्नुभएका भाइहरु, तिमीहरुका निम्ति हामी परमेश्वरमा सधैं धन्यवाद चढाउन बाध्य छौं, किनकि शुरुदेखि नै पवित्र आत्माको पवित्र तुल्याउने कामद्धारा र सत्यतामाथिको*

विश्वासद्वारा बाँच्नलाई परमेश्वरले तिमीहरुलाई चुन्नुभयो (२ थेसलोनिकी २:१३)।

(१) परमेश्वरले पहिले काम गर्नुभयो। चुनाउमा प्रेम सम्लग्न हुन्छ।

(२) यो चुनाउमा सर्त छ। यदि बिना सर्तको हो भने किन धेरै मानिसहरु नष्ट भइरहेका छन्? त्यसको कारण परमेश्वर नै हुनुपर्छ।

(३) व्यक्तिगतरुपमा स्वर्ग वा नरकको बारेमा परमेश्वरले पूर्वनिर्धारण गरी चुन्नुभएको अर्थ लाग्दैन। तर जसरी शुरुमा यहूदीहरु परमेश्वरको चुनिएका जनहरु थिए, तर तिनीहरुको अनाज्ञाकारिताले उहाँलाई इन्कार गरे। यसरी अन्यजातिहरु पनि परमेश्वरको चुनिएका जनहरु थिए।

(ग) *मानिसहरुले सुसमाचारमा परमेश्वरको बोलावटलाई जवाफ दिनुपर्छ (१ थेसलोनिकी १:५)।*

(१) "निम्ति" भन्ने शब्दले चुनाउ र सुसमाचारमा सहसम्बन्ध देखाउँछ।

(२) तिनीहरुमा कसरी सुसमाचार आएको थियो त्यसलाई हेर्नुहोस्। सुसमाचार परमेश्वरको चुनाउको साधन थियो।

(क) यो शक्तिसित आयो।

(ख) यो पवित्र आत्मासित आयो।

(ग) यो दृढ विश्वाससित आयो। प्रेरितहरु सुसमाचारमा इमान्दारितासाथ बाँचे।

(३) जसले सुसमाचारलाई विश्वास गरेर आज्ञापालन गर्दछन्, तिनीहरु परमेश्वरको चुनाउ हुन्छन्।

(४) त्यसपछि परमेश्वरले हामीलाई हरेक आत्मिक आशिषले ख्रीष्टमा आशीर्वाद दिनुहुन्छ। (एफिसी १:३)।

[II] ख्रीष्टियानहरु परमप्रभुका अनुयायीहरु हुन् (१ थेसलोनिकी १:६)। चुनाउले जीवन परिवर्तन गर्छ।

(क) *अनुयायीहरु अनुकरण गर्ने हो।*

(१) ख्रीष्टका अनुयायीहरु अनुकरण गर्ने हुन्, केवल वक्ताहरुमात्र होइनन्।

(२) ख्रीष्टलाई पछ्याउनको निम्ति ख्रीष्टियानहरुको इच्छा जगाउन धेरै भजनहरुले उत्साह दिन्छन।

(क) "उहाँले मलाई जहाँ डोऱ्याउनुहुन्छ म पछ्याउनेछु।"

(ख) "येशूको पद चिन्हहरु" (कोरस- येशूका पाइलाहरु जहाँ जान्छन् हामी उहाँलाई पछ्याउँछौं।")

(ख) *ख्रीष्टका अनुयायीहरुले उहाँको वचनलाई ग्रहण गर्छ (१ थेसलोनिकी १:६)।*

(१) यसले वचनलाई हृदयमा पालना गर्ने भन्ने विचारलाई बोक्दछ।

(२) धेरै धार्मिक परिवर्तनहरु परमप्रभुलाई अंगाल्ने वा स्वीकार गर्ने हो। यसले परमेश्वरको कार्यलाई जोड दिन्छ।

(३) पावलले हाम्रो जिम्मेवारीहरुलाई जोड दिदैंछन । वचनलाई ग्रहण गर्नुको अर्थ हामीले वचनको आज्ञापालन गर्न थाल्नु हो । यसलाई ग्रहण गर्नु योग्य छ किनभने यो परमेश्वरको वचन हो (१ थेसलोनिकी २:१३) । उहाँलाई कसरी पछ्याउँछौं भन्ने कुरा हामी उहाँको वचनबाट सिक्छौं, सपनाहरु, दर्शनहरु वा मानविय दर्शन शास्त्रहरुबाट होइनन् ।

(ग) *परमप्रभुका अनुयायीहरु कष्ट भोग्न तत्पर छन् (१ थेसलोनिकी १:६) ।*

(१) तिनीहरुको दु:खको कारणले गर्दा तिनीहरु त्यस्तो उदाहरण भएका छन् । जसरी मौलिकरुपमा यहूदीहरु यरुशलेममा कष्ट भोगेको थिए, त्यसरी नै तिनीहरु आफ्नै देशवासीहरुबाट कष्ट भोगेका थिए (१ थेसलोनिकी २:१४) ।

(२) पावल त्यहाँ केवल तीन हप्तामात्र बसेको थियो र तिनलाई राती नै शहरबाट लुकाएर लगेको थियो । केही नयाँ ख्रीष्टियानहरुलाई पक्के । तीन हप्ताको कार्य पश्चात कसरी यस्तो प्रकारको ठूला परिणाम हासिल गर्न सक्थ्यो भनी कोही अच्चमित हुन सक्छन् (प्रेरित १७) ।

(३) अझै दु:खको सट्टा थेसलोनिकीहरुले आनन्द प्रर्दशन गरे । मुक्तिको आनन्दलाई कष्टले पनि ताढा लिएर जान सक्दैनन् ।

(घ) *परमप्रभुका अनुयायीहरु उदाहरण हुन् (१ थेसलोनिकी १:७) ।*

(१) माकेडोनिया तिनीहरुको आफ्नै प्रान्त थियो । अखैया कोरिन्थीको राजधानी अर्को दक्षिणी प्रान्त थियो ।

(२) ख्रीष्टियान र अख्रीष्टियान, असल र खराब दुवैमा उदाहरणको शक्ति छ ।

(३) "एउटा कुहेको स्याउले अरु स्याउलाई बिर्गाछ ।"

(४) ख्रीष्टियानहरुलाई प्रायजसो उदाहरण बन्नको निम्ति हौसला दिएको छ (मत्ती ५:१३-१६) ।

(ङ) *परमप्रभुका अनुयायीहरु प्रचार गर्ने हुनुपर्छ । तिनीहरु ग्रहण गर्ने र प्रसार गर्ने दुवै हुनुपर्छ ।*

(१) ग्रामीण इलाकाभरी मेघ गर्जन हुनु वा तुरहीको आवाजको वर्णनबाट "ध्वनि बाहिर निकाल्नु" भन्ने शब्द आउँछ । मण्डलीको प्रमुख व्यवसाय यहि नै हो (मत्ती २८:१८-२०) ।

(२) तिनीहरुको प्रभाव तिनीहरुको शहरभन्दा निकै ताढा पुग्यो ।
(क) वचन देखाउनै पर्छ ।
(ख) वचन बोल्नै पर्छ ।

(३) तिनीहरुको विश्वास सबैलाई थाहा थियो अरुहरुले पावललाई तिनीहरुको बारेमा भन्दै थियो ।

[III] ख्रीष्टियानहरु परिवर्तन भएका मानिसहरु हुन् (१ थेसलोनिकी १:९) । सोचविचारको रोजाईद्धारा परिवर्तन आएकोलाई बदलिनु भन्ने बुझिन्छ ।

(क) *ख्रीष्टियान त्यो हो जसको जीवन वरीपरी घुमाइएको छ । यो साँचो र सत्य परमेश्वरमा पूर्णरुपले केन्द्रित गरेको जीवन हो ।*

(१) अब उप्रान्त मूर्तिहरुको सेवा गर्ने होइन् वा अरु ईश्वरलाई प्रतिस्थापित गर्ने होइन् । गलत ईश्वरहरुले गलत आशा र गलत सुरक्षा दिन्छ ।

(२) पहिले नै व्यस्त जीवनमा जोडिएको केही कुरा ख्रीष्टियानिटी होइन् वा अरु मूल्यवान विश्वासमा जोडिएको विश्वासका संकलन होइन् । परमेश्वरले प्रतिस्थापित गर्नुभएको कुराहरुबाट यदि हामी फर्केका छैनौं भने हामी वास्तवमै परमेश्वरका अनुयायीहरु हुँदैनौं ।

(ख) *परमेश्वरको सेवा गर्न परिवर्तन भएका छन् (१ थेसलोनिकी १:९) ।*

(१) नोकरले जस्तै सेवा गर्ने । हाम्रो सेवा पूर्णरुपमा हुनुपर्छ- परमेश्वर परमप्रभु हुनुहुन्न, र हामी उहाँका दासहरु होइनौं भन्ने त्यस्तो कुनै समय वा परिस्थिति छैन् । यो परमेश्वरमा पूर्ण भक्तिको जीवन हो ।

(२) जीवित परमेश्वरको तुलनामा मूर्तिहरु जो जीवन रहित छन् ।

(३) साँचो परमेश्वरको तुलनामा नक्कली प्रतिनिधित्वहरु छन् ।

(ग) *येशूको निम्ति पर्खिरहन परिवर्तन भएका छन् (१ थेसलोनिकी १:१०) ।*

(१) आशा र धैर्यसित पर्खनु ।

(क) मानव जातिमा प्रशस्त हुने सदगुण धैर्यता होइन् ।

(ख) धेरै हदसम्म आज ख्रीष्टियानहरुले ख्रीष्टको आशा गुमाएका छन् । थेसलोनिकेकाहरुलाई कुनै आग्रह थिएन् । यो तत्कालै हुनेछन् भनी तिनीहरुले अत्याधिकरुपमा सोच्न थाले ।

(ग) हामी सोच्छौं कि यो भविष्यको लामो समयमा हुनेछ ।

(घ) येशूलाई हामी कसरी पर्खन्छौं? केही पनि नगरी होइन्, तर कार्यहरु गरेर हो ।

(२) सेवा र आशासँगै जान्छ (१ थेसलोनिकी १:३) ।

(घ) *विश्वासको काम । विश्वासले कार्य उत्पन्न गर्छ । जुन विश्वासले कार्य उत्पन्न गर्दैन्, वास्तवमा त्यो विश्वास होइन् । जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरुदेखि अलग हुँदा मरेको हुन्छ (याकूब २:२६) । उदासीन, मनतातो, सहभागी नभएका ख्रीष्टियानहरु सेवक होइनन् ।*

(ङ) *प्रेमको परिश्रमः ख्रीष्टियानिटीको स्वभाव ।*

(१) हामी प्रेमको कारणले गर्दा काम गछौं, प्रेम बिना गरिएका सबै परिश्रमहरु परमेश्वरमा अर्थहीनको हुन्छ (१ कोरिन्थी १३:१-३) ।

(२) सन्तानप्रति आमाको प्रेमिलो हेरविचार । सिस्टिन चैपलको चित्र बनाउनको निम्ति माइकलएन्जेलोलाई तीन वर्षभन्दा बढी समय लाग्यो । हरेक चित्र परिश्रमपूर्वक होशियारी साथ बनाएको थियो । सिस्टिन चैपलको पछाडीको भागको चित्र बनाउन माइकलएन्जेलोले तीन वर्ष भन्दा बढी समय बिताए । हरेक दिनको कामको अन्त्यमा

उसको ढाड दुखेर कति कष्ट भएको थियो भनी के तपाई कल्पना गर्नुहुन्छ? तै पनि उनले कलालाई प्रेम गरेको थियो र उनको कार्य प्रेमको परिश्रम थियो । आज हामी उनको प्रेमको परिश्रमको स्मरण गछौं ।

(च) *आशाको धैर्य । आशाले धैर्यको प्रेरणा दिन्छ । यसले हामीलाई निरन्तररुपमा जारी राख्न सक्षम बनाउँछ । विलियम बार्कली भन्दछ, " उसमा आशा हुन्जेल मानिसले सबै कुरा सहन सक्छ, यसकारण उ बेलुकाको निम्ति होइन्, तर बिहानको निम्ति हिड्दै छ ।"*

(१) तिनीहरुका आशा जीवित थियो ।

(क) येशू मृत्युबाट बौरी उठ्नुभयो र यसरी उहाँ जीवित रहनुभयो ।

(ख) उहाँले तिनीहरुलाई आउँदै गरेको कोधबाट बचाउन सक्नु हुन्थ्यो (२ थेसलोनिकी १:७-९, बलिरहेको आगो र परमप्रभुको उपस्थितिबाट अनन्तको विनाशलाई जनाएको छ ।)

(छ) *निसन्देह वफादारी । मण्डलीलाई पनि खीष्टको दुलहीको रुपमा चित्रण गरेको छ (२ कोरिन्थी ११:२) ।*

(१) दुलहीले वफादारी देखाउँछे ।

(क) विवाह एउटा प्रतिबद्धता, करार हो जसमा प्रेम, वफादारी र जीवनको आवश्यक हुन्छ । विवाह एउटा प्रतिज्ञा हो भनी सबैले महसुस गर्दछ । यसैकारण मानिस एकैसाथ जिउँछन् । तिनीहरुलाई प्रतिज्ञा बिनाको विवाहको आनन्द चाहिन्छ ।

(ख) हामीले पति र पत्नीहरुका कथाहरु पढेका छौं जसले अलग हुनुभन्दा एकैसाथ मृत्युको सामना गर्ने कुरालाई रोजे । तिनीहरुको जीवनभन्दा पनि तिनीहरुको हृदयको भक्ति महत्वपूर्ण रहयो ।

(२) खीष्टप्रतिको हाम्रो निष्ठा अरु कुनै कुराभन्दा पनि धेरै मूल्यवानको हुनुपर्छ ।

(क) एउटै पतिसँग पावलले कोरिन्थीहरुलाई मगनी गरिदिएका थिए ।

(१) मत्ती १:१८-१९ पतिको निम्ति फरक शब्द प्रयोग भएको छ, जहाँ मरियमको मगनी योसेफसँग भएको थियो । यसको शाब्दिक अर्थ एकैसाथ मिल्नु हुन्छ यसरी जसरी दुलही दुलहासित जोडेको हुन्छ, त्यसरी नै मण्डली पनि खीष्टसित जोडेको हुनुपर्छ ।

(२) दुलहीले आफ्नो दुलहालाई धोका दिनु अकल्पनिय छ । यसरी खीष्टियानहरु खीष्टप्रति निष्ठा हुनुपर्छ भन्न पावलले यो उदाहरण प्रयोग गरेको हो ।

(३) रोमी ७:१-४ मा पावल भन्दछ कि हामी अर्कोसँग विवाह गर्न व्यवस्थाबाट मुक्त भएका छौं ।

(४) वफादारको आवश्यकतालाई जोड दिन याकूबले खीष्टियानहरुलाई "व्यभिचार गर्नेहरु" र "व्यभिचारिणीहरु" भने । संसारको मित्रता भनेको परमेश्वरको शत्रुता हो भन्दछ ।

(ख) खीष्टप्रतिको हाम्रो प्रतिबद्धता कुनै पनि अन्य सम्बन्ध (लूका १४:२६) वा स्वामित्व भन्दा बढी महत्वपूर्ण हुनुपर्छ । यसकारण तिमीहरुमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन (लूका १४:३३) ।

(१) पावल तिनीहरुको लागि ईष्यालु थिए । यो व्यक्तिगत वफादारी होइन, तर ईश्वरीय ईर्ष्या हो ।

(२) पुरानो करारमा परमेश्वरलाई कुनै प्रतिद्वन्दीलाई नरोक्ने परमप्रभुको रुपमा चित्रण गरिएको छ । "किनकि परमप्रभु तिमीहरुका परमेश्वर भस्म पार्ने आगो र डाह गर्नुहुने परमेश्वर हुनुहुन्छ" (व्यवस्था ४:२४) ।

(३) मण्डली पूर्णरुपमा खीष्टमा समर्पित हुनुपर्छ (२ कोरिन्थी ११:३) ।

(क) सरलता भनेको एकलता वा इमान्दारिता हो । "...खीष्टको भक्तिको सरलता र शुद्धताबाट तपाईको दिमागलाई बहकाउनुपर्छ" (एन.ए.एस.बि.) ।

(ख) एकल-हृदय भक्ति (भिन्सेन्ट) । यो दोहोरो मानसिकताको विपरित हो । "पापीहरु हो, तिमीहरुका हात चोखा पार । दोमनका मानिस हो, तिमीहरुका हृदय शुद्ध पार" (याकूब ४:८) ।

(ग) यो प्रारम्भिक मण्डलीको एउटा गुण हो । त्यसैले दिनहुँ मन्दिरमा एउटै मनका भएर, घर-घरमा रोटी भाँच्दै, तिनीहरु खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे" (प्रेरित २:४६) ।

(घ) "...हरेक विचार खीष्टको आज्ञापालन गर्नलाई वशमा पाछौं" (२ कोरिन्थी १०:५) भन्ने कुरालाई पावलले ल्याउँदछ ।

(ङ) शैतानले परमेश्वरका जनहरुको ध्यान विभाजित गर्न चाहन्छ ।

(१) "आत्मिकी लत नबन्नुहोस् ।"

(२) "केवल आइतबारको खीष्टियान हुनुहोस् ।"

(३) सम्भव भएसम्म जीवनबाट सबै उत्साह निकाल्नुहोस् ।"

निष्कर्ष:

(१) थेसलोनिकीको मण्डली एउटा नमुनाको मण्डली थियो किनभने तिनीहरुले आफ्नो जीवनमा खीष्टियान सन्देश लागु गरेका थिए ।

(२) हामी पनि खीष्टियान सन्देशलाई लागु गरौं र साँच्चै खीष्टका अनुयायी बनौं ।

(३) हामी हाम्रो युगका मूर्तिहरुबाट फर्कौं, जीवित र साँचो परमेश्वरतिर आफ्नो अनुहार फर्काऔं ।

पाठ- ९

आराधनाका जगहरू

Foundations of Worship

मत्ती ४:८-१०

परिचय

(१) मानिस आराधना गर्ने प्राणी हो । परमेश्वरले मानिसलाई उहाँको आराधना र महिमा गर्न सृष्टि गर्नुभयो ।

(२) मानिसले केवल परमेश्वरको आराधना र सेवा गर्नुपर्छ भनी येशूले स्पष्ट रुपमा बताउनु भयो ।

(३) आराधनाको लागि नयाँ नियममा सबैभन्दा धेरै प्रयोग भएको शब्दको अर्थ अभिवादन गर्नु वा त्यस प्रति श्रद्धा गर्नु हो । रिक एट्लेले आराधनालाई "परमेश्वरलाई उहाँ को हुनुहुन्छ भनेर चिन्नु, तपाई को हुनुहुन्छ भनी आफैलाई चिनेर उचित प्रतिक्रिया दिनु" भनेर परिभाषित गर्दछ ।

(४) पुरानो करार र नयाँ करार दुवैको आराधनामा केन्द्रिय विचारहरु छन् । दुवैमा निरन्तरता छ । हामी प्रायः भिन्नतालाई जोड दिन्छौं ।

किन परमेश्वरलाई मात्र आराधना गर्ने? परमेश्वर जस्तो कोही पनि छैन ।

[I] आराधना परमेश्वरको प्रकृतिसँग शुरु हुन्छ- परमेश्वर को हुनुहुन्छ ।

(क) *परमेश्वरको चरित्र मानिसको भन्दा धेरै फरक छ (भजन संग्रह ३३:४,५) ।*

(१) सीधा- बिना छल । परमेश्वरसँग कुनै झूटा कार्य वा शब्दहरु छैनन् ।

(२) परमेश्वर धर्मी र न्यायी हुनुहुन्छ ।

(३) उहाँका कार्यहरु उहाँको प्रेमिलो दयाद्वारा नियन्त्रित छन् ।

(ख) *परमेश्वर सृष्टिकर्त्ता हुनुहुन्छ (भजनसंग्रह ३३:६) । परमेश्वरले ब्रहमाण्डको सृष्टि गर्नुभएको हुनाले हामीले आदरपूर्वक जवाफ दिनुपर्छ ।*

(१) पृथ्वी आकाश गंगाको एक भाग हो, जसलाई १,००,००० प्रकाश वर्ष भनिन्छ । प्रकाश वर्ष ५.८९ ट्रिलियस माइल छ ।

(२) अक्टोबर २६, १९९० को वाणिज्य अपीलमा एउटा लेख प्रकाशित भयो: "वैज्ञानिकहरुले सबैभन्दा ठूलो तारा पुञ्जलाई दर्शाउछ, यसले आकाश गंगालाई बौना गर्छ ।" ट्रिलियन ताराहरु भन्दा बढी रहेको बताइएको छ । आकाश गंगामा करिब ३ अर्ब रहेको छ । यो समुह करिब एक अर्ब प्रकाश वर्ष टाढा रहेको बताइएको छ ।

(३) "जब म तपाईको हातले बनाएको आकाशलाई, र तपाईले स्थापित गर्नुभएका जून र ताराहरुमाथि विचार गर्छु, मानिस के हो, र तपाई त्यसको वास्ता राख्नुहुन्छ? मानिसको छोरो के हो, र तपाई त्यसको

फिकी गर्नुहुन्छ? (भजनसंग्रह ८:३,४)।

(ग) *पुरानो करारले परमेश्वरलाई सार्वभौम, शक्तिशाली, "इस्राएलको पवित्र जन" को रुपमा प्रस्तुत गर्दछ।*

(१) "...तिनीहरुले इस्राएलका परमपवित्रलाई हेला गरेका छन्..." (यशैया १:४)।

(२) "म परमप्रभु, तिमीहरुका परमपवित्र, इस्राएलका सृष्टिकर्त्ता, तिमीहरुका राजा हुँ" (यशैया ४३:१५)।

(३) यशैयाले परमेश्वरको सन्दर्भमा "एक पवित्र" शब्द २९ पटक प्रयोग गरे।

(४) परमेश्वर हामी जस्तो हुनुहुन्न्।

(घ) *यो ठूलो विरोधाभास हो: पवित्र जन हाम्रो बीचमा हुनुहुन्छ।*

(१) "म मेरो प्रचण्ड रीस प्रयोग गर्नेछैनँ। म एफ्राइमलाई फेरि सर्वनाश गर्नेछैनँ। किनकि म परमेश्वर हुँ, मानिस होइनँ- तिमीहरुका बीचमा परमपवित्र। म क्रोधमा आउनेछैनँ" (होशे ११:९)।

(२) "हे सियोनका मानिस हो, उच्च सोरले कराओ, र आनन्दले गाओ, किनकि तिमीहरुका बीचमा इस्राएलका परमपवित्र महान् हुनुहुन्छ" (यशैया १२:६)।

(३) हामीले धेरै हदसम्म परमेश्वरको पवित्रता गुमायौं। यद्यपि, पवित्रता एउटा गुण हो जुन अन्य सबै गुणहरुको पछाडि छ। यदि हामीले परमेश्वरको पवित्रता गुमायौं भने, हामीले परमेश्वरलाई गुमाउँछौं।

(ङ) *परमेश्वर हाम्रो उपस्थितिमा हुनुहुन्छ। "किनकि जहाँ दुई वा तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरुका बीचमा छु" (मत्ती १८:२०)*

(१) आराधना भनेको परमेश्वर वा उहाँको प्रकृतिको पक्षको बारेमा एक विचार प्रर्दशन गर्नु मात्र होइन, तर स्वयं परमेश्वरको उपस्थितिमा आकर्षित गर्नु हो।

(२) हिब्रूको पुस्तक १० अध्यायको पहिलो आधा भागमा हामी पुरानो करारका पशुहरुको तुलनामा ख्रीष्टको महान् बलिदानको बारेमा पढ्छौं।

(३) परिणाममा हामी, "विश्वासको सम्पूर्ण भरोसामा परमेश्वरको समीप जाऔं (हिब्रू १०:२२)।

(४) आराधना परमेश्वरको प्रतिक्रिया हो। "यसकारण हामी साहसका साथ अनुग्रहको सिंहासनमा जाऔं..." (हिब्रू ४:१६)।

[II] हामी को हौं भनेर आराधना गरौं।

(क) *हामी अपर्याप्त छौं, दिनको लागि केही छैन, परमेश्वरको नजिक जान योग्य छैनौं।*

(१) "मैले भने, धिक्कार, म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरुका बीचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको

छु" (यशैया ६:५)।

(२) "जसो लेखिएको छ, धर्मी कोही छैन, एक जना पनि छैन, बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। ती सबै बरालिएका छन्, तिनीहरु एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैनन्, असल गर्ने एक जना पनि छैन" (रोमी २:१०-१२)।

(३) स्टीफन लोगान ब्रेन्नालले लेखे, "मैले येशूको नम्रता र मेरो गर्व; येशूको नम्रता, र मेरो स्वभाव; येशूको नम्रता र मेरो महत्वाकाँक्षा; येशूको फलदायिता, र मेरो हृदयको छल; येशूको निस्वार्थता, र मेरो स्वार्थ; येशूको भरोसा र विश्वास, र मेरो शंका र अविश्वास... मैले येशूलाई सबैको नजरबाट हटाएँ, र आफैलाई घृणा गर्न थालें।"

(ख) *खीष्ट योग्य हुनुहुन्थ्यो (हिब्रू १०:१०,१४,१९)।*

(१) आराधनामा हामी पवित्र परमेश्वर र अपवित्र मानिसहरुबीच सामना गछौं।

(२) यसले आत्मसमपर्ण, समपर्ण, आज्ञाकारिताको माग गर्दछ।

(३) कसै-कसैलाई वा कुनै पनि कुरामा आत्मसमर्पण गर्न गाह्रो हुन्छ।

(क) "आओ, दण्डवत् गरौं र निहुरौं, हाम्रा सृष्टिकर्त्ता परमेश्वरकै सामु घुँडा टेकौं" (भजनसंग्रह ९५:६)।

(ख) मलाई एकजना वृद्ध मानिसको सम्झना छ जो सधै आफ्नो घुँडा टेकेर प्रार्थना गर्थे।

(ग) हामी अक्सर भन्दछौं कि झुक्नु एउटा चिन्ह हो।

(घ) यदि हामीले वास्तवमै परमेश्वर को हो भनेर चिन्यौं भने, के हामी बस्न सक्छौं? के हाम्रो प्रणाम गर्ने मनोवृत्ति छ?

[III] आराधना र जीवन बिचको सम्बन्ध- तपाईले दुईलाई अलग गर्न सक्नुहुन्। नैतिक विद्रोहको जीवनको साथमा कसैको आराधनामा परमेश्वरलाई चासो छैन।

(क) *सही काम गर्नु मात्र पर्याप्त छैन्। इस्राएलमा आराधनाले पवित्र जीवनको परिणाम पाएन्।*

(१) उदाहरण- यशैया १:१०-१७। "व्यर्थका बलिहरु नल्याओ। तिमीहरुको धूप त मेरो निम्ति घिनलाग्दो छ" (यशैया १:१३)। तिमीहरुका औसीका दिनहरु र ठहराएका चाडहरुलाई मेरो हृदयले घृणा गर्छ। ती त मेरो निम्ति भार भएका छन्। ती बोक्दा- बोक्दा म थाकेको छु" (यशैया १:१४)।

(क) धूप परमेश्वरको लागि घृणित थियो।

(ख) परमेश्वरले तिनीहरुको पवित्र सभाहरु सहन सक्नु भएन। उहाँ तिनीहरुको आराधनाले थकित हुनुहुन्थ्यो।

(२) उदाहरण- "तिमीहरुका धार्मिक चाडहरुलाई म घृणा गर्दछु, तिमीहरुका सभाहरु म सहन सक्दिनँ। तिमीहरुले मेरो निम्ति

होमबलि र अन्नबलि चढाए तापनि म ती ग्रहण गर्नेछैनँ । तिमीहरुले चढाएका सबैभन्दा असल मेलबलिमाथि पनि म परवाह गर्नेछैनँ" (आमोस ५:२१-२२) ।

(३) तिनीहरुको बलिदान सही थियो । तिनीहरु त्यस अनुसार जिउन सकेनन् ।

(४) हामी जिउँदो बलिदान हुनुपर्छ । "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर" (रोमी १२:१) ।

(ख) *हामी कहिलेकाहीँ दैनिक जीवनबाट आराधनालाई अलग गर्छौं ।*

(१) आज्ञाकारिता र आराधना एकसाथ जान्छ ।

(२) हामी आफुलाई शान्त कुनामा राखेर आराधना गर्न सक्दैनौं, र आफ्नो इच्छा अनुसार जीवन बिताउन सक्दैनौं ।

(३) यूहन्ना ६ अध्यायमा येशू भन्नुहुन्छ कि "मेरो देह खाने, र मेरो रगत पिउनेसित अनन्त जीवन छ ।" येशूले प्रभु भोजको बारेमा कुरा गरिरहनु भएको छैन् । उहाँले बाह्रय ओठ- सेवा र भित्री अवतार बीचको भिन्नताको बारेमा कुरा गर्दै हुनुहुन्छ । उहाँलाई प्रशंसा गर्नु र वास्तवमा क्रूस उठाएर उहाँलाई पछ्याउनु बीचको भिन्नताको बारेमा उहाँले कुरा गर्दै हुनुहुन्छ । बाहिरी रुपमा ख्रीष्टियान जस्तो व्यवहार गर्ने र भित्रबाट ख्रीष्टियान हुनु बीचको भिन्नताको बारेमा कुरा गरिरहेको छ ।

(४) हामी सत्यताको गुनगान गर्छौं तर सत्यको अभ्यास गर्दैनौं ।

(क) "येशू नआउन्जेलसम्म हामी काम गर्नेछौं ।"

(ख) "मेरो येशू, म तपाईलाई प्रेम गर्छु, मलाई थाहा छ तपाई मेरो हुनुहुन्छ, तपाईको लागि म पापका सबै मूर्खताहरु त्याग्छु ।"

(ग) "मलाई बाइबल दिनुहोस् ।"

(घ) "मलाई कथा सुनाउन मनपर्छ ।"

(ङ) "उहाँले मलाई जहाँ डोऱ्याउनुहुन्छ, म पछ्याउनेछु ।"

निष्कर्ष

(१) "म येशू नासरतको उपस्थितिमा छक्क परें, र आश्चर्यचकित छु कि उहाँले मलाई कसरी प्रेम गर्नुहुन्छ, पापी दोषी, अशुद्ध ।

(२) के हामी साँच्चै छक्क परेका छौं?

(३) हामीले आराधना गर्ने पर्छ भनेर आराधना गर्दैनौं । परमेश्वर को हुनुहुन्छ, हामी को हौं, र उहाँको इच्छामा आफ्नो जीवन समर्पण गरेको कारणले गर्दा हामी आराधना गर्छौं ।

(४) यो एउटा स्वीकारयोग्य आराधना हो ।

पाठ- १०

अनुग्रहको सुसमाचार

The Gospel of Grace

प्रेरित २०:२४

परिचय

(१) यस सन्दर्भमा पावलले आफ्नो जीवनमा अन्तिम पटक एफिससका एल्डरहरुसँग कुरा गरिरहेका छन् ।

(२) तिनीहरुको बीचमा रहँदा उनले कसरी आफ्नो जीवन बिताएको थियो भनी तिनीहरुलाई सम्झाउँछन् । उनले यहूदी र अन्यजाति दुवैलाई ख्रीष्टको सम्पूर्ण सुसमाचार सिकाएको थियो ।

(३) उनी यरुशलेम जाँदै थियो । उसलाई के हुन लागेको थियो भन्ने कुरा उनलाई थाहा थिएन, तथापि, आत्माले उनलाई बताउनुभएको थियो कि ऊ जहाँ पनि कैदमा जान्छ र दु:खले उसलाई पर्खिरहेको थियो ।

(४) प्रायजसो मानिसहरु यरुशलेम जान चाहँदैनन्, उनीहरुलाई के हुन सक्छ भन्ने थाहा थियो ।

[I] पावल भन्दछ कि यी मध्ये कुनै पनि कुराले मलाई उत्प्रेरित गदैन् (प्रेरित २०:२४)

(क) *आफुलाई भएको कुरामा उनले वास्ता गरेनन् । तिनीहरुले उनलाई डराए वा उनको उद्देश्यबाट उनलाई रोकेन ।*

(१) उनको जीवन उनको लागि मूल्यवान थिएन् । कतिपय कुराहरु मृत्युभन्दा पनि महत्वपूर्ण हुन्छन् ।

(२) उनलाई थाहा थियो कि ख्रीष्ट येशूमा ईश्वरीय जीवन बिताएका सबैले सतावट भोग्नुपर्नेछ (२ तिमोथी ३:१२) ।

(३) किनकि म यो वर्तमान समयको पीडाहरु हामीमा प्रकट हुने महिमासँग तुलना गर्न योग्य छैन भनी सोच्दछु (रोमी ८:१८) ।

(ख) *सुसमाचारको लागि कष्ट भोग्न सक्षम भएकोमा पावल खुशी थिए । अब म तिम्रो लागि मेरो दु:खमा रमाउँछु...*

(१) पावलका शत्रुहरुले सायद पावलको खिल्ली उडाए र सत्यको विरुद्ध लड्न आफ्नो जेलको कोठालाई प्रयोग गरे ।

(२) पावल सहिदको रुपमा होइन, दु:खमा आनन्दित थिए ।

(ग) *कष्टमा किन रमाउने?*

(१) पावलले ख्रीष्टका लागि कष्ट भोगिरहेका थिए । प्रारम्भिक चेलाहरुले उहाँको नाउँको लागि लाज भोग्न योग्य भएकोमा आनन्दित भए (प्रेरित ५:४१) । पत्रुसले भने कि एउटा ख्रीष्टियानको रुपमा दु:ख

भोग्नु सम्मानको कुरा हो ।

(२) पावल ख्रीष्टको शरीर /मण्डलीको लागि कष्ट भोग्दै थिए (कलस्सी १:२४) ।
(क) यो भन्दा अघि पावलले मण्डलीलाई सताएका थिए ।
(ख) धेरैको मनोवृत्ति यस्तो छ, "म मण्डलीबाट के पाउन सक्छु?"
(ग) कैदी भएर पनि उनलाई सेवा गर्नबाट रोकिएन् ।

(घ) *के कुराहरुले तपाईलाई उत्प्रेरित गर्छ?*

(१) धेरैले दु:ख भोग्न अस्वीकार गर्छन् । पहिलो समस्यासँगै आँउछ, र तिनीहरुले हार मान्छन् ।

(२) केही प्रचारकहरु मानिसहरुलाई खुशी पार्न चाहन्छन् । भीडलाई खिच्न कुनै पनि कुरा प्रचार गर्दछन् ।

(३) पैसाले धेरै मानिसहरुलाई उत्प्रेरित गर्छ । तिनीहरु जहाँ पनि जान्छन्, पैसा भएसम्म जे पनि गर्छन् ।

[II] येशूबाट पाएको सेवाकाईलाई पूरा गर्नु पावलको प्रमुख उद्देश्य थियो । त्यो सेवाकाईले विशेष गरी अन्यजातिहरुलाई परमेश्वरको अनुग्रहको सुमाचारको गवाही दिनु थियो ।

(क) *यस उद्देश्यका लागि परमेश्वरले पाविललाई विशेष रुपमा बोलाउनुभएको थियो । दमस्कस जाने बाटोमा भएको रुपान्तरण र उनलाई परमेश्वरको आवहान सम्भ्नुहोस् (प्रेरित २६:१५- १८) ।*

(ख) *प्रेरितको अर्थ " एकजना पठाइएको" हो, त्यसैले पाविललाई कस्तो प्रकारको आज्ञा दिइएको थियो भनेर जान्नु महत्वपूर्ण हुन्छ ।*

(ग) *सुसमाचार भनेको शुभ सन्देश हो । परमेश्वरको अनुग्रह सबै मानिसहरुमा प्रकट भएको छ (तीतस २:११) ।*

(१) मानिसलाई छुटकारा दिनको लागि परमेश्वरको योजना एउटा रहस्य भएको छ, तर ख्रीष्टमा यो सबैलाई प्रकट गरिएको थियो ।

(२) परमेश्वरको अनुग्रह जसले मुक्ति ल्याउँछ, ज्ञानवादको विपरित, जसले आफूलाई विशेषाधिकार प्राप्त गोप्यतामा ढाक्छ, यो सुसमाचार हो जुन सबैले सुनेको परमेश्वर चाहनुहुन्छ ।

(३) ख्रीष्टको जीवनले मानिसलाई परमेश्वरको अनुग्रहको सारांश र हौसला दिन्छ । यो अनुग्रहमा सबै मानिस समावेश छन् ।

(४) यो अनुग्रहको उद्देश्य सबै मानिसहरुमा मुक्ति ल्याउनु थियो । यो सबैको लागि उपलब्ध छ, तर यसले मानिसबाट केही कुराको माग गर्दछ ।

(घ) *पावलले तिनीहरुको आँखा खोल्नु पर्ने थियो (प्रेरित २६:१८) ।*

(१) परमेश्वरको इच्छाको अज्ञानताले मानिसको आँखा अन्धो भएको छ ।

(२) प्राय: मानिसहरु महत्वपूर्ण कुराहरुमा अन्धा हुन्छन् ।

(३) हाम्रा आँखा खीष्टको महानतामा खोलिनुपर्छ ।

(४) हाम्रा आँखा नदेखेका कुराहरुमा खोल्नुपर्छ (२ कोरिन्थी ४:१८) । उपदेशक यस संसारको मूल्यको निम्ति एउटा राम्रो टिप्पणी हो । सोलोमनले "सूर्यमुनि" सबै चीजहरु व्यर्थ र रिसाउने कुरा हुन् भने । वास्तविक सुख, आनन्द र सन्तुष्टि केवल आत्मिक चीजहरुमा पाउन सकिन्छ, जुन तपाईले देख्न सक्नुहुन्न् ।

(५) मण्डलीको महानता देख्न हाम्रो आँखा खोल्नुहोस् । धेरैको मनमा मण्डली सस्तो छ । खीष्टले मण्डलीको लागि आफ्नो रगत बहाउनुभयो (प्रेरित २०:२८) । यदि मण्डलीको कुनै मूल्य छैन भने, खीष्टको रगतको पनि कुनै मूल्य छैन् ।

(६) अवसरहरुको महानतामा हाम्रो आँखा खोल्नुहोस् । पावलले सिकाउने मौका खोजिरहेका थिए ।

(७) कठिनाइहरुको समयमा हाम्रो आँखा खोल्नुहोस् । तिनीहरुलाई अवसरमा परिणत गर्न सकिन्छ (२ कोरिन्थी १२:१०) ।

(ङ) *पावलले तिनीहरुलाई अन्धकारबाट उज्यालोमा बदल्नु थियो । यो खीष्टमा हुने परिवर्तन हो । अन्धकार पाप, दुःख अज्ञानताको प्रतीक हो र रुपान्तरण अघि एउटा व्यक्तिको अवस्थालाई प्रतिनिधित्व गर्दछ । खीष्ट संसारको ज्योति हुनुहुन्छ । पत्रुसले १ पत्रुस २:९ मा यस्तै शब्दहरु प्रयोग गरेका छन् ।*

(च) *पावलले तिनीहरुलाई शैतानको शक्तिबाट परमेश्वरमा फर्काउनु थियो ।*

(छ) *फर्केर तिनीहरुले पाप क्षमा पाउन सक्थे ।*

(१) व्यवस्थाको प्रणाली अन्तर्गत पाप क्षमा थिएन ।

(२) परमेश्वर हामीलाई क्षमा दिन चाहनुहुन्छ ।

(ज) *अन्यजातिहरुको लागि यो सेवकाईले पावललाई धेरै दुःख दियो ।*

(१) प्रेरित २२ अध्यायमा पावलले "अन्यजातिहरु" शब्द प्रयोग नगरेसम्म यहूदीहरुले पावलको प्रतिरक्षा सुनिरहे । अन्यजातिहरुको रुपान्तरण सुसमाचारको हिस्सा थियो जसले यहूदीहरुलाई क्रोधित बनायो । अन्यजातिहरु यहूदीहरु जस्तै परमेश्वरको दृष्टिमा समान स्तरमा हुन सक्छन् भन्ने तथ्यलाई तिनीहरुले सहन सकेनन् ।

(२) यदि पावलले अन्यजातिहरुकहाँ जान छोडेको भए उनले आफूलाई धेरै दुःखबाट बचाउन सक्थे ।

[III] पावललाई भण्डारेको जिम्मा दिइएको थियो (कलस्सी १:२५) ।

(क) *भण्डारे भनेको अरु कसैको सम्पति व्यवस्थापन गर्ने व्यक्ति हो । यसबाहेक भण्डारेहरु एउटा विश्वास योग्य पाउनुपर्छ (१ कोरिन्थी ४:२) ।*

(ख) *पावल भण्डारे भएकोले उनी आफ्नो भण्डारेप्रति इमान्दार हुन चाहन्थे ।*

यसरी उसले जे पनि गर्नेछ वा परमेश्वरले उसबाट चाहेको कुनै पनि कुरा सहन सक्छ । यदि उसले अन्यजातिहरुकहाँ जान छोडेको भए, ऊ आफ्नो भण्डारेप्रति इमान्दार हुने थिएन् ।

(ग) *हामीसँग पनि भण्डारे छ । हामीसँग यो खजाना माटोको भाँडोमा छ (२ कोरिन्थी ४:७) ।*

(१) हामी सुन वा चाँदीको खजानाको बारेमा सोच्दछौं । यो खजाना आत्मिक ज्योति हो (२ कोरिन्थी ४:६) । संसार अन्धकारले भरिएको छ । हामी यो खजानालाई कसरी मूल्यवान ठान्छौं?

(क) प्रायः मानिसहरुले यो खजानालाई छलपूर्वक सामना गर्छन् ।

(ख) हामी धेरै पटक मण्डलीको लागि काम गर्नु महत्वपूर्ण छैन भन्ने सोच्दछौं ।

(ग) हामी धेरै पटक सुसमाचार र मण्डलीलाई सामान्य रुपमा लिन्छौं ।

(२) हामीसँग संसारिक भाँडो वा माटोको भाँडोमा यो खजाना छ ।

(क) पहिलो शताब्दीमा यी भाँडाहरु माटोका भाँडाहरु हुनेछन् ।

(ख) तिनीहरु आफै मूल्यवान छैनन् । पुरातत्वविद्हरुले यी पोष्टका हजारौं टुकाहरु पुरातन शहरहरुमा फेला पारेका छन् । तिनीहरु प्रशस्त र सस्तो थिए ।

(ग) ती भाँडाहरु सुरक्षित थिएनन् र तिनीहरु सजिलै भाँचिएका थिए ।

(घ) तपाईले सामान्यतया तिनीहरुलाई खजानाको रुपमा राख्नुहुन्न् ।

(३) परमेश्वरले आफ्नो खजाना त्यस प्रकारको भाँडामा राख्नुभएको छ । भाँडाहरु उहाँका सेवकहरु हुन् । म फुटेको भाँडा जस्तै हुँ (भजनसंग्रह ३१:१२) ।

(ख) प्रायः हामी भाँडामा सामग्री भन्दा बढी मूल्यवान चीजहरु राख्छौं । मानिसहरुले एक जना व्यक्तिलाई उहाँ को हुनुहुन्छ, वा उहाँ कति राम्रो बोल्नुहुन्छ भनेर पछ्याउँछन्, उसले भनेको कुराको कारणले होइन् ।

(ग) यो परमेश्वरको सुसमाचार भएको हुनाले हामीले यसलाई हामी वा अरु कसैलाई सुहाउँदो हुने गरी परिवर्तन गर्न सक्दैनौं ।

(घ) दुःखबाट बच्नको लागि हामी सम्झौता गर्न सक्दैनौं ।

निष्कर्ष

(१) परमेश्वरको अनुग्रहको सुसमाचार पृथ्वीको सबैभन्दा ठूलो खजाना हाम्रो हातमा छ ।

(२) हामी भण्डारे भएको हुनाले विश्वासयोग्य हुनुपर्छ ।

(३) हामी यो खजानालाई के गर्दैछौं? हामीले यसलाई पालन गर्नुपर्छ, र अरुलाई बताउनुपर्छ ।

पाठ- ११

एकताको निम्ति परमेश्वरको मंच

God's Platform for Unity

एफिसी ४:१-६

परिचय

(१) लगभग ४०० वर्ष पहिले चार्ल्स पाँचौ ले पवित्र रोमी साम्राज्यको सम्राटको रुपमा पद त्याग गरे । उनले स्पेनको आफ्नो दरबारमा धेरै समय बिताए जहाँ उनीसँग ६ वटा घडीहरु थिए र उनले तिनीहरुलाई एकैसाथ बजाउन सकेनन् । आफ्नो स्मरणमा उनी लेख्दछ, "कसरी ६ वटा फरक घडीहरु एकै समयमा बज्न सक्छ? पवित्र रोमी साम्राज्यका छ वटा राष्ट्रहरु कसरी एकसाथ बस्न असम्भव छ? यो हुन सक्दैनन् । तिनीहरुले आफूलाई ख्रीष्टियान भनेता पनि यो असम्भव छ ।

(२) जब हामी हाम्रो वरपरको संसारलाई हेर्छौं तब हामी उनीसँग सहमत हुन प्रलोभनमा पर्छौं ।

(३) आज हामी सबैलाई एउटै स्रोतबाट सञ्चालित र सबैलाई एउटै मापदण्डमा अनियमिता पत्ता लगाउन, पूर्ण मेलमिलापका घडीहरु राख्न सम्भव छ भन्ने थाहा छ ।

(४) येशूले एकताको लागि प्रार्थना गर्नुभयो (यूहन्ना १७:२०-२१) ।

(५) पावलले यो आज्ञा दिए ।

(क) "बिन्ति" एउटा बलियो शब्द हो, जसको अर्थ माग्नु, अनुरोध गर्नु हो । यसले देखाउँछ कि पालना गर्नु आवश्यक छ, पावलको व्यक्तिगत प्राथमिकतालाई खुशी पार्ने मात्र होइन, तर परमेश्वरको इच्छामा समर्पण गर्न हो ।

(ख) हामी हाम्रो बोलावटको योग्य भएर हिंड्नुपर्छ । हाम्रो पेशा र अभ्यासबीच सन्तुलन हुनुपर्छ । प्रभुको निन्दा नहुने गरी हामी जिउनुपर्छ ।

(ग) ख्रीष्टको शरीरमा शान्ति, सदभाव र एकतामा परिणत हुने कामहरु गर्नु एउटा योग्य भएर हिड्ने विशेषताहरु मध्ये एक हो । "यसैले हामी ती कुराहरुको अनुसरण गरौं जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ" (रोमी १४:१९) ।

(६) एकता र संगठन विपरित कुरा हो । दुईवटा बिरालोलाई एकै ठाउँमा बाँधेर संगठन हुन्छ तर एकता हुँदैन् । आज भनिएको एकता वास्तवमा प्रत्येक सुत्र वा विश्वासको अभिव्यक्तिको सहिष्णुता बाहेक केही होइन् ।

(क) एकता भनेको मन र उद्देश्यको एउटै भाव हो ।

(ख) एकताले विभाजनलाई रोक्छ; संगठनले विभाजन स्वीकार गर्दछ र यसलाई प्रोत्साहित गर्दछ ।

(ग) येशूले धार्मिक एकताको लागि प्रार्थना गर्नुभयो । विविधतामा एकता होइन् । पावलले धार्मिक विभाजनको निन्दा गरे ।

(७) बाइबलले एकताको निम्ति आज्ञा मात्र दिदैन, तर यसलाई हासिल गर्ने उपायहरु पनि दिएको छ ।

[I] एकताको लागि आवश्यक चार गुणहरु ।

(क) *नम्रता ।*

(१) यो अहंकार र गर्वको विपरीत छ । हामी आफ्नै सीमितताहरु बारे सचेत छौं । हामी शरीरको "शीर" होइनौं भन्ने कुरालाई हामीले महसुस गर्छौं ।

(२) नम्र व्यक्तिले अरुको चासोलाई आफ्नो भन्दा पहिले राख्न खोज्छ ।

(ख) *भद्रता ।*

(१) यो नम्रताको परिणाम हो । जब एक जना व्यक्तिले उनमा सबै कुराको पूर्ण अधिकार छैनन् भन्ने कुरा थाहा पाउँछ तब अरुप्रति नम्रता र दयालुपनको व्यवहार देखाउँछ ।

(२) हामी अरुको विचार र भावनाप्रति संवेदनशील छौं ।

(ग) *धैर्यता ।*

(१) यसको मतलब अर्को व्यक्ति वा कठिन परिस्थितिको समस्या समाधान गर्न लामो समयसम्म कष्ट भोग्न इच्छुक हुनु हो ।

(२) यसको अर्थ सबै कुराको हेरचाह गर्नको लागि परमेश्वरमा भरोसा गर्नु हो । हामी व्यक्तिगत रुपमा बदला लिँदैनौं, र हामी अरुको त्रुटिहरु सहन्छौं ।

(घ) *प्रेममा सहनशीलता । प्रेमले सहनशीलता र धैर्यलाई सम्भव बनाउँछ ।*

(१) प्रेममा सहनशीलता भनेको सहिष्णुता र हरेक सिद्धान्तको स्वीकृति होइन । कसैको दिमागमा, ख्रीष्टियान धर्म एउटा धर्म मात्र हो भन्ने सोच्नु भनेको तपाई असहिष्णु र प्रेम नगर्ने हुनुहुन्छ । यदि यो साँचो हो भने पावल आफै असहिष्णु र प्रेम नगर्ने हुन्थे ।

(२) यसको मतलब एकता "राखिएको" हुनुपर्छ । यसलाई सावधानीपूर्वक कायम गर्नुपर्छ । यसले यो पनि देखाउँछ कि एकता कायम राख्न सजिलो छैन, तर ठूलो लगनशीलता चाहिन्छ ।

(३) यो आग्रह मण्डलीका अगुवाहरुलाई मात्र होइन, सबै ख्रीष्टियानहरुलाई गरिएको हो । सुसमाचारको प्रकृति नै एकता हो भनी सात "एकहरु" एकताको लागि त्यति धेरै "आधार" होइनन् । विभाजित मण्डली सुसमाचारको आधारभूत इन्कार हो ।

[II] शरीर एउटै छ ।

(क) *शरीर मण्डली हो (एफिसी १:२२- २३) ।*

(१) खीष्ट शरीरको शीर हुनुहुन्छ । यो पूर्ण अधिकार हो ।

(२) सबै खीष्टियानहरु त्यो एउटै शरीरका सदस्यहरु हुन् (भौतिक शरीर, १ कोरिन्थी १२) ।

(३) पावलको समयको मूर्तिपूजक संसार छनौट गर्नको लागि धार्मिक पंथहरुले भरिएको थियो, तर खीष्टियान धर्मले होइन् । यहूदी र अन्यजातिहरु सबै एउटै शरीरमा, विश्वासको एकताकासाथ एकताबद्ध भएका थिए ।

(ख) *आधुनिक संसारले यो एउटै शरीरलाई अदृश्य, रहस्यमय मण्डली भन्दछ । खीष्टप्रति निष्ठाको दाबी गर्ने सम्प्रदायहरु दृश्य समुहहरु हुन् जसले अदृश्य मण्डली बनाउँछन् । यसरी हामी मेरो दृश्य मण्डलीको सदस्य हुन सक्छौं, वा सम्भवत: कुनै दृश्य मण्डलीको सदस्य हुन सक्दैनौं, र एउटा अदृश्य शरीरको हिस्सा हुन सक्छौं ।*

(१) नयाँ नियममा कुनै भेद छैन । के यो प्रेरित २:४७ मा देखिने वा नदेखिने मण्डली थियो? हामी कसरी एक हुन सक्छौं र एकै समयमा विरोधाभासी सिद्धान्तहरु सिकाउन सक्छौं भनेर तर्कसंगत गर्ने आधुनिक प्रयास हो ।

(२) अलग-अलग भागहरु अलग-अलग खीष्टियानहरु हुन्, फरक-फरक निकायहरु होइनन्, सबैले फरक-फरक विश्वासलाई सिकाउँछन् र अभ्यास गर्छन् ।

[III] आत्मा एउटै हुनुहुन्छ ।

(क) *एउटै आत्माले एउटै सत्यता प्रकट गर्नुभएको छ (यूहन्ना १६:१३) ।*

(ख) *उहाँको कार्य मानवजातिलाई सिद्ध वचन, सुसमाचार दिनु थियो । त्यहाँ एउटै आत्मा हुनुभएकोले हामी आशा गर्न सक्छौं कि उहाँले केवल एउटै शिक्षा दिनुहुनेछ । उहाँ आफैले विरोध गर्नुहुन् ।*

(१) धेरैले आत्माद्वारा अगुवाइ गरेको दाबी गर्छन् ।

(२) धेरै धार्मिक समूहहरुले बाइबललाई मात्र पछ्याउने दाबी गर्छन् । यद्यपि तिनीहरु सबैको फरक विश्वास छन् ।

(३) धेरैले आत्माको आधुनिक प्रकाशहरु भएको दाबी गर्छन् । यद्यपि ती खुलासाहरु प्राय: एकअर्काको विरोधाभास हुन्छन् ।

(४) यस्तो अवस्थामा मिलेर काम गर्न असम्भव छ । पावलले यस खण्डमा बोलेको एकता यही हो भनेर सोच्नु मूर्खता हो ।

[IV] आशा एउटै छ ।

(क) *" यसैको निम्ति हाम्रो सुसमाचारद्धारा हाम्रा प्रभु येशू ख्रीष्टको महिमा प्राप्त गर्न उहाँले तिमीहरुलाई बोलाउनुभयो" (२ थेसलोनिकी २:१४) । एउटै आशा छ, एउटै सुसमाचारद्धारा एउटै बोलावट भएको छ ।*

(ख) *जुन विश्वास र ज्ञान अनन्त जीवनको आशामा स्थिर छन्, अनि कहिल्यै झुट नबोल्नुहुने परमेश्वरले अनन्त कालदेखि प्रतिज्ञा गर्नुभयो (तीतस १:२) ।*
(१) यो जीवित आशा हो (१ पत्रुस १:३-५) ।
(२) यो एउटा निश्चित र स्थिर आशा हो (हिब्रू ६:१९; लंगर) ।

(ग) *धेरै विभाजन र धेरै झगडाको एउटा कारण यो हो कि हामीले यो एउटै आशाको दृष्टि गुमाउँछौं । हामी जहाँबाट आएका थियौं, त्यतातिर फर्केर हेछौं । कोरिन्थीहरुले उनीहरुलाई कसले परिवर्तन गर्यो भनेर फर्केर हेरे । अब नता यहूदी छ, न ग्रीक, न कमारा छ न फुक्का, नता पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरु सबै एउटै हौ" (गलाती ३:२८) । यहूदी वा अन्यजाति; धनी वा गरिब; पुरुष वा महिला; शिक्षित वा अशिक्षित; जवान वा वृद्ध ।*

[V] प्रभु एउटै हुनुहुन्छ ।

(क) *उहाँ प्रभु र ख्रीष्ट दुवै हुनुहुन्छ । त्यसकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईहरुले कूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो (प्रेरित २:३६) ।*

(ख) *ख्रीष्टले भन्नुभयो कि उहाँसँग सबै अधिकार छ । उहाँलाई हामीले हाम्रो सबै इमानदारिता दिनुपर्दछ । मैले भनेका कुरा गर्दैनौ भने किन मलाई प्रभु, प्रभु भन्दछौ? (लूका ६:४६) ।*

(ग) *हामीले त्यो अधिकारलाई स्वीकार गर्नुपर्छ ।*
(१) हामी सबै ख्रीष्टका हौं र उहाँ विभाजित हुन सक्नुहुन्न (१ कोरिन्थी १:१३) ।
(२) प्रभु (अधिकार) एउटै हुनुभएको हुनाले, त्यहाँ एउटै मण्डली हुनु आवश्यक छ र मण्डलीमा सबैले मुख्यतया एउटै सिद्धान्तहरु सिकाउनेछन् । विभाजन तब आउँछ जब मानिसहरुले त्यो एउटै अधिकारको अधीनमा बस्न अस्वीकार गर्छन् ।

[VI] विश्वास एउटै छ ।

(क) *आधुनिक संसारले भन्दछ कि यो एउटै विश्वास भनेको परमेश्वरको पुत्रको रुपमा ख्रीष्टमा भएको व्यक्तिको व्यक्तिगत आस्था हो । हामी त्यो एउटै विश्वासमा एकताबद्ध छौं, तर हामी लगभग सबै कुरामा विभाजित हुन सक्छौं ।*

(ख) *नयाँ नियमले प्राय: " विश्वास " लाई शिक्षाको मुख्य हिस्साको रुपमा लिन्छ ।*

(१) प्रेरित ६:७ मा पूजारीहरुको एउटा ठूलो समूह "विश्वास" मा आज्ञाकारी थियो ।

(२) सन्तहरुलाई सुम्पिएको विश्वासको लागि दृढतापूर्वक लड्न यहूदाले हामीलाई प्रोत्साहन दिन्छ (यहूदा १:३) ।

(ग) *परमेश्वरले मण्डलीलाई विश्वासको एकतामा ल्याउन प्रेरितहरु दिनुभयो (प्रेरित ४:११-१३) । येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर बुझ्न हामीलाई ती सबै मानिसहरुको आवश्यकता पदैन् ।*

(घ) *एउटै आत्माद्वारा दिइएको ख्रीष्टको पूरा प्रकट गरिएको सुसमाचार जब मानिसहरुले सुन्छन् तब त्यहाँ एकता मात्र हुन सक्छ ।*

[VII] एउटै बप्तिस्मा छ ।

(क) *आधुनिक संसारले यो बप्तिस्मालाई पुन: परिभाषित गरेको छ ।*

(१) कसैको निम्ति यो पवित्र आत्माको बप्तिस्मा हो जसले व्यक्तिहरुलाई आश्चर्यकर्म गर्ने वरदान दिन्छ ।

(२) कसैको निम्ति यो आत्माद्वाराको नयाँ जन्म हो जसले हामीलाई ख्रीष्टियान बनाउँछ ।

(३) त्यसपछि त्यहाँ पानीको बप्तिस्मा छ जुन नयाँ जन्मको संकेत हो यो पहिले नै विभिन्न तरीकाद्वारा प्रर्दशन गरिएको छ ।

(४) यसले कम्तिमा ३ वटा बप्तिस्मा भन्दछ (हुन सक्छ धेरै) । तर एउटै मात्र बप्तिस्मा छ भनी पावल भन्दछ ।

(ख) *पेन्तिकोसको दिनमा त्यस्तो कुनै पवित्र आत्माको बप्तिस्मा छैन् । आत्मामा नयाँ जन्म पानीको बप्तिस्मा हो (यूहन्ना ३) ।*

(ग) *किनकि एउटै शरीरमा बप्तिस्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं- यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो (१ कोरिन्थी १२:१३) ।*

(१) एउटै संरचना- पापको क्षमा (प्रेरित २:३८) ।

(२) एउटै तरिका- डुब्ने वा गाड्ने (रोमी ६:४; कलस्सी २:१२) । बप्तिस्माको कुनै तरिकाहरु छैनन् । बप्तिस्मा भनेको डुब्नु हो ।

(३) त्यहाँ एउटै शरीर र एउटै बप्तिस्मा छ, यो मण्डलीमा प्रवेश गर्ने एउटै तरिका हो ।

(घ) *कोही भन्छन् कि यस्तो निष्कर्षले एकता हुँदैन् तर विभाजन गर्छ । यो एउटा बप्तिस्माले एकताको सट्टा विभाजनलाई बढावा दिन्छ ।*

(१) जब मानिसहरुले साधारण बाइबल शिक्षाहरु स्वीकार गर्न इन्कार गर्छन् तब यसले विभाजन निम्त्याउँछ ।

(२) नयाँ नियममा बप्तिस्मामा कुनै विवाद छैन् ।

[VIII] परमेश्वर एउटै हुनुहुन्छ । यो सम्पूर्ण बाइबलको महान सत्य हो ।

(क) *तर हाम्रा निम्ति त एउटै परमेश्वर पिता हुनुहुन्छ, जसबाट सबै थोक हुन आए, अनि जसकै निम्ति हामी जिउँदछौं- हाम्रा निम्ति एउटै प्रभु, येशू खीष्ट हुनुहुन्छ, जसद्धारा सबै कुरा हुन आए, र जसद्धारा हामी जिउँदछौं (१ कोरिन्थी ८:६) ।*

(१) परमेश्वर उच्च वा सबै भन्दा माथि हुनुहुन्छ- परमेश्वरको सर्वोच्चता ।

(२) परमेश्वर सबै मार्फत हुनुहुन्छ- विधिद्धारा सबैलाई समर्थन गर्दछ ।

(३) परमेश्वर सबैमा हुनुहुन्छ- परमेश्वर मण्डलीमा, उहाँको पवित्र मन्दिरमा बास गर्नुहुन्छ ।

(ख) आधुनिक संसारले यो महान सत्यलाई पनि पुनः परिभाषित गरेको छ ।

(१) यहूदीहरु ठीकै छन् किनभने तिनीहरु एउटै परमेश्वरको आराधना गर्छन जुन हामी गर्छौं ।

(२) मुस्लिमहरु ठीकै छन् किनभने तिनीहरु एउटै परमेश्वरको आराधना गर्छन्, केवल फरक नामले ।

निष्कर्ष

(१) मण्डलीमा विविधता हुनेछ ।

(क) कोही खीष्टियानहरु भ्रममा पर्छन, र त्रुटि स्वीकार गर्दछन् ।

(ख) कोही अपरिपक्व हुनेछन् र त्यहाँ सिद्धान्तको हावाले उडाइनेछन् । तर हामीले तिनीहरुलाई परिपक्वतामा बढ्न मद्दत गर्नुपर्छ ।

(ग) विविधतामा एकता जुन हामीले प्रदर्शन गर्नुपर्छ जुन उपहारको विविधता हो । हामी सबैको फरक क्षमता छ । प्रत्येकले तिनीहरुलाई प्रयोग गर्दछ ताकि मण्डली खीष्टको संयुक्त शरीरमा बढ्न सक्छ ।

(२) हाम्रो बिन्ती केवल खीष्टियान बन्नु हो ।

पाठ- १२

ईजबेल-दियाबलसको सेवकाई

Jezebel– The Devil's Missionary

१ राजा १६:२९-२२:४०

परिचय

(१) सुसमाचार प्रचारक भनेको के हो?

(२) विभिन्न ग्रीक शब्दहरु संयोजन गरेर पवित्र आत्माले प्रयोग गर्नुभए अनुसार परमेश्वरको सेवकको लागी केही निम्न परिभाषा हुन सक्छ । "सुसमाचार प्रचारक एउटा खीष्ट जस्तै, ईश्वरीय मानिस हुन जसले प्रेम र दृढताका साथ पूर्णरुपमा सुसमाचारको असल सन्देशलाई साहसका साथ घोषणा गर्दछ ।" उनी सन्देशवाहक हुन, जसलाई धर्मशास्त्रको अधिकारद्धारा पठाएको हुन्छ, जसले आफ्ना स्रोताहरुलाई आवश्यकताको सन्दर्भमा उत्साह दिन्छ, र जसले यसलाई स्वीकार गर्न परमेश्वरको निमन्त्रणालाई विस्तार गर्दछ र यसैमा हिड्छ ।

(३) शैतानको पनि आफ्नै प्रचारकहरु छन् । त्यसको वर्णन पनि विपरित अर्थ दिने त्यस्तै हुन्छन् ।

(४) बाइबलमा हामीले दियाबलसको प्रचारक- ईजबेलको वास्तविक ईश्वरीय चित्रण पाउँछौं । ईजबेलको लागि हिब्रू शब्दको अर्थ, "पवित्र, सदगुणी, मूर्तिपूजा बिना" लाग्थ्यो । कल्पना गर्नुहोस्, सबैभन्दा अधर्मी महिलालाई बाइबलले सदाचारी गुणी भनियो ।

(५) उनी धेरै सफल थिइन् । सम्पूर्ण राष्ट्रलाई बाल देवताको सेवामा घुँडा टेक्न लगाउन उनी लगभग सफल भएकी थिइन् ।

(६) के कारणले उनलाई यति ठूलो सफल बनायो? हामीलाई पनि यी केही गुणहरुको आवश्यकता पर्दछ ।

[I] ज्वलन्त जोश

(क) *प्रतिबद्धता ।*

(१) उनी सतही थिइनन्, कहिले उत्तेजित हुने, कहिले नहुने थिइन ।

(२) उनी केवल सदस्य मात्र थिइनन्- आफ्नो ठूलो धर्मको ।

(३) ईजेबेलका बुबा एताबाल, सिदोनका राजा थिए, जोसेफसको अनुसार उनी एस्टार्ट देवताको एउटा पूजाहारी थियो । उनले आफ्नी छोरीलाई राम्रोसँग सिकाएको थियो ।

(४) उनी बाल देवताको सबै वा केही पनि वकालत गर्दैनन् । तपाईलाई थाहा छ कि उनी सधै कसको पक्षमा थिईन् ।

(ख) *उनको धर्म उनको परिवारको अगाडि आयो ।*

(१) उनले आहाबसँग विवाह गरिन् । एनमा गहिरो प्रेम जाग्यो, आहाबको निम्ति होइन्, तर बाल देवताको निम्ति थियो । यो विवाहलाई कसरी वर्णन गरिएको छ ध्यान दिनुहोस् । "नबातका छोरा यारोबामका पापी चालहरुमा हिँडन् तिनको निम्ति कम भएजस्तो मात्र होइन्, तर तिनले सीदोनीहरुका राजा एताबालकी छोरी ईजेबेललाई पनि विवाह गरे, र बाल देवताको सेवा गरेर त्यसलाई पुज्न लागे" (१ राजा १६:३१) । ईजेबेलसँग विवाह गर्नुको तुलनामा यारोबामका पापहरु केही पनि होइनन् ।

(२) यो विवाह राजनैतिक कारणले भएको हो । यसले आहाबलाई राजनितिमा सहायता पुग्यो । यसले ईजेबेललाई आफ्नो धर्म सिकाउने मौका दियो ।

(३) आहाबले एउटी स्त्रीलाई विवाह गरेको होइन् । उनले धर्मलाई विवाह गरेको हो । "आफ्नी पत्नी ईजेबेलले उक्साएकीले गर्दा परमप्रभुको दृष्टिमा खराब काम गर्नलाई आफूलाई बेच्ने आहाब भै कुनै मानिस कहिल्यै भएन्" (१ राजा २१:२५) । याद गर्नुहोस् कि उसले खराब काम गर्न आफैलाई बेचे ।

(४) ईजेबेल र उनको लक्ष्यको बाटोमा कुनै पनि कुरा खडा हुने थिएन् ।

(ग) *नयाँ नियमका ख्रीष्टियानहरुमा त्यस प्रकारको प्रतिबद्धता हुनु आवश्यक छ ।*

(१) "यदि कोही मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, पत्नी, छोराछोरीहरु र दाजुभाइ, दिदी-बहिनीहरुलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैछन्" (लूका १४:२६) ।

(२) ईजेबेल बाल देवताप्रति आत्मसमर्पण गरेर भ्रष्ट भए ।

(३) ख्रीष्टियानिटीले भ्रष्ट गर्दैन् । यसमा सकारात्मक प्रभाव पार्ने शक्ति छ ।

[II] गलतलाई निन्दा गर्ने शिक्षक ।

(क) *परमेश्वरले सबैलाई सिकाउने जिम्मेवारी दिनुभएको छ ।*

(१) बच्चाहरुलाई सिकाउनुहोस् (हितोपदेश २२:६; एफिसी ६:१-४) ।

(२) उहाँले हामीलाई केवल सत्य सिकाउन अर्ती दिनुभएको छ, "तब तिमीहरुले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ" (यूहन्ना ८:३२) ।

(३) हिब्रू ५:१२ ले हामीलाई बताउँछ कि ती ख्रीष्टियानहरु शिक्षकहरु भइ सक्नुपर्थ्यो, तर तयार थिएनन् ।

(४) ईजेबेलले दुष्ट धर्म मात्र सिकाइन् ।

(ख) *ईजेबेलको जीवनको बर्बादी*

(१) बाल देवताको आराधनाको मूर्खता ।

(क) यो प्यालेस्टाइनको भिजेको र सुख्खा मौसममा आधारित थियो ।
(ख) यसमा सबै प्रकारका यौन विकृतिहरु समावेश थिए ।
(ग) यसमा सायद बाल बच्चाहरुको बलिदान पनि सम्लग्न थियो ।

(२) परमेश्वरको साँचो धर्म सिकाउनु मानिसले गर्न सक्ने सबै भन्दा समृद्ध प्रयास हो; झूटो धर्म सबैभन्दा खराब सम्भावित बर्बादी हो ।

(३) ईजेबेल एक प्रतिभाशाली महिला थिइन्, र पनि उनले आफ्नो जीवनको शिक्षामा त्रुटि दिए ।
(क) यदि उनले आफ्नो उर्जालाई सही तरिकाले प्रयोग गरेको भए, हामी उनलाई परमेश्वरको प्रसिद्ध स्थानको उम्मेदवारको रुपमा हेरिरहेका हुन्छौं ।
(ख) अब हामी उसलाई दया गर्छौं, उसलाई घृणा गर्छौं, र उसलाई बेवास्ता गर्छौं ।

(ग) *शैतानले मानिसको आराधना गर्ने इच्छालाई हटाउन सक्दैन् तर त्यसले झुटो, जीवन र आराधनका कामुक सन्तुष्टदायी इच्छासित सन्तुष्ट पार्न खोज्छन् ।*

[III] दुष्ट शक्ति

(क) *ईजेबेल धेरै सामान लिएर इस्राएल आइन् ।*

(१) उनीसँग बाल देवताका ४५० अगमवक्ताहरु र ४०० अन्य पूजाहारीहरु थिए ।

(२) तिनीहरुको काम सारा इस्रायलभरी गएर मानिसहरुलाई बाल देवतामा फर्काउनु थियो ।

(३) तिनका सेवकहरुले भेट्नुए जति सबै परमेश्वरका अगमवक्ताहरुलाई तिनले मृत्युदण्ड दिए (१ राजा १८:४-१३) ।

(४) उनले कर्मेलको डाँडामा प्रतिस्पर्धा गरेपछि एलियालाई मार्ने प्रयास पनि गरिन् ।

(५) केही भागे । ओबदियाले १०० अगमवक्ताहरुलाई एउटा गुफामा लुकाए ।

(ख) *शैतानले आफ्नो शक्ति प्रयोग गर्छ, खीष्टियानहरुले प्रयोग गर्दैनन् ।*

(१) परमेश्वरका जनहरुले कहिल्यै हेरफेर वा शक्तिको सहारा लिनु हुँदैन् ।
(क) उदाहरण- धर्मयुद्ध गलत थियो ।
(ख) अन्धकारको युगमा क्याथोलिक मण्डलीले मानिसहरुलाई आफ्नो सिद्धान्तहरु पछ्याउन बाध्य तुल्याएको थियो ।

(२) खीष्टियानिटिलाई उत्सुकता र निष्कपटताका साथ रोज्नुपर्छ । "किनकि मानिसले आफ्नो हृदयले विश्वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ" (रोमी १०:१०) । "तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरु, जो

एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरु सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ" (रोमी ६:१७)।

[IV] निर्दयी स्वार्थ

(क) *पापको जड स्वार्थ हो।*

(१) परमेश्वरको सट्टा आफ्नै मार्गको माग गर्ने पापी हो।

२) तिनले नाबोत र तिनका छोराहरुलाई मारे ताकि तिनले आहाबको निम्ति त्यसको दाखबारी दाबी गर्न सकून (१ राजा २१)।

(३) मानिसहरुले उनलाई "चीजहरु फकाईरहेका" थिए। सतहमा उनको विधिहरुले काम गरे। उनले जे चाहेकी थिइन्, उनले त्यो पाइन्। म कल्पना गर्न सक्छु कि आहाबले यसमा केही पनि गर्नुपर्दैन, र उनका सबै विधिहरुमा उनी सहमति भएन् भनी आफैले सान्त्वना दिँदै थियो, तर उनले काम गर्छिन्।

(४) उनी के चाहन्छिन्, उनले त्यो एउटै कुरा सोचिन्। आज धेरैले आफैलाई भौतिकवादको देवताहरुलाई बेचेका छन्।

(ख) *खीष्टले निस्वार्थ धर्म सिकाउनुभयो।*

(१) खीष्टले अरुलाई प्रेम गर्नुभयो र तिनीहरुको निम्ति कूसमा मर्नुभयो; खीष्टियानहरुले अरुलाई प्रेम गर्छन् र त्यसै अनुसार जिउँछन्।

(२) खीष्टले आफ्ना चेलाहरुलाई मानिसजातिको सेवा गर्न सिकाउनुभयो। "तब उहाँ बस्नुभयो, र बाह्रै जनालाई बोलाउनुभयो, र तिनीहरुलाई भन्नुभयो, कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्छ" (मर्कूस ९:३५)।

(३) शैतानले आफ्ना चेलाहरुलाई मानिसजातिद्वारा कसरी सेवा गर्ने भनेर सिकाउँछ।

[V] स्थायी अनाज्ञाकारी। उनले कहिल्यै हार मानिनन् वा छोडिनन्।

(क) *पापको छलले गर्दा उनको हृदय कठोर भएको थियो।*

(१) उनीसँग सिक्ने अवसरहरु थिए, तर उनले तिनीहरुलाई फोहोरको रुपमा फ्याँकिदिइन्।

(क) अगमवक्ताहरुले प्रचार गरेको कुरा तिनले सुनिन्।

(ख) उनले कर्मेल डाँडाको प्रतियोगिता बारे सुनेका थिए।

(ग) तिनीहरुले सबै आशा गुमाएको बेला परमेश्वरले आहाब र ईजेबेललाई सिरियाका राजाबाट छुटकारा दिनुभयो (१ राजा २०)।

(घ) समस्यालाई समाधान गर्नुको सट्टा ती सबै प्रमाणहरुले उनलाई ढुङ्गाजस्तै कठोर बनायो।

(२) परमेश्वरले उनको विरुद्ध एउटा भयानक वाक्य घोषणा गर्नुभयो

(२ राजा ९:९-१०)।

(३) आहाबको मृत्यु भएको ११ वर्षपछि यो पूरा भयो (२ राजा ९:३०-३२)।
   (क) उनका आफ्नै नोकहरुले उनलाई भ्यालबाट बाहिर फाले।
   (ख) येहूले उनलाई जानाजानी हान्यो।
   (ग) कुकुरहरुले उनको खोपडी, खुट्टा र हातको हत्केला बाहेक सबै खाए।

(४) ईजेबेल अन्त्य सम्म शैतानप्रति वफादार थिइन्, र उपयुक्त इनाम, मृत्यु प्राप्त भयो।

(ख) *हामी परमेश्वरप्रति विश्वासयोग्य भएको उहाँ आशा गर्नुहुन्छ (१ कोरिन्थी १५:५८)।*

निष्कर्ष

(१) ईजेबेलबाट हामीले सिक्न सक्ने कुराहरु छन्।
   (क) अनुकरण गर्न चीजहरु- जोश, शिक्षक, वफादारी।
   (ख) गल्तीहरुलाई इन्कार गर्ने- हेरफेरको सट्टा प्रेम, स्वार्थको सट्टा निस्वार्थता।

(२) ईजेबेलको जीवन मृत्युसँगको हिँडाइ थियो। उनी जिवित हुँदा पनि मरेकी थिई।

पाठ- १३

ओम्री- परमेश्वरविना सफलता

Omri : Success Without God

१ राजा १६:२३-२८



परिचय

(१) *छनौट गर्ने स्वतन्त्रता एउटा बहूमूल्य मौका र डरलाग्दो जिम्मेवारी हो ।*

(२) *स्वतन्त्र रोजाई र परमेश्वर*

(क) संसारको सार्वभौम शासक हुनुभएकोले उहाँलाई होइन भन्न सक्ने रोजाई परमेश्वरले हामीलाई दिनुभयो ।

(ख) परमेश्वरले सन्तान चाहनुभयो, पुतला होइन् ।

(ग) परमेश्वरले हामीलाई अनुसन्धान, विश्लेषण र रोज्ने दिमाग दिनुभयो ।

(३) *स्वतन्त्र छनोट र मानिस ।*

(क) मानिस रोबोट होइन, तर ईश्वरको स्वरुपमा बनेको सोच्ने आत्मा हो ।

(ख) मानिसको स्वतन्त्रता मूल्य बिना आउँदैन् । हाम्रो गलत रोजाइहरुप्रति हामी जवाफदेही हुनुपर्छ । मौकाले जिम्मेवारीहरुको माग गर्दछ ।

(४) *स्वतन्त्र छनोट र जीवन ।*

(क) परमेश्वरले हामीलाई स्वतन्त्रताको छनौट दिनु भएता पनि उहाँले मानवतालाई जोगाउनुहुन्छ ।

(ख) हामी परमेश्वर बिना बाँच्न सक्छौं, परमेश्वरले हामीलाई थोरै समयको लागि भए पनि जीवनमा आशिष दिनुहुनेछ ।

(ग) परमेश्वर आफ्ना मानिसहरुको जीवनमा सक्रिय हुनुहुन्छ । "किनकि जसका हृदय उहाँप्रति भक्त छन्, तिनीहरुलाई सहायता दिन सारा पृथ्वीभरि नै परमप्रभुको दृष्टि रहिरन्छ । यस कुरामा तपाईले मूर्खता गर्नुभयो । अब उप्रान्त तपाईले युद्ध गरिरहनुपर्नेछ" (२ इतिहास १६:९) ।

(घ) परमेश्वरले दुष्टहरुबाट फर्काउनुहुन्छ । "यदि कसै व्यवस्थाप्रति आफ्नो कान बन्द गर्छ भने, त्यसका प्रार्थनाहरुसमेत घृणित हुन्छन्" (हितोदेश २८:९) ।

(ङ) प्रत्येक आत्मामा "परमेश्वरको आकारको प्वाल" हुन्छ, तर परमेश्वरलाई त्यो रित्तोपना भर्न अनुमति नदिई व्यक्तिले जिउने कुरा रोज्न सक्छ ।

(५) *परमेश्वर बिना मानिसको जीवन कस्तो हुन्छ?*

(क) हामी सोच्न चाहन्छौं कि परमेश्वर बिनाको जीवन केवल गल्तीहरुको लामो श्रृंखला, मनको पीडा, निरासा र असफलता हुनेछ । त्यस्तो होइन् ।

(१) कोही परमेश्वर बिना धनी बन्छन्; धेरै ख्रीष्टियानहरु छैनन् ।
(२) परमेश्वर बिना कसै-कसैको सुखी विवाह र परिवार छन् ।
(३) कसै-कसैले जीवनको पूर्ण आनन्द लिन्छन् । कोही ख्रीष्टियानहरुमा मनको पीडा छन् ।

(ख) कसै-कसैले जीवनलाई हेरेर सोधेका छन्, "परमेश्वरको सेवा किन?"

(ग) परमेश्वरले मानिसलाई आफ्नो आत्मिक परिवारभन्दा बाहिर एउटा नापमा उत्कृष्ट हुन अनुमति दिनुभएको छ । यसले परमेश्वरको अनुग्रह र मानिसको स्वतन्त्र नैतिकलाई देखाउँछ ।

(६) *परमेश्वर बिनाको सफलताको एउटा उदाहरण ओम्री हो ।*

(क) उनले इस्राएलमाथि १२ वर्ष राज्य गरे । स्पष्ट रुपमा विभाजित राज्यमा ४-५ वर्ष, र एकल राजाको रुपमा ६-७ राज्य गरे ।

(ख) हुन सक्छ सायद सम्पूर्ण इतिहासमा इस्राएलका त्यो समयसम्ममा सबै भन्दा सक्षम राजा उनी नै थिए । उनले परमेश्वर बिना नै अचम्मको सफलता हासिल गरे (१ राजा १६:२५) ।

[I] इस्राएल बाहिर पनि उनी शक्तिशाली व्यक्ति र प्रसिद्ध सिपाहीको रुपमा चिनिन्थ्यो । ध्यान दिनुहोस्, "र उहाँले देखाउनुभएको उहाँको शक्ति" (१ राजा १६:२५) ।

(क) *उनी सिंहासनमा आउँदा, इस्राएल अराजकता र अशान्तिमा रहेको राष्ट्र थियो ।*

(१) शासन गरेको केवल दुई वर्षमै अघिल्लो राजाको हत्या भएको थियो ।
(२) हत्यारा, जिम्री, केवल ७ दिन शासन गरेर आत्महत्या गरे ।
(३) आधा मानिसहरु तिब्नीलाई राजा बनाउन चाहन्थे ।
(४) विभाजनद्धारा कमजोर इस्राएल अश्शूरहरुको सजिलो शिकार हुन्थ्यो ।
(५) तिनको नेतृत्व यति शक्तिशाली थियो कि उनको वंश समाप्त भएको शताब्दी पछि पनि अश्शूरी शासकहरुले प्यालेस्टाइनलाई "ओम्रीको घर" को रुपमा उल्लेख गरेका थिए ।
(६) ओम्री बलियो थिए तर प्रभुमा बलियो थिएनन् (१ राजा १६:२५) ।

(ख) *आज हामी संसारमा यस्तै समानान्तर उदाहरणहरु पाउँछौं ।*

(१) विश्वका शक्तिशाली साम्राज्यहरु मानव दूरदर्शिताद्धारा निर्माण भएका छन् । स्टालिन धेरै क्रूर थिए, तर पनि २४ वर्षसम्म रुसको तानाशाह थिए, सायद त्यो समयमा संसारका सबैभन्दा प्रमुख साम्राज्य थियो ।
(२) परमेश्वर बिना उत्कृष्ट खेलाडीहरु ।
  (क) धेरै सुपरस्टारहरु स्वार्थी र अनैतिकताको जीवन बिताउँछन् ।
  (ख) विशेष मार्गदर्शन र संगतिबिना पनि प्राकृतिक क्षमता, तयारी र मानविय बुद्धिद्धारा महानता हासिल गर्छन् ।
(३) ओम्रीसँग पनि त्यस्तै भयो । मानिसहरुले उसलाई हेरेर भने होलान्,

"उहाँ परमेश्वरको आशीर्वाद हुनुहुन्छ," तर धर्मशास्त्रले उनलाई दुष्ट र परमेश्वरको इच्छाको निरन्तर उल्लङ्घन गर्ने व्यक्ति भनेर घोषणा गर्दछ।

[II] व्यवहारिक दर्शन भएको मान्छे।

(क) *ओम्रीले इस्राएलको राजधानीलाई सामरियामा सजिलै परिवर्तन गरेर रक्षा गरियो।*

(१) यारोबामको समयमा शेकेम, पेनूएल र तिर्जालाई राजधानीको रुपमा प्रयोग गरिएको थियो, तर तिनीहरु अपर्याप्त थिए।

(२) सामरिया पहाडले घेरिएको वा पठारमा थियो, जहाँबाट साँघुरो प्रवेशद्धारा मात्र थियो। पठारमा पुग्ने बाटो चारैतिर भिरालो थियो।

(३) सामरिया ७२२ सम्म राजधानीको रुपमा रहयो (करिब १६० पछि)।

(४) ओम्री स्पष्ट रुपमा बुद्धिमान थिए र उनको लागि राष्ट्र दूरदर्शिता थियो, तैपनि उनी आत्मिक रुपमा अन्धो थियो।

(ख) *खीष्टियानहरुसँग बुद्धिको कुनै कुना हुँदैन्।*

(१) प्रायजसो मुर्तिपूजक र अन्यजातिहरुले असल निर्णय गर्छन, जुन अक्सर समाजलाई प्रभाव पर्छ। जब असल निर्णयहरु गरिन्छ, तब असल परिणामहरुले पछ्याउँछ।

(२) मनोचिकित्सकहरु लगायत अरु जसले धर्मको थोरै ख्याल राख्छन्, यद्यपि, अक्सर जीवनका समस्याहरुको बारेमा राम्रो सल्लाह दिन सक्छ।

(३) आज धेरै आमाबुबाहरुले बालबच्चाहरु हुर्काउने बारे राम्रो रोजाइहरु दिन्छन्: तिनीहरुसँग समय बिताउनुहोस्, स्वास्थ्यको रक्षा गर्नुहोस, भविष्यको लागि दिनुहोस्, नैतिक सिद्धान्तहरु सिकाउनुहोस्, र पनि परमेश्वर बिना आफ्नो जीवन बिताइरहेका छन्।

[III] स्थायी कुख्यात मान्छे।

(क) *उनी लोकप्रियता थियो जुन इस्राएल बाहिर पनि कमैले मात्र हासिल गर्थ्यो।*

(१) उनी पहिलो यहूदी राजा हुन जसको नाम अश्शूरी शिलालेखहरु, मोआबीहरुको ढुङ्गहरुमा दुई पटक उल्लेख गरिएको छ। ढुङ्गमा यी शब्दहरु कुँदिएका छन्: "ओम्री इस्राएलका राजा थिए, र तिनले मोआबलाई धेरै दिनसम्म सताए,....अब ओम्रीले मेदेबाको सम्पूर्ण भूमि कब्जा गरेका थिए, र आफ्नो समयमा र आफ्ना छोराको आधा दिन, चालीस वर्षसम्म त्यहाँ बसोबास गरेका थिए।"

(२) मोआबी राजा मेशाले ढुङ्गमा २ राजा ३:४ लाई उल्लेख गरेका थिए। ढुङ्गमा मेशाले घमण्ड गरिरहेका थिए। ओम्रीले आफ्ना बुबालाई पराजित गरेर मेशाल भूमि फिर्ता गरे।

(३) ओम्रीले ठूलो सेना खडा गर्न र मोआब देशको स्थितिलाई हराउन सक्षम थियो। मेशाले भनिन्, "म ठूलो भन्दा महान छु।"

(४) ओम्रीले परमेश्वरबिना प्रसिद्ध र कुख्यात हासिल गरे (१ राजा १६:२५, २६)।

(ख) *यो आज पनि सत्य हो ।*

(१) इतिहासका महापुरुषहरुबारे सोच्नुहोस् जुन प्रसिद्ध छन् । जस्तै जुलियस सीजर, नेपोलियन ।

(२) इतिहासमा कति जना महान् विश्वास पुरुषहरुको बारेमा सुनिन्छ?

निष्कर्ष

(१) ओम्रीले इस्राएलको निम्ति एकता, प्रभावकारी सेना र अन्तराष्ट्रिय प्रचार गरे । उनीसँग शक्ति, दृष्टि र प्रसिद्ध थियो । उनको सफलता भौतिक थियो ।

(२) उनको वंश पहिलेको दुष्टता भन्दा बढि थियो । "ओम्रीका नियमहरु" परमेश्वरको नियमको विरोध गर्ने जीवनको लागि उपशब्द बने । "तैले ओम्रीका कानूनहरु र आहाबको घरानाका सारा काम पालन गरेको छस्, तँ तिनीहरुका परम्पराको पछि लागेका छस्" (मीका ६:१६) ।

(३) जब उनको जीवन संक्षेप गर्ने समय आयो, के भनिएको छ ध्यान दिनुहोस् (१ राजा १६:२८) ।

(क) उनी मरे, उनलाई गाडियो, उनका ठाउँमा उनको छोरा राजा भए ।

(ख) परमेश्वर बिना जीवनमा प्राप्त गरेका कुनै पनि सफलता खाली, रित्तो र आशाहीन छ ।

(ग) इन्साफमा परमेश्वर बिना हाम्रो जीवन असफलतामा चिन्ह लगाइनेछ ।

(घ) यदि तपाई धनी, प्रसिद्ध हुन चाहन्छौ, संसारिक दर्शन बन्न चाहन्छौं भने, तपाई परमेश्वर बिना सबै प्राप्त गर्न सक्नुहुन्छ । तर जसरी खीष्टले मानिसहरुको प्रशंसा गर्न मन पराउने फरिसीहरुलाई भन्नुभयो, "तिम्रो इनाम छ ।"

(ङ) उदाहारण: बुबा र छोराको कथा छ जहाँ छोरा माध्यमिक विद्यालयबाट दीक्षित भए । बाबुले छोरालाई आफ्नो योजना के छ भनी सोध्नुभयो । छोराले जवाफ दियो, "म कलेज जान्छु भनी तपाई जान्नुहुन्छ ।" बुबाले सोध्नुभयो, "त्यसपछि के गर्ने? त्यसपछि छोराले भन्यो, "मैले जागिर खानेछु ।" त्यसपछि के गर्नेछौ भनी बुबाले सोध्नुभयो । छोरोले भन्यो, "त्यसपछि म विवाह गर्नेछु, परिवार हुर्काउनेछु । त्यसपछि के गर्नेछौ भनी बुबाले सोध्नुभयो । छोराले जवाफमा भन्यो, "मैले धेरै पैसा कमाउनेछु ताकि म अवकाश प्राप्त गर्न सकौं ।" त्यसपछि के गर्नेछौ भनी बुबाले सोध्नुभयो । मलाई लाग्छ त्यसपछि म मर्छु होला भनी छोराले जवाफ दिए । त्यसपछि के गर्नेछौ भनी बुबाले सोध्नुभयो । छोरो उदास भएर शिर निहुऱ्यायो किनभने मृत्युपछि के हुन्छ भन्ने बारेमा उसले सोचेका थिएन् । यस जीवनको लागि उनको धेरै योजना थियो तर यो जीवन पछिको कुनै योजना थिएन् ।

(च) यसकारण परमेश्वरबिना कुनै सफलता हुन सक्दैनन् ।

पाठ- १४

सित्तैको वरदानको उच्च मूल्य

The High Cost of A Free Gift

रोमी ६:२३

परिचय

(१) अहिले सम्म तपाईको सबैभन्दा ठूलो उपहार के भएको छ? के तपाईले कुनै ठूलो उपहार पाउनुभएको छ?

(२) वर्षौं भरी केही न केहि अचम्मको उपहार दिइएको हुन्छ । राजा नबूकदनेसरले बेबिलोनमा भुण्डिएको बगैचाहरु सिर्जना गरे जुन प्राचीन संसारका सात आश्चर्यहरु मध्ये एउटा थियो । ती बगैचाहरु आफ्नी दुलहीलाई दिए, जो आफ्नो पुरानो घरमा एक्लो हुन्थ्यो ।

(३) नेपोलियनले जोसेफिनलाई ८८० टुक्रा हीरा भएको मुकुट दिएको भनिन्छ ।

(४) होटल टाइकुन जर्ज बोल्टले सेन्ट लरेन्स नदीको हजारौं टापुहरु मध्ये एउटा किनेका थिए र आफ्नी पत्नीको लागि उपहारको रुपमा यसलाई हृदयको आकारका कोरेका थिए ।

(५) तपाईको सबैभन्दा ठूलो उपहार सायद तिनीहरुसँग तुलना गरिदैन्, तर तिनीहरु पनि सबैभन्दा ठूलो उपहारसँग तुलना गदैनन् । त्यो उपहार परमेश्वरबाट आएको हो । "हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ..." (याकूब १:१७) ।

(६) सबैभन्दा ठूलो वरदान परमेश्वरको पुत्र येशू ख्रीष्ट हुनुहुन्छ । यो वरदानको फलस्वरुप, हामीले अनन्त जीवनको अर्को उपहार पाउन सक्छौं (रोमी ६:२३) ।

(७) र अझै पनि अनन्त जीवन एउटा उपहार हो ।
   (क) यो उपहार दिनको लागि धेरै मूल्य तिरेको थियो ।
   (ख) र यसलाई प्राप्त गर्न उच्च मूल्य तिनुपर्छ ।

(८) सित्तैको उपहारको लागि धेरै मूल्य? त्यो कसरी हुन सक्छ?

(९) यो विरोधाभास कहिलेकाहीं बुझ्न गाह्रो हुन सक्छ । विरोधाभास एउटा कथन हो जुन बेमेल देखिन्छ र अझै सत्य छ ।

(१०) सित्तैको उपहार कसरी यति महँगो हुन सक्छ भनी यो पाठमा हामी विचार गर्नेछौं । यसलाई यसरी सुरुवात गरौं:

[I] मुक्ति सित्तैको वरदान ।

(क) *मुक्ति कसरी प्राप्त हुन्छ भन्ने बारे धेरैको गलत धारणा छन् ।*
   (१) उनीहरुले गरेका "असल कामहरु" द्वारा मुक्ति कमाइन्छ भनी तिनीहरु सोच्दछन् ।

(२) एउटा ईश्वरभक्त मुस्लिमको यो भनाइलाई विचार गर्नुहोस्: "मेरो जीवनभर मैले कुरान पालन गरें र अल्लाहको इमानदारीपूर्वक आराधना गरें । मेरो मृत्युपछि मैले थाहा पाएँ कि त्यहाँ स्वर्गलोक र कुरानले प्रतिज्ञा गरेझैं मानिसले सान्त्वना पाउन सक्ने घर पनि छैन भने मैले नराम्रोसँग धोका पाएको महसुस गर्नेछु ।"

(३) धेरै ख्रीष्टियान भनी दावी गर्नेहरुको स्वर्ग प्राप्तिको निम्ति समान अवधारणा छन । तिनीहरुको इनाम निम्ति कारणले प्राप्त हुन्छन् भनी विचार गर्दछन्:

(क) तिनीहरुको असल जीवन ।

(ख) तिनीहरुको उदारताले दिएको पैसा ।

(ग) मण्डलीमा तिनीहरुको विश्वासयोग्य उपस्थिति ।

(ख) *योग्य नभएका मानिसहरुको लागि मुक्ति परमेश्वरको वरदान हो ।*

(१) हामी पापी, अधर्मी र शत्रुहरु हुँदा नै यो प्रस्ताव गरिएको थियो । "तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" (रोमी ५:८) ।

(२) यो प्राप्त गर्न सबैलाई प्रस्ताव गरिएको छ (प्रकाश २२:१७) ।

(ग) मुक्ति "स्वतन्त्र रुपमा" प्रस्ताव गरिएको छ । तर यसको मतलब यो केही खर्चको छैन? हुँदै हैन्! हामी देख्छौं कि सम्पूर्ण ब्रहमाण्डमा कुनै पनि चीजको यति धेरै लागत छैन् ।

[II] उपहार प्रदान गर्ने उच्च मूल्य

(क) *यसले पितालाई कति मूल्य लाग्यो (यूहन्ना ३:१६)? "जसले आफ्नो निज पुत्रलाई बाँकी राख्नुभएन्, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र?" (रोमी ८:३२) ।*

(१) परमेश्वरलाई आफ्नो एक मात्र पुत्रको बलिदानको मूल्य चुकाउनु पर्‍यो ।

(२) हाम्रा पापबाट बचाउने प्रयासमा उहाँले आफ्नो पुत्रलाई छोड्नुभएन् ।

(ख) *यसले पुत्रलाई कति मूल्य लाग्यो (फिलिप्पी २:६ ८)?*

(१) उहाँले महिमा र वैभवको त्यागको मूल्य चुकाउनु पर्‍यो, जुन उहाँ यस संसारमा आउनु अघि पितासँग हुनुहुन्थ्यो ।

(२) उहाँले दासत्वको अपमानको मूल्य चुकाउनु पर्‍यो, यहाँसम्म कि दुःखको बिन्दुसम्म र अन्त्यमा हाम्रा पापको लागि क्रूसमा मर्नु पर्‍यो ।

(ग) *यसले पवित्र आत्मालाई कति मूल्य लाग्यो?*

(१) एफिसी ४:३० ले पवित्र आत्मालाई दुःखी तुल्याउने बारे कुरा गर्दछ ।

(२) आत्माले उहाँलाई अस्वस्थ व्यवहार गर्ने मानिसहरुसँग लामो समयसम्म कष्ट भोग्नुहुन्छ, तिनीहरुले उहाँको विरोध गर्दा दुःखी हुन्छन् ।

(घ) *ईश्वरत्वका प्रत्येक व्यक्तिले मुक्तिको उपहारलाई सम्भव बनाउनको लागि धेरै मूल्य चुकाउनु भएको छ । त्यसैले निश्चित रुपमा यसको "प्रावधान" को*

दृष्टिकोणबाट, हामी "सित्तैको उपहारको उच्च मूल्य" देख्न सक्छौं ।

[III] उपहार स्वीकार गर्न उच्च लागत ।

(क) *हामी आफैले आफैलाई इन्कार गर्ने मूल्य लाग्छ ।*

(१) पावलले खुशीसाथ मूल्य चुकायो, यसलाई धेरै खण्डहरुमा स्पष्ट रुपमा व्यक्त गरेका छन् । "तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले खीष्टको खातिर हानि नै ठाने । साँच्चै भन्ने हो भने खीष्ट येशू मेरो प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि नै ठान्दछु । खीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छ, अनि ती सबैलाई फोहोर - मैला तुल्य म गन्दछु" (फिलिप्पी ३:७,८) ।

(२) कसैले खीष्ट र उहाँको मुक्तिलाई उहाँमा पूर्ण आत्मसमर्पण गर्नु भन्दा कम सर्तहरुमा स्वीकार गर्न सक्दैन् ।

(ख) *यही कुराले धेरैलाई स्वीकार गर्न खीष्टको सुसमाचारलाई "एउटा कठिन सुसमाचार" बनाउँछ ।*

(१) तिनीहरु येशूलाई मुक्तिदाताको रुपमा स्वीकार गर्न चाहन्छन्, तर तिनीहरुको जीवनको प्रभुको रुपमा होइन् ।

(क) कसै-कसैले येशूलाई मुक्तिदाता र प्रभुको रुपमा स्वीकार गर्नु दुई पूर्णतया फरक कार्यहरु हुन् भनी पनि सुझाव दिन्छन् । तर दुई अविभाज्य छन् ।

(ख) मानिसहरुलाई अन्यथा सोच्न अभिप्रेरित गर्ने धार्मिक अगुवाहरुले पनि तिनीहरुको मार्गको त्रुटि देख्न थालेका छन्: "मण्डली आज यसको सर्वोच्च अवसरको क्षणमा पक्षघात भएको छ । किनभने हामीले परमेश्वरको लागि जे धेरै महँगो छ त्यो हामीलाई सजिलो हुनेछ भनेर जिद्दी गर्ने ईश्वरनिन्दा गरेका छौं । हामीले कडा सुसमाचारको साथ हाम्रा मण्डलीहरुको सामना गर्ने साहस गरेका छैनौं ।" डा. पावल क्याल्भिन पेने, महासचिव, खीष्टियान शिक्षा बोर्ड, प्रेस्बिटेरियन मण्डली ।

(२) कुनै मानिसले येशूलाई "आफ्नो जीवनको प्रभु" भनी स्वीकार नगरी" आफ्नो प्राणको मुक्तिदाता" भनी स्वीकार गर्न सक्दैन् ।

(क) चेला बन्नको लागि ठूलो मूल्य चुकाउनु पर्छ भनी जब उहाँले आफ्ना स्रोताहरुलाई चेतावनी दिदै गर्नुहुँदा येशू आफैले यो स्पष्ट गर्नुभयो (लूका १४:२५-३३) । "यसकारण तिमीहरुमध्ये जसले आफूसँग भएका सबै थोक त्याग्दैन्, त्यो मेरो चेला हुन सक्दैन्" (लूका १४:३३) ।

(ख) यदि हामीले उहाँलाई मुक्तिदाताको रुपमा चिन्ने हो भने आत्म, जीवन र सम्पत्तिमाथि येशूको प्रभुत्वलाई स्वीकार गर्नुपर्छ ।

(३) महान आज्ञामा हामीले "पश्चात्ताप र पापको क्षमा" (लूका २४:४७)

प्रचार गर्नु आवश्यक छ ।
(क) पश्चात्तापदेखि अलग भएर पाप क्षमा हुँदैन् ।
(ख) पश्चात्तापमा सम्पूर्ण जीवन समावेश भएको छ ।
(ग) पश्चात्ताप भनेको हाम्रो आफ्नै स्वार्थ मार्गहरु त्याग्नु हो, र उहाँसँग आज्ञाकारिता र संगतिमा परमेश्वरको मार्गमा जानु हो ।

(ग) "केवल खीष्टलाई स्वीकार गर्नुहोस् र उद्धार पाउनुहोस्" भन्ने धेरैको अपील हो ।
(१) धेरै मानिसहरु मान्दछन् कि यो केवल "उहाँलाई स्वीकार" गर्ने कुरा हो, जसमा "कुनै तार जोडिएको छैन ।" तपाईले आफ्नो जीवन परिवर्तन गर्नुपर्छ, र धेरैजसो इच्छा गर्दछन्, तर त्यसको मुक्तिसँग कुनै सरोकार छैन् ।
(२) यद्यपि, येशूका आफ्नै शब्दहरुलाई विचार गर्नुहोस् । "मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन्, र ती पालन गर्दछ । अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ । म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु" (यूहन्ना १४:२१) ।
(३) "येशूलाई ग्रहण गर्न," त्यसोभए, खीष्टको प्रभुत्वमा पूर्ण आत्मसमर्पण चाहिन्छ, उहाँका आज्ञाहरुको निष्कपट स्वीकार चाहिन्छ । "यदि मेरा आज्ञाहरु पालन गऱ्यौ भने तिमीहरु मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरु पालन गरेको छु, र उहाँको प्रेममा रहन्छु" (यूहन्ना १५:१०) ।

निष्कर्ष

(१) यसैले मुक्तिको "उपहार" सित्तैमा प्रदान गर्दा, अझै पनि उच्च मूल्यसँग आउँछ ।
(क) योग्यता र असल कर्महरुद्धारा मुक्ति कमाउन सकिँदैन ।
(ख) जीवनभर लगनशील आज्ञाकारिता पछि पनि हामी अझै "अयोग्य सेवकहरु" हौं (लूका १७:१०) ।
(ग) तर येशूको प्रभुत्वले उहाँको अधिकारमा पूर्ण आत्मसर्पणको माग गर्दछ (मत्ती २८:१८-२०) ।

(२) हो, सित्तैको मुक्ति महँगो छ ।
(क) यो स्वर्गले घोषणा गर्न सक्ने भन्दा पनि परमेश्वरको निम्ति मूल्यको छ, र यसले येशूलाई क्रूसको पीडा र लाजको मूल्य चुकायो ।
(ख) साँच्चै यसलाई प्राप्त गर्ने सबैलाई यसको मूल्य लाग्दछ जसले आफ्नो जीवनमा आफैलाई सही दावीहरुमा र हरेक आत्मा जसले अहिलेको समय र अनन्तकालको लागि उहाँको हुनेछ भनी समर्पण गर्दछ
(३) के यो लाभदायक छ? पावल भन्दछ यो मूल्यको छ (१ कोरिन्थी २:९) ।
(४) तपाईलाई मुक्तिको वरदान दिनको लागि येशूले उच्च मूल्य चुकाउनु भएको छ । के तपाईले यसलाई स्वीकार गर्न उच्च मूल्य तिर्नु भएको छ? (प्रेरित २:३६-३९) ।

पाठ- १५

विश्वासको सहनशीलता

Endurance of Faith

हिब्रू १२

परिचय

(१) हिब्रूको पत्र प्राप्त गर्नेहरु थाकेका थिए र विश्वास त्याग्न चाहन्थे ।

(२) अध्यायको विषय सहनशीलता वा धैर्यता हो ।

(३) लेखकले खीष्टियानहरुलाई प्रोत्साहन दिन सक्ने तीनवटा स्रोतहरु औंल्याएको छ जसद्धारा तिनीहरु अगाडी बढिरहन सक्छन् ।

[I] अरुहरुको उदाहरण (१२:१-४) ।

(क) *अधिका विजेताहरुलाई हेर्नुहोस्- साक्षीहरुका ठूलो बादल ।*

(१) विश्वासको लागि यी साक्षीहरुको संख्या ठूलो छ, धेरैलाई बादलको रुपमा चित्रण गरेको छ ।

(२) हामी सबैको जीवनमा नायक वा प्रेरणाका स्रोत छन् । उनीहरु नै हुन जसले हामीलाई धेरै प्रभाव पार्दछन् र हामीले गर्न खोजेका जुनसुकै कुराहरुमा हामीलाई त्यो गर्न प्रोत्साहन गर्दछन् ।

(३) केही प्रेरणाका स्रोतहरु राम्रो छैनन् । अरु राम्रा छन् ।

(४) हिब्रू ११ अध्यायमा यी विश्वासका नायकहरु हुन् । तिनीहरु हाम्रो लागि उत्साहको स्रोत हुन सक्छन् ।

(क) के तपाईको परिवारमा समस्या छ? योसेफलाई हेनुहोस् ।

(ख) के तपाईलाई लाग्छ कि तपाईको काम तपाईको निम्ति धेरै ठूलो छ? मोशाको जीवनलाई हेर्नुहोस् ।

(ग) यदि तपाई बदला लिने प्रलोभनमा हुनुहुन्छ भने, दाऊदले आफ्नो समस्याहरुलाई कसरी सामना गरे सो हेर्नुहोस् ।

(ख) *आफैले आफैलाई हेर्नुहोस् ।*

(१) खेलाडीहरुले प्रतिस्पर्धाको निम्ति तयारी गर्न प्रशिक्षण वजनहरु प्रयोग गर्छन् । बेसबल खेलाडीहरुले प्रायः ब्याटलाई वजनका साथ घुमाउँछन् । तर कोही पनि वजनसँग प्रतिस्पर्धा गर्दैन्, किनभने त्यसले तिनीहरु ढिलो बनाउँछ ।

(२) हामीलाई बाधा पुऱ्याउने वजनहरुलाई अलग गरौं । यो अरुको नजरमा राम्रो हुन सक्छन् । तर परमेश्वरको सेवा गर्ने हाम्रो प्रगतिमा हामीलाई बाधा पुऱ्याउँछन् । यस संसारका चीजहरु धेरै हासिल गर्न कतिले दुई, तीनवटा भन्दा बढी पेशाहरु अपनाउँछन्, तर यसले परमेश्वरको लागि थोरै वा कुनै समय छोड्दैनन् ।

(३) हामीलाई सजिलै पासोमा पार्ने पापहरुलाई अलग गरौं । कल्पना गर्नुहोस् कि एउटा लामो खुकुलो डोरी तल झुण्डिएको छ, त्यसले दौडिरहेको व्यक्तिलाई अल्झाउन सक्छन । उसले पापको नाम दिदैन्, तर यो विशेष पाप हो जसले तपाईलाई लोभ्याउन सक्छ ।

(४) हामी सहनशीलताको दौडमा छौं ।

(ग) *येशूलाई हेर्नुहोस् ।*

(१) उहाँ हाम्रो विश्वासको लेखक र समाप्तकर्त्ता हुनुहुन्छ । खीष्ट अगुवा हुनुहुन्छ र हाम्रा विश्वासको पूर्णता हुनुहुन्छ ।

(२) हामीले भन्दा पहिले उहाँले धेरै सहनुभयो । उहाँले पीडा सहनुभयो र कूसको लाज बेवास्ता गर्नुभयो ।

(३) येशूले त्यो कसरी गर्नुभयो? उहाँको अगाडी राखिएको आनन्दलाई हेर्नुभयो । उहाँले कूसद्धारा भएर आफूले प्रेम गर्नुभएकाहरुको मुक्ति ल्याउँदै गरेको कुरालाई हेर्नुभयो ।

(४) उहाँको प्रायश्चितको काम अब समाप्त भयो र उहाँ अहिले सदाकालको निम्ति परमेश्वरको दाहिने बाहुलीमा बिराजमान हुनुहुन्छ जो सर्वोच्च प्रतिष्ठा र सम्मानको हुनुहुन्छ ।

(५) यस पुस्तकमा पाठकहरु पछाडि फर्केर हेर्ने प्रलोभनमा परेका थिए र फर्केर जान चाहेको थियो ।

(६) उनले तिनीहरुलाई अगाडी हेर्न प्रोत्साहन दिन्छन । विश्वासका सबै नायकहरुले भविष्यलाई हेर्यो । र तिनीहरुले अझै खराब समस्याको सामना गरे, किनभने तिनीहरुमध्ये धेरै आफ्नो विश्वासको लागि मरे । यी पाठकहरु जस्तै अझै त्यो संभावना सामना गरेको थिएन् । हामीसँग पनि छैन्, तैपनि धेरैले त्यागेका छन् ।

(७) मत्ती १४ अध्यायमा जस्तै, जब हामी हाम्रो आँखा येशूबाट हटाउँछौं, तब हामी डुब्न थाल्छौं ।

[II] परमेश्वरको प्रेमको विश्वस्तता (१२:५-१३) ।

(क) *परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भनी धर्मशास्त्रले बताउँछ ।*

(१) ताडनाको लागि ग्रीक शब्दको अर्थ "बालकहरुलाई प्रशिक्षण दिनु, निर्देशन दिनु, अनुशासन राख्नु" हुन्छ ।

(२) पद ५,६ हितोपदेश ३:११-१२ को उद्धरण हो ।

(३) जब हामीले पीडा भोगिरहेका हुन्छौं, तब हामीलाई परमेश्वरले कहिल्यै प्रेम गर्नुहुन्न् भनी हामी सजिलै सोच्छौं । परमेश्वरले हामीलाई पुलपुल्याएको बच्चाहरु जस्तै भएको चाहनुहुन्न्, तर परिपक्व बच्चाहरु भएको चाहनुहुन्छ । त्यसको लागि अलिकति अनुशासन चाहिन्छ, र मायालु हृदयहरुले परमेश्वरको अनुशासनलाई सहन्छ ।

(ख) *परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भनी हाम्रो व्यक्तिगत अनुभवले*

[III] परिश्रम गर्नुहोस्, ताकि तपाई परमेश्वरको अनुग्रहबाट नखस्नुहोस् (१२:१४-२९)। परमेश्वरको अनुग्रह असफल हुँदैन्, तर हामी परमेश्वरको अनुग्रहममा भर पर्न असफल हुन सक्छौं। विश्वासद्वारा तीन दिशालाई हेरौं।

(क) *पछाडि फर्केर हेर्नुहोस्- एसावको खराब उदारण* (१५-१७)।

(१) एसाव एउटा अपवित्र व्यक्ति थियो, जसको अर्थ एउटा सामान्य व्यक्ति थियो, जो संसारको लागि जिउथ्यो परमेश्वरको लागि होइन्।

(२) उनले आफ्नो जन्मसिद्ध अधिकार याकूबलाई बेचे। पछि उसले इसहाकको मन परिवर्तन गरेको चाहयो, तर धेरै ढिला भइसकेको थियो। निर्णय कायमै रहयो। एक पटक काम गरिसकेको छ भने, तिनीहरु प्रायः पहिलेको अवस्थामा ल्याउन सकिदैन्।

(३) कसै-कसैले अपवित्र व्यक्तिलाई असाध्यै दुष्ट र फोहोर मान्छन्। तर एसाव एउटा मिलनसार साथी थिए, जो आफ्नो बुबालाई माया गर्ने मानिस थिए। उसले असल छिमेकी बनाउन सक्थ्यो, तर उसले परमेश्वरका कुराहरुमा चासो दिएनन्। यसरी अपवित्र व्यक्ति जो कोही पनि हुन सक्छ जसमा आत्मिक मूल्यहरुको भावना हुँदैन।

(४) आज धेरैलाई धार्मिक मूल्य मान्यताको भावना छ। धर्म भनेको समस्याको समयको लागि राम्रो हो। धर्म भनेको बच्चाहरुको लागि, कमजोरहरुको लागि, संगति गर्नको लागि एउटा समुह खोजिरहनेहरुका लागि राम्रो छ।

(५) एउटा यस्तो समय आउँदैछ, जब परमेश्वरले न्यायको घोषणा गर्नुहुनेछ, र त्यसपछि हाम्रो मनलाई परिवर्तन गर्ने समय ढिला भइसकेको हुनेछ। इन्साफ परिवर्तन हुन सक्दैन्।

(ख) *माथि हेर्नुहोस्- स्वर्गीय शहरको महिमा* (१८-२४)।

(१) सीनै पर्वतलाई सियोन पवर्तसँग विपरित गरिएको छ, दिइएको व्यवस्थालाई मण्डलीमा अनुग्रहको आशिषसँग विपरित गरिएको छ।

(२) व्यवस्था दिनु एकदमै गम्भीर अवसर थियो, जसले मानिसहरुमा डर ल्यायो।

(क) तिनीहरुले बिजुली चम्केको, धुवाँ देखे, गर्जन सुने, पहाड हल्लिएको महसुस भयो।

(ख) पर्वतको वरिपरि सिमाना तोकिदियो। यदि पशुहरुले अतिक्रमण गऱ्यो भने पनि तिनीहरुलाई मारियो।

(ग) मानिसहरु पनि यति डराए कि तिनीहरु परमेश्वरसँग होइन्, तर मोशासँग कुराकानी गर्न चाहे।

(घ) मोशा पनि डराए। व्यवस्था दिँदा मोशा डराए भनेर भनिएको छैन। तर व्यवस्था ९:१९ मा तिनीहरुले सुनको बाछो बनाएपछि तिनी परमेश्वरसँग डराए। "परमप्रभुको रीस र

हामीलाई बताउँछ ।

(१) हामी सबैका बुबाहरु हुन्छन्, यदि उहाँ असल बुबा हुनुहुन्छ भने, उहाँले हामीलाई अनुशासनमा राख्नु हुन्छ । हामीले उहाँको अधिकारलाई सम्मान गर्न सिकोस् भनेर अनुशासन दिनुभएको थियो ।

(२) तर बुबाहरुले आफ्ना छोराछोरीहरुलाई मात्र अनुसान गर्छन् । हामीले हाम्रा छिमेकीका छोराछोरीहरुलाई अनुशासन गर्ने चाहना गरौंला, तर हामी त्यो गर्न सक्दैनौं । परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्न् भन्ने कुरा जीवनका कठिनाईका प्रमाणहरुद्धारा शैतानले हामीलाई सोच्न लगाउँछन् । वास्तवमा यसको ठीक उल्टो सत्य हुन जान्छ । यदि परमेश्वरले हामीलाई अनुशासनमा राख्नुहुन्न् भने हामी उहाँका सन्तानहरु होइनौं भनी देखाउँछ । हामी उहाँका सन्तान हौं भन्ने कुराको प्रमाण नै उहाँको अनुशासन हो ।

(३) हामी आफूलाई उपयुक्त देखेर अनुशासन गर्छौं, तर हाम्रो ज्ञान सीमित छ । गल्तीहरु हुन्छन् । कहिलेकाहीँ हामी सही निर्णयद्धारा भन्दा पनि जोशद्धारा उत्प्रेरित हुन्छौं, यसको मतलब कहिलेकाहीँ ताडना बच्चाहरुको भलाइको लागि थिएन् ।

(४) परमेश्वरको ज्ञान सीमित छैन; त्यसैले परमेश्वरका सबै ताडनाहरु हाम्रो लाभका निम्ति छ । त्यसैले परमेश्वरको अधिकारको अधिनमा रहनुहोस् ।

(ग) *अनुशासनको आशिषित परिणाम ।*

(१) अनुशासन सुखद हुँदैन; यो पीडादायी हुन्छ । तर यसले धार्मिकताको शान्तिमय फल उत्पन्न गराउँछ (११) ।

(२) ममाथि क्लेशहरु आइपरेका असलै भयो, ताकि म तपाईका विधिहरु सिक्न सकूँ (भजन संग्रह ११९:७१) ।

(३) थोरै बच्चाहरुले आमाबाबुलाई विश्वास गर्छन् जब तिनीहरुले यसो भन्दछन्, "यसले तपाईलाई चोट लाग्नुभन्दा बढी मलाई चोट लाग्छ ।"

(४) कसैले अनुशासनको आनन्द लिदैन् । बालबच्चाहरुलाई अनुशासन गर्नु भन्दा तिनीहरु आफ्नो बाटोमा जान दिनुपर्छ भन्नु यो अक्सर आमाबाबुको लागि धेरै सजिलो छ । परमेश्वरले हामीलाई अनुशासन गर्नुहुँदा आनन्द लिनुहुन्न् ।

(५) महत्वपूर्ण कुरा यो हो कि हामीले यसलाई सकारात्मक रुपमा प्रतिक्रिया दिनुपर्छ । हामीले यसलाई तिरस्कार गर्न सक्छौं वा यसबाट निरासा हुन सक्छौं । दुवै गलत हो । अन्तिम परिणाम असल हुन्छन् भन्ने कुरा जानेर बरु निरासा हुनुभन्दा प्रोत्साहन हुनुहोस् ।

(६) त्यसैले हामीसँग अगाडि बढ्न प्रोत्साहन छ (१२-१३) । यी मानिसहरु चुपचाप बसिरहेका थिए । तिनीहरु हुर्केका थिएनन् (अध्याय ५-६) । तिनीहरु पक्षघात (कमजोर घुँडा) भएको जस्तो व्यवहार गरिरहेका थिए ।

कोधदेखि मलाई डर लाग्यो, किनकि तिमीहरुलाई नाशै गर्ने गरी उहाँ तिमीहरुसँग रिसाउनुभएको थियो ।"

(३) तर अब हामी स्वर्गीय शहर खोज्छौं । हाम्रो नागरिकता स्वर्गमा छ ।

(४) र हामी यस ठाउँमा आउन डराउनु हुँदैन तर पूर्ण भरोसाका साथ पुग्छौं (१०:१९-२२) ।

(५) हामी पहिला जन्मेकाको सभा हौं । पहिला जन्मेकाको शिर्षकको उपाधि प्रतिष्ठा र दर्जा हो ।

(६) हामी खीष्टको रगतद्धारा यो महान दलको हिस्सा बन्न सक्षम छौं ।

(ग) *अगाडि हेर्नुहोस्- हल्लाउन नसकिने राज्य* (२५-२९) ।

(१) परमेश्वरले उहाँको वचनद्धारा स्वर्गबाट हामीसँग बोल्दै हुनुहुन्छ, र हामीले राम्रोसँग सुन्नु पर्‍यो ।

(२) यदि मोशाले व्यवस्था पढ्दा तिनीहरुले सुन्न अस्वीकार गरेकाहरुलाई सजाय दिइयो, सजाय कति ठूलो हुनेछ ।

(३) हामी हल्लिरहेको संसारमा बाँचिरहेका छौं । एउटा संसार जो अस्थायी छ, र एक दिन नष्ट हुनेछ । हामी एउटा "हल्लाउन नसकिने राज्य" को लागि हेरिरहेका छौं ।

(४) उनले भजनसंग्रह १०२:२५-२६ मा दाऊदको भविष्यवाणी उद्धृत गर्दछ ।

(५) हामीले श्रद्धा र ईश्वरीय भयका साथ परमेश्वरको सेवा गर्नुपर्छ । परमेश्वरसँग डराउने भन्ने भावनामा होइन्, तर हामीले उहाँको वचन सुन्न अस्वीकार गर्न सक्छौं भन्ने डर हो (१०:२५) ।

(६) हाम्रा परमेश्वर भस्म गर्ने आगो हुनुहुन्छ । यस्तै शब्दहरु व्यवस्था ४:२४ मा पनि पाइन्छ ।

निष्कर्ष

(१) हामीले विश्वास त्यागनु हुँदैन भन्ने यो अर्को हौसलाको पद खण्ड हो ।

(२) हामी सहन सक्छौं । हामीले सहनुपर्छ ।

(३) यो हिब्रूको सन्देश हो । "कहिल्यै हार नमान्नुहोस् । कहिल्यै हार नमान्नुहोस् ।"

पाठ- १६

जब सबै गुमाएको जस्तो देखिन्छ

When All Seems Lost

१ राजा १९:४

परिचय

(१) आज हामी घरबारविहिन मानिसहरुको बारेमा धेरै सुन्छौं । ती मध्ये धेरै त्यहाँ छन् किनभने तिनीहरुले त्यागेका छन् । कसैबाट निरास भएको महसुस गर्नुहोस् ।

(२) उस्तै प्रकारका कारणको निम्ति अरु धेरै उदास, दु:खी र चिन्ता छन् ।

(३) खीष्टियान भएको कारणले हामीलाई त्यस्ता भावनाहरुबाट मुक्त बनाउँदैन् । धेरैले त्यागेका छन् ।

(क) केही खीष्टियानहरुद्धारा निराशा भएका छन् ।

(ख) बाहिरकाहरुबाट आएको धम्की र निरुत्साहबाट निराश भएका छन् ।

(ग) परमेश्वरद्धारा निराश भएको महसुस गर्दछन् ।

(४) सायद तपाई निराश र थकित हुनुहुन्छ ।

(५) परमेश्वरका महान् सेवकहरु निराशा भएका छन् (एलिया- पाठ अनुसार) ।

(६) एलिया को थिए?

(क) इस्राएलको आत्मिक अवस्थाको सबैभन्दा तल्लो बिन्दुमा पुगेको अवस्थामा तिनीहरुको नैतिक र आत्मिक अगुवाईको निम्ति बोलाइएको इस्राएलका एउटा अगमवक्ता थियो ।

(ख) एउटा राजा र रानीलाई पूर्ण रुपमा बाल देवताको मूर्ति पूजा गर्न दिइएको थियो ।

(ग) एलिया र बाल देवताको बिचमा भएको कथा सुनाउनुहोस्- खडेरीको समयमा विश्वासको प्रार्थना, कर्मेलको डाँडामा बालका अगमवक्ताहरुसँग भएको प्रतिस्पर्धा, र सबै झुटा अगमवक्ताहरु मारिए । ईश्वरहीन राजा र रानी विरुद्ध राष्ट्रिय विद्रोह भएका छन् । बरु राष्ट्रिय पुनरुत्थानको सट्टा, अब एलियाको जीवन खतरामा परेको छ । तीतो हारको रुपमा अचानक कस्तो स्पष्ट विजय देखा पर्‍यो? बालका अगमवक्ताहरुसँग भर्खरै उनको निर्णायक युद्ध विजय भयो । तर, आहाब र ईजबेलमा त्यसको गलत प्रभाव पर्‍यो । ईजेबेलले उनको जीवनमा सम्झौता राख्यो ।

(घ) त्यो धम्कीले मानसिक चिन्ता ल्यायो । उसलाई कुटपिट गरियो । उसलाई मर्न खोज्यो ।

(ङ) शान्ति हुनुपर्नेमा शान्ति भएन् । उनी साँच्चै पहाडको टुप्पोबाट निराशाको घाटीमा गए । आफ्नै देशमा भगुवा भएर बस्न बाध्य भए, उनी करिव ९० माइल टाढाको उजाडस्थानमा भागे र धूपीको रुखमुनि

बसेर मर्न आग्रह गरे ।

(च) "मैले छोडे ।" उनीसँग थियो । उनी छोड्न तयार भए ।

[I] के कारणले उनलाई मानसिक चिन्ता भयो?

(क) *उनी मजबुत थियो ।*

(१) बप्तिस्मा दिने यूहन्ना जस्तै साहसी र कठोर थियो ।

(२) राजपरिवारको अगि निडर थिए ।

(३) बहुमतको दबाबबाट नडराउने थिए ।

(४) महान आश्चर्य कर्महरु गर्न सक्षम भएको (११ वटा उनीसँग सम्बन्धित भएको) ।

(ख) *उनको मानसिक चिन्ताको कारक तत्वहरु*

(१) शारीरिक र भावनात्मक रुपमा थकित भएका छन् । केही राम्रो देखिएन् । शरीरको अवस्थाले हाम्रो मनको विचारलाई सर्त बनाउँछ । उनको उडानले उसलाई शारीरिक रुपमा र दुष्टताले आत्मिक रुपमा हरायो ।

(२) समस्याको सरल दृष्टिकोण ।

(क) यदि बाल, आहाब, र ईजेबेलका अगमवक्ताहरुबाट छुटकारा पाएको खण्डमा उसको परिवर्तन हुनेछ र सोचे जस्तै सबै ठीक हुनेछ ।

(ख) मामिलाहरु समाधान गर्नको निम्ति हामी एउटा उपायको खोजीमा छौं । उदाहरण- एउटा खेल, एउटा विजेता ।

(ग) दुष्टता झन मायालु छ । न्याय कहिले र कसरी आउँछ भनी हामीले सोचेको अनुसार आउँदैन् । यो सबै वा केही पनि होइन् । एउटा ठूलो विजयले शैतान र सबै दुष्टलाई नष्ट गदैन् ।

(घ) हामी ढिलो परिणामहरुसँग बाँच्न सिक्नुपर्छ (भजनसंग्रह ३७:७-८) ।

(३) आत्म- दया

(क) "चिन्ता नगर्नुहोस, खुशी रहनुहोस् ।" तपाई सधै मुस्कुराएर समस्यालाई बेवास्ता गर्न सक्नुहुन्न् ।

(ख) अति सरलीकरण- "ख्रीष्टियान बन्नुहोस् र यसले तपाईका सबै समस्याहरु समाधान गर्नेछ ।

(ग) उसले आफैबाट धेरै अपेक्षा गरेको थियो । "म मेरा बुबाहरु भन्दा राम्रो छैन् ।" कसले भन्यो कि ऊ आफ्नो बुबाभन्दा राम्रो हुनुपर्छ? उनले आफ्नो असफलताको जिम्मेवारी लिए । सुसमाचार प्रचारको सफलता वा असफलताको लागि हामी जिम्मेवारी छैनौं । मदर टेरेसालाई एक पटक सोधिएको थियो, "तपाई आफ्नो कामको सफलतालाई कसरी नाप्नुहुन्छ? उनले प्रश्नको बारेमा सोचे र आफ्नो अन्तवार्ताकारलाई अचम्मित नजर दिएर भनिन्, "मलाई याद छैन कि प्रभुले कहिल्यै सफलताको

बारेमा कुरा गर्नुभयो । उहाँले केवल प्रेममा विश्वासयोग्य हुने कुरा गर्नुभयो । यो मात्र सफलता हो जुन वास्तवमा महत्वपूर्ण छ ।" परमेश्वरले परिणामको निम्ति आफ्ना सेवकहरुको जिम्मेवारीलाई समात्नुहुन्न् ।

(घ) हामीले हाम्रा आँखा येशूमा राख्नुपर्छ (हिब्रू १२:२) ।

(४) उनले परमेश्वरको सङ्गमा समस्यामा ध्यान केन्द्रित गरे ।

(क) एलिया समस्या समाधान गर्न चाहन्थे । "यो मेरो समस्या हो र यसलाई समाधान गर्न जाँदैछु ।"

(ख) यो एलियाको समस्या थिएन । संसारको पाप र अरुको कठोरता मेरो समस्या होइन् । मलाई केवल परमेश्वर र आफैमा ध्यान केन्द्रित गर्न आवश्यक छ । चार्ल्स स्पर्जियनले एक पटक भनेका थिए, "मानिसहरु सबैभन्दा उत्कृष्ट हुन् ।"

(ग) *आत्मिक मानिसहरु निराशा भएका उदाहरणहरु*

(१) दाऊदले भने, "मैले भने, ढुकुरका जस्तै मेरा पखेटा भए त म उडेर जानेथिएँ र विश्राम लिनेथिएँ" (भजन संग्रह ५५:६) ।

(२) "म जन्मेको दिन श्रापित होस्" (यर्मिया २०:१४)) । "दु:ख र अफसोस हेर्न र मेरो जीवनका दिन लाजमा बिताउनलाई म किन गर्भबाट निस्केछु" (यर्मिया २०:१८) ।

(३) अयूबलाई आफ्नो जीवनको बारेमा यस्तै भावना थियो ।

(४) मोशाले एक पटक परमेश्वरलाई आफ्ना ज्यान लिन आग्रह गरे (गन्ती ११:१५) ।

(५) आत्मिक मानिसहरु निरुत्साहित हुनु सामान्य कुरा हो ।

[II] निराशा हटाउने चारवटा चरणहरु ।

(क) *शारीरिक रुपमा लायक हुनुहोस् (१ राजा १९:५- ६) ।*

(१) राम्रो शारीरिक स्वास्थले राम्रो मानसिक स्वास्थ्यमा योगदान गर्दछ ।

(२) धेरै वा कम खानाले मानसिक चिन्तामा योगदान पुऱ्याउँछ ।

(३) अपर्याप्त आराम वा व्यायामले मानसिक चिन्तामा योगदान दिन्छ । दुई पटक सुत्ने र खानेको चक्र दोहोरियो ।

(ख) *आफ्नो निराशालाई मौखिक रुप दिनुहोस् ।*

(१) धूपी रुखलाई छोडेर एलिया ओढारमा लुके ।

(२) मानसिक चिन्ताले हामीलाई अरुबाट टाढा लैजान्छ ।

(३) परमेश्वरले एलियालाई सोध्नुभयो, "तिमी यहाँ के गर्दैछौ?" (नम्र गाली) ।

(४) त्यसपछि एलियाले आफ्नो निराशा परमेश्वरमा पोखे (१ राजा १९:१०) । पद १४ मा दोहोऱ्याइएको छ ।

(५) समस्यालाई मौखिक रुप दिनु समाधानको अंश हो ।

(ग) *परमेश्वरको ताजा दृश्य प्राप्त गर्नुहोस् ।*

(१) एलियाले आफू एक्लै भएको बताए । यो लगभग सबै मानसिक चिन्ता वा निराशाको कुञ्जी हो । परमेश्वरले काम गरिरहनुभएको छैन् ।

(२) परमेश्वरले बलियो बतास, भूकम्प, आगो र एउटा सानो आवाजद्वारा उहाँ अझै पनि त्यहाँ हुनुहुन्छ भनी देखाउनुभयो । हामीले त्यही कुरा बुझ्नुपर्छ ।

(क) बाइबल पढ्नुहोस्- तपाईलाई मन नलागे पनि ।

(ख) प्रार्थना गर्नुहोस्- यदि तपाईलाई यो मन पर्दैन भने पनि ।

(ग) "तिम्रा चिन्ता र फिक्री परमप्रभुमा राख र उहाँले तिमीलाई सम्हाल्नुहुनेछ । उहाँले धर्मीलाई कहिल्यै डग्न दिनुहुनैछैन (भजनसंग्रह ५५:२२)

(३) परमेश्वरले एलियालाई भन्नुभयो कि त्यहाँ ७,०००० अरु थिए जो अझै इमानदार थिए । हामी कहिल्यै एक्लो हुँदैनौं । सबैभन्दा अधर्मी समयमा पनि, त्यहाँ विश्वासीहरु छन् जो परमेश्वरप्रति प्रतिबद्ध हुन्छन् ।

(४) हामीले परिवर्तन गर्न नसक्ने कुरा स्वीकार गर्न सिक्नुहोस् ।

(क) उदाहरण- पावलको शरीरमा काँढा (२ कोरिन्थी १२) ।

(ख) एलियाले सबै मानिसहरुलाई परिवर्तन गर्न सक्दैनन् भनी बुझ्नुपर्छ ।

(घ) *सम्लग्न हुनुहोस्*

(१) परमेश्वरले एलियालाई फर्केर जान, हजाएललाई सिरियाको राजा बनाउन, येहूलाई इस्राएलको राजा हुन अभिषेक गर्न भन्नुभयो ।

(२) एलिशालाई आफ्नो उत्तराधिकारीको रुपमा अभिषेक गर्नुहोस् । परमेश्वरले एलियाको लागि अझै काम गर्नुहुन्थ्यो । दुष्टहरुको न्याय आउँदै थियो, तर एलियाद्वारा होइन् । अरुले त्यो काम गर्थे । परमेश्वर नियन्त्रणमा हुनुहुन्छ ।

(३) मानसिक चिन्ता लगभग सधै आत्म-केन्द्रितसँग सम्बन्धित छ । सबै भन्दा राम्रो उपचार अरुलाई मद्दत गर्ने कुरामा संलग्न हुनु हो ।

(४) सक्रिय हुनुहोस् । परमेश्वरले तुरुन्तै एलियाको अवस्था परिवर्तन गर्नुभएन्, तर उहाँले एलियालाई परिवर्तन गर्न मद्दत गर्नुभयो । एलिया कहिल्यै मरेनन् ।

निष्कर्ष

(१) सबैभन्दा खराब समयमा पनि सबै हराउँदैन् । यो अझै पनि परमेश्वरको संसार हो र हामी अझै उहाँका जनहरु हौं ।

(२) हामीसँग एलिया भन्दा पनि बढी विश्वस्त दिने व्यक्ति हुनुहुन्छ । ख्रीष्टले दुष्टलाई पराजित गर्नुभयो र उहाँको राज्य निश्चित र अपराजेय छ । उहाँको प्रेम कहिल्यै असफल हुँदैन् ।

पाठ- १७

अनुग्रहद्वारा उद्धार

Salvation by Grace

एफिसी २:७-१०

परिचय

(१) परमेश्वरको कृपा भन्दा ठूलो अरु कुनै विषय छैन् ।

(२) सम्भवत् नयाँ नियममा यो भन्दा धेरै दुरुपयोग र गलत तरिकाले प्रयोग भएको अरु कुनै खण्ड छैन (पढ्नुहोस् एफिसी २:८-९) ।

(३) धार्मिक संसार र मण्डलीमा परमेश्वरको अनुग्रहको बारेमा ठूलो ध्रुवीकरण छ ।

(क) केहीले जोड दिँदै भन्ने गर्दछन् कि मुक्ति एउटा ईश्वरीय कामको रुपमा छ जसले मानव जिम्मेवारीलाई कम गरेको देखिन्छ । हामीले अनुग्रह र केवल विश्वासद्वारा मात्र मुक्ति पाएका छौं ।"

(१) एकजना मानिसले पत्रिकामा यसो लेखेको थियो, "यदि परमेश्वरले मानिसको हृदयमा विश्वास र पश्चात्तापको उपहार राख्नुहुन्छ.... ।"

(२) परमेश्वरले मानिसको हृदयमा विश्वास र पश्चात्ताप किन जम्मा गर्नुहुन्न्?

(३) "उनले यो पनि लेखे, "विश्वास भनेको परमेश्वरले आफ्ना अनुयायीहरुलाई आज्ञा दिनुभएका कुराहरु पालन गर्न प्रतिबद्ध हुनुहुन्छ ।" के परमेश्वरले हामीलाई प्रतिबद्धता दिनुहुन्छ?

(ख) अरुले मानव जिम्मेवारीहरुलाई जोड दिन्छन्, जसले परमेश्वरको शक्तिलाई कम गरेको देखिन्छ । यस्तो देखिन्छ कि कहिलेकाहीं हामी तथ्यलाई जोड दिँदै तारा चिन्ह नथप्दै यो पद उद्धघृत गर्न चाहँदैनौं कि त्यहाँ अनुग्रह भन्दा बढी छ ।

(४) एफिसी २:१-७ पदहरु ग्रीकमा एउटा लामो वाक्य हो र पद ८ "का लागि" शब्दबाट सुरु हुन्छ । यस सन्दर्भमा यो शब्दले यसको साथमा व्याख्यात्मक कार्य गर्दछ । उनले भर्खरै पद १-७ मा वर्णन गरेको कुरालाई सारांशमा पद ८-९ ले यसरी व्याख्या गर्दछ ।

(५) यी केही पदहरुले मानिसको मुक्तिको लागि परमेश्वरको योजनालाई संक्षेपमा प्रस्तुत गर्दछ ।

[I] अनुग्रहले तिमीहरुलाई बचाइएको छ । अनुग्रह हाम्रो मुक्तिको आधार हो । हामीले परमेश्वरको अनुग्रह र उहाँको मुक्तिको उपहारलाई कहिल्यै कम मूल्यको ठान्नु हुँदैन् ।

(क) *अनुग्रह के हो? यदि हामी अनुग्रहद्वारा बचाइएका छौं भने, हामीले यो के हो भनेर बुझ्नु आवश्यक छ ।*

(१) अनुग्रह भनेको मानिसले पाउन नसकिने कृपा हो । अनुग्रह हामीलाई

चाहिने कुरा हो, तर त्यो पाउन हामी योग्यका छैनौं ।

(२) हामी सबैलाई मुक्ति चाहिन्छ (रोमी ३:२३), तर हामी यसको योग्य छैनौं ।

(ख) *परमेश्वरको कृपा सबै मानिसहरुमा देखा परेको छ । किनकि सबै मानिसहरुका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ (तीतस २:११)*

(१) परमेश्वरले आफ्नो पुत्रलाई हाम्रो निम्ति मृत्यु हुन पठाउनुभयो । तर परमेश्वरले हाम्रो निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो (रोमी ५:८) ।

(२) यो शुद्ध प्रेमबाट गरिएको थियो, आवश्यकता अनुसार होइन् । परमेश्वरले अनुग्रह दिनुहुन्छ । परमेश्वर क्रियाशिल कार्यकर्त्ता हुनुहुन्छ ।

(ग) *अनुग्रहले कसरी बचायो?*

(१) सिकाउन सकिने योजनाद्धारा । "किनकि सबै मानिसहरुका मुक्तिका निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरु त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ" (तीतस २:११-१२)

(२) रगतद्धारा (एफिसी १:७)

(३) ख्रीष्टले हरेक मानिसको लागि मृत्युको स्वाद चाख्नुभयो (हिब्रू २:९), तर सबैले मुक्ति पाउने छैनन् (मत्ती ७:१३, १४); त्यसकारण रगतसम्म पुग्नको लागि मानिसले केही गर्नैपर्छ ।

[II] अनुग्रहबाट विश्वासद्धारा बचाइयो ।

(क) *अनुग्रह परमेश्वरको हिस्सा हो- विश्वास मानिसको भाग हो ।*
परमेश्वरको अनुग्रहको प्रतिक्रिया गर्नु मानिसको जिम्मेवारी हो । विश्वासद्धारा हामी परमेश्वरको अनुग्रहको साम्मु पुग्न सक्छौं । त्यसकारण, विश्वासद्धारा धर्मी ठहरिएर, हाम्रा प्रभु येशू ख्रीष्टद्धारा भएर परमेश्वसँग हाम्रो शान्ति छ, जसद्धारा यस अनुग्रहमा विश्वासद्धारा पहुँच पाउँछौं, जसमा हामी खडा छौं, र परमेश्वरको महिमाको आशामा रमाउँछौं (रोमी ५:१-२) ।

(ख) *मुक्ति मानिसले बनाएको योजना होइन, यो परमेश्वरबाट आएको हो ।*

(१) "भाइ हो, तिमीहरुले यो जान भन्ने म चाहन्छु, कि मैले प्रचार गरेको सुसमाचार मानिसको सुसमाचार होइन । किनकि मैले यो कुनै मानिसबाट पाएको होइनँ, न मलाई यो सिकाइएको थियो, तर येशू ख्रीष्टको प्रकाशद्धारा मैले यो पाएको हुँ" (गलाती १:११-१२) ।

(२) हामीले यो मुक्ति कमाउनको लागि केही गरेनौं वा हामी योग्यका थिएनौं । मुक्ति परमेश्वरबाट आएको उपहार हो । हाम्रो मुक्ति हाम्रो कामद्धारा वा काम गरेर आउँदैन् ।

(ग) *यो विश्वासमा के समावेश भएको छ? यदि सबै कामहरु अलग भएका*

छन् भने, बप्तिस्माको बारेमा के भन्ने? यी पदहरु १-७ पदहरुका सारांश हो । यसो भन्दै गर्दा वास्तवमा कसैले पनि आस्थामा मात्र विश्वास गर्दैन् । तपाईले प्रार्थना गर्नुपर्छ र विश्वास बाहेक अरु पनि केही गर्नुपर्छ भनी धेरैले भन्दछन् ।

(१) हामी अपराधमा मरेका थियौं (२:५) ।

(२) हामी ख्रीष्टसँग जीवित भएका छौं (२:५) ।

(३) हामी ख्रीष्टसँग बौरी उठेका छौं (२:६) ।

(४) हामी ख्रीष्टसँग स्वर्गीय स्थानहरुमा बस्नको लागि उठाइएका छौं (२:६) ।

(५) "यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं" (रोमी ६:४) ।

(६) यसलाई कलस्सी २:१३ सँग तुलना गर्नुहोस् । "बप्तिस्मामा तिमीहरु उहाँसँग गाडिएका थियौ । मरेकाहरुबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरु पनि उहाँसँगै जीवित पारियौ ।"

(७) यसरी बप्तिस्मालाई पावलले पहिले नै प्रयोग गरिएका पदहरु ८-१० का वाक्यांशहरुद्वारा संकेट गरिएको छ ।

(८) बप्तिस्माले बचाउँछ, कामको रुपमा होइन्, तर परमेश्वरको कामका विश्वासको अभिव्यक्तिको रुपमा बचाउँछ । हामीले बप्तिस्मा लिएको कारणले गर्दा हाम्रो उद्धार भएको होइन, बरु त्यसको सट्टा ख्रीष्ट मेरा पापको निम्ति मर्नुभयो र विश्वासद्वारा मैले उहाँका आज्ञाहरु पालना गरेको छु ।

(९) मौलिक रुपमा बप्तिस्मा परमेश्वरको काम हो । उहाँले क्षमा गर्नुहुन्छ, उहाँले उठाउनु हुन्छ, उहाँले जीवित पार्नुहुन्छ । बप्तिस्मा विश्वासको श्रेणीमा पर्छ, कामको श्रेणीमा होइन् ।

(घ) *मानिसले सधैं परमेश्वरको अनुग्रहलाई उपयुक्त बनाउन कार्य गर्नुपर्थ्यो ।*

(१) विश्वासद्वारा आज्ञा पालन गर्दा बचाउँछ । "सात दिनसम्म परिक्रमा गरेपछि विश्वासैबाट यरीहोका पर्खालहरु ढले" (हिब्रू ११:३०) ।

(२) पत्रुसले भने, "आफैलाई बचाओ" (प्रेरित २:४०) ।

(३) पावलले भने, "डर र कम्पसाथ तिमीहरुको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर" (फिलिप्पी २:१२) ।

(४) नोआः "तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो" (उत्पति ६:८) "विश्वासद्वारा नोआले त्यति बेलासम्म अदेख रहेका घटनाका बारेमा परमेश्वरबाट चेताउनी पाएर भक्तिसाथ आफ्नो घरानालाई बचाउन एउटा जहाज बनाए । यसरी संसारलाई दोषी ठहराएर विश्वासद्वारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए" (हिब्रू ११:७) । नोआ अनुग्रहद्वारा, विश्वासद्वारा र आज्ञाकारिताद्वारा बचाइए । आज परमेश्वरको अनुग्रहले यसरी बचाउँछ ।

(५) परमेश्वरको आज्ञाकारिताको निम्ति हाम्रा कामहरु प्रतिस्थापन गर्नाले अनुग्रहद्वारा मुक्ति र विश्वासद्वारा मुक्तिको सिद्धान्तलाई उलंघन गर्छ ।

(ङ) *मुक्ति परमेश्वरको वरदान हो भन्ने कुरालाई यसले उलंघन गर्छ भनी कसैले भन्दछ ।*

(१) चीजहरुको लागि एउटा भन्दा बढी कारणहरु छन् । उदाहरण-भ्यालको चित्रण । भ्यालबाट उज्यालो आउँछ, तर भ्यालले उज्यालो दिन्छ ।

[III] कामको निम्ति कुनै स्थान छ? पक्कै पनि छ ।

(क) *हामी असल काममा हिड्नु पर्छ ।*

(१) हिड्ने भन्ने शब्दले निरन्तर अभ्यासलाई संकेत गर्छ । यसरी, असल कामले अनुग्रहलाई बेकार गर्दैन्, किनकि हामी "परमेश्वरको अनुग्रहमा निरन्तर लागिरहँदा" (प्रेरित १३:४३) हामी तिनीहरुमा हिँडिरहेका हुन्छौं ।

(२) हामी खराब जीवन जिउँदैनौं । हामी असल कामको निम्ति नयाँ गरी सृजिएका हौं । परमेश्वर हाम्रा असल कामहरुका साथै हाम्रो मुक्तिको लेखक हुनुहुन्छ ।

(३) हामीले काम गरेकोले गर्दा मुक्ति पाएका होइनौं, तर हामी काम गछौं किनभने हामीले पहिले नै मुक्ति पाइसकेका छौं ।

(ख) *हामी परमेश्वरका हातका सीप हौं (२:१०) ।*

(१) "हातका सीप" भनेको बनाइएको चीज हो । हामी नयाँ प्राणी हौं (यूहन्ना ३:३-५) ।

(२) परमेश्वरको अनुग्रहले हामी नयाँ प्राणी भएका छौं । हामी केवल नयाँ पातको रुपमा मात्र पल्टिएका छैनौं; हामी नयाँ मानिस भएका छौं । "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ" (२ कोरिन्थी ५:१७) ।

(३) परमेश्वरका हातका सीपको रुपमा हाम्रो जीवनले परमेश्वरको भलाइ, शक्ति, महिमा र सम्मानलाई प्रतिबिम्बित गर्दछ ।

(क) हाम्रा छोराछोरीहरुले हामीलाई उनीहरुको आमाबाबुको रुपमा प्रतिबिम्बित गर्छन् । हामी आज्ञाकारी, सम्मानजनक, र कठोर प्रयास गर्ने बच्चा देख्छौं, हामी भन्छौं कि उसको आमाबाबु र पालनपोषण राम्रो थियो । त्यस्तै गरी, अव्यवस्थित, अनादर र अल्छी भएको बच्चाले आफ्नो पालनपोषणमा नराम्रो प्रतिबिम्बित गर्छ ।

(ख) हामीले परमेश्वरलाई कस्तो प्रकारको प्रतिबिम्बित देखाउछौं? ख्रीष्टियानहरुको लागि अरुहरुले जस्तै अपवित्र जीवन बिताउनु एउटा भयानक प्रतिबिम्ब हो । परमेश्वर र अरुलाई माया गरेको दाबी गर्ने व्यक्तिको लागि यो डरलाग्दो छ, तर पनि यति स्वार्थी

रुपमा काम गर्दछ कि अरुको हितको लागि थोरै चासो देखाइन्छ । मुक्तिको लागि यति आभारी भएको दाबी गर्ने व्यक्तिले हामीलाई मुक्ति दिनु हुनेलाई प्रशंसा र धन्यवाद दिन विरलै सँगी खीष्टियानहरुसँग भेला हुनेछन् ।

(४) खीष्टमा रुपान्तरण हुनु अघि वा पछि घमण्ड गर्ने स्थान छैन् । "त्यसरी नै तिमीहरुलाई अह्राएका सबै काम पूरा गरेपछि तिमीहरुले पनि यसो भनः हामी नालायक दास हौं, हामीले त हाम्रो कर्तव्य मात्र पालन गरेका छौं" (लूका १७:१०) ।

निष्कर्ष

(१) परमेश्वरको अनुग्रह सबै मानिसहरुमा फैलिएको छ ।

(२) यो अनुग्रह व्यर्थमा प्राप्त गर्न सकिन्छ । "परमेश्वरको सहकर्मी भएका हुनाले हामी तिमीहरुलाई बिन्ती गर्छौं, कि उहाँको अनुग्रह व्यर्थ हुन नदेओ" (२ कोरिन्थी ६:१) । जबसम्म हामीले त्यो अनुग्रह, सुसमाचारलाई विश्वास र पालन गर्दैनौं, यो हाम्रो लागि बेकार हुनेछ ।

पाठ- १८

जलप्रलय - बप्तिस्मा

Flood - Baptism

१ पत्रुस ३:२०,२१

परिचय

(१) यो पाठको अध्ययन आज संसारलाई अति आवश्यक छ । धार्मिक संसारमा धेरै उल्लेख नभएको यो एउटा पाठ हो ।

(२) पत्रुसले यस पदमा केही धेरै खुलासा टिप्पणीहरु गर्दछन् ।
- (क) पहिलो, उनले बप्तिस्मालाई एउटा "रुप" भनी भन्दछ (चिन्हको रुपमा) ।
- (ख) त्यसपछि बप्स्माले हामीलाई बचाउँछ भनी उल्लेखनीय टिप्पणी गर्दछ ।
- (ग) बप्तिस्मा "शुद्ध विवेकको प्रतिक्रिया" भनेर उनी वर्णन गर्दछ ।
- (घ) येशू खीष्टको पुनरुत्थानद्वारा बप्तिस्माले हामीलाई बचाउँछ भनी उनी भन्दछ ।

(३) यो खण्ड अध्ययन गर्ने जो कोहीलाई पनि यी चार वटा बुँदाहरु मध्ये कुनै एकले अलमल्लमा पार्न सक्छ ।
- (क) कसै-कसैलाई लाग्न सक्छ कि यो रुप भनेको के हो ।
- (ख) मुक्तिसँग बप्तिस्माको कुनै सरोकार छ कि भन्ने विचारलाई लिएर समस्या खडा गर्न सक्छ ।
- (ग) "शुद्ध विवेकको प्रतिक्रिया" भन्ने वाक्यांशको अर्थ के हो भनी धेरैले सोध्छन् ।
- (घ) कसरी खीष्टको पुनरुत्थानले मुक्तिको विषयमा केही गर्न सक्छ, जब कि उहाँको मृत्युले पाप क्षमा गर्दछ ।

[I] बप्तिस्मा एउटा "रुप" हो ।

(क) *रुपको परिभाषा*

(१) ग्रीक शब्द "antitupon" हो, जसबाट अंग्रेजी शब्द "antitype" आएको छ, जसको अर्थ, कुनै बस्तु ढाँचासँग बनाइएको हो; जुन प्रकारसँग मेल खान्छ ।" प्रकार भनेको आकृति वा केही आउने चीजको प्रतिनिधित्व हो ।

(२) त्यसो भए तपाईसँग दुईवटा चीजहरु छन् जुन कुनै न कुनै रुपमा सम्बन्धित वा मेल खान्छ । एउटा प्रकार हो, अर्को रुप हो ।

(ख) *जहाजभित्र नोआ र उनको परिवारको उद्धार भएको एउटा प्रकार हो; बप्तिस्मा एउटा रुप हो । यसले भन्दैनन् कि बप्तिस्माले सांकेटिकरुपमा*

बचाउँछ, तर त्यो जलप्रलयको पानी ख्रीष्टियान बप्तिस्माको चिन्ह हो ।

[II] बप्तिस्मा र मुक्तिको सम्बन्ध ।

(क) *बप्तिस्माले या त हामीलाई बचाउँछ या बचाउँदैन् ।*
- (१) यो दुवै हुन सक्दैन, वा कुनै तरिकाले कहिलेकाही हुन सक्छ ।
- (२) प्रेरणा प्राप्त पत्रुसले भन्दछ कि बप्तिस्माले हामीलाई बचाउँछ ।

(ख) *जलप्रलयको उद्देश्य: मानिस अत्यन्तै दुष्ट भइसकेको थियो (उत्पति ६:५- ६) ।*
- (१) यस्तो देखिन्छ कि मानिसमा राम्रो विचार थिएन ।
- (२) मानिसलाई बनाउनु भएकोमा परमेश्वरलाई पछुतो भयो र मानिसलाई नष्ट गर्ने निर्णय गर्नुभयो ।

(ग) *नोआले प्रभुको दृष्टिमा अनुग्रह पाए (उत्पति ६:८) । यो पहिलो पल्ट बाइबलमा उल्लेख गरेको अनुग्रह शब्द हो ।*
- (१) आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए, तिनी परमेश्वरको साथै हिँड्ने गर्थे (उत्पति ६:९) ।
- (२) परमेश्वरले नोआलाई आफ्नो योजनाको बारेमा बताउनुभयो र उनलाई एउटा जहाज बनाओ भन्नुभयो (उत्पति ६:१४) । संसारलाई यो कुरा मूर्ख जस्तो लाग्यो होला ।
- (३) नोआले परमेश्वरको आज्ञा पालन गरे । "विश्वासद्धारा नोआले त्यति बेलासम्म अदेख रहेका घटनाका बारेमा परमेश्वरबाट चेतावनी पाएर भक्तिसाथ आफ्नो घरानालाई बचाउन एउटा जहाज बनाए । यसरी संसारलाई दोषी ठहराएर विश्वासद्धारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए" (हिब्रू ११:७) । न त केवल विश्वासले मात्र न त अनुग्रहले मात्र नोआलाई बचाए । नोआको आज्ञाकारिताले उनलाई बचाए ।
- (४) नोआको जहाज बाहिर उद्धार थिएन् ।

(घ) *नोआलाई वास्तवमा के ले बचायो?*
- (१) हामी भन्न सक्छौं कि परमेश्वरले उनलाई बचाउनुभयो- किनभने उहाँले गर्नुभयो (उहाँको शक्ति र योजना अनुसार) ।
- (२) हामी भन्न सक्छौं कि उनलाई जहाजले बचायो- किनभने जहाजले गर्‍यो ।
- (३) हामी भन्न सक्छौं कि उसको विश्वासले उसलाई बचायो, किनकि उनले विश्वासले गर्‍यो (बिना विश्वास उनले जहाज बनाएको थिएन्) ।
- (४) पत्रुस भन्दछन् कि उनी पानीद्धारा बचाइएको थियो (सांकेटिक रुपमा बचाइएको होइन्) ।

(ङ) *चित्रण के हो?*

(१) पानीले जहाजलाई उकालो लग्यो ।
(क) संसारको विनाशबाट कब्जा गर्नेहरुलाई बचायो ।
(ख) आज्ञाकारी योजनाको अन्तिम अवस्था बप्तिस्मा हो जहाँ पापको पुरानो संसारबाट छुटकारा पाउनेछ, जुन नष्ट हुनेछ ।

(२) पापको पुरानो संसारलाई पानीले नष्ट गऱ्यो ।
(क) यसले संसारको पाप र दुष्टतालाई सफा गरिदियो । नोआलाई नयाँ संसारमा पठाइयो । वास्तवमा, तिनीहरुसित नयाँ अस्तित्व थियो ।
(ख) बप्तिस्मामा "पापको पुरानो मनुष्यत्व" गाडिएको छ, र पानीको चिहानबाट कोही "जीवनको नयाँपनमा हिंड्न" आउँछ । "यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा खीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी नयाँ जीवनको मार्गमा हिँडौं" (रोमी ६:४) ।

(च) *तर कसैले भन्दछ, "नोआलाई वास्तवमा पानीबाट बचाइएको थियो, पानीद्वारा होइन् ।"*
(१) पाठले त्यसो भनेको छैन् ।
(२) परमेश्वरले पानी पठाउनु भएकोले मात्र जहाजले तिनीहरुलाई बचायो । यदि परमेश्वरले तिनीहरुलाई आगो पठाउनु भएको भए तिनीहरु जलेर मर्ने थिए । जहाजमा तिनीहरु "पानीद्वारा भएर बचाइएको थियो ।"
(३) तथापि, बचाउन सक्ने शक्ति पानी होइन् । प्रभु नै मुक्तिदाता हुनुहुन्छ, पानी होइन् । नोआ जहाजमा बचाइयो जुन पानीको माध्यम हो । हामी पानीको माध्यमबाट खीष्टमा बचाइएका छौं ।

[III] बप्तिस्मा र खीष्टको पुनरुत्थान ।

(क) *पानीको बप्तिस्मामा मुक्ति पाइँदैन् ।*
(१) यो शरीरको मैला हटाएजस्तो होइन् भनी पत्रुसले यसलाई स्पष्ट पार्दछ । पानीले गर्न सक्ने यति मात्र हो ।
(२) खीष्टको रगतद्वारा मात्र हामी मुक्ति पाउन सक्छौं ।

(ख) *खीष्टको पुनरुत्थानको कारणले गर्दा बप्तिस्मामा मुक्ति सम्भव छ ।*
(१) बप्तिस्माले कसैलाई खीष्टमा राख्छ । "यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा खीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं" (रोमी ६:३) । "किनकि तिमीहरुमध्ये जतिको खीष्टमा बप्तिस्मा भयो, तिमीहरु सबैले खीष्टलाई धारण गरेका छौं" (गलाती ३:२७) ।
(२) खीष्ट हाम्रो पापको निम्ति मर्नुभयो, तर उहाँको पुनरुत्थानले उहाँको

मृत्युमा शक्ति दिन्छ । "खीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरुको विश्वास व्यर्थ छ, र तिमीहरु अझसम्म आफ्ना पापमा नै छौ" (१ कोरिन्थी १५:१७) ।

(३) तर, येशू मृतकबाट बौरी उठ्नुभएको हुनाले जो हामी उहाँको मृत्युको समानतामा एकताबद्ध भएकाहरुले जीवनको नयाँपनमा हिड्दै उहाँको पुनरुत्थानको शक्ति बाँड्न सक्छौं (रोमी ६) ।

(४) यसरी, हामी देख्छौं कि बप्तिस्माले हामीलाई बचाउँछ, पानीमा सफा गर्ने शक्ति भएको कारणले होइन्, तर त्यो क्षणमा परमेश्वरले के गर्दै हुनुहुन्छ भन्ने कुराले गर्दा हो । बप्तिस्मा पछाडिको शक्ति येशूको पुनरुत्थान हो (रोमी १:३) ।

[IV] बप्तिस्मा र शुद्ध विवेकको प्रतिक्रिया भनेको के हो?

(क) *बप्तिस्मा भनेको बाहिरी धुलाई मात्र होइन् ।*

(१) नयाँ नियमको समयमा यहूदीहरु बारम्बार, प्रायः हरेक दिन आफैलाई डुबाएका हुन्छन्, जुन औपचारिक रुपमा व्यवस्था अनुसार आफैलाई सफा वा शुद्ध राख्ने अर्थ दिन्छ । यरुशलेम र यहूदीका अन्य बस्तीहरुमा धेरै बप्तिस्माका पोखरीहरु फेला परेका छन् । बाहिरी कार्यहरुले तिनीहरुलाई परमेश्वरमा स्वीकार्य बनाउँछन भनी आज पनि धेरैले सोच्ने गर्दछन् (जस्तैः बाल बप्तिस्मा, मण्डलीमा विवाह, खीष्टियान अन्त्येष्टि आदि) ।

(२) शरीरको मैला हटाउने चित्रलाई बप्तिस्मासँग प्रयोग गर्दछ, न ता निधारमा पानीको केही थोपाहरु भर्ने प्रयोग गर्दछ ।

(३) अर्को वाक्यांशसँग मिलाएर हेर्दा बप्तिस्मा भनेको आफैले मुक्ति ल्याउने केही जादूई सुत्र होइन् । बप्तिस्मा केवल धर्मविधि होइन् ।

(ख) *शुद्ध विवेकको प्रतिक्रिया भनेको के हो?*

(१) धेरै वर्षसम्म मैले सोचेर यो वाक्यांशको अर्थ मलाई यो लाग्यो कि जब एक पल्ट इमान्दार व्यक्तिले आफू हराएको महसुस गर्छ, उसले तुरुन्तै बप्तिस्मा लिन चाहन्छ किनभने उसले परमेश्वरको आज्ञा पालन गर्न चाहन्छ (उदाहरणः टार्ससको शाऊल) ।

(२) कुनै अनुवादमा प्रतिज्ञा, सोधपुछ, परमेश्वरसँग अपीलको उल्लेख गर्दछ । यसकारण बप्तिस्मा शुद्ध विवेकको निम्ति परमेश्वरसँग अनुरोध वा प्रार्थना हुन जान्छ, जुन हाम्रो पापको शुद्धिकरण मार्फत आउँछ । "खीष्टको रगतले त झन कति बढी गरी तिमीहरुका विवेकलाई मरेका कामहरुबाट शुद्ध पार्नेछ, ताकि तिमीहरु जीवित परमेश्वरको सेवा गर्न सक । किनकि उहाँले अनन्त आत्माद्वारा आफैलाई निष्खोट बलिको रुपमा परमेश्वरलाई अर्पण गर्नुभयो" (हिब्रू ९:१४) ।

(३) "किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ" (रोमी १०:१३; प्रेरित २२:१६)।

(४) बप्तिस्मा एउटा अपील भएकोले उनले के अपील गर्दैछ भन्ने कुरा बुझ्नु पर्छ। यसकारण कसैले बप्तिस्माको उद्देश्य बुझ्दैनन् भने त्यो धर्मशास्त्र अनुसारको बप्तिस्मा हुँदैन।

निष्कर्ष

(१) उनको मुक्तिमा मानिसको कुनै हिस्सा छैनन् भनी भन्नेहरुका लागि म सोध्छु, "के नोआले आफ्नो मुक्तिमा कुनै भूमिका खेलेको थियो?" के उनी आफ्नो मुक्तिमा सक्रिय वा निष्क्रिय थियो?

(२) मुक्ति (नोआको लागि पनि) जहिले पनि अनुग्रहद्वारा (परमेश्वरको हिस्सा) विश्वासबाट (मानिसको भागमा आज्ञाकारी विश्वास) भएको छ।

(३) १ पत्रुस ३:२२ ले भन्दछ कि सबै शक्ति खीष्टको अधीनमा राखेको छ। के तपाईले उहाँको आज्ञा पालन गरेर उहाँको अधिकारको अधीनमा रही उहाँको बप्तिस्माको आज्ञालाई पालना गर्नुभएको छ?

(४) के तपाईले परमेश्वरको अगि शुद्ध विवेको निम्ति अपील गर्नुभएको छ?

पाठ- १९

प्रतिज्ञा अनुसारको उत्तराधिकारी

Heirs According to the Promise

गलाती ३:२६-२९

परिचय

(१) महल वा विशाल सम्पत्तिको उत्तराधिकरी हुन पाउनु राम्रो कुरा हो ।

(२) तर त्यस्तो आशिषहरु प्रतिबन्धित छन् । सन्तान भएर जन्मनु पर्छ वा कसैको सम्पत्तिको इच्छा पत्रको सूचीमा सम्लग्न हुनुपर्छ ।

(३) उत्तराधिकारी बन्नको लागि निश्चित आवश्यकताहरु पूरा गर्नु पर्छ । एडवर्ड आठौं आफ्नो बुबा जर्ज पाँचौंको मृत्यु पछि १९३८ मा ग्रेट ब्रिटेन आयर ल्याण्ड र भारतको सम्राट बने । उनले ३२७ दिन, जनवरी २० देखि डिसेम्बर ११, १९३६ सम्म शासन गरे, तर कहिल्यै ताज पहिरिएन् । उनले डिसेम्बर ११, १९३६ मा सिंहासन त्याग गरे, ताकि उनले श्रीमती वालिस सिम्पसन, एक अमेरिकीसँग विवाह गर्न सकून् । प्रधानमन्त्री स्टेनली बाल्डविनले इङ्गल्याण्डमा यस्तो विवाहलाई वैधानिकता दिन नसक्ने निर्णय गरे र एउटा आवश्यकता पूरा गर्न असफल भएर आफ्नो उत्तराधिकारी भएको सिंहासन गुमाए ।

(४) आफू हकदार नभएको कुरामा अक्सर मानिसहरु सम्पत्ति वा आशिष पाउन चाहन्छन् ।

(क) मत्ती २१:३३-४६ मा येशूले मालिकको छोरालाई मार्न चाहने केही किसानहरुको कथा बताउनुभयो, जहाँ तिनीहरुले काम गरेको दाखबारी कब्जा गर्न चाहेका थिए ।

(ख) अदालतको प्रणालीहरु पैसा खोज्ने मानिसहरुका मुद्दाहरुले भरिएका छन्, जसको तिनीहरु हकदार छैनन् ।

(ग) परमेश्वरले दिनुहुने सबै आशिषहरु "परमेश्वरका सन्तान" भएर मात्र प्राप्त गर्न सकिन्छ (एफिसी १:३) ।

[I] हाम्रा पाठमा पावल भन्दछन् कि हामी "प्रतिज्ञा अनुसार उत्तराधिकारी हौं ।"

(क) *प्रतिज्ञा के थियो?*

(१) परमेश्वरले अब्राहामको सन्तान मार्फत सबै जातिहरुलाई आशिष दिने प्रतिज्ञा गर्नुभएको थियो, यो आत्मिक आशिष थियो ।

(२) त्यो प्रतिज्ञा गरिएको सन्तान येशू हुनुहुन्थ्यो (गलाती ३:१६) ।

(ख) *हामीले त्यो प्रतिज्ञा कसरी प्राप्त गर्छौं? हामी अब्राहामको सन्तान हुनैपर्छ ।*

(१) यहूदीहरुले यसको अर्थ अब्राहामको सन्तान हुनु हो भनी ठाने । इश्माएलहरु अब्राहामका सन्तान थिए तर प्रतिज्ञा अनुसारको

उत्तराधिकारी थिएनन् ।

(२) मोशाको व्यवस्था पालन गरेर मुक्ति पाइन्छ भनी तिनीहरुले सोचेका थिए ।

(३) तर धार्मिकता व्यवस्थाद्वारा भएर आउँदैन्, यो येशूमा गरिएको विश्वासद्वारा आउँछ (गलाती २:१६) ।

(४) व्यवस्थाले प्रतिज्ञा गरिएको आशिष ल्याएनन्, त्यसको सट्टा यसको अधीनमा भएकाहरुलाई श्राप दियो ।

(५) व्यवस्थाले निर्दोष आज्ञाकारिताको माग गर्दछ (गलाती ३:१०) ।

[II] पावलले निर्दिष्ट गर्दछ कि उत्तराधिकारी हुनको लागि तपाई खीष्टको अधीनमा हुनुपर्छ ।

(क) *यसको मतलब उत्तराधिकारी बन्ने आशिष अब सबैमा उपलब्ध छ ।*

(१) व्यवस्थाले इस्राएललाई मात्र परमेश्वरको करारका मानिसहरुको रुपमा पहिचान गरायो ।

(२) अब हामी सबै खीष्टमा एउटै शरीर हुन सक्छौं । जाति, सामाजिक हैसियत वा अन्य भौतिक भेदभावहरु बिना, हामी सबै खीष्टमा एक हौं ।

(ख) *खीष्टसँग सम्बन्धित हुन शर्त हुन्छ । " यदि तपाई खीष्टको हुनुहुन्छ ।" सबै खीष्टका होइनन् ।*

[III] हामी कसरी खीष्टका हौं?

(क) *खीष्टमा विश्वास गरेर (गलाती ३:२७) ।*

(१) यसको मतलब यो हो कि अब पुराना करारहरुलाई पालना गर्नु आवश्यक छैन् ।

(२) त्यहाँ केही यहूदी शिक्षकहरु थिए जसलाई खीष्टमा विश्वास गर्न कुनै समस्या थिएन्, तर उनीहरुले यो पनि विश्वास गरे कि तपाईले व्यवस्था पालन गरिरहनु पर्छ । अर्को शब्दमा, तिनीहरुले खीष्ट पर्याप्त थिएनन् भनिरहेका छन् ।

(३) तर पावलले औंल्याए कि व्यवस्थाको सम्पूर्ण उद्देश्य मानिसहरुलाई खीष्टतर्फ औंल्याउनु थियो (गलाती ३:२४), हामीले आफूलाई बचाउन सक्दैनौं भन्ने कुरा महसुस गर्न सहायता गर्दछ ।

(ख) *तर यसको मतलब यो होइन् कि हामीले गर्न सक्ने वा गर्नै पर्ने केही छैन ।*

(१) ग्रीकमा विश्वासको अगाडि "यो" भनेर तोकिएको हुन्छ । शाब्दिक रुपमा यसले खीष्टमा गरिएको विश्वास भन्दछ । यसले संकेत गर्छ कि यो व्यक्तिको विश्वास होइन् जुन पावलले सन्दर्भ गरेको छ, तर खीष्टमा गरिएको विश्वासको उद्देश्य प्रणाली हो ।

(२) नयाँ नियममा धेरै पदहरुले स्पष्ट पार्छ कि "विश्वास" भनेको विश्वासको प्रणाली हो (सुसमाचार जसद्वारा सबै मानिसहरु धर्मी ठहरिन्छन)।

(क) "पूजाहारीहरुको ठूलो समुह विश्वासमा आज्ञाकारी भए (प्रेरित ६:७)।

(ख) १ तिमोथी ४:१ ले हामीलाई सम्झाउँछ कि त्यहाँ "विश्वासबाट टाढा जाने" छन्।

(३) गलाती ३:२३-२५ मा "विश्वास" तीन पटक प्रयोग गरिएको छ, स्पष्ट रुपमा विश्वासको प्रणालीको सन्दर्भ, मोशाको व्यवस्थाको विपरीत उल्लेख गरेको छ।

(४) "विश्वास" शब्दले व्यवहारिक रुपमा नयाँ धर्मलाई "व्यवस्था" को रुपमा सेवा गरेको पदनाम हो।

(ग) *किन येशूका शिक्षाहरुलाई "विश्वास" भनिन्छ?*

(१) यसको लागि विश्वास चाहिन्छ। विश्वास भनेको काम गर्न उत्प्रेरित गर्ने शक्ति हो। हाम्रो विश्वासको कारणले गर्दा हाम्रो कार्यहरु पुरस्कृत हुन्छन् जसले कार्यहरुलाई उत्प्रेरित गर्‌यो। उद्धार गर्ने विश्वासमा जहिले पनि केही आज्ञाकारिताका कार्यहरु समावेश हुन्छन्। तर आज्ञाकारिताका ती कार्यबाट कुनै पनि तरिकाले हामीले इनाम कमाउन सक्दैनौं।

(२) कुनै पनि असल कामद्वारा हामीलाई खीष्टमा ल्याउन सक्दैन्।

(३) कानुनी प्रणालीहरुले मापदण्डहरु दिन्छ, जुन उलंघन गर्दा नियम तोड्ने बनाउँछ, धर्मी मानिसहरु बनाउँदैनन्। हामी कठोर नियम कानुन प्रणालीमा आधारित भएर आफ्नै कामहरुमा भर पर्न सक्दैनौं।

(४) केवल येशूबाट आएको अनुग्रहले यो सम्भव भयो, जसबाट पापी मानिस धर्मी हुन सक्छन्।

(५) काम विनाको विश्वास व्यर्थको हुन्छन् (हिब्रू ११:६), र विश्वास विनाको काम व्यर्थको हुन्छ (याकूब २:२४)।

(६) उदाहरणहरु (हिब्रू ११ अध्याय)।

(क) हाबिलले आफ्नो बलिदान चढाए (पद ४)।

(ख) हनोक परमेश्वरसित हिँडे (पद ५)।

(ग) नोआले एउटा जहाज तयार पारे (पद ७)।

(घ) अब्राहामले आज्ञा पालन गरे र आफ्नो घर छोडे (पद ८)।

(ङ) सारा गर्भवती भइन् (पद ११)।

(च) अब्राहामले इसहाकलाई बलिदानको निम्ति लगे (पद १७)।

(छ) योसेफले आफ्नो हड्डीहरुको बारेमा आज्ञा दिए (पद २२)।

(ज) मोशाका आमाबाबुले उसलाई लुकाए (पद २३)।

(झ) मोशाले फारोकी छोरीले छोरा भनेर बोलाउन इन्कार गरे (पद २४)।

(ञ) मोशाले मिश्र देश छोडे (पद २७)।

(ट) मोशाले निस्तार चाड मनाए (पद २८)।
(ठ) इस्राएलका मानिसहरु समुन्द्र हुँदै यात्रा गरे (पद २९)।
(ड) इस्राएल यरीहोको वरिपरि पैदल हिँडे (पद ३०)।
(ढ) राहाबले जासुसहरुलाई लुकाइन् (पद ३१)।

(घ) *खीष्टमा बप्तिस्मा (गलाती ३:२७)।*

(१) "निम्ति" भन्ने संयोजनलाई ध्यान दिनुहोस्। हामी कसरी विश्वासद्वारा परमेश्वरका सन्तान हुन्छौं भनी यसले बताउँदछ।
(२) गलाती ३:२६ वर्तमान काल हो। बप्तिस्मा लियो भन्ने भूतकाल हो। तपाई अहिले (वर्तमान काल) परमेश्वरका सन्तान हुनुहुन्छ किनभने तपाईले बप्तिस्मा लिनुभएको थियो (भूतकाल)।
(३) बप्तिस्माले हामीलाई खीष्टसँग, उहाँको मृत्युसँग, उहाँको पुनरुत्थानसँग जोड्छ (रोमी ६:३-८)।
(४) पावलका लेखहरुमा आधारित भएर धेरैले "विश्वास मात्र" भन्ने सिद्धान्त सिकाउँछन्।
(५) कतिपय मानिसहरुले बप्तिस्मालाई अति आवश्यक बनाउनको निम्ति यो कामको रुपमा लिएको भन्दछ, जसद्वारा पावल भन्दछन् कि हामी त्यसरी धर्मी भएका छैनौं।
(६) उनको परिभाषा अनुसार मुक्ति अघि गरिएको कुनै पनि कियाकलापहरु काम होइन्। मुक्ति पछि गरेको कुनै पनि कियाकलापहरु काम हो र त्यसैको आवश्यक छैन्। के पश्चात्ताप गर्नु काम होइन र? यदि सही हो भने कुनै काम वा आज्ञाकारिताको निम्ति कुनै कार्य आवश्यक छैन।
(७) यसले पावल आफैलाई बेमेल बनाउँछ। रोमी २:७ मा पावल भन्दछ कि "धैर्यसँग असल काम गरेर महिमा, इज्जत र अमरत्व खोज्नेहरुलाई चाहिँ उहाँले अनन्त जीवन दिनहुनेछ।"
(८) रोमी ६:१७-१८
(९) खीष्टमा मुक्ति छ (२ तिमोथी २:१०)। बप्तिस्माले कसैलाई "खीष्टमा" राख्छ। यो सानो उपसर्ग "eis" वा "into" ले सधै सम्बन्धको परिवर्तन वा राज्यको परिवर्तनलाई जनाउँछ।
(१०) बप्तिस्मा आफैमा पाप हटाउने काम होइन। यो येशूको काममा गरिने विश्वासमा आधारित छ। तर यसले ठ्याक्कै बताउँछ कि परमेश्वरले हामीलाई क्षमा गर्नुहुन्छ र हामीलाई नयाँ सृष्टि बनाउनुहुन्छ।

(ङ) *जब हामी बप्तिस्मा लिन्छौं, तब हामी खीष्टका वस्त्र धारण गर्छौं।*

(१) जब कोही व्यक्ति खीष्टियान हुन्छन् तब उसले आफ्नो पुरानो जीवनको वस्त्र फुकाल्छ, खीष्टको स्वभाव र सेवालाई धारण गर्दछ। हामी खीष्ट जस्तै देखिन थाल्छौं।
(२) के खीष्टलाई धारण नगरीकन मानिसले मुक्ति पाउन सक्छ? यदि

बप्तिस्मा अंग बचाइयो भने, उनी हुन सक्छ । पावल भन्दछ कि बप्तिस्मामा हामी ख्रीष्टलाई धारण गछौं, वा ख्रीष्टद्वारा वस्त्र लगाएका छौं ।

(३) वर्तमान समयका कुनै पनि संरचनाका चिन्हहरुसँग तुलना गर्न सक्दैन्, किनकि अब हामीले क्षमा र मुक्तिको लुगा लगाएका छौं ।

(४) तिनीहरुले लगाएको लुगाले तिनीहरु को हुन् भनेर चिन्ह गर्छन् भनी कहिलेकाहीं मानिसहरु सोच्छन् ।

(५) हामी ख्रीष्टियान हौं भनेर चिन्ह लगाउनुपर्छ । हामीले गर्वका साथ त्यो नाम अगाल्नुपर्छ ।

[IV] ख्रीष्ट येशूमा हामी सबै एक हौं (गलाती ३:२६, २८-२९) ।

(क) *हामी सबै एउटै शरीरमा एकताबद्ध छौं । ख्रीष्टमा हामी सबै परमेश्वरको एउटै परिवार हौं ।*

(१) त्यहाँ एउटै शरीर र एउटै बप्तिस्मा छ भनी एफिसी ४ अध्यायमा पावल भन्दछ ।

(२) आज धेरै फरक-फरक बप्तिस्माहरुलाई मानिसहरुले अभ्यास गर्दछन्, त्यसले मानिसहरुलाई विभिन्न मण्डलीहरुमा राख्ने गर्दछन् ।

(३) एउटै बप्तिस्माले सौतेनी दाजुभाइ र सौतेनी दिदी बहिनीहरु सृजना गर्दैन्, बरु परमेश्वरका सन्तानहरु सृजना गर्दछ, जो स्वभावमा समान हुन्छ ।

(ख) *साँचो ख्रीष्टियानिटीमा कुनै पर्खाल वा अवरोधहरु छैनन् । यो सत्यतालाई सबैले मनन गर्नुपर्छ ।*

(१) हामीले ख्रीष्टमा बप्तिस्मा लिएको हुनाले हामी अब्राहामका आत्मिक सन्तान र प्रतिज्ञाका उत्तराधिकारी हौं ।

(२) हामी सबैले प्रतिज्ञाको उत्तराधिकारी बन्ने इच्छा गर्नुपर्छ । उत्तराधिकारी हुन हामीले विश्वास गर्नुपर्छ, पश्चात्ताप गर्नुपर्छ, स्वीकार गर्नुपर्छ र बप्तिस्मा लिनुपर्छ ।

पाठ- २० छिमेकीमा सबैभन्दा लोकप्रिय चोर

The Most Popular Thief in the Neighborhood

लूका २३:३९-४४

परिचय

(१) येशूको मृत्य हुँदा त्यहाँ तीनवटा कूसहरु थिए । एक जना लेखकले त्यो दृश्यलाई यसरी वर्णन गरेका थिए: "त्यो अप्रिलमा गलगथाको निधारमा तीन वटा कूस खडा थिए । एकजना चोर आफ्नै पापमा मरे र हराए । अर्को कूसमा एकजना चोर पापको लेखी मरे र उद्धार पाए । तेस्रो कूसमा, एउटा थुमा सबैको पापको निम्ति मर्नुभयो, जो परमेश्वरको पुत्र हुनुहुन्थ्यो ।

(२) सुरुमा दुवै चोरहरुले येशूलाई गाली गर्दै थिए, तर कूसमा समय बिताइरहँदाको केही समय पछि एक जना चोरले मौका लियो । यसरी उनले आफ्नो प्रख्यात बयान दिए । अनि येशूले जवाफ दिनुभयो, "आजै तिमी मसित स्वर्गलोकमा हुनेछौं ।"

(३) सामान्यतया चोरहरु धेरै लोकप्रिय हुँदैनन्, तर यो एक जना प्रख्यात भए । येशू जस्तै उनी व्यापक रुपमा चिनिए ।

(क) हामीलाई उनको बारेमा धेरै थाहा छैन, उनको नामसमेत थाहा छैन् । सामान्य चोरहरुलाई कूसमा टाँग्दैन्थ्यो । ऊ साधारण चोर थिएन्, सम्भवत: रोमी सरकार विरुद्ध विद्रोहवादी थिए ।

(ख) उनले आफ्नो मृत्युको घडीमा दिइको एउटा छोटो वाक्यको लागि उनी परिचित भए, "हे येशू, तपाई आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्" (लूका २३:४२) ।

(४) यो चोर किन यति लोकप्रिय भयो?

(क) उनलाई प्रभुको मौखिक रुपमा मात्र मुक्ति सिकाउन प्रयोग गरिन्छ ।

(ख) विश्वासद्धारा मात्र मुक्ति पाइन्छ भनी उनलाई प्रयोग गरिन्छ । एक जना मानिसले यसो लेख्दछ, "जब तपाईले येशू ख्रीष्टलाई आफ्नो प्रभु र मुक्तिदाताको रुपमा ग्रहण गर्नुहुन्छ तपाईको पाप क्षमा तुरुन्तै हुन्छ, स्वीकार गरिन्छ, अनन्त जीवन सुरक्षित हुन्छ, र स्वर्गको लागि बाँधिएको हुन्छ ।"

(ग) कसैको पाप क्षमाको निम्ति बप्तिस्मा बिना मुक्ति पाइन्छ भनी सिकाउन उनलाई प्रयोग गरिन्छ ।

(घ) मण्डलीमा प्रवेश नगरिकन पनि मुक्ति पाइन्छ भनी सिकाउन उनलाई प्रयोग गरिन्छ ।

(ङ) मृत्यु- शैयामा पश्चात्ताप गर्न सिकाउन उनलाई प्रयोग गरिन्छ ।

(५) कसैले यस्तो सोधेको कुरा सुन्नु असामान्य होइन्, "कूसमा टाँगेको चोरको बारेमा के भन्ने? नयाँ नियममा कसैले पनि त्यो प्रश्न सोधेका थिएनन् ।

(६) त्यो चोरको उद्धार भएकोमा हामी सहमत छौं । स्वर्गलोक पातालको अंश हो जहाँ उद्धार पाएकाहरु न्यायको निम्ति पर्खेर बसेका छन् ।

[I] उनको कथाले आजको निम्ति मुक्तिको मार्ग सिकाउँदैन् ।

(क) *उनी ताढाको पापी होइन्, तर परमेश्वरको करारका मानिसहरुको अंश हो । उनी यहूदी थियो । उनी नयाँ करारमा नभइकन पुरानो करारमा मरे ।*

(१) के रोमीहरुले आफ्ना नागरिकहरुलाई कूसमा टाँगेका थिए? थिएनन् ।

(२) रोमीहरुले अनाज्ञाकारी प्रजाहरुलाई कूसमा टाँग्थे । त्यो विशेष क्षेत्रका यहूदीहरु थिए ।

(३) अर्को चोरलाई उनको यस्तो शब्द थियो, "के तँ परमेश्वरको डर मान्दैनस्?" यी शब्दहरुबाट उनी यहूदी भएको संकेत गर्दछ ।

(४) उनले कहिल्यै बप्तिस्मा लिएको थिएन भनी मानिन्छ । तर यूहन्नाले त्यो क्षेत्रमा ठूलो भीडलाई बप्तिस्मा दिए । उनलाई येशू र आउँदै गरेको राज्यको बारेमा पनि धेरै कुरा थाहा थियो । मृत्यु अन्त्य होइन् र खीष्टको राज्य आउनेछ भन्ने कुरामा उनलाई विश्वास थियो । चेलाहरुले सोचेका थिए कि तिनीहरुको आशा कूसमा मर्दैछ । त्यसैले उनले यूहन्नाको बप्तिस्मा लिएका थिए होला ।

(५) उनले बप्तिस्मा लिएको थियो वा थिएन भन्ने कुरा महत्वपूर्ण भएन । किनभने यदि उनी कसैको निम्ति मुक्तिको उदाहरण भएको छ भने गलतमा रहेका खीष्टियानहरु र अखीष्टियानहरुले कसरी क्षमा पाउन सकिन्छ भन्ने कुराको निम्ति उदाहरण भयो ।

(ख) *पुरानो व्यवस्था रद्द गर्नु अघि नै उनलाई बचाइएको थियो ।*

(१) येशूको मृत्यु पुरानो करार र नयाँ करार बीचको विभाजन रेखा थियो । "तिमीहरु आफ्ना अपराध र शरीर अनुसार बेखतनामा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो, र हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरुलाई कूसमा कीला ठोकी रद्द गरिदिनुभयो" (कलस्सी २:१३-१४) । पद १६ मा पावलले शबाथहरु उल्लेख गरेका छन्, जसले प्रमाणित गर्दछ कि पावलले आफ्नो भनाइमा मोशाको व्यवस्था समावेश गरेका छन्, र त्यसपछि पद १७ मा पावलले ती चीजहरु आउने चीजहरुको छाया मात्र हुन भनेका छन्, तर सबै कुरा खीष्ट नै हुन् । यदि हामीले पुरानो व्यवस्था पालन गरेर उद्धार पाउन खोजिरहेका छौं भने वास्तविक कुराबाट भन्दा छायाद्धारा उद्धार पाउन प्रयास गरिरहेका हुन्छौं ।

(२) नयाँ करारको मध्यस्थकर्त्ता येशू हुनुहुन्छ (हिब्रू ९:१५-१७) ।

(३) पुरानो व्यवस्था हटाउनु अघि चोरको पाप क्षमा भएको थियो, आज खीष्टियान नहुनु भएकाहरुका निम्ति उनी मुक्तिको लागि उदाहरण होइन् ।

(४) त्यहाँ अरुहरु पनि थिए जसलाई येशूले बप्तिस्मा बिना पापहरु क्षमा गर्नुभयो ।
(क) येशूले पक्षघातीलाई क्षमा गर्नुभयो (मर्कूस २) ।
(ख) येशूले स्त्रीलाई क्षमा गर्नुभयो (लूका ७) ।
(ग) येशूले जखयासलाई मुक्तिको प्रतिज्ञा गर्नुभयो (लूका १९) ।
(५) येशूले भन्नुभयो, "मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ ।" पृथ्वीमा हुनुहुँदा उहाँले देख्नुभए अनुसार आत्मिक आशिषहरु दिन सक्नुहुन्थ्यो ।

(ग) *ख्रीष्टले महान आज्ञा दिनु अघि चोरलाई बचाइएको थियो ।*
(१) महान आज्ञासितको शुरुवाटमा ख्रीष्टले मुक्तिको सर्तहरु उच्चारण गर्नुभयो ।
(२) तर त्यो चोर महान आज्ञा लागु हुनु अगाडि नै मरे; त्यसैले ती सर्तहरु उनलाई लागू भएनन् ।

(घ) *वास्तवमा सुसमाचार प्रचार गर्नु अघि चोरको मृत्यु भयो ।*
(१) पावलको भनाइ अनुसार सुसमाचारको केन्द्र बिन्दुमा येशूको मृत्यु, गडाइ र पुनरुत्थान सम्लग्न छन् ।
(२) येशू मृत्युबाट बौरी नउठ्नुभए सम्म वास्तविक रुपमा सुसाचार प्रचार भएनन् ।
(३) सुसमाचारको पूर्ण कथा नसुनिकन उनी बाँचे र मरे । बप्तिस्मा नलिई हामी बचाइन सक्छौं भनेर चोरलाई प्रयोग गर्नु भनेको कहिल्यै पनि सुसमाचार नसुनिकन हामीले मुक्ति पाउन सक्छौं भनेर प्रमाणित गरिरहेका हुन्छौं ।

[II] उनको कथाले "मृत्य शैयाको" पश्चात्ताप बारेमा सिकाउँदैन् । यदि कहिल्यै मृत्यु शैयाको पश्चात्तापको विषय थियो भने यही नै हुनुपर्छ ।

(क) *कसैको विचारमा चोर चलाख थियो भन्ने लाग्न सक्छ । आफू मर्नुभन्दा अगि उसले आफ्नो जीवन जसरी बिताउन चाहेको थियो त्यसरी नै बिताएर अरु मानिसहरुको फाइदा पनि उठाए । अनि उनले पश्चात्ताप गर्यो र प्रभुले उसलाई बचाउनुभयो । " त्यसरी नै मेरो पनि उद्धार भएको चाहन्छु ।"*

(ख) *यो गर्नु एकदमै खतरनाक कुरा हो । यसमा धेरै कुरा हुन सक्छन् ।*
(१) तपाईले मौका पाउनु अघि प्रभु फर्कन सक्नुहुन्छ ।
(२) तपाईको अप्रत्याशित रुपमा मृत्यु हुन सक्छन् ।
(३) तपाईको हृदय सायद यति कठोर हुन सक्छन् कि तपाईलाई पश्चात्ताप गर्न असम्भव हुनेछ ।
(४) कथा एउटा प्रसिद्ध यहूदी धर्म गुरुको बारेमा भनिएको छ जो आफ्ना केही चेलाहरुसँग हिँडिरेको थियो, जब तिनीहरुमध्ये एकजनाले सोधे, "रब्बी, मानिसले कहिले पश्चात्ताप गर्नुपर्छ? रब्बीले यसबारे सोचेर

भन्यो, "तिमी आफ्नो जीवनको अन्तिम दिनमा पश्चात्ताप गर्न निश्चित हुनुपर्दछ?" त्यसपछि उनका धेरै चेलाहरुले विरोध गरे, "कुन दिन हाम्रो जीवनको अन्तिम दिन हुनेछ भनी हामी कहिल्यै निश्चित हुन सक्दैनौं।" रब्बीले मुस्काउँदै भन्यो, "त्यो समस्याको उत्तर सरल छ। अहिले पश्चात्ताप गर।"

(ग) *पावलले लेख्यो, "ग्रहणयोग्य समयमा मैले तिम्रो पुकारा सुनें, मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरे। हेर, ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो" (२ कोरिन्थी ६:२)। मूर्खले मात्र मुक्तिलाई अन्तिम मिनेट सम्म बन्द गर्नेछ।*

(१) तर चोरबाट हामीले कम्तिमा एउटा कुरा सिक्न सक्छौं। यो चोरलाई जीवनको अन्तिम घडीमा माफी दियो र ऊ यसको योग्य थिएन्। चोरले आफ्नै ओठबाट स्वीकार गरे कि उसले जे सजाय पाइरहेको थियो उ त्यसको योग्य थियो। तर येशूले उसलाई आफ्नो सबै पापबाट क्षमा गर्नुभयो र भविष्यको लागि आशा दिनुभयो।

(२) पावलले १ तिमोथी १:१५-१६ मा भन्दछ, "यो वचन हरप्रकारले ग्रहणयोग्य छ, कि पापीहरुलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो, र पापीहरुमा म सबैभन्दा मुख्य हुँ। तर यसकारण मैले कृपा पाएँ, कि पापीहरुमा सबैभन्दा मुख्य भएर पनि मद्धारा येशू ख्रीष्टले आफ्नो असीम धैर्य प्राप्त गर्न सकून, ताकि उहाँमाथि विश्वास गरेर अनन्त जीवन पाउनेहरुका लागि म एउटा उदाहरण बन्न सकूँ।"

(३) अर्को शब्दमा, पावलले भन्यो कि उनले परमेश्वरबाट कृपा पाउन सक्छन् र कसैले पनि पाउन सक्छन्। सायद चोरले यस्तै कुरा भन्यो होला।

(४) कूसको छेउबाट आफ्नो आँखा फर्काउनुहोस्, जहाँ चोर मरेको थियो।

(५) बीचको कूसमा केन्द्रित गर्नुहोस्, जहाँ तपाईको निम्ति मुक्तिदाता मर्नुभयो। तपाई चोर जस्तै बचाइएको चाहनुहुन्छ भनी भन्नु सरल देखिन्छ। तर चोरको ठूलो विश्वासलाई विचार गर्नुहोस्। सबैले उहाँलाई त्यागिएको अवस्थामा उसले येशूमा विश्वास गऱ्यो। विश्वास गर्ने कुनै कारण नभएको समयमा उनले विश्वास गरे। यस्तो देखिन्छ कि येशूले बचाउनु पर्नेछ।

(६) यदि तपाई साँच्चै विश्वास गर्नुहुन्छ भने उहाँलाई प्रेम गर्नुहोस्, उहाँले तपाईलाई जे गर भन्नुभयो, तपाईले त्यही गर्नुहुन्छ।

(७) येशूले महान आज्ञामा भन्नुभयो, "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ।" यो कथन अक्सर भनिएको छ कि दोषको आधार विश्वास हो, बप्तिस्मा होइन्। तर विश्वास बिना कोही कहिल्यै बप्तिस्माको बिन्दुमा पुग्न सक्दैनन्।

पाठ- २१

लाल समुन्द्रका नियमहरू

Red Sea Rules

प्रस्थान १४:१-२१

(१) सुसमाचार प्रचार गर्नु एउटा अद्भुत जिम्मेवारी हो । पछिल्लो पटक पावलले एफिसीको एल्डरहरुलाई भेट्दा उनले भने कि उनी सबै मानिसहरुको रगतबाट मुक्त भएका थिए किनभने उनले उनीहरुलाई परमेश्वरको समस्त अभिप्राय घोषणा गरेका थिए । यसको अर्थ यदि परमेश्वरका सेवकहरुले परमेश्वरका समस्त अभिप्रायहरु प्रचार गर्न बेवास्ता गरे । त्यसपछि कम्तिमा पनि केही हदसम्म उनका स्रोताहरुको रगत उनको हातमा छ ।

(२) म तपाईहरु प्रत्येकलाई भविष्य हेर्न प्रोत्साहित गर्दछु । अक्सर हाम्रो स्वभाव विगतमा बिताउने गर्दछन् ।

(क) हामी विगतका कुरालाई फर्केर हेछौं । हामीले गरेका गल्तीहरु अनि गलत निर्णयहरुप्रति पछुतो गछौं ।

(ख) हामीलाई मन परेका कुराहरु हामीले सोचेको तरिका अनुसार नहुँदा हामी निरुत्साहित हुन्छौं ।

(ग) यो कुनै नौलो कुरा होइन् । एउटा देशको प्रारम्भिक इतिहासमा इस्राएलका सन्तानहरुले यस्तै गरे । तिनीहरुले खुशीसाथ मिश्र देशबाट परमेश्वरलाई पछ्याए ("आनन्दका दिनहरु फेरि यहाँ छन्"), तर तिनीहरुले अपेक्षा नगरेको ठाउँमा परमेश्वरले तिनीहरुलाई अगुवाइ गर्नुभयो । परमेश्वरले तिनीहरुलाई एउटा ठाउँमा लैजानुभयो जहाँ तिनीहरुको अगाडि समुन्द्र थियो, फारोका सेनाहरु तिनीहरुका पछाडि थिए, र तिनीहरुको दुवैतिर पहाडहरु थिए । तिनीहरु मिश्र देशमै बसेको भए राम्रो हुने बताए । प्रस्थान १४:१२ मा, "हामीले तपाईलाई भनेको थिएनौं र?"

(घ) तर परमेश्वरले भन्नुभयो, "अगाडि जाओ ।" परमेश्वरले इस्राएललाई भरोसा गर्न सिकाउँदै हुनुहुन्थ्यो । विगतबाट सिक्नुहोस्, तर विगतमा नजिउनुहोस् । इस्राएल विगतमा जिइएको थियो । पछि पनि तिनीहरु धेरै पटक मिश्र देशमा फर्कन चाहेका थिए । म तपाईहरु प्रत्येकलाई भविष्य हेर्न प्रोत्साहित गर्दछु । विगतका गल्तीहरुबाट सिक्नुहोस्, तर परमेश्वरको सेवा गर्न विश्वासमा अगाडि बढ्नुहोस् ।

(३) हामीलाई थाहा छैन् कि भविष्यमा हामीले कस्तो कठिनाइहरु सामना गर्नुपर्छ । कठिनाइहरुको मतलब हामी गलत छौं भन्ने होइन् ।

(क) योसेफ, ईश्वरीय सपनाहरु पूरा गर्न चाहना गर्ने व्यक्ति, उनलाई पक्रियो,

लुटियो, दासको रुपमा बेचियो, र मिश्र देशमा कैद गरियो ।

(ख) इस्राएलको अर्को राजाको रुपमा परमेश्वरले अभिषेक गर्नुभएको दाऊदलाई इस्राएली सेनाहरुले वर्षौसम्म खेदेका थिए ।

(ग) प्रभुका चेलाहरु येशूको आज्ञामा गालील समुन्द्रमा आँधीबेहरी र छालहरुको आतंकले भरिएको रातको सामना गर्नको लागि जहाज चढे ।

(घ) येशू आफैले, परमेश्वरको इच्छा पूरा गर्दै, क्रूसमा कीला टाँगिनुभयो र मृत्यु नभएसम्म झुण्ड्याइयो ।

(ङ) येशूले भन्नुभयो, "संसारमा तिमीहरुलाई सङ्कष्ट हुनेछ ।"

(४) हाम्रो कठिनाइहरुमा, हामी हाम्रो आफ्नै राहत भन्दा परमेश्वरको महिमाको लागि बढी चिन्तित हुनुपर्छ भन्ने कुरा महसुस गर्नुहोस् ।

(क) परमेश्वरले इस्राएलीहरु माझ आफ्नो शक्ति प्रदर्शन गर्नको लागि लाल समुन्द्रको छेउको त्यो ठाउँमा लैजानुभयो (प्रस्थान १४:३-४) ।

(ख) हाम्रो सहज बुद्धिले सोध्नुहोस्, "मलाई किन यस्तो भयो?" "म किन यो समस्यामा परें, म कसरी बाहिर निस्कन सक्छु?"

(ग) येशूको घनिष्ट मित्र, लाजरस धेरै बिरामी थिए । उहाँलाई मद्दत गर्न बोलाएको थियो, तर उहाँ ढिलो हुनुभयो । जब उहाँ आइपुग्नुभयो, लाजरसका बहिनीहरुले हप्काउँदै भने, "यदि तपाई यहाँ हुनुभएको भए मेरो भाइ मर्ने थिएन् ।"

(घ) तर येशूले त्यसलाई फरक रुपले हेर्नुभयो । येशूले भन्नुभयो कि बिरामी परमेश्वरको महिमाको निम्ति हो ।

(५) हामी भविष्यका धेरै टाढा देख्न सक्दैनौं । हामीले परमेश्वरमा भरोसा गरेको उहाँ चाहनुहुन्छ ।

(क) जब इस्राएल लाल समुन्द्रको किनारमा थियो, परमेश्वरले तिनीहरुलाई सरल योजना दिनुभयो, "अगि बढ्" (प्रस्थान १४:१५) ।

(ख) भविष्यमा के हुन्छ भन्ने कुरा तिनीहरुले देख्न सकेनन् । परमेश्वरले तिनीहरुबाट के चाहनुहुन्थ्यो भने तिनीहरुको स्थायी निर्भरता थियो ।

(ग) परमेश्वरले सामान्यतया आफ्ना छोराछोरीहरुलाई कदम-कदममा डोऱ्याउनुहुन्छ, हामीलाई दैनिक कुरा उपलब्ध गराउनुहुन्छ ।

(१) "हाम्रो दैनिक भोजन हामीलाई प्रतिदिन दिनुहोस्" (लूका ११:३) ।

(२) "यसकारण हामी हरेस खाँदैनौं । हाम्रो बाह्य मनुष्यत्व नाश हुँदै गए तापनि हाम्रो आत्मिक मनुष्यत्वचाहिँ दिनदिनै नयाँ हुँदै जान्छ" (२ कोरिन्थी ४:१६) ।

(घ) "एक पटकमा एक कदम" भन्ने श्लोक २ र ३ पटक पढ्नुहोस् । परमेश्वरले तिनीहरुलाई लाल समुन्द्र पार गराउन सक्नुहुन्थ्यो, तर तिनीहरु एक-एक पाइला पार गरेर हिँडे । के तपाई अहिले लाल समुन्द्रमा फस्दै हुनुहुन्छ? उहाँमा भरोसा गर्नुहोस् ।

(६) यहिबाट परमेश्वरको विधि विधानको विश्वासको खेल सुरु हुन्छ ।

तिनका सबै आपत्तिहरुको जवाफ दिनुभयो र मोशालाई जाओ भन्नुभयो । मोशा उहाँको रोजाइ थियो । यदि मोशा नगएको भए उसले परमेश्वरको आशिषहरु गुमाउने थियो । तपाईको लागि परमेश्वरका सबै आशिषहरु नभुल्नुहोस्, किनकि तपाईले परमेश्वरको लागि काम गर्न जान अस्वीकार गर्नुभयो ।

(घ) त्यो सत्यतालाई परीक्षण र जाँचहरुद्धारा सुदृढ गर्न । इस्राएललाई उहाँले मोशाद्धारा निर्देशनहरु दिनुभयो, त्यसपछि तिनीहरुलाई लाल समुन्द्रको किनारामा, वा पछि पानी नभएको मरुभूमिमा ल्याउनुभयो । येशूले चेलाहरुलाई पहाडमा सिकाउनुभयो, त्यसपछि डुङ्गामा चढ्न भन्नुभयो र तिनीहरुलाई भयानक आँधीमा पठाउनुभयो ।

(९) कष्टबाट छुटकारा पाएपछि, परमेश्वरको प्रशंसा गर्नुहोस् ।

(क) लाल समुन्द्रको छेउमा इस्राएलले मुक्तिको गीत गाए (प्रस्थान १५:१-२) ।

(ख) स्वतन्त्र भएका दासहरुको राष्ट्रले परमेश्वरको प्रशंसाको गीत गाए ।

(ग) हामी पनि पापबाट मुक्त दासहरुको राष्ट्र हौं ।

(घ) "प्रत्येक बिहान प्रशंसाको स्नानमा आफ्नो अनुहार धुनुहोस्"- चार्ल्स स्पर्जन ।

(ङ) "परमप्रभुमा धन्यवाद चढाओ, किनभने उहाँ भला हुनुहुन्छ, उहाँको करुणा सदासर्वदा रहिरहन्छ" (भजनसंग्रह १०७:१) ।

(च) "सर्तक भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा लागिरहो" (कलस्सी ४:२) ।

(छ) "यसकारण परमेश्वरलाई येशूद्धारा प्रशंसाको बलि निरन्तर चढाऔं । यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको फल हो" (हिब्रू १३:१५) ।

(१०) हामी कसरी आफ्नो जीवनलाई थप प्रशंसा वा धन्यवाद उन्मुख बनाउन सक्छौं?

(क) हाम्रो वरपरको संसारमा ध्यान दिनुहोस् । "तपाई कति महान हुनुहुन्छ" भन्ने शब्दहरुमा ध्यान दिनुहोस् ।

(ख) जब हामी प्रार्थना गर्छौं, हाम्रा समस्याहरुलाई किराना पसलमा जाँदाको सूचीलाई हल्लाएको जस्तो नगरी तपाईले पहिले कहिल्यै उल्लेख नगरेका कुराहरुका लागि परमेश्वरलाई धन्यवाद दिन धेरै समय खर्च गर्नुहुन्छ ।

(ग) मण्डलीका आराधना सेवामा ध्यान दिनुहोस् । के तपाई साँच्चै भजन गाउनु हुन्छ? कुनै कुनै विशिष्ट मण्डलीमा कोही-कोहीले हृदयदेखि कृतज्ञतासाथ गाउनेछन् । तिनीहरुको छेउको व्यक्तिले तिनीहरुको कुरा सुन्नेछन् भनी कसै-कसैले आधा मनले डराएजस्तै गाउनेछन् । कतिपयले पटक्कै गाउँदैनन् । कसै-कसैले टेनिस खेल हेरिरहेको

(७) विश्वास र परमेश्वरका प्रावधानहरु अलग हुन सक्दैन् । विश्वास भनेको प्रभुले हामीलाई भन्नुभएको कुरा पूरा हुनेछ भनी भरोसा गर्नु हो ।

(क) रोमी ४:२०,२१

(ख) जब पावल रोमको हिंस्रक आँधीको यात्रामा थिए, सबै नाविकहरुले सोचेका थिए कि तिनीहरु मर्नेछन् । तर पावल शान्त रहे । प्रेरित २७:२५ मा उनका शब्दहरुलाई ध्यान दिनुहोस्, "यसकाराण मित्र हो, साहस गर्नुहोस् । म परमेश्वरमा विश्वास गर्छु, मलाई जस्तो बताइएको छ, ठीक त्यस्तै हुनेछ ।" परमेश्वरले पावललाई भन्नुभएको थियो कि सबै बाँच्नेछन्, त्यो पर्याप्त थियो । त्यो हुनेछ ।

(ग) हरेक दिन हामी विश्वासद्धारा जिउँछौं । हामी विश्वासद्धारा हिँड्छौं, देखिएको कुराद्धारा होइन् (२ कोरिन्थी ५:७) ।

(घ) वारेक वियर्सबेले एक पटक भनेका थिए, "परीक्षण गर्न नसकिने आस्थालाई विश्वास गर्न सकिँदैन् ।"

(८) विश्वास एउटा बढ्दो अस्तित्व हो । प्रेरितहरुले एक पटक येशूलाई भने, "हाम्रो विश्वास बढाउनुहोस् ।"

(क) हामी आत्मिक रुपमा बढेको परमेश्वर चाहनुहुन्छ । तपाईको विश्वास अहिले बलियो भए तापनि, यो सधैं बलियो हुन सक्छ र आशा पूर्वक बढ्नेछ । कसरी?

(ख) वचन अध्ययन गरेर, परमेश्वरको वचन सुनेर विश्वास आउँछ (रोमी १०:१७) ।

(ग) हामीले सिकेको कुराहरु व्यवहारमा उतार्दै । "तर पहिला उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर ।" जर्ज बर्नार्ड शले एक पटक भनेका थिए, "ऊ राम्रो बन्न चाहन्छ कि भनेर कुनै पनि मानिसलाई सोध्नुहोस्; निश्यच नै धेरै पवित्रताका साथ हो भनी भन्नेछ । उसलाई सोध्नुहोस् कि उनी धेरै पैसा चाहन्छन्; र इमान्दारीपूर्वक हो भनी उसले भन्नेछ । तर असल बन्न चाहने पवित्र नागरिक पहिलेको जस्तै व्यवहार गरिरहन्छ र लाखौं चाहना गर्ने, काम नगरी हिड्ने डुलुवाले दश रुपैयाँ कमाउनको लागि कष्ट गर्दैन ।

(१) अर्को शब्दमा तपाईको विश्वास बढ्नको लागि, तपाईले आफ्नो विश्वासलाई अभ्यास गर्नुपर्छ ।

(२) यदि तपाई मण्डलीको काममा सम्लग्न हुनु भएको छैनन् भने सम्लग्न हुनुहोस् भनी म तपाईलाई प्रोत्साहन गर्छु । मेरो निम्ति कुनै स्थान छैन भनी नभन्नुहोस् ।

(३) हामी प्रत्येकको लागि परमेश्वरको एउटा काम छ र यो हामीले हाम्रो मजबुट बिन्दुहरु हो भनी ठान्नु आवश्यक नहुन सक्छ । जब परमेश्वरले मोशालाई बोलाउनुभयो, उनले धेरै बहानाहरु बनाए । म को हुँ? तिनीहरुले मलाई विश्वास गर्दैनन् । म राम्रोसँग बोल्न सक्दिन् । अरु कसैलाई लिनुहोस् । परमेश्वरले

जस्तो देखिन्छ । कोही-कोहीले सेवा आराधना पर्खन नसक्ने गरी खुट्टा सार्छन् । कोही आफ्ना साथीहरुसँग कुरा गर्छन् ।

(घ) छुटकाराको दिनमा इस्राएलका छोराछोरीहरुले कसरी भजन गाए जस्तो लाग्छ?

(११) तपाई आफ्नो जीवनमा कहाँ हुनुहुन्छ? तपाई आज लाल समुन्द्रको सामना गर्दै हुनुहुन्छ । परमेश्वरले तपाईको जीवनको नियन्त्रण गर्न दिनुहोस् । पावलले १ कोरिन्थी १० अध्यायमा उल्लेख गरेझैं इस्राएलीहरुले आलंकारिक रुपमा मोशामा बप्तिस्मा लिएका थिए । त्यस समयमा तिनीहरु पूर्ण रुपमा मोशाको अधीनमा थिए । पाप क्षमाको लागि बप्तिस्मा लिनुहोस् भनी येशू आज्ञा गर्नुहुन्छ (प्रेरित २:३८) । हामी आफैलाई परमेश्वरको नियन्त्रणमा राख्छौं । र सबै कुरा पत्ता लगाउने प्रयास नगर्नुहोस्, किनकि तपाईले यो गर्न सक्नुहुन्न् । म पक्का छु कि इस्रायलीहरुले लाल समुन्द्रको छेउमा यो पत्ता लगाउन खोजिरहेका थिए, तर तिनीहरुले गर्न सकेनन् । परमेश्वरमा भरोसा राख्नुहोस् र परमेश्वरलाई नियन्त्रण गर्न दिनुहोस् ।

पाठ- २२

लिडियाको हृदय खोलिएका

The Opening of Lydia's Heart

प्रेरित १६:१२-१५

परिचय

(१) परमेश्वरले पावललाई फिलिपी शहरमा लैजानुभएको थियो । पावलले दर्शन देखेको थियो, तिनको दर्शनमा माकेडोनियाका एक जना मानिसले उनलाई यसो भन्दै बिन्ती गरिरहेको थियो, "माकेडोनिया आउनुहोस् र हामीलाई सहायता गर्नोस् ।"

(२) पावलले एशिया जाने इच्छा गरेका गरेका थिए तर परमेश्वरले उनलाई त्यसो गर्न निषेध गर्नुभएको थियो । यसअघि परमेश्वरले उनलाई बिथानियामा र एशियामा पनि जान निषेध गर्नुभयो । त्रोआस एजियन सागरको किनारमा थियो । तपाईले बन्दरगाहमा हरेक दिन जहाज विशेष गरी नेपोलिसको अपेक्षाकृत महत्वहीन बन्दरगाहमा जाँदै गरेको भेट्नुउन सक्नुहुन्न् । तिनीहरुले एउटा सीधा मार्ग बनाए, जसले अनुकुल हावालाई प्रयोग गर्दछ । तिनीहरुले दुई दिनमा समुन्द्र पार गरे । पछि तिनीहरुलाई पुनः पार गर्न पाँच दिन लाग्यो (प्रेरित २०:६) । के यो भाग्यको कुरा थियो?

(३) पावल प्रायः शबाथ दिन सभाघरहरुमा प्रचार गर्न जान्थे । स्पष्ट रुपमा यो ग्रीक शहरमा कुनै सभाघर थिएन् । यद्यपि, यहूदीहरुको एउटा समुह प्रथागत रुपमा नदीको छेउमा भेटेर आराधना गर्थे ।

(४) घटनाको कारणले पावलको कुरा सुन्न ठूलो भीड पर्खिरहेको होला जस्तो लाग्छ । यसको सट्ट पावलले सभाघर नभएको एउटा गैर-विदेशी शहर भेट्टाए, जसको मतलब त्यहाँ १० जना भन्दा कम विश्वासयोग्य यहूदी मानिसहरु थिए । स्पष्ट रुपमा साँचो परमेश्वरको आराधना गर्न इच्छुक महिलाहरु मात्र मिलेर बनेको एउटा सानो समूह थियो, जसमध्ये एउटा लिडिया थिइन् ।

[I] लिडिया को थिइन्?

(क) *लिडिया एउटी मेहनती महिला थिइन् ।*

(१) उनी त्यतिबेला फिलिप्पीमा बस्दै थिइन्, जुन आफ्नो घरको थिआटिराबाट २५० वा ३०० माइल टाढा थियो ।

(२) उनी एउटा व्यवसायी महिला थिइन् । बैजनी बस्त्र त्यो समाजमा उच्च मूल्यवान र महँगो थियो । लूका १६ अध्यायमा धनी मानिस बैजनी बस्त्र लगाएको रुपमा वर्णन गरिएको छ । उनी त्यो महँगो कपडाको व्यापारी भएकोले संसारिक सम्पत्तिको सवालमा उनी सहजै

थिइन् ।

(३) उनी घरको मुखिया पनि थिइन् । यसको मतलब उनी विधवा वा अविवाहित हुनुपर्छ ।

(ख) *उनी धार्मिक महिला थिइन् ।*

(१) उनी कि त यहूदी थिइन् वा त आफैलाई यहूदी धर्ममा परिवर्तन गरिन् । परमेश्वरको आराधना गरिन् । इमानदारीपूर्वक परमेश्वरको आराधना गर्ने अन्यजातिहरुलाई जनाउन यो शब्द प्रेरितको पुस्तकमा सात पटक प्रयोग गरिएको छ ।

(२) उनी शबाथ पालन गर्नमा विश्वासयोग्य थिइन्, जुन यस ग्रीक शहरमा अत्यन्तै असामान्य हुनुपर्छ । उनले त्यस दिन आफ्नो पसल बन्द गरे जसले आफ्ना प्रतिस्पर्धीहरुलाई फाइदा पुऱ्यायो ।

(३) निस्सन्देह उनी असल नैतिकताले भरिएकी महिला थिइन् ।

(४) उनी अतिथि सत्कार गर्ने महिला थिइन् । तिनीसँग पावल र तिनका तीन साथीहरु, सिलास, तिमोथी र लूकाको निम्ति समय बिताउने पर्याप्त घरमा स्थान थियो ।

(५) तर येशू ख्रीष्टलाई नचिनेको कारणले तिनी अझै हराइन् । सुसमाचारको पालन नगरी कुनै पनि व्यक्तिले कहिल्यै मुक्ति पाउन सक्दैन (रोमी १-४) । यदि कोही ख्रीष्ट बाहिर असल भएर वा तिनीहरुले ईश्वरीय जीवन जिएर मुक्ति पाउन सकिन्छ भने पावलले त्यस्तो ईश्वरीय मानिसहरुलाई सुसमाचार प्रचार गर्न आफ्नो समय बर्बाद गरेको हुनुपर्छ ।

[II] लिडियाको हृदयमा के गल्ती थियो?

(क) *यो के थिएन?*

(१) यो वंशानुगत पूर्ण भ्रष्टता थिएन ।

(क) आदमको पापको दोष उसको कुनै पनि सन्तानलाई लगाइएको छैन; यो परिणाम मात्र हो ।

(ख) " र भन्नुभयो, साँच्चै, म तिमीहरुलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरु साना बालकहरुजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ" (मत्ती १८:३) ।

(ग) लिडियाले पक्कै पनि पूर्णतया भ्रष्ट भएको प्रमाण दिएनन् ।

(२) यो पापी हृदयको कठोरता थिएन् । तिनी एउटा विदेशी शहरमा परमेश्वरको आराधना गरिरहेकी थिइन्, सायद ठूलो प्रलोभनमा ।

(ख) *त्यसपछि के गलत थियो?*

(१) धेरैजसो यहूदीहरुको हृदय बन्द भए जस्तै उनको पनि बन्द थियो ।

(२) यहूदीहरुले सोचेका थिए कि मसीह संसारिक यहूदी राजा हुनुहुनेछन् । कूसमा मर्नुभएका नम्र येशूको प्रस्तुति उनीहरुका लागि चकित पार्ने थियो- एउटा ठेस लाग्ने बाधा थियो (१ कोरिन्थी १:२३) ।

(३) उनको हृदय खोल्नु भनेको यो गलत अवधारणा हो, यसले उनलाई खीष्टलाई ग्रहण गर्नबाट रोक्ने थियो, त्यो हटाइयो ।

(४) मोशाको व्यवस्थाले कसैलाई बचाउन सक्दैन भनेर उनलाई सिकाउनु पर्छ । "र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्धारा मानिस धर्मी ठहरिँदैन, तर येशू खीष्टमाथिको विश्वासद्धारा धर्मी ठहरिन्छ । यसकारण हामीले पनि हाम्रो विश्वास खीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्धारा होइन तर खीष्टमा राखिएको विश्वासद्धारा धर्मी ठहरिन सकौं, किनकि व्यवस्थाका कामद्धारा कोही पनि धर्मी ठहरिँदैन" (गलाती २:१६) ।

(५) अब खीष्टमा मुक्ति छ । "उहाँको अपार अनुग्रह अनुसार खीष्टको रगतद्धारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौं" (एफिसी १:७) ।

[III] परमप्रभुले उनको हृदय खोलिदिनुभयो? कसरी? यस्तो टिप्पणी रुपान्तरणको अन्य कुनै उदाहरणहरुमा उल्लेख गरेको छैन ।

(क) *बुझ्न नसकिने कुनै रहस्यमय तरिकाले हृ दय खोलेको थियो? पक्कै होइन् ।*

(ख) *एक जना लेखकले भन्यो, " सुसमाचारमा फर्कने पहिलो स्वभाव अनुग्रहको काम हो ।" के परमेश्वरले सबैलाई यो दिनुहुन्न? यदि दिनुभएको छैन भने, किन छैन? के उहाँ सबैले मुक्ति पाएको चाहनुहुन्न्?*

(ग) *प्रत्यक्ष रुपमा पवित्र आत्मा पठाएर पनि होइन । यदि त्यसरी नै गर्नु पर्ने हो भने, यो समय हो जस्तो लाग्छ ।*

(१) यदि परमेश्वरले कसैको लागि यसो गर्नुभयो भने उहाँले सबैको लागि यस्तो गर्नु पर्ने हुन्छ । "किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न" (रोमी २:११) ।

(२) महिलाहरुको समुहलाई प्रचार गर्न किन चार जनालाई लामो यात्रामा पठाउने?

(घ) *हृ दय प्राय: बुद्धिको अर्थमा प्रयोग गरिन्छ ।*

(१) मानिसको हृदयले बुझ्छ (यूहन्ना १२:४०); सोच्दछ (मत्ती ९:४); बुझ्छ (मत्ती १३:५); विचार गर्छन् (मर्कूस २:६); विश्वास गर्छ (रोमी १०:१०) ।

(२) यसरी उनको हृदय सत्यमा विश्वास र मनद्धारा बुझाइ हुँदै खोलियो ।

[IV] वचनको प्रचार गरेर लिडियाको हृदयमा समझ आयो ।

(क) "मलाई पठाउनुहुने पिताले खिँच्नुभएन भने कोही मकहाँ आउन सक्दैन, र म त्यसलाई अन्त्यको दिनमा जीवित पार्नेछु । अनि ती सबै जना परमेश्वरद्धारा सिकाइनेछन् भनी अगमवक्ताहरुका पुस्तकमा लेखिएको छ । प्रत्येक जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ" (यूहन्ना ६:४४-४५) ।

(ख) "अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु" (यूहन्ना १२:३२)।

(१) परमेश्वरले हामीलाई वचनको प्रचारद्धारा खिच्नुहुन्छ । सुसमाचार मानिसलाई बचाउने परमेश्वरको शक्ति हो (रोमी १:१६)।

(२) परमेश्वरको वचन आत्माको तरवार हो (एफिसी ६:१३)।

(३) हिब्रू ४:१२ ले भन्दछ कि वचनले हाम्रो प्राण र आत्मालाई त्यसका भाग-भागलाई पनि छेड्छ।

(४) प्रचारक हुनै पर्छ । "तर जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरुले कसरी पुकार्ने? जसको विषयमा सुनेकै छैनन् । उहाँमाथि तिनीहरुले कसरी विश्वास गर्ने? र प्रचारकविना तिनीहरुले कसरी सुन्ने?" (रोमी १०:१४) । विश्वास परमेश्वरको वचन सुनेर आउँछ (रोमी १०:१७)।

(५) यस खण्डमा हामी पाउँछौं कि लिडियाले पहिले वचन सुने र त्यसपछि उनको हृदय खोलियो (१६:१४), क्यालभिनको सिद्धान्तले मागेको भन्दा एकदम विपरित छ।

(६) थेसलोनिकीहरुलाई सुसमाचारद्धारा बोलाइएको थियो (२ थेसलोनिकी २:१४)।

(ग) प्रभुले उनको हृदय प्रचार गरेको वचनद्धारा खोलिदिनुभयो, जसरी भ्यालखानाको हाकिम, पेन्तिकोसका मानिसहरु, अरुलाई गर्नुभयो । तर पावल किन सुसमाचार प्रचार गर्न त्यहाँ थिए? परमेश्वरको प्रावधानद्धारा।

(घ) लिडिया सिकाईमा "उपस्थित" थियो जसको अर्थ ध्यान दिनु हुन्छ। यसले कुनै चीजको लागि सोच र प्रयासको समपर्णलाई सुझाव दिन्छ । अर्को शब्दमा भन्ने हो भने वचनको प्रचारले तिनीहरुको हृदयमा विश्वास उत्पन्न गरिसकेपछि, उनको हृदय खोलियो।

(ङ) के तपाई आज साँच्चै प्रभुको कुरा सुन्दै हुनुहुन्छ?

(१) सुन्नु भनेको त्यस्तो चीज हो जुन हामीलाई प्रायः गर्न मन लाग्दैन । समस्याको बारेमा कुरा गर्न साथीलाई कति चोटि बोलाउनुभयो, तर चाँडै तिनीहरुले तपाईको कथा आफ्नै कथाका साथ अवरोध गर्दछ। तपाईले कति पटक त्यस्तै कुरा गर्नुभयो? वास्तविक रुपमा सुन्नुको सट्टा तपाईले वक्तालाई तपाईको दिमागमा भएका कुराहरु वा यस्तै अनुभव बताएर कुरा गर्न बाधा दिनुहुन्छ।

(२) के तपाई अहिले साँच्चै सुन्दै हुनुहुन्छ, वा मूल्याङ्कन गर्दै हुनुहुन्छ? के तपाई प्रभुबाट वचन सुन्न कोशिस गर्दै हुनुहुन्छ, वा तपाई प्रचारकलाई श्रेणीकरण गर्दै हुनुहुन्छ?

[V] जब उनको हृदय खोलियो तब उनले तुरन्तै सिकाईलाई पालन गरे।

(क) इमानदार हृदय भएको जो कोहीले सत्य थाहा पाएपछि तुरुन्तै आज्ञाकारी हुनेछन्।

(ख) खीष्टप्रतिको विश्वास मुक्तिको लागि एउटा पूर्व शर्त हो ।

(ग) पावलले सिकाएको कुरा तिनले व्यवहारमा ल्याइन् किनभने उनले तुरुन्तै बप्तिस्मा लिइन् । जब पावलले सुसमाचार प्रचार गरे, उनले बप्तिस्मा पनि प्रचार गरे । यदि मुक्तिको लागि बप्तिस्मा आवश्यक छैनन् भने यसलाई पेन्तिकोसको दिनमा पत्रुसको पहिलो प्रवचनमा किन समावेश गरियो?

(घ) हामी बप्तिस्माद्वारा परमेश्वरका सन्तान हुन्छौं (गलाती ३:२६,२७) ।

(ङ) के बच्चाले बप्तिस्मा लिएको थियो? बच्चा यस घरको हिस्सा भएकोमा कुनै अनुमान गर्न सकिदैन । यसबाट बाल बप्तिस्माको लागि धेरै अनुमानहरु लगाउन सकिन्छ ।

(१) हामीले अनुमान गर्न सक्छौं कि उनी विवाहित थिए ।

(२) हामीले मान्नुपर्छ कि उनका बच्चाहरु थिए ।

(३) हामीले मान्नु पर्छ कि उनको परिवार फिलिप्पीमा उनको साथ यात्रा गरेको थियो ।

[VI] सायद उनको विवाह भएको थिएन् ।

(क) यदि उनी विवाहित भएकी भए सायद उनी आफ्नो लागि व्यापार नगरेको हुन्थ्यो वा आफैले यी व्यवसायिक यात्राहरु नगरिरहेकी हुन्थ्यो होला ।

(ख) यदि उनी विवाहित भएकी भए उनलाई घरको प्रमुखको रुपमा मानिने थिएन् । उनीले घरपरिवारलाई "मेरो घर" भनेर बोल्छिन् । त्यो समयको चलन अनुसार त्यस्तो भन्न सक्ने थिएन् । उनको घरको परिवारमा महिला दास वा मुक्त महिलाहरु समावेश हुन सक्छ जुन उनले यस अवसरमा दर्शकहरुलाई काममा राखेका थिए ।

निष्कर्ष

(क) यो कथाले हामीलाई महिमाको सानो सुरुवातको बारेमा सिकाउँछ । फिलिप्पी पछि गएर विश्वासयोग्य मण्डली बने र पावललाई धेरै सहयोग गरे ।

(ख) पावलको वचन सुन्ने ठूलो भीडलाई उनले एसियामा छोडेर तिनी नदीको किनारमा मुट्ठीभर स्त्रीहरुलाई प्रचार गर्न आए ।

(ग) नियम अनुसार, मानिसहरुले सानो सुरुवातको मूल्य कदर गर्दैनन् । बेन्जामिन फ्रैंयाङ्कलिनको बिजुलीको खोजलाई मानिसहरुले उपहास गरेका थिए जसले सोधेको थिए, "यसको के उपयोग हुन्छ?" फ्रैंकलिनले जवाफमा भने, "बालबालिकाको के उपयोग? उ मानिस बन्न सक्छ ।"

(घ) हामीले परमेश्वरको राज्यमा महिलाहरुको मूल्यलाई कम आँकलन गर्नु हुँदैन् ।

(१) लिडियाले सम्भवत: थिआटिरामा मण्डली स्थापना गरे ।

(२) विश्वासी महिलाहरुको योगदानले गर्दा आज धेरै मण्डलीहरु अस्तित्वमा छन् ।

पाठ- २३

सुँगुर-पुच्छर धर्म

Pig-Tail Religion

१ कोरिन्थी ४:१,२

परिचय

(क) फ्रैंकलिन क्याम्पले सुँगुर पुच्छर धर्म शीर्षक नामको एउटा बुलेटिन लेख लेख्यो । न्यू हेब्रीड्सका मूल निवासीहरुले सुँगुर खाने र त्यसपछि तिनीहरुका जाति देवतालाई पुच्छर दिने चलन छ ।

(ख) खीष्टियान भनी दावी गर्ने धेरै यही अभ्यासका लागि दोषी छन् । हामी कुनै जातिको मूर्तिको पूजा गर्दैनौं, तर तिनीहरुको सुँगुर पुच्छर धर्म पालन गर्छौं । हामी सुँगुर खान्छौं र परमेश्वरलाई पुच्छर दिन्छौं ।

[I] हामी सबै परमेश्वरका भण्डारे हौं (१ कोरिन्थी ४:१,२; १ पत्रुस ४:१०), जसरी प्रत्येकले वरदान पाएको छ, परमेश्वरको अनेकौं अनुग्रहका असल भण्डारेको रुपमा एक अर्कालाई सेवा गर ।

(क) *एक जना व्यक्तिले यसो भन्यो, " भण्डारे भनेको अँध्यारो गल्ली हो, त्यहाँ प्रवेश गर्दा मानिसहरु काँप्छन् ।" यसले स्वार्थी मानवताको भित्री भावनालाई वर्णन गर्दछ ।*

(ख) *भण्डारेले सम्पत्ति वा घरको प्रबन्धकलाई जनाउँछ ।*

(१) सुनको सिक्काको दृष्टान्त (मत्ती २५:१४-३०) ।

(२) सिक्को दृष्टान्त (लूका १९:१२-२७) ।

(ग) *जहाँ भण्डारे हुन्छ, त्यहाँ स्वामित्व हुन्छ ।*

(१) हाम्रो जीवन परमेश्वरको उपहार हो । "किनभने हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ । तपाईहरुका कविहरुले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं ।" (प्रेरित १७:२८) ।

(२) "पृथ्वी र त्यसमा भएका जो-जति छन् सबै परमप्रभुका हुन्, संसार र त्यसमा वास गर्नेहरु सबै उहाँकै हुन् । किनभने उहाँले त्यसलाई समुन्द्रमाथि बसाल्नुभएको छ, र पानीहरुको गहिराइमा त्यसलाई स्थापित गर्नुभएको छ" (भजनसंग्रह २४:१-२) ।

(घ) *भण्डारेहरुका कर्तव्य ।*

(१) भण्डारेहरुलाई अर्काको सामानको जिम्मा दिइन्छ ।

(२) भण्डारेहरुले मालिकको सामानहरु सुरक्षित राख्न र मालिकलाई समृद्ध बनाउन प्रयोग गर्नुपर्थ्यो ।

(३) भण्डारेहरु विश्वासयोग्य हुनुपर्छ । हामी प्रतिभाशाली, वा सफल,

वा सहयोगीहरुलाई मनपर्ने हुनु पदैन । हामीलाई विश्वासी हुनदेखि कुन कुराले जोगाउँछ?

(क) हामी नोकरको सट्ट मालिकको जस्तो व्यवहार गछौं भने ।

(ख) परमेश्वरलाई खुसी पार्नुको सट्ट मानिसहरुलाई प्रसन्न तुल्याउँछन् भने ।

(ग) आलस्य भयो भने ।

(घ) हाम्रो मालिकको सम्पत्ति दुरुपयोग गऱ्यो भने ।

[II] के हामी परमेश्वरलाई हाम्रो समयको सुँगुर-पुच्छर दिनको लागि दोषी छौं?

(क) *हामी हाम्रो समयको भण्डारे हौं । एफिसी ५:१५-१६ अनुसार, "यसैले कसरी हिँडछौं ध्यानसँग हेर-निबुद्धि मानिसजस्तो होइन्, तर बुद्धिमान जस्तो । समयको पूरा सदुपयोग गर, किनकि दिन खराब छ ।"*

(१) हामीले हाम्रो समय परमेश्वरको सेवामा प्रयोग गर्नुपर्छ । उपदेशक १२:१ ले भन्दछ, "दुःखको समय र वृद्धावस्था आउन अघि नै, जब तिमीले भन्नेछौ, 'यस समयमा मेरो मन लाग्दैन,' ती समयभन्दा अघि नै आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर ।"

(२) हामीले आफ्नो समय अरुको लागि राम्रो गर्न प्रयोग गर्नुपर्छ ।

(३) हामीले हाम्रो समयलाई हाम्रो भौतिक आवश्यकताहरु र परमेश्वरको लागि उपलब्ध गराउने काम गर्न प्रयोग गर्नुपर्छ । उदाहरण- शिकार खेल्ने वा माछा मार्ने जस्ता आनन्दको लागि आफ्नो कामलाई बेवास्ता गर्ने व्यक्तिलाई हामी मूर्ख ठान्छौं । खुशी वा अन्य कारणले परमेश्वरको सेवालाई बेवास्ता गर्ने व्यक्तिको बारेमा के भन्ने?

(ख) *हामी कति समय परमेश्वरको सेवा गर्न र हाम्रो आत्मालाई बलियो बनाउन खर्च गछौं?*

(१) परमेश्वरको सेवा गर्ने र हाम्रो आत्मालाई बलियो बनाउने कुरामा हामी सबै जिम्मेवारी हुनुपर्छ ।

(२) कोही-कोही आइतबार बिहानको बाइबल कक्षामा कहिल्यै उपस्थित हुँदैनन् ।

(३) कोही आइतबार वा बुधबार रातीको सेवाहरुमा कहिल्यै उपस्थित हुँदैनन् ।

(४) कसै-कसैले घनिष्ट साथी नभएसम्म बिरामीलाई भेट्न जाँदैनन् ।

(५) कसै-कसैले आफ्नो छिमेकीलाई सिकाउने प्रयास गर्दैनन् ।

(६) कुनै काममा मद्दत गर्न सोध्दा, कोही भन्छन्, "मसँग समय छैन ।"

(ग) के यी मानिसहरुले सुँगुर खाँदै परमेश्वरलाई पुच्छर दिइरहेका छैनन्?

[III] के हामी परमेश्वरलाई हाम्रो प्रतिभाको सुँगुर पुच्छर दिएकोमा दोषी छौं?

(क) *नागरिकहरुले आफ्नो क्षमताको उपयोग गर्नुपर्छ भन्ने महसुस राजनीतिक नेताहरुले गर्छन् ।*

(१) यो राष्ट्रले मानिसहरुलाई प्रोत्साहित गर्न र उनीहरुलाई उनीहरुको क्षमता विकास गर्ने अवसर दिन प्रयास गर्ने विभिन्न कार्यक्रमहरु छन् ।

(२) शिक्षकहरु आफ्नो बौद्धिक क्षमतालाई बेवास्ता गर्ने विद्यार्थीहरुको बारेमा धेरै चिन्तित छन् ।

(३) आफ्नो समय वा क्षमता आफूलाई राम्रो बनाउन प्रयोग गर्न नचाहने व्यक्तिको दुर्दशामा परिवारहरु दुःखित हुन्छन् ।

(४) "संसारको सबैभन्दा ठूलो चिहान त्यो हो, जहाँ सबै प्रयोग नगरिएका प्रतिभाहरु गाडिन्छन्" (अज्ञात लेखक) ।

(५) अनुपयुक्त र अविकसित मानव स्रोत साधनको एउटा विशाल उजाड भूमि मण्डली हो । हामी सबैले समान रुपमा आशिष पाएका छैनन् भनी परमेश्वरले स्वीकार गर्नुहुन्छ तर प्रत्येकले आफूसँग भएको कुराको उपयोग गर्ने अपेक्षा गर्नुहुन्छ ।

(ख) *हाम्रो प्रतिभा उपयोग गर्नको लागि तीनवटा आवश्यकताहरु छन् ।*

(१) आत्म-मूल्याङ्कन । व्यक्तिले आफ्नो शक्तिको क्षेत्र निर्धारण गर्ने खोजको प्रयास गर्नुपर्छ ।

(२) आत्म-विकास । व्यक्तिले आफ्नो सीप र रुचि विकास गर्न सचेत लगनशील प्रयास गर्नुपर्छ ।

(क) यसमा आत्म-अनुशासन र समयको बुद्धिमानीपूर्वक प्रयोग गर्ने कुरा समावेश हुन्छ ।

(ख) असल आमा र बुबा अचानक जन्मिदैनन् ।

(३) आत्म-संलग्नता । यसको अर्थ एक जना व्यक्तिले आफ्नो क्षमतालाई परमेश्वरको सेवा गर्नमा प्रयोग गर्न चाहन्छ ।

(ग) *धेरै मानिसहरुले परमेश्वरलाई आफ्नो प्रतिभाको सुँगुर पुच्छर दिन्छन् ।*

(१) लगभग हरेक मण्डलीमा त्यहाँ सफल व्यवसायीहरु छन् वा धेरै जिम्मेवार कामहरु छन्, तर तिनीहरु भन्छन् कि तिनीहरुले केही गर्न सक्दैनन् ।

(२) मानिसहरुले अरुलाई अगुवाइ गर्नमा धेरै प्रयासहरु गर्दछन्, विद्यालय परियोजनाहरु, आदिको नेतृत्व गर्दछन् तर तिनीहरुले मण्डलीको सेवामा यी क्षमताहरु प्रयोग गर्न अस्वीकार गर्छन् ।

(३) केही विद्यालयका शिक्षकहरुले बाइबल कक्षाहरु सिकाउन अस्वीकार गर्छन् ।

(४) व्यापार गर्ने मानिसहरुले आफ्ना साथीहरुलाई सुसमाचार बेच्न अस्वीकार गर्छन् ।

(५) खाना पकाउन जान्ने मानिसहरु मण्डलीमा धेरै छन् तर तिनीहरु खाँचोमा परेका वा बिरामीहरुलाई मद्दत गर्न अस्वीकार गर्छन् ।

(घ) *कुनै महत्वहीन व्यक्ति छैन् ।*

(१) क्षमतामा भिन्नताहरु चित्रण गर्दा प्रतिभा र सिक्काको दृष्टान्तले पनि सबैसँग केही क्षमता हुन्छन् भनेर चित्रण गर्दछ ।
(२) संसारले केही मानिसहरुलाई महत्वहीनताको छायामा राख्दछ ।
(३) येशूले स-साना कुराहरुलाई जोड दिनुभयो ।
  (क) उहाँले एक कप चिसो पानीको बारेमा कुरा गर्नुभयो ।
  (ख) उहाँले साना बच्चाहरुलाई व्यक्तिगत रुपमा ध्यान दिनुभयो ।
  (ग) उहाँले आफ्नो खुट्टामा अभिषेक गरेकोमा मरियमको प्रशंसा गर्नुभयो । "उनले सक्दो गरेकी छिन् ।"
  (घ) विधवाको सिक्का उहाँको ध्यानबाट हटेनन् ।
(४) आफ्नो क्षमताको उपयोग गर्न असफल हुने व्यक्तिलाई पनि परमेश्वरले बेवास्ता गर्नुहुनेछैन् । हप्ताको एक दिन सेवा गर्नेलाई अपमानजनकरुपमा राम्रो, समर्पित नभएको दुष्ट ख्रीष्टियान र अल्छी सदस्य भनी कसले भन्न सक्नहुन्छ? येशूले गर्नुभयो ।

(ङ) *धेरै मानिसहरुले सुँगुर खाइरहेका छन् र आफ्नो प्रतिभाको सन्दर्भमा परमेश्वरलाई पुच्छर दिइरहेका छन् ।*

[IV] के हामी परमेश्वरलाई हाम्रो पैसाको सुँगुर-पुच्छर दिन दोषी छौं? "चाँदी मेरै हो, सुन पनि मेरै हो भनी परमप्रभु भन्नुहुन्छ" (हाग्गै २:८), र "किनकि जङ्गलको हरेक बस्तु र हजारौं डाँडाहरुका गाईबस्तु मेरै हुन्" (भजनसंग्रह ५०:१०) ।

(क) *विधवाको सिक्का* (मर्कूस १२:४१-४४) ।
(१) येशूले भन्नुभयो कि यी विधवाले अरु सबैले भन्दा बढी भेटी चढाइन् ।
(२) उनले बलिदानका साथ दिइन् जबकि अरुले गरेनन् ।
(३) हामीसँग थोरै भए पनि सबैले दिनुपर्छ ।

(ख) *विधवासँग दिएको भेटीमा तीनवटा कारणहरु छन् ।*
(१) उनको अविभाजित हृदय थियो ।
  (क) उनी पूर्णतया परमेश्वरप्रति प्रतिबद्ध थिइन् । उनले एक सिक्का आफूसँग राख्न सक्थिन् ।
  (ख) माकेडोनियाकाहरु परमेश्वरप्रति प्रतिबद्ध थिए । २ कोरिन्थी ८:५ ले भन्दछ, "हामीले अपेक्षा गरेबमोजिम तिनीहरुले गरेनन्, तर तिनीहरुले पहिले आफैलाई प्रभुमा अर्पण गरे, र परमेश्वरको इच्छा अनुसार हामीलाई दिए ।"
(२) उनमा निस्वार्थ आत्मा थियो ।
  (क) ख्रीष्टले भन्नुभयो कि उनले आफूसँग भएका सबै दिए ।
  (ख) उनी आफ्नो बारेमा सोचिरहेकी थिइनन् ।
(३) उनमा आत्मसमर्पणको इच्छा थियो ।
  (क) उसले धेरै बहानाहरु बनाउन सक्थे ।

(ख) उनको अवस्थाले स्पष्ट रुपमा देखाउँछ कि उनले परमेश्वरको इच्छा पछ्याउँदै थिइन् ।

(ग) *हामी मध्ये कतिजना माकेडोनियाहरु वा यो गरिब विधवाजस्तै छन्?*

(१) यो अनुमान गरिएको छ कि मण्डलीका २०% सदस्यहरुले ८०% योगदान दिन्छन् ।

(२) तर २०% को तुलनामा ८०% जिउने तरिकामा थोरै फरक छन् ।

(३) भिन्नता आम्दानीको रकममा होइन् । फरक यसमा छ कि धेरैले सुँगुर खाइरहेका छन् र परमेश्वरलाई पुच्छर दिइरहेका छन् ।

(४) तपाईहरु मध्ये कसले के दिनुहुन्छ मलाई थाहा छैन, न त म जान्न चाहन्छु, तर हामी सबैले थाहा पाउनु पर्छ कि परमेश्वर जान्नुहुन्छ र उहाँले वास्ता गर्नुहुन्छ ।

निष्कर्ष

(क) के तपाई सुँगुर पुच्छरको धर्म अभ्यास गर्नुहुन्छ?

(ख) मलाई लाग्छ कि यी जातिहरुले आफ्नो देवतालाई पुच्छर दिन्छन् किनभने तिनीहरुलाई पुच्छरको कुनै उपयोग छैन ।

(ग) मलाई पक्का छ कि केही ख्रीष्टियानहरुले यहि तरिकाले सोच्ने गर्दछन् । तिनीहरुले आफ्नो समय, प्रतिभा र पैसाको सुँगुर पुच्छर परमेश्वरलाई दिन्छन् किनभने त्यो अंश हो जुन उनीहरुलाई वास्तवमै आफ्नो लागि आवश्यक पदैनन् ।

पाठ- २४

नयाँ जन्म

The New Birth

यूहन्ना ३:१-५

परिचय

(क) कोही मानिस एक पटक जन्मन्छ र दुई पटक मर्छन् । अरुहरु दुई पटक जन्मन्छन् र एक पटक मर्छन् ।

(ख) यो अड्कोको अर्थ यूहन्ना ३:१-९ मा निकोदेमससँग येशूको कुराकानीमा स्पष्ट हुन्छ।

(ग) निकोदेमसको चरित्र- राम्रो र खराब गुणहरुको मिश्रण ।

(१) फरिसी । धेरै कपटी र घमण्डी थिए, तर कोही धेरै भक्त थिए ।

(२) शासक, सम्भवतः महासभाको सदस्य (नेतृत्वको स्थिति) ।

(३) इस्राएलको शिक्षक भनिन्छ (३:१०), जसले उनी एक जना शास्त्री हो कि भनेर संकेत गर्न सक्छ ।

(४) उनी सायद धनी थियो । येशूको चिहानको लागि ३३ किलो मसलाहरु ल्याएको थियो (यूहन्ना १९:३९) ।

(५) उनको भौतिक अवस्थाको बारेमा पनि भन्दै थियो । सुरुमा उनी राती आएकोमा के अचम्मित बनाएको छ? उनी अनपढ गालिलीहरुकहाँ आएका थिए । उनी सायद डराएको थियो, जसले गर्दा उनी राती आएको हुन सक्छ किनभने यो अधिक शान्त र निजी थियो ।

(६) किन? आश्चर्य कर्मको कारणले हुन सक्छ । निकोदेमस सामान्य फरिसीहरुबाट एक अपवाद थिए किनभने उहाँले गर्नुभएका चमत्कारहरुद्धारा येशू परमेश्वरबाट आउनु भएको मानिस हुनुहुन्छ भनेर विश्वास गरेका थिए (३:२) । निकोदेमसले ख्रीष्टको बारेमा थप जान्नको लागि उहाँसँग कुरा गर्ने अर्को कदम चाल्यो ।

(७) अहिले कमजोर विश्वास, तर उनको विश्वास र साहस बढ्यो (यूहन्ना ७ र १९) ।

(८) "हामी" शब्दले (३:२) अरुले आफ्नो विश्वास बाँडेको संकेट गर्छ, उनले येशूलाई रब्बी भनेर सम्बोधन गर्‍यो । यो एउटा शिक्षकको निम्ति सम्मानको उपाधि थियो । विशेष गरी फरिसीहरुले हल्का रुपमा लिएका थिएनन् । यसले निकोदेमसको गम्भीरता देखाउँछ ।

(घ) येशूले तुरुन्तै उनलाई नयाँ जन्मको बारेमा बताउनुहुन्छ ।

(ङ) धेरैले नयाँ जन्म बिना मुक्ति पाइन्छ भन्ने कुरामा विश्वास गर्छन् । तर हामी नयाँ जन्म विना त्यो राज्य हेर्न र प्रवेश गर्न सक्दैनौं (३:३,५) ।

(च) यसले निकोदेमसलाई चकित पारेको हुनुपर्छ । एउटा यहूदीको रुपमा उसले सोचेको थियो कि उ पहिले नै परमेश्वरको राज्यको हिस्सा थियो । उनलाई सिकाइएको थियो कि उनको भौतिक शरीरले अनन्त मुक्तिको

प्रतिज्ञा बोकेको थियो । तर, अब उनी नयाँ गरी जन्मनुपर्छ ।

(छ) निकोदेमस अन्योलमा परे, जसरी आज धेरै मानिसहरु नयाँ जन्मको बारे अन्योलमा छन् ।

[I] नयाँ जन्म भनेको के होइन्:

(क) *यो शारीरिक जन्म होइन् ।*

निकोदेमसले सुरुमा यो शारीरिक जन्म हो भनी सोचेका थिए । आज धेरैले विश्वास गर्छन् कि पानीले शारीरिक जन्मलाई बुझाउँछ । तर यो किन उल्लेख गरेको हो । सबै शारीरिक रुपमा जन्मेका छन् ।

(ख) *यो कुनै अध्यात्मिक अनुभव वा पवित्र आत्माको प्रत्यक्ष सञ्चालन होइन ।*

(१) कसै-कसैले परमेश्वरको वचन बाहेक धार्मिक अनुभवको दाबी गर्छन ।

(२) किन सबै मानिसहरुले मुक्ति पाएका छैनन्?

(३) यस्तो विधिद्धारा बचाइएको कुनै धर्मशास्त्रीय उदाहरण छैन ।

(ग) *यो वेदीको बोलावटसँग जोडिएको भावनात्मक उन्माद होइन् ।*

(१) कुनै पनि अभिप्रेरित मानिसहरुले कहिल्यै पनि पापीलाई वेदीमा आउन र "क्षमाको लागि प्रार्थना गर्न" वा "पवित्र आत्माको लागि" पुकार भनेको छैन् ।

(२) "तत्काल रुपान्तरण" वा "धर्म प्राप्त गर्ने" वा "अनुग्रहको अनुभव भएको" कुनै उल्लेख छैन् ।

(घ) *यो " पापी मानिसको" प्रार्थना होइन् ।*

(१) बाइबलमा पापी मानिसको प्रार्थनाको कुनै उदाहरण छैन् ।

(२) जब चेलाहरुले खीष्टलाई प्रार्थना गर्न सिकाउनु होस् भनी आग्रह गरे तब उहाँले पापीहरुका प्रार्थनाको बारेमा उल्लेख गर्नुभएनन् ।

(३) यो येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रुपमा स्वीकार गर्नु मात्र होइन् ।

[II] यस नयाँ जन्मका दुईवटा आवश्यकताहरु छन् ।

(क) *आत्माको जन्म*

(१) यूहन्ना ३:३ मा "फेरि" को अर्थ माथिबाट पनि हुन सक्छ । सम्भवतः दुवै अर्थहरु हुन् ।

(२) आत्मिक जन्म भनेको परमेश्वरले उहाँको वचन मार्फत ल्याउनुभएको जीवनको परिवर्तन हो । उहाँको वचन हो । १ पत्रुस १:२३ ले भन्दछ, "परमेश्वरको जीवित र नित्य रहने वचनद्धारा, विनाशी होइन् तर अविनाशी वीर्यवाट तिमीहरु नयाँ गरी जन्मेका छौ ।"

(३) परमेश्वरबाट जन्म । यूहन्ना १:१२-१३ ले भन्दछ, "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे । उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो । तिनीहरु रगतद्धारा, शारीरिक इच्छाद्धारा, र कुनै मान्छेको इच्छाद्धारा

होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन् ।"
(क) हामी आफ्नै प्रयासले जन्मेको होइनौं ।

(ख) *पानीबाट जन्मिएको ।*

(१) शारीरिक जन्मको निम्ति स्थान र सम्बन्धमा परिवर्तन हुनु आवश्यक छ । कतिपयले पानीलाई भौतिक जन्म मान्छन्, तर यदि यो साँचो हो भने यसलाई किन उल्लेख गरेको हो । सबैजना शारीरिक रुपमा जन्मेका छन् ।

(२) आत्मिक जन्म स्थान र सम्बन्धको परिवर्तन हो । कलस्सी १:१३ ले भन्दछ, "उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ ।"

(३) नयाँ नियममा एउटा मात्र चीज छ जसले पानीलाई आत्मिक जन्मसँग जोड्दछ- बप्तिस्मा । बप्तिस्मा मुक्तिको बिन्दु हो भनेर बाइबलले सिकाउँछ ।

(४) "तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन् । तर उहाँको आफ्नै कृपा अनुसार पुनर्जीवनको स्नानद्धारा र पवित्र आत्माद्धारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो" (तीतस ३:५) । २ कोरिन्थी ५:१७ ले भन्दछ, "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएका छ, हेर नयाँ आएको छ ।"

(५) पानीबाट नजन्मनु भएसम्म मानिस आत्माबाट जन्मिँदैन किनभने दुवै नयाँ जन्ममा संलग्न हुन्छन् । यदि नयाँ जन्ममा पानी छैन भने येशूले यहाँ किन उल्लेख गर्नुभयो?

(क) धेरै मानिसहरुले बप्तिस्मालाई मानिसको काम ठान्छन् । त्यसकारण, बप्तिस्मा मुक्तिसँग कुनै सरोकार छैन भन्दछन् । बप्तिस्मामा हाम्रो समर्पण भनेको परमेश्वरमा हाम्रो विश्वासको अभिव्यक्ति मात्र हो, उहाँले के गर्ने प्रतिज्ञा गर्नुभएको छ, अर्थात हामीलाई नयाँ सृजनु हुन्छ ।

(ख) बप्तिस्माले हामीलाई बचाउँछ (१ पत्रुस ३:२१) । के बाइबल बेमेल छ? पक्कै होइन् ।

(ग) बप्तिस्मा भनेको परमेश्वरको आत्माले हामीलाई नयाँ सृष्टि बनाउनको लागि काम गर्ने समय हो ।

(६) हावा जस्तै हामीले नयाँ जन्मलाई पूर्ण रुपमा बुझ्न सक्दैनौं (३:८) । हावा भौतिक स्रोतमा पत्ता लगाउन सकिँदैन् । हामीलाई थाहा छैन कि हावा कहाँबाट आउँछ र कहाँ जान्छ । तर हामीले हावाको प्रभाव देख्छौं र सुन्छौं ।

(७) हामीले मानिसको आत्माद्धारा परमेश्वरको कार्य देख्न सक्दैनौं, तर यो वास्तविकता हो । हामीले यसलाई पूर्ण रुपमा व्याख्या गर्न सक्षम हुनुपर्दैन । हामीले यसलाई विश्वासद्धारा स्वीकार गर्नुपर्छ । वास्तविक रुपमा नयाँ जन्म पनि हावाको बहाव जस्तै हो ।

[III] यो आलंकारिक भाषा हो ।

(क) *यूहन्ना १६:२५ मा येशूले आफ्ना चेलाहरुसँग आलंकारिक भाषामा बोल्दै हुनुहुन्छ भन्नुभयो । तर एउटा समय आउनेछ जब उहाँले आलंकारिक भाषामा बोल्नु पर्दैन ।*

(ख) *उहाँको सुसमाचार प्रचार गर्दा यो स्पष्ट रुपमा प्रचार गरिएको थियो ।*
(१) जब येशूले महान् आज्ञा दिनुभयो उहाँले स्पष्ट कुरा गर्नुभयो (मर्कूस १६:१६) ।
(२) पत्रुसले पहिलो सुसमाचार प्रचार गर्दा उनले तिनीहरुलाई "नयाँ गरी जन्मनु" पर्छ भनेको थिएन् । उहाँले तिनीहरुलाई "पश्चात्ताप गर्न र बप्तिस्मा लिनुहोस्" भन्नुभयो ।
(३) के तिनीहरुले त्यसो गर्दा फेरि जन्मेका थिए? हो । पछि पत्रुसले लेख्दछ कि तिनीहरु "नयाँ गरी जन्मेका" थिए (१ पत्रुस १:२३) ।
(४) "पुन जन्मनु" भन्ने वाक्यांशले विश्वास र आज्ञाकारिता मार्फत ख्रीष्टियान हुने कुरालाई अर्को तरिकाले व्याख्या गरेका हो, एउटा आज्ञाकारिता जसमा पानीले धुने कुरा समावेश हुन्छ ।

(ग) *हामी यसलाई ख्रीष्टियान बन्ने बारे बोल्ने अर्को तरिका हो भनी भन्न सक्छौं ।*
(१) यो उदाहरणले परमेश्वरको सन्तान हुने व्यक्तिको जीवनमा हुने नाटकीय परिवर्तनलाई जोड दिन्छ । हामीले नयाँ जन्मको परिवर्तन देख्नुपर्छ । कुनै परिवर्तन छैन भने नयाँ जन्म पनि छैन् ।
(२) स्पष्ट रुपमा धेरैले विश्वास गर्छन् कि नयाँ जन्मको अर्थ जीवनको फरक तरिका होइन्, किनकि धेरैले मान्दैनन् । "ख्रीष्टियानहरु" र अरुको जीवनमा थोरै भिन्नता छ ।
(३) प्रेरित यूहन्नाको भनाइ अनुसार हाम्रो जीवनमा धेरै परिवर्तनहरु हुनुपर्दछ । यूहन्नाको पहिलो पत्रमा, उनले भनेका छन् कि जो परमेश्वरबाट जन्मेको हो, तिनीहरु:
(क) "धार्मिकताको अभ्यास गर्दछ" (२:२९) ।
(ख) "पापपूर्ण जीवनशैलीबाट जोगिन्छ" (३:९,१०) ।
(ग) "अरुलाई माया गर्छ" (४:७) ।
(घ) "येशूमा अटल विश्वास गर्छन्" (५:१-५) ।

निष्कर्ष

(क) पहिलेको अङ्कोमा फर्कनुहोस् ।
(ख) सबै शारीरिक रुपमा जन्मेका छन्, तर धेरै आत्मिक रुपमा जन्मिएका छैनन् ।
(ग) यसरी, दु:खको कुरा, तिनीहरुको शारीरिक मृत्यु पछि, तिनीहरुले नरकमा "दोस्रो मृत्यु" भोग्नेछन् (प्रकाश २०:१४; २१:८) ।
(घ) अरुहरु ख्रीष्टियान भएर फेरि जन्मेका छन् । यसरी तिनीहरुलाई दोस्रो मृत्युले चोट पुऱ्याउने छैन् ।
(ङ) के तपाई नयाँ गरी जन्मनु भएको छ?

(पाठ- २५)

येशू किन पृथ्वीमा आउनुभयो?

Why did Jesus Come to Earth?

यूहन्ना १:१-३, १४

परिचय

(क) येशू पृथ्वीमा आउनु भएको कुरा इतिहासको सबैभन्दा ठूलो घटना थियो । यूहन्ना पछाडिको ढोकामा चिप्लिदैन् । उनले तुरुन्तै हामीलाई भूकम्पीय घोषणाको साथ सामना गर्दछन् ।

(ख) येशू देहधारी हुनुभयो र हाम्रा बीचमा वास गर्नुभयो (यूहन्ना १:१४) ।

(१) वास गर्नु को शाब्दिक अर्थ "कसैको पाल टाँग्नु" भन्ने हुन्छ । यसले हाम्रो बीचमा कोही सरेको र बसोबास गरेको बुझाउँछ ।

(२) येशू छोटो भेटघाटको निम्ति मात्र आउनुभएन् । उहाँ भित्र पस्नुभयो र दैनिक जीवनको हरेक काममा हात फोहोर गर्नुभयो ।

(ग) यही कुराले ख्रीष्टियानिटीलाई अरु धेरै धर्महरुबाट अलग गराउँदछ । परमेश्वरले हामीलाई उहाँका नियमहरु मात्र बोल्नुभएनन् । उहाँ हामी मध्ये एकको निम्ति आउनुभयो ।

(घ) येशू पृथ्वीमा आउनुको धेरै कारणहरु छन् । ती मध्ये यहाँ केही कारणहरु मात्र उल्लेख गरेको छ ।

[I] उहाँ आफ्नो उद्देश्य पूरा गर्न आउनुभयो ।

(क) *लूका ९:२२*

(१) "अवश्य" को अर्थ "यो आवश्यक छ ।"

(२) येशूलाई ईश्वरीय आवश्यकताको रुपमा हेरिन्छ ।

(ख) *यूहन्ना १९:३० ।* यसको अर्थ उहाँ मर्दै हुनुहुन्छ भन्ने मात्र होइन् । उहाँको जीवन र मृत्युको सम्पूर्ण उद्देश्य पूरा भयो ।

[II] उहाँ व्यवस्था र अगमवक्ताहरुलाई पूरा गर्न आउनुभयो (मत्ती ५:१७-१८) ।

(क) *व्यवस्थाका सबै हिस्साहरु पूरा नभएसम्म यो बितेर जानेछैन् ।*

(ख) *यसको मतलब यो होइन कि व्यवस्था अझै पनि लागू छ, तर तिनीहरु एकदम उल्टो छ ।*

(१) हिब्रू १०:९-१०; कलस्सी २:१४; गलाती ३:२४-२५ (विद्यालयको शिक्षक)

(२) मत्ती १७:५ । अब ख्रीष्टको कुरा सुन्नुपर्छ र व्यवस्थाको कुरा होइन् ।

[III] पितालाई प्रकट गर्न (यूहन्ना १:१४,१८) ।

(क) *अदृश्य परमेश्वर दृश्य र छुन सक्ने हुने भयो ।*

(१) पहिलो शताब्दीमा त्यहाँ डोसेटिस्ट भनिने एउटा समुह थियो जसले

विश्वास गर्थे कि येशू केवल शरीरमा जिउनु भएको जस्तो देखिन्छ ।
(२) परमेश्वरले भेष मात्र बदल्नु भएको थिएनन् ।
(३) उहाँ मानवको एउटा अंश भएर सबै कुराको कष्ट सहनुभयो- भोक, पीडा, चिन्ताहरु र इन्कार ।

(ख) *यूहन्ना १४:९*
(१) यूहन्ना १४:१-१० सम्म पढ्नुहोस् ।
(२) "हामीलाई पिता देखाइदिनुहोस्" भनेर फिलिपले हरेक मानिसको हृदयको ठूलो इच्छालाई प्रकट गरे ।
(३) परमेश्वर कस्तो हुनुहुन्छ भनेर यदि तपाई जान्न चाहनुहुन्छ भने, हामीले केवल येशूलाई हेर्नुपर्छ ।
(४) येशूले हाम्रो लागि परमेश्वरको गहिरो प्रेम प्रकट गर्नुभयो (३:१६) ।
(५) उहाँको आश्चर्य कर्महरुले परमेश्वरको महिमा (२:११), र परमेश्वरको करुणा प्रकट गर्‍यो ।
(६) साना केटाकेटीहरु र शोकमा परेका विधवाहरुका लागि समय दिनुहुने परमप्रभु नै परमेश्वर हुनुहुन्छ ।
(७) परमप्रभु नै परमेश्वर हुनुहुन्छ जसले क्षमा दिन इच्छुक हुनुहुन्छ ।

[IV] पाप उठाइलान ।

(क) *लूका १९:१०*
(१) मानिसले आफैलाई धर्मी बनाउन सकेन ।
(२) उसले परमेश्वरमा फर्कने बाटो किन्न सकेन ।
(३) पशुहरुको रगतले पापको क्षमा दिन सकेनन ।

(ख) *यूहन्ना १:२९*

(ग) १ पत्रुस २:२४-*पापको विचारबाट अलग भएर येशूको मृत्युसम्मको अर्थ बुझ्न असम्भव छ ।*
(१) पाप एउटा अवधारणा हो जुन आजको संसारले ठूलो मात्रामा बिर्सेको छ ।
(२) पाप बिना येशूको मृत्यु केवल मूर्खतापूर्ण क्रूरता जस्तो देखिन्छ ।

(घ) *उहाँ संसारको इन्साफ गर्न होइन्, तर संसारलाई बचाउन आउनुभयो (यूहन्ना ३:१७; ९:५६) ।*
(१) पापीलाई दण्ड दिन परमेश्वर उत्सुक हुनुहुन्न् (२ पत्रुस ३:९) ।
(२) कसै-कसैले परमेश्वरलाई दोष मात्र भेट्टाउन तयार भएको राजाको रुपमा चित्रण गरेका छन् ।
(३) निववेलाई नाश गर्न खोजेकोमा परमेश्वरले योनालाई हप्काउनुभयो (योना ४:११) ।
(क) परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ भन्ने कुरामा शंका गर्नुहुन्छ भने, येशूलाई हेर्नुहोस् ।
(ख) यदि तपाईलाई परमेश्वरले क्षमा गर्नुहुनेछ भन्ने कुरामा शंका गर्नुहुन्छ भने, येशूलाई हेनुहोस् ।

[V] शैतानका कामहरु नष्ट गर्न (१ यूहन्ना ३:८; हिब्रू २:१४)।

(क) *शैतानका कामहरु के- के हुन्?*

(१) मानिसहरुलाई परमेश्वरबाट टाढा राख्ने- भष्ट गर्ने । पाप गराउने- आदम र हव्वा ।

(२) संसारमा परमेश्वरको इच्छालाई बाधा पुऱ्याउने ।

(३) प्रत्येक प्राणीलाई मृत्युको चपेटामा राख्ने । पापको ज्याला मृत्यु हो (हिब्रू २:१५)।

(ख) *खीष्टलाई कूसमा झुण्डयाउँदा शैतानले आफू जितेको सोचे (प्रेरित २६:१८)।*

(१) खीष्ट विजयी हुनुभयो किनभने उहाँले हाम्रा पापहरुलाई कूसमा लिनुभयो (२ कोरिन्थी ५:२१) । यसले परमेश्वरसँगको संगतिलाई पुनस्थापित गर्छ (रोमी ५:१०)।

(२) येशूले विजयी हुनुभयो किनभने उहाँमा आफ्नै कुनै पाप थिएन (१ पत्रुस २:२१-२२)।

(ग) *कूसमा येशूको मृत्युले हामीलाई जीवन पाउन सम्भव बनायो।*

(१) उहाँले हामीलाई छुटकारा दिनको लागि आवश्यक मूल्य तिर्नुभयो (रोमी ३:२५; १ पत्रुस १:१८-१९)।

(२) हामी मर्नु नपरोस् भनी उहाँले हाम्रो स्थान लिनुभयो ।

(३) येशूको मृत्युको कारणले गर्दा हामी परमेश्वरसँग मेलमिलाप हुन सक्छौं (रोमी ५:१०)। अब हामी मृत्युसँग कहिल्यै डराउनु पर्दैन ।

[VII] उहाँको राज्य स्थापन गर्न।

(क) *मत्ती* १६:१६-१८ । उहाँको राज्य भौतिक राज्य होइन, तर आत्मिक हो । मण्डली भनेको राज्य हो । पद १८ मा मण्डली र पद १९ मा राज्य भनियो ।

(१) "म"- मण्डली खीष्टको विचार र उहाँको योजना अनुसार थियो ।

(क) मण्डली परमेश्वरको अनन्त उद्देश्यको हिस्सा थियो (एफिसी ३:९-११)।

(ख) येशू, ईश्वरत्वको हिस्साको रुपमा यसलाई निर्माण गर्नुभयो । यसले महत्वपूर्ण बनाउँछ ।

(२) "स्थापित गर्नेछु"- यसले खीष्टको योजनाको पूर्णतालाई सुझाव दिन्छ ।

(क) खीष्टले यी शब्दहरु भन्दै गर्नुहुँदा समय भविष्यमा हुनेछ ।

(ख) येशूले स्थापना गर्दै हुनुहुन्छ ।

(१) उहाँले आफ्नो भौतिक सेवकाई मार्फत यो गर्नुभयो । उहाँले राज्यलाई औंल्याउनुभयो (मर्कूस ९:१)।

(२) उहाँले आफ्नो मृत्यु र पुनरुत्थान मार्फत यो गर्नुभयो । उहाँले आफ्नै रगतले मण्डली किन्नुभयो (प्रेरित २०:२८)।

(३) उहाँले यो पवित्र आत्मा पठाउने माध्यमबाट गर्नुभयो । आत्माले अनन्त सुसमाचारलाई अचम्मको रुपमा प्रकट गर्न प्रेरितहरुलाई निर्देशन दिनुभयो ।

(४) उहाँले यो सुसमाचार प्रचार मार्फत गर्नुभयो । पेन्तिकोस पछि, खीष्टको रगतले धोइएका विश्वासीहरुलाई मण्डली भनेर चिनिनथ्यो ।

(३) "मेरो"- खीष्टको अधिनमा छ ।

(क) के हामी खीष्टको मण्डली भनेर चिनिनु हुँदैन । यसले स्वामित्वको सुझाव दिन्छ ।

(ख) नयाँ नियमको मण्डलीको नाम छैन, तर यो सधै येशूको हो भनेर वर्णन गरिएको छ ।

(१) मेरो मण्डली (मत्ती १६:१८) ।

(२) मण्डली वा मण्डलीहरु (मत्ती १८:१७) ।

(३) परमेश्वरको मण्डली (१ कोरिन्थी १:२) ।

(४) खीष्टको मण्डलीहरु (रोमी १६:१६) ।

(५) सन्तहरुका मण्डलीहरु (१ कोरिन्थी १४:३३)

(६) पहिला जन्मेकाहरुका मण्डली (हिब्रू १२:२३) ।

(४) "मण्डली"- येशूले हामीलाई पाप र शैतानका अनुयायीहरुबाट बोलाउनुहुन्छ । मण्डलीको अर्थ "बोलाइएको" हो ।

(ख) *यूहन्ना* १८:३६-३७

(ग) *कलस्सी* १:१२-१४

[VII] अब्राहामका सन्तान हुन ।

(क) *परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभयो कि उहाँको सन्तानद्वारा पृथ्वीका सबै राष्ट्र हरुलाई आशिष दिइनेछ (उत्पति २२:१८) ।*

(१) यो सन्तान खीष्ट हुनुहुन्थ्यो (गलाती ३:१६) ।

(२) उहाँले यहूदी र अन्यजातिहरुलाई समान रुपमा आशिष ल्याउनुहुन्छ ।

(ख) *उहाँले स्वर्गदूतहरुको स्वरुप होइन्, तर मानिस, अब्राहामको सन्तानको रुप लिनुभयो ।*

(१) उहाँ स्वर्गदूतहरु भन्दा अलि तल्लो स्थानमा हुनुभयो ।

(२) उहाँ अब्राहाम र दाऊदको वंशबाट आउनुभयो ।

(ग) *उहाँ अब्राहामको सन्तान हुनुभयो ताकि हामी विश्वासद्वारा अब्राहामको स्वभावलाई लिन सकौं ।*

[VIII] विश्वासयोग्य र कृपालु प्रधान पूजाहारी बन्न (हिब्रू २:१७; ४:१४-५:६) ।

(क) *जीवनको अनुभव गर्न यदि उहाँ पृथ्वीमा कहिल्यै नआउनुभएको भए उहाँले स्वर्गमा हाम्रो प्रतिनिधित्व गर्न सक्नुहुने थिएन् ।*

(ख) *येशूले हाम्रो लागि आफ्नो बहुमूल्य रगत बहाउनुभयो ।*

(ग) *उहाँले आफ्नै पापको निम्ति रगत बहाउनु भएन ।*

(घ) *हामीहरुले जस्तै महसुस गर्नको निम्ति येशू हामी मध्ये एक हुनुभयो* (४:१५-१६) ।

[IX] परीक्षामा परेकाहरुलाई मद्दत गर्न (हिब्रू २:१८)।

(क) *येशूले परीक्षालाई पूर्ण रुपमा जित्नुभयो (हिब्रू ४:१५)।*

(ख) *पछियाउनको निम्ति उहाँ हाम्रो उदाहरण हुनुहुन्छ (१ पत्रुस २:२१- २२)। पितापूर्खा र अगमवक्ताहरु हाम्रो उदाहरण हुनको निम्ति पर्याप्त पवित्र थिएनन्। मानिसलाई पापरहित उदाहरण चाहिन्छ।*

(ग) *उहाँले हामीलाई उहाँजस्तै हुन प्रोत्साहन गर्नुहुन्छ। हामीले कहिल्यै भन्न सक्दैनौं, " तर तपाईले बुझ्नुहुन्न।" उहाँले पहिले नै नगर्नुभएको कुराहरु गर्नको निम्ति परमेश्वरले हामीलाई कुनै पनि काम गर भन्नुभएन।*

[X] उहाँ सेवा पाउन होइन्, तर सेवा गर्न आउनुभयो (मत्ती २०:२८)।

(क) *उहाँले स्वर्गदूतहरुको सेनालाई बोलाउन सक्नुहुन्थ्यो, तर उहाँ सेवा पाउन आउनुभएन्।*

(ख) *सबैभन्दा महान हुनु भनेको सेवक हुनु हो (मत्ती २३:११)।*

(१) तौलियाको पाठ सम्झनुहोस् (यूहन्ना १३:५)।

(ग) *संसार मानिसहरुले भरिएको छ जसको जीवनको मूख्य उद्देश्य अरुबाट सेवा पाउनु हो।*

(१) तिनीहरु सधै प्राप्त गर्न चाहन्छन्।

(२) ख्रीष्टियानहरु प्रायः गुनासो गर्छन् किनभने उनीहरुलाई सेवा दिइएन्।

(३) येशूले आफ्ना चेलाहरुका बीचमा एउटा बालक राखेर भन्नुभयो कि हामी बालक जस्तै हुनुपर्छ।

[XI] उहाँ शान्ति ल्याउन होइन् तर तरवार चलाउन आउनु भएको हो।

(क) *प्रेमको मानिस भनेर येशूलाई चिनिन्छ। मानिसलाई लाग्छ कि प्रेम भनेको हामी सबै मिलेर बस्नु हो।*

(ख) *तर पापी मानिस ख्रीष्टसँग मिल्दैन्। संसारले ख्रीष्टलाई घृणा गर्‌यो।*

(ग) *ख्रीष्टप्रतिको हाम्रो निष्ठा कुनै पनि अन्य सम्बन्ध भन्दा पहिले आउनु पर्छ।*

(१) सत्यताको मूल्यमा हामीले शान्ति प्राप्त गर्नुहुँदैन्।

(२) मत्ती १०:३५-३७

निष्कर्ष

(क) येशूको मृत्युलाई बुझ्नु निकै महत्वपूर्ण छ।

(ख) येशू किन मर्नुभयो भन्ने कुरालाई नबुझ्दा उहाँको मृत्यु यस्तो हुन्छः

(१) केवल एउटा प्राणदण्ड।

(२) भ्रमित धार्मिक जोशको दुःखद अन्त्य।

(३) आफ्नो विश्वासको लागि शहीद। अरु धेरै आफ्नो विश्वासको लागि मरेका छन्। यसरी येशूको मृत्यु पनि कुनै विशेष हुने थिएन्।

(ग) उहाँ फेरि इन्साफको लागि आउनुहुनेछ (मत्ती २५:३१-३२)।

(पाठ- २६) बाइबलीय पश्चात्ताप भनेको के हो?

What is Bible Repentance?

२ कोरिन्थी ७:१०

परिचय

(क) "येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रुपमा स्वीकार गर्न" प्रोत्साहन गरेको धेरै प्रचारकहरुबाट हामीले सुनेका छौं । यी शब्दहरु बाइबलमा कतै पाइँदैन् ।

(ख) खीष्टियानहरुको निम्ति येशू व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ । तर यी शब्दहरुले सुसमाचार सन्देशको अत्यावश्यक अंश पश्चात्तापलाई छोड्छ ।

(ग) पश्चात्तापको प्रचार गर्नुको सट्टा खीष्टियान संसारले "खीष्टलाई स्वीकार गर्नुहोस्" भन्दछ, यसले खीष्टलाई पीडारहित र कुनै असुविधा बिना भावनाको दिमागले स्वीकार गर्न हामीलाई अनुमति दिन्छ ।

(घ) पश्चात्तापले पतन भएको व्यक्तिको तर्फबाट गरिएको कार्यलाई जनाउँछ । पश्चात्ताप सबै भन्दा कठिन मध्ये एउटा हो । यदि कठिन छैन भने, परमेश्वरले मानिसलाई दिनुभएको आज्ञा हो ।

(१) जे डब्ल्यू म्याकगार्वेले लेखेका छन्, "मानिसहरुको मुक्तिको लागि सबैभन्दा बाधा मानव इच्छाको जिद्दी हो ।"

(२) "सबैले संसार बदल्ने बारे सोच्छन्, तर कसैले आफूलाई बदल्ने बारे सोच्दैन्- लियो टोलस्टोय ।

(३) मुस्लिम उखानः "पहाड सरेको कुरा सुन्नुभयो भने त्यसमा विश्वास गर्नुहोस्, तर मानिसले आफ्नो चरित्र परिवर्तन गरेको कुरा सुन्यौ भने त्यसमा विश्वास नगर्नुहोस् ।"

[I] पश्चात्ताप सधै पतित मानिसलाई परमेश्वरको महत्वपूर्ण सन्देश भएको छ ।

(क) *पुरानो करारले पश्चात्ताप गर्न आग्रह गर्छ ।*

हरेक भविष्यवाणीहरुको सन्देशको केन्द्रमा पश्चात्ताप गर्न बोलाइएको छ । योनाको प्रचारमा निनवेले पश्चात्ताप गरे, यद्यपि हामीसँग उनीहरुलाई पश्चात्ताप गर्न भनिएको कुनै अभिलेख छैन ।

(ख) *नयाँ नियमका आग्रहहरु ।*

(१) बप्तिस्मा दिने यूहन्नाले पश्चात्तापको बारेमा प्रचार गरे ।

(२) येशूले पश्चात्तापको बारेमा प्रचार गर्नुभयो । "...किनकि म धर्मीहरुलाई होइन्, तर पापीहरुलाई पश्चात्ताप गर्न बोलाउन आएँ" (मत्ती ९:१३; लूका १३:३,५) ।

(क) लूका १३:१-२ मा बलिदान चढाउँदा पिलातसले मारेका मानिसहरुको बारेमा येशूले उल्लेख गर्नुभयो । तिनीहरु पनि अरु कोही पापीभन्दा कम थिएन । सबैले पश्चात्ताप गर्नुपर्छ (१३:३) ।

(ख) लूका १३:४ मा येशूले सिलोआमको धरहरा खस्नेहरुबारे उल्लेख गर्नुभयो । तिनीहरु पनि अरु कोही पापी भन्दा कम थिएनन् । सबैले पश्चात्ताप गर्नुपर्छ (१३:५) ।

(ग) यी दोहरिएका पदहरुले संकेत गर्दछन् कि हामीले सन्देश नछुटाएको होस् भन्ने कुरामा पवित्र आत्मा पक्का हुन चाहनुहुन्थ्यो ।

(३) पत्रुसले पश्चात्तापको बारे प्रचार गरे (प्रेरित २:३८) । "आफ्नो प्रतिज्ञाका बारेमा प्रभु ढीलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढीलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरुप्रति धैर्यवान् हुनुहुन्छ" (२ पत्रुस ३:९) ।

(४) पावलको एथेन्सका मूर्तिपूजकहरुलाई पश्चात्तापको बारे प्रचार गरे । "यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मनिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ" (प्रेरित १७:३०) । "सबै" ले पश्चात्ताप गर्नुपर्छ ।

[I] *पश्चात्ताप के होइन्:*

(क) *पश्चात्ताप भनेको हाम्रा पापको निम्ति दु:खी हुनु मात्र होइन् । यो एउटा आवश्यक अवस्था हो, तर दु:खी हुनु पश्चात्ताप जस्तो होइन् ।*

(१) उदाहरण- यहूदाले मत्ती २७:३ मा पश्चात्ताप गरेको भनिएको छ । "तब उहाँलाई पक्राउने यहूदाले उहाँमाथि दण्डाज्ञा भएको देखिकन पछुतो गऱ्यो, र मुख्य पूजाहारीहरु र धर्म-गुरुहरुलाई चाँदीका तीस सिक्का फिर्ता दिन ल्यायो ।" पश्चात्तापको लागि एउटा फरक शब्द प्रेरित २:३८ मा उल्लेख गरेको छ ।

(२) हेरोदले सलोमीलाई कुनै कुरा प्रतिज्ञा गरेकोमा पछुताए, तापनि यूहन्नाको शीर काटियो ।

(३) "किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र त्यसमा पछितो हुँदैन, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ" (२ कोरिन्थी ७:१०) । ईश्वरीय शोक एउटा नम्र हृदय हो, जुन हाम्रा पापले परमेश्वरलाई अपमान गरेको महसुस गर्छ । यो अघि बढ्छ र पश्चात्तापको कारण बनाउँछ ।

(ख) *राम्रो काम गर्ने संकल्प मात्र होइन् (उदाहरण- नयाँ वर्षको संकल्प) । मनिसको दृढ संकल्प सजिलै तोडिन्छ ।*

(ग) *पाप ढाक्दैन्* (२ शमूएल ११, दाऊद र बथशेबा)

(घ) *पापको दोष सिद्ध होइन् ।*

(१) आवश्यकता हो । पापीले आफ्नो हराएको अवस्थालाई महसुस गर्नुपर्छ ।

(२) पत्रुसले मानिसहरुलाई पापको दोषी ठहऱ्याए, यसकारण तिनीहरुले पनि पश्चात्ताप गर्नुपर्छ (प्रेरित २:३७-३८) ।

(ङ) *तपस्या होइन्- आफ्नो पापको प्रायश्चित गर्ने प्रयासमा गरिएको गतिविधि, साँचो पश्चात्तापले कसैलाई पुर्नस्थापनाको निम्ति प्रयास गराउँदछ ।*

(च) *पापको स्वीकार होइन ।*

(१) फारोले स्वीकार गरे, तर इस्राएललाई दासत्वमा राख्न चाहे ।

(२) राजा शाऊलले भने, "मैले पाप गरेको छु," तर उसले मार्न खोजिरहयो ।

(छ) पाप गर्न छोड्ने मात्र होइन् । (उदाहरण- परिवार, काम, वा अप्ठ्यारोमा परेको कारणले पिउन छोड्नुहोस्; एड्सको डरले यौन सम्बन्धको अनुमतिलाई छोड्नुहोस्, आदि) । घरका केही बच्चाहरुले परिणामहरुको कारण व्यवहार परिवर्तन गर्छन्, तर वास्तविकता परिवर्तन हुँदैन् ।

[III] पश्चात्ताप के हो?

(क) *थायरले पश्चात्तापलाई यसरी परिभाषित गरेका छन्: "आफ्नो विचारलाई राम्रोको लागि परिवर्तन गर्न, हृदयले आफ्नो विगतका पापहरुको घृणाको साथ सुधार गर्ने ।" पश्चात्ताप भनेको दिमागको परिवर्तन हो, जसले जीवन परिवर्तन गर्दछ । बप्तिस्मा दिने यूहन्नाले भने, "यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ" (मत्ती ३:८)।*

(ख) *पश्चात्तापले हाम्रो अस्तित्वको ३ पक्षहरु समावेश गर्दछ ।*

(१) बौद्धिक- "मन परिवर्तन, व्यक्तिगत दोष, अपवित्रता, र असहायता संलग्न भएको अवस्थामा पापको पहिचान ।" पावलले एक पटक आफूलाई सही ठान्थे, तर जब येशू उनको जीवनमा प्रवेश गर्नुभयो उनको सोचाइ परिवर्तन भयो ।

(२) भावनात्मक- अनुभवको परिवर्तन । पापको सट्टा परमेश्वरलाई प्रेम गर्नुहोस् । कलस्सी ३:२ ले भन्दछ, "माथिको कुरामा मन लगाओ । पृथ्वीमा भएका कुरामा होइन् ।" "माथिका कुराहरुको खोजी गर" (कलस्सी ३:१) । "यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन्" (१ यूहन्ना २:१५) ।

(३) स्वैच्छिक (इच्छा)- "उद्देश्यको परिवर्तन, पापबाट टाढा फर्कने, र क्षमा र शुद्धीकरण खोज्ने स्वभाव हो ।" यो हामीले गर्ने निर्णय हो । हामी अब केही चाहँदैनौं ।

(४) पश्चात्तापले "पूर्ण आत्मसमर्पणको लागि आव्हान गर्दछ, परमेश्वरको इच्छामा पूर्ण प्रतिबद्धता हो ।" एक जना प्रचारकले सुझाव दिएका छन् कि पश्चात्तापको सबैभन्दा राम्रो शब्द "आत्मसमर्पण" हो ।

(क) यसले पश्चात्ताप गर्न धेरै गाह्रो बनाउँछ । प्रतिबद्ध गर्न गाह्रो

छ । अरुलाई आत्मसमर्पण गर्न गाह्रो छ ।

(ख) धेरै पैसा नआएसम्म हामी काम गर्न प्रतिबद्ध छौं ।

(ग) एक जना खेलकुद स्टारले ठूलो सम्भौतामा हस्ताक्षर गरी टोलीलाई जिताउने प्रतिबद्धताको घोषणा गर्दछ । तर उसलाई पूर्ण एक/दुई वर्ष राम्रो हुन दिनुहोस, र ऊ अचानक आफ्नो पुनः सम्भौता गर्न चाहन्छ ।

(घ) समस्याहरु विकास नभएसम्म, कोही बढी रोमाञ्चक वा आकर्षक नआएसम्म मानिसहरु विवाह गर्न प्रतिबद्ध छन् ।

(ग) *तपाईको जीवनमा तपाईको सबै पापबाट तुरुन्तै परिवर्तन हुनु पश्चात्ताप हो । यसले नै पश्चात्तापलाई धेरै कठिन बनाउँछ ।*

(१) धेरैका लागि खीष्टलाई स्वीकार गर्नु भनेको तपाईको जीवनमा परमेश्वरले काम गरेर ल्याउनुभएको क्रमिक परिवर्तन मात्र हो । यसलाई कहिलेकाहीँ सस्तो अनुग्रह भनिन्छ । हामी एक पटक खीष्टलाई स्वीकार गछौं, र पछि, वा सायद कहिले पनि, हामी आफूलाई उहाँमा समर्पण गछौं ।

(२) उदाहरण- नोर्मा म्याक. कर्भे प्रो-लाइफ आन्दोलनबाट हारेको छ । उनले बप्तिस्मा लिएकी छिन्, ७०० क्लबमा परमेश्वरको विजयको रुपमा स्वागत गरिएको छ । यद्यपि, उनको अझै पनि कोनी नामकी महिलासँग सम्बन्ध छ । जब कसैले त्यसको बारेमा सोध्यो, उनलाई बप्तिस्मा दिनेले भन्यो, "उसले परमेश्वरलाई पछ्याइरहँदा परमेश्वरले उनको जीवनमा के गर्नुहुन्छ भन्ने कुरा तपाईले हेर्नुभयो ।" उनले भनिन्, "म कोनीबाट टाढा जानु अघि म येशूबाट टाढा जान सक्छु ।"

(३) तब परमेश्वरले तिनीहरुका काम देख्नुभयो कि तिनीहरु आफ्नो दुष्ट मार्गबाट फर्किए (योना ३:१०; इजकिएल १८:२१, २७-२८, ३०-३१) ।

(४) एफिससका मानिसहरुले आफ्ना पुस्तकहरु जलाए (प्रेरित १९:१९) ।

(५) उडन्ते पुत्र घर आयो (लूका १५) ।

(६) "त्यसकारण यदि कोही खीष्टमा छ भने, त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर नयाँ आएको छ" (२ कोरिन्थी ५:१७) । रोमीको पुस्तकमा उनले भनेको छ कि हामी पापको लेखि मरेका छौं ।

(घ) *यसको मतलब यो होइन् कि एउटा खीष्टियानले तुरुन्तै पापरहित जीवन जिउनेछ ।*

(१) झुट बोल्ने वा गाली गर्ने व्यक्तिले कहिलेकाहीँ अझै पनि गर्न सक्छ । तर उनको दृष्टिकोण फरक छ ।

(२) आफ्नो अभिलाषामा डुबेको मानिसले अझै पनि दुष्ट विचारहरु राख्छन् ।

(३) सिमोन जादुगर (प्रेरित ८:९-२५) । पवित्र आत्मा अरुलाई हस्तान्तरण गर्ने शक्ति उनले किन्न चाहेको थियो । जब यसलाई

पाप भनियो उसलाई पश्चात्ताप गर्न र प्रार्थना गर्न भनिएको थियो । सिमोनले आफ्नो निम्ति पत्रुसलाई प्रार्थना गर्न आग्रह गरे ।

[IV] किन पश्चात्ताप?

(क) *परमेश्वरको भलाई ।* "अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ?" (रोमी २:४) ।

(ख) *परमेश्वरको क्रोध ।* "यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरुलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ । किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्धारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ । उनलाई मृतकबाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरुलाई यसको प्रमाण दिनुभएको छ" (प्रेरित १७:३०-३१) ।

(ग) *पश्चात्तापले स्वतन्त्र इच्छालाई जनाउँछ ।* परमेश्वरले हामीलाई पश्चात्ताप गर्न जबरजस्ती गर्नुहुन्न् । तर परमेश्वरले हामीलाई हाम्रा पापहरु छोड्न र नम्र भई उहाँतर्फ फर्कन आग्रह गर्नुहुन्छ । यो क्षमाको लागी आवश्यक छ । के तपाई साँच्चै पश्चात्ताप गर्न इच्छुक हुनुहुन्छ?

पाठ- २७ कालेब, विश्वासको महान आशावादी

Caleb, A Great Faithful Optimist

गन्ती १३,१४

परिचय

(क) कालेब- यहूदा कूलबाट आएको वंश ।

(ख) "योसेफलाई नचिनेको" फारोको उदयको कारण याकूबका सन्तानलाई मिश्रको दासत्वमा राखिएको थियो ।

(ग) परमेश्वरले तिनीहरुलाई मिश्रको दासत्वबाट छुटकारा दिनुभए पछि कनानमा ल्याउनुभयो ।

(घ) कनान देशमा प्रवेश गर्नु अघि १२ जना मानिसहरुलाई त्यो देशको जासुसी गर्न पठाइयो । मानिसहरु कनान भित्र जान चाहने वा नचाहने निर्णय गर्ने अवसर दिनको लागि गरिएको होइन् ।

(ङ) कालेब र यहोशू दुई जनाले धेरै आशावादी प्रतिवेदन दिए ।

(च) बाँकी दश जनाले निराशावादी प्रतिवेदन दिए (सम्भवत् बढाइ चढाइ गरे) । शहरहरु तिनीहरुको पहुँच भन्दा बाहिरको थियो भनी मानिसहरुले ठानेका थिए ।

(छ) नयाँ अगुवा चुनेर मानिसहरु मिश्र देशमा फर्कन चाहन्थे । सजायमा परमेश्वरले २० वर्षभन्दा माथिका कोही पनि कनामा प्रवेश गर्ने छैनन् भनी प्रतिज्ञा गर्नुभयो । उजाडस्थानको घुमफिर तिनीहरुका लागि एक प्रकारको मृत्यु दण्ड, निराशा, व्यर्थ र मृत्युको पर्खाइको समय जस्तै थियो ।

(ज) विद्रोहको सामना गर्दा, कालेब परमेश्वरप्रति आफ्नो विश्वासमा बलियो र दृढ भएर उभिए (गन्ती १३:३०) ।

[I] कालेबलाई यस विषयमा परमेश्वरको इच्छा थाहा थियो ।

(क) कालेबले परमेश्वरको अधिकारलाई सम्मान गरे । उहाँमा सबै अधिकार छ किनभने उहाँले सबै चीजहरु सृष्टि गर्नुभयो ।

(ख) इस्राएलीहरुले मिश्र छोडेको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा उनलाई थाहा थियो ।

(ग) तिनीहरुलाई देखाउनु भएको देशमा यात्रा गरेको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा पनि उनलाई थाहा थियो ।

(घ) मानिसहरुले उहाँमाथि भरोसा गरेको परमेश्वरले आशा गर्नुभएको थियो भन्ने कुरा उनलाई थाहा थियो ।

(ङ) मानिसहरुले भूमि जित्ने आशा परमेश्वरले गर्नुभएको छ भन्ने कुरा उनलाई थाहा थियो ।

(च) यदि हामी विश्वासमा मजबुट हुन चाहन्छौं भने हामीले परमेश्वरको इच्छा

जान्नुपर्छ (रोमी १०:१७) ।

[II] कालेबलाई परमेश्वरमा विश्वास थियो ।

(क) उनलाई परमेश्वरको भलाइमा विश्वास थियो । परमेश्वरले मानिसको भलाइको लागि नहुने निर्देशनहरु दिनुहुन्न् ।

(ख) उनले परमेश्वरको ज्ञान र बुद्धिमा विश्वास गरेको थियो ।

(ग) परमेश्वरको निष्ठामा उनको विश्वास थियो । हिब्रू ६:१८ ले भन्दछ, "बदली हुन नसक्ने यी दुई कुराहरुमा परमेश्वर असत्य ठहरिनु असम्भव छ । यसैकारण हामी शरण लिनेहरुले हाम्रा सामु राखिदिएको आशा प्राप्त गर्ने ठूलो हौसला पाएका छौं ।"

(घ) आफूले गर्छु भनेका कुराहरु गर्न सक्ने परमेश्वरको शक्तिमा कालेबको विश्वास थियो ।

(ङ) हामीले कार्य गर्नै पर्छ । केवल निर्णय गरेर मात्र पुग्दैन । विश्वास गरेर मात्र पुग्दैन ।

(१) यो यहोशू र कालेबको आधारभूत बिन्ती थियो । परमेश्वरको विश्वासी सेवक हुनुमा उहाँको इच्छाको अधीनमा रहने कुरा सम्लग्न हुन्छ, चाहे त्यो जस्तोसुकै होस् भन्ने कुरा तिनीहरुलाई थाहा थियो ।

(२) बप्तिस्मा लगत्तै, पावलले व्यवस्थाका पण्डितहरुलाई लज्जित पारे (प्रेरित ९:२०-२२) ।

(३) पावलले तिमोथीलाई "विश्वासको असल लडाई लड्न" आग्रह गरे (१ तिमोथी ६:१२) ।

(च) एकै पटक कार्य गर्नुहोस् ।

(१) हामीले केही गर्ने अवसर पाउन सक्छौं ।

(२) हामीले यो गर्ने निर्णय गरेको हुन सक्छौं ।

(३) हामीले पछि गर्ने निर्णय गछौं । (उदाहरण- फेलिक्स)

[III] कालेबले समस्याहरुलाई परमेश्वरको सम्बन्धमा हेऱ्यो ।

(क) दुई समुहको स्वभावमा भएको भिन्नतालाई ध्यान दिनुहोस् (गन्ती १३:३०-३१) ।

(१) कालेबले भने, "किनभने त्यो हामी अवश्य जित्न सक्छौं ।"

(क) ध्यान दिनुहोस् कि कालेबले "हामी जाऔं र भूमि जितौं" तर "अधिकार" गरौं भनेनन् ।

(ख) भूमि पहिले नै जितेको जति राम्रो थियो भनी व्याख्या गरे ।

(ग) उनीहरुले भूमि लिने सक्ने कुरामा कुनै शंका थिएन । तिनीहरुसँग बचाउने शक्ति थियो, किनभने परमेश्वर तिनीहरुसँग हुनुहुन्थ्यो ।

(२) मानिसहरुले भने, "हामी सक्नेछैनौं ।"

(क) शहर र मानिसहरु हामी भन्दा बलिया छन् ।

(ख) तिनीहरुले एउटै समस्या हेरिरहेका थिए भन्ने कुरामा के यसले तपाईलाई आश्चर्य चकित बनाउँछ?

(३) भिन्नता के थियो?
   (क) प्रतिवेदन मूलत: एउटै थियो । मानिसहरु शक्तिशाली थिए, र शहरहरु पर्खालले घेरिएका थिए ।
   (ख) कालेबले समस्याहरुलाई परमेश्वरको "छाया" मा देखे (गन्ती १४:८-९) ।

(ख) उनले समस्याहरुमा आफ्नो आँखा बन्द गरेनन् । उसलाई थाहा थियो कि शहरहरु ठूला छन्, तर पनि परमेश्वर तिनीहरुको साथमा हुनुहुनेछ र त्यसैले विजय सुनिश्चित थियो ।

(ग) परमेश्वरले जोसँग लड्न भन्नुभयो, तिनीसँग लड्न कालेब डराएनन् । उदाहरण- दाऊद र गोल्यत ।

(घ) परमेश्वरले उनलाई जहाँ जाओ भन्नुभएको थियो त्यहाँ जान कालेब डराएनन् । जसरी एकजना राष्ट्रपतिले भने, "हामी डराउनु पर्ने कुरा भनेको डर आफैमा हो ।" मानिसहरु शाब्दिक रुपमा डरमा मात्र डराउथ्यो ।

(ङ) मानिस प्राय: कुनै नयाँ कुरालाई असम्भवको रुपमा त्याग्न हतारिन्छ ।
   (१) मानिसहरुले रोबर्ट फुल्टनको उपहास गरे र उनको पानीको बाफबाट चल्ने डुङ्गाको परियोजनालाई "मूर्ख" भनी खारेज गरे ।
   (२) जोसुवा ताम्राकारलाई बोस्टनको टेलिफोनमा स्टक बेच्न खोजेको आरोपमा पक्राउ गरिएको थियो । "सबै राम्ररी जानकारी भएको मानिसहरुलाई थाहा छ कि तारमा मानव आवाज प्रसारण गर्न असम्भव छ ।"

(च) प्रभुको मण्डलीका सदस्यहरु साहसी र आशावादी हुनुपर्छ । फिलिप्पी ४:१३ ले भन्दछ, "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।"

(छ) सुसमाचार संसारमा लैजाने क्रममा धेरै मानिसहरुले समस्याहरु मात्र देख्छन् ।
   (१) उनीहरु यसलाई असम्भवको रुपमा हेर्छन् ।
   (२) तिनीहरु भन्छन् कि प्रारम्भिक खीष्टियानहरुले गरेनन् । कलस्सी १:२३ ले भन्दछ, "यदि तिमीहरु आफ्ना विश्वासमा अचल र स्थिर भइरहयौ र तिमीहरुले सुनेका सुसमाचारको आशाबाट हटेनौं भने । यही नै त्यो सुसमाचार हो, जो स्वर्गमुनि हरेक प्राणीलाई प्रचार गरिएको छ, जसको म पावल, धर्म-सेवक भएँ" (६०-६२ मा लेखिएको थियो) ।
   (३) प्रेरितहरुले मात्र होइन् सबैले सुसमाचार प्रचार गरे ।

[IV] अरु मानिसहरुको बिन्तीको बहकाइमा आएर परमेश्वरको आज्ञालाई उलंघन गर्न दिएनन् ।

(क) जब अरुले नयाँ अगुवा चयन गर्न र मिश्र देशमा फर्कन आग्रह गरे, उनी दृढ भएर बसे ।

(ख) अत्याधिक निराशावादको सामना गर्दा उनी आशावादी थिए, उनको जीवनको परिचालक शक्ति परमेश्वर हुनुहुन्थ्यो । सिङ्गे राष्ट्रले भूमि लिन

नसक्ने बताए तापनि उनी अडिग भएर बसे ।

(ग) उनी बहुमतको इच्छाबाट बहकिएनन् । उनीसँग अलोकप्रिय हुने साहस थियो, मृत्युको जोखिममा पर्ने बिन्दुसम्म पनि (गन्ती १४:१०) । संकेत यो छ कि यदि परमेश्वरले हस्तक्षेप नगर्नुभएको भए, उनलाई ढुङ्गले हानेको थियो ।

(घ) परमेश्वरले विद्रोहीहरुलाई तिनीहरुको विश्वासको कमीको लागि निन्दा गर्नुभयो (गन्ती १४:२९-३१) ।

(ङ) तिनीहरुको विद्रोही मनोवृत्ति स्पष्ट छ किनभने जब परमेश्वरले तिनीहरुलाई जान निषेध गर्नुभयो तिनीहरु जसरी पनि गए (व्यवस्था १:४१-४५) ।

(१) जब परमेश्वरले तिनीहरुलाई जाओ भन्नुभयो, तिनीहरुले अस्वीकार गरे ।

(२) जब परमेश्वरले तिनीहरुलाई नजाओ भन्नुभयो, तब तिनीहरु गए ।

[V] उनी अन्त्यसम्म दृढ भए ।

(क) कालेबले भूमि कब्जा गरे । परमेश्वरले उनलाई र यहोशूलाई कनानमा प्रवेश गर्ने २० वर्ष भन्दा माथिको मात्र पुरुष भएकोमा सम्मान गर्नुभयो ।

(ख) भूमि कब्जा गरिसकेपछि, ८५ वर्षको उमेरमा, कालेब यहोशूकहाँ आएर अनाकीमहरुको भूमि मागे, जुन भूमिमा ठूला-ठूला गढ भएका शहरहरु थिए (यहोशू १४:११-१२) ।

(ग) भूमिको जासुसी गर्न गएको बेलामा उनको शक्ति जस्तो थियो आज पनि त्यस्तै छन् ।

(घ) कालेबले यसलाई सहज रुपमा लिनुपर्छ भन्ने हाम्रो विचार हो ।

(१) उनी बगैंचा सहितको राम्रो उपत्यकामा बसोबास गर्नुपर्छ र यहोशू र उनका साथीहरुसँग युद्ध कथाहरु आदानप्रदान गर्नुपर्छ ।

(२) उनी र यहोशू कम्तिमा २० वर्ष सम्म सम्पूर्ण राष्ट्रमा सबैभन्दा वृद्ध व्यक्ति थिए ।

(३) सहज भएको वा शत्रुबाट मुक्त भइसकेको जमिनको केही भाग लिन उसलाई लोभ लाग्यो ।

(ङ) हामी लगनशील मानिसहरु हुनुपर्छ । २ तिमोथी ४:६-८ मा यसो भन्दछ, "किनभने, म बलिको रुपमा अर्पण हुन लागेको छु, र मेरो बिदाइको बेला आएको छ । मैले उत्तम लडाई लडेको छु । मैले दौड सिद्धयाएको छु । मैले विश्वासलाई बचाइराखेको छु । अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन्, तर उहाँको पुनरागमन प्रिय मान्नेहरु सबैलाई दिनुहुनेछ ।"

(१) धेरै जसोले त्याग्ने उमेरमा, कालेबले कडा परिश्रमको लागि माग गरे ।

(२) धेरै पटक मानिसहरुले सेवाबाट अवकाश पाएपछि परमेश्वरको लागि काम गर्न छोड्छन् । आफ्नो उमेर बढेको कारणले मात्र, परमेश्वरको लागि काम गर्न नछोड्नुहोस् । स्वास्थ्य समस्याहरुले तपाईलाई कम गर्न बाध्य पार्न सक्छ, तर उमेरलाई एउटा बहानाको रुपमा मात्र प्रयोग नगर्नुहोस् ।

[VI] कालेबबाट सिक्नु पर्ने पाठहरु ।

(क) हामीले कालेब जस्तै परमेश्वरको भलाइ, सत्यनिष्ठा, बुद्धि, शक्ति र अधिकारमा साँचो विश्वास गर्नुपर्छ ।

(ख) हामीले कालेब जस्तै परमेश्वरको इच्छा पूरा गर्नमा संलग्न समस्याहरु देख्न सक्षम हुनुपर्दछ, तर पनि ती समस्याहरु समाधान गर्न परमेश्वर हाम्रो साथमा हुनुहुन्छ भन्ने पूर्ण विश्वासका साथ सामना गर्नुपर्छ ।

(ग) हामी कहिल्यै धर्म त्यागमा फस्नु हुँदैन किनभने "अरु सबैले यो गरिरहेका छन् ।" हामी कालेब जस्तै साहसी र आशावादी हुनुपर्छ ।

(घ) हामीले प्रभुलाई पूर्ण रुपमा पछ्याउनै पर्छ (गन्ती १४:२४) ।

(ङ) जब पावलले रोमीहरुलाई आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तित होओ भन्दै गर्दा कालेब प्रेरित पावल जस्तै थियो ।

(च) हामी अन्त्यसम्म दृढ रहनुपर्छ, परमेश्वरले हामीलाई आत्मिक कनानमा प्रवेश गर्दा सम्मान गर्नुहुनेछ । "त्यसकारण परमेश्वरको विश्राममा प्रवेश पाउने प्रतिज्ञा छँदाछँदै हामी होशियार रहौं र तिमीहरुमध्ये कोही पनि त्यस प्रतिज्ञादेखि वञ्चित नहोस्" (हिब्रू ४:१) ।

पाठ- २८

सबैभन्दा ठूलो उपहार

Greatest Gift

मर्कूस १२:४१-४४

परिचय

(क) मण्डलीको सबैभन्दा राम्रो योगदानकर्त्ता को हुनुहुन्छ?

(१) कसैले भन्न सक्छ, "यो म हुन सक्दिँन । म निश्चित आम्दानीमा छु ।" यो हुन सक्छ ।

(२) म कलेज विद्यार्थी हुँ, वा मसँग जागिर छैन्, यो म हुन सक्दिँन् । यो हुन सक्छ ।

(ख) नयाँ नियममा उदार दाताहरुको धेरै उदाहरणहरु छन् । बरनाबासले जग्गा बेचे (प्रेरित ४) । माकेडोनियालीहरुले आफ्नो शक्तिभन्दा बाहिर दिए (२ कोरिन्थी ८) । तर नयाँ नियममा सबै भन्दा राम्रो दिने ती मध्ये एक थिएन् । त्यो सम्मान एउटी विधवाको हो जसको नाम पनि थाहा छैन । उनको कथा नयाँ नियममा दुई पटक उल्लेख गरेको छ (लूका २१:१-४; मर्कूस १२:४१-४४) ।

(ग) चित्रण हेरोदको मन्दिरमा भएको महिलाहरुको आगनको हो जहाँ तुरही भनेर चिनिने १३ वटा संग्रह बाक्सहरु थिए, किनभने तिनीहरु तुरहीको आकारमा साँघुरो भाग र तल फराकिलो भाग भएका थिए ।

(घ) प्रत्येक १३ वटा बाक्सहरु विभिन्न उद्देश्यका लागि भेटी दिन तोकिएको थियो ।

(१) एउटा काठको लागि जुन बलिदान जलाउन प्रयोग गरिन्थ्यो ।

(२) एउटा वेदीमा जलाइएको धूपको लागि प्रयोग गरिन्थ्यो ।

(३) एउटा सुनका भाँडाहरु आदिको मर्मतका लागि प्रयोग गरिन्थ्यो ।

(ङ) त्यो समयमा मन्दिरको सम्पत्ति सायद अरु शताब्दीहरुमा भन्दा सबैभन्दा ठूलो जम्मा भएको थियो । सायद धेरै बर्बाद पनि भयो ।

(च) सायद यी तुरहीहरु नजिकै खीष्ट बसिरहनुभएको थियो (मर्कूस १२:४१) । खीष्टले माथि हेर्नुभयो र धेरै धनी मानिसहरुले आफ्नो भेटी तुरहीमा फ्याँकिरहेको देख्नुभयो ।

(छ) त्यसपछि यो गरिब विधवा आइन्- उनको जीवनमा दुःख र गरिबी मिसिएको थियो, उसलाई सबैभन्दा दयनीय चरित्र बनायो ।

[I] चढाएका भेटीहरु विपरित थिए ।

(क) *धनीहरुले धेरै दिए । उहाँले त्यो दिन धेरै प्रशंसनीय चीजहरु देख्नुभयो ।*

(१) धेरै धनी मानिसहरुले ठूला-ठूला भेटीहरु हालेको उहाँले देख्नुभयो । अधर्मीहरुसँग सबै सम्पत्ति हुँदैन्, र केही धनी मानिसहरु अझै पनि

परमेश्वरको लागि समय खोज्छन् ।

(२) यी धनी मानिसहरु स्पष्ट रुपमा उदार दाताहरु थिए । येशूले तिनीहरुलाई निन्दा गर्नुभएन् । धेरैले सोचेका होलान् कि दिने कुरामा तिनीहरु कत्तिको उदार थिए र तिनीहरुबाट परमेश्वर पक्कै पनि खुशी भएको हुनुपर्छ ।

(ख) *गरिब विधवाले दुईवटा सिक्का दिए । मानिसहरुको नजरमा यो एउटा सानो नगण्य रकम थियो, लगभग एक दिनको ज्याला थियो ।*

(ग) *खीष्टले भन्नुभयो कि संयुक्त रुपमा अरु सबैले दिएको भेटीभन्दा यो मूल्यवान छ, किनभने उनीसँग भएको यो नै सबै कुरा थियो ।*

(१) यस महिलालाई उनको जीवनमा राम्रो भएको थिएन् । उनले आफ्नो पतिलाई गाडेकी थिइन्, र अहिले गरिबीमा छिन् ।

(२) उनीसँग जम्मा दुईवटा सिक्काहरु मात्र थिए र उनले ती दुवै प्रभुलाई दिए ।

(क) तामाबाट बनेका सिक्काहरु साना थिए र प्रचलनमा सबै भन्दा सानो सिक्का थिए ।

(ख) मूल्य निर्धारण गर्न गाह्रो छ, तर एक पैसा भन्दा कम थियो ।

(३) उसको गरिबी धितो राखेको हुन सक्छ, केही पनि दिएको छैन् ।

(४) उसले एउटा सिक्का फिर्ता राख्न सक्थ्यो ।

(५) जस्तो थियो, उनले कुनै गनगन नगरी आफूसँग भएका सबै दिइन् । उनले आफ्नो सिक्का मात्र होइन्, दानपात्रमा आफ्नो हृदय राखिन् ।

[II] आज हाम्रो निम्ति व्यवहारिक प्रयोग ।

(क) *खीष्ट एउटा इच्छा गर्ने र उत्सुक जाँच गर्ने व्यक्ति हुनुहुन्छ । येशूले भेटीहरु " हेर्नु भयो" (१२:४१) ।*

(१) यसको अर्थ कुनै चीजहरु चासो र उद्देश्यका लागि हेर्नु हो । येशू जिज्ञासु वा अरुको खोजीनिति गर्ने व्यक्ति हुनुहुन्थिएन् ।

(२) परमेश्वरले तिनीहरुमा के देख्नुहुन्छ र सोच्नुहुन्छ भन्ने भन्दा पनि धेरै मानिसहरुले के देख्छन् र सोच्छन् भन्ने कुरामा धेरै चासो गर्दछन् ।

(३) पत्रुसले खीष्टलाई भने, "प्रभु, तपाई सब कुरा जान्नुहुन्छ..." (यूहन्ना २१:१७) ।

(४) "तिमीलाई हेर्दै" भन्ने भजनको अन्तिम वाक्यांशले भन्दछ, "तिमीलाई हेरिरहेका सबै आँखा छन् ।"

(५) हामीले यो बुझ्नुपर्छ कि परमेश्वरले हाम्रो हरेक कार्यको बारेमा जान्नुहुन्छ । आज बिहान येशू तपाईको छेउमा बस्नुभएको भए तपाईलाई कस्तो लाग्छ?

(६) दिइएको रकम परमेश्वर देख्नुहुन्छ ।

(क) परमेश्वरले धनीका ठूला उपहारहरु र गरिबहरुको सानो उपहारहरु पनि देख्नुहुन्छ ।
(ख) कुनै पनि उपहार उहाँको ध्यानबाट उम्केन ।
(ग) हामीले दिएको कुरामा परमेश्वरले चासो राख्नुहुन्छ । हामीले दिएको कुराले हाम्रो उदारता वा हाम्रो स्वार्थ देखाउँछ ।

(ख) *दिनु भनेको विश्वास, पश्चात्ताप वा बप्तिस्मा जस्तिकै परमेश्वरको आज्ञा हो । खीष्टका अभिलिखित भनाइहरुको झण्डै आधा भाग मानिस र उसको सम्पत्तिको विषयसँग सम्बन्धित छ ।*

(१) कुनै समय "कर्तव्य", "सम्मान" र "देश" शब्दहरु लोकप्रिय थिए । हामी अब कर्तव्यको बारेमा धेरै सुन्दैनौं, तर यो अझै राम्रो शब्द हो ।
(२) यो विधवाले दिनुपर्ने कर्तव्य थियो (व्यवस्था १६:१०) ।
(३) परमेश्वरलाई दिनु हाम्रो पनि कर्तव्य हो । "प्रत्येक हप्ताको पहिलो दिन तिमीहरु हरेकले आ-आफ्नो कमाइ अनुसार केही धन छुट्याएर जम्मा गर्दै राख्नु, ताकि म आउँदा भेटी संग्रह गर्नु नपरोस्" (१ कोरिन्थी १६:२) ।
(४) हाम्रो व्यक्तिगत सम्बन्धको यो कर्तव्य मण्डलीका अन्य सदस्यहरुसँग निर्भर हुँदैन् । एउटा प्रवचनले एक जना व्यक्तिलाई गलत तरिकाले छोएको हुन सक्छ र उसले त्यसो तरिकाबाट दिँदैन् ।
(५) यो कर्तव्य हामीले दिन सक्ने रकममा निर्भर हुँदैन् ।
(क) एक जना जवान खीष्टियानले साप्ताहिक भेटी रु. ५०० दिन्छन् भने, हप्तामा रु. ५०,००० कमाउने व्यापारीले दिने कर्तव्य पनि समान छन् ।
(ख) जत्ति म खराब गर्छु, त्यसरी नै परमेश्वरलाई मेरो पैसा चाहिदैन् । यो सत्य हो । यो होइन् कि परमेश्वर हाम्रो उपहार बिना बाँच्न सक्नुहुन्न् । हामीले विश्वासयोग्य भएर नदिए सम्म हाम्रो समृद्धि हुन सक्दैन् ।
(ग) दिन नसक्नुले प्रेमको कमीलाई संकेत गर्छ । सधै पाउने मात्र अपेक्षा गर्नाले व्यक्तिलाई स्वार्थी बनाउँछ ।

(ग) *परमेश्वरको लागि कुनै उपहार सानो वा तुच्छ हुँदैन ।*

(१) प्रायः यो स्वभावको कुरा हो कि मैले जे गर्न सक्छु वा दिन सक्छु त्यति थोरै छ कि यसले फरक पार्दैन् । एक सिक्का यहूदीहरुको लागि सबैभन्दा सानो सिक्का थियो, जसको मूल्य एक पैसा भन्दा कम थियो ।
(२) गरिब विधवामा यस्तो स्वभाव हुन सक्थ्यो । ठूलो गल्ती हुन्थ्यो ।
(३) यस्तो स्वभावले दिएको कारण गुमाउँछ । महान काम हासिल गर्नको लागि हामी दिदैनौं । हामी परमेश्वरको महिमा र सम्मानको लागि

दिन्छौं, र यो हाम्रो उपहारको आकारमा निर्भर हुँदैन ।

(क) यदि हामी एक्लैले ठूलो काम गर्न नसकेसम्म पर्खयौं भने हामीमध्ये धेरैले सबै कुरा दिने वा गर्ने छैनौं ।

(ख) उदाहरण- येशूको शीरमा अत्तर लगाउने स्त्री (मर्कूस १४:८-९) । कसैको लागि अनुपयुक्त र सानो कार्य होलान्, तर एउटा जसले हाम्रो प्रभुबाट अनग्रह प्राप्त गरे ।

(४) दिने कुरामा गरिबहरु धनीहरुसँग बराबरीमा छन् । जीवनका धेरैजसो चीजहरुमा धनी मानिसहरुको फाइदा हुन्छ । सबैले समान दिनुपर्छ भनी परमेश्वरले आशा गर्नुहुन्न् ।

(५) ठूला कुराहरु पूरा गर्नको लागि साना कुराहरु प्रयोग गर्न परमेश्वर सक्षम हुनुहुन्छ ।

(क) परमेश्वरले ५ वटा रोटी र २ वटा माछाले ५००० मानिसहरुलाई खुवाउनुभयो ।

(ख) दाऊदको एउटा चिल्लो ढुङ्गा र घुयत्रोले एउटा दैत्यलाई मारे ।

(ग) म एउटा मात्र हुँ, तर पनि म एक्लै हुँ । म सबै गर्न सक्दिँन, तर पनि म केही गर्न सक्छु । र मैले सबै कुरा गर्न नसक्ने भएकोले, मैले गर्न सक्ने केही गर्न असफल हुनेछैन् ।

(घ) *दिने कुरामा परमेश्वरले हाम्रो मनसाय देख्नुहुन्छ ।*

(१) उहाँले हाम्रो उद्देश्य हेर्नुहुन्छ । "अनि हरेक मानिसले आफ्नो मनमा संकल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन्, न त करकापमा परेर । किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ" (२ कोरिन्थी ९:७) । नचाहेर वा अपमानजनक रुपमा दिइने उपहारहरु, आफ्नो प्रतिष्ठा र आत्म-प्रदर्शनको लागि दिइएको उपहारहरुको कम मूल्य हुन्छ ।

(२) जसरी कसैले माया गर्छ त्यसले त्यसरी नै दिन्छ । माकेडोनियाका मानिसहरुले उदारतापूर्वक दिए । कारण: "तर तिनीहरुले पहिले आफैलाई प्रभुमा अर्पण गरे..." (२ कोरिन्थी ८:५) ।

(३) यो गरिब विधवाले गहिरो प्रेमका साथ दिएको कुरा स्पष्ट छ ।

(क) कोहीले आफ्नो प्रशस्तताबाट दिए भने कोहीले बलिदानद्धारा दिए ।

(ख) धनीहरुका उपहारहरु तुरहीमा फ्याँक्दा तिनीहरुले वास्तवमा केही खर्च गरेनन् ।

(ग) विधवाका दुई सिक्काहरु उनीसँग भएका सबै थोक थिए । उनले १००% दिए । उनको उपहार सानो थियो; उनको प्रेम ठूलो थियो ।

(घ) चोट नपुगेसम्म दिने कुराको सुरुवात हुँदैन् । परमेश्वरले उहाँलाई हाम्रो बलिदानमा चासो राख्नुहुन्छ ।

(ङ) उपहारले हाम्रो प्रेम तब मात्र देखाउँछ जब हामी आफैले कुनै चीज बिना गर्नुपर्‍यो वा यसलाई दिनको लागि दोब्बर मेहनत

गर्नुपऱ्यो । परमेश्वरको काममा बढी दिनको लागि तिनीहरुले वास्तवमा चाहेको कुरामा केही ख्रीष्टियानहरुले कहिल्यै बलिदान दिएका छैनन् ।

(च) दुई जना धनी ख्रीष्टियानहरु, एक जना वकिल र एक जना व्यापारी एउटै समुहमा सामेल भएर संसारभर यात्रा गरिरहेका थिए । कोरियामा तिनीहरुले एउटा खेत देखे, जहाँ एउटा केटाले धान रोप्नको लागि बूढो मानिसको निर्देशन अनुसार साह्रो खेतमा हलो जोतिरहेका थिए । वकिललाई रमाइलो लाग्यो र उसले फोटो खिच्यो । मार्गदर्शकले भने जब मण्डली भवन बनाइयो, उनीहरु केही दिन उत्सुक थिए, तर उनीहरुसँग पैसा थिएन् । त्यसैले, तिनीहरुले आफ्नो भएको गोरु बेचेर मण्डलीलाई पैसा दिए । त्यो वसन्तको महिनामा तिनीहरु आफैले तानेर हलो जोते । जब समुह घर फर्कियो, वकिलले फोटो लिएर प्रचारकलाई कथा सुनाए । उनले भने, "म मण्डलीमा मेरो योगदान दोब्बर गर्न चाहन्छु, र मलाई हलोको काम दिनुहोस् । प्रभुको लागि बलिदानको वास्तविक अर्थ के हो, मलाई थाहा छैन् । यो भन्न लाज लाग्छ कि मैले उहाँलाई कुनै पनि चीज दिएको छैन जसको कारणले मलाई साँच्चै केही मूल्य चुकाउनुपर्नेछ ।

निष्कर्ष

(क) परमेश्वर बलिदानको वरदान चाहनुहुन्छ । परमप्रभुबाट पुरस्कृत हुन र केही महान कार्य देख्नको निम्ति होइन् । प्रभुको नाममा दिएको एक कप चिसो पानीमा पनि चेलाहरु पुरस्कृत हुन्छन् ।

(ख) धनीहरुका ठूला उपहारहरुले परमेश्वरलाई खुशी पार्न सक्दैनन् ।

(१) यदि तिनीहरुले बलिदानद्धारा र स्वतन्त्ररुपमा दिइएन् भने यो सत्य हो ।

(२) परमेश्वर विधवाको सिक्कामा खुशी हुनुहुन्छ, तर कंजुसको सिक्कामा होइन् ।

(३) यो मण्डलीमा सबैभन्दा ठूलो दिने को हुनुहुन्छ? यो प्रश्नको उत्तर परमेश्वरमात्र जान्नु हुन्छ । तर जवाफले हामीलाई अच्चमित बनाउन सक्छ ।

(४) हामीले हाम्रो विश्वास, हाम्रो भरोसा र हाम्रो प्रतिबद्धतालाई यस विधवाले के गरिन् भन्ने प्रकाशमा नाप्नु आवश्यक छ ।

(५) यो सानो उपहार संसारको सबैभन्दा प्रसिद्ध वित्तीय लेनदेन मध्ये एउटा हो । हामी अझै दुई हजार वर्ष पछि यसको बारेमा कुरा गछौं ।

पाठ- २९

दिने सिद्धान्तहरू

Principles of Giving

२ कोरिन्थी ९:६-११

परिचय

(क) हामीले भर्खरै एउटा महत्वपूर्ण आराधनाको क्रियालाई पूरा गरेका छौं । सायद प्रभु भोज सबैभन्दा महत्वपूर्ण छ भन्ने लाग्छ ।

(ख) भेटी दिनु पनि हाम्रो आराधनाको महत्वपूर्ण भाग हो । यो एउटा विषय हो जसको बारेमा हामी प्राय: कुरा गर्न चाहँदैनौं । तर समय समयमा यो अन्य सबै विषयहरु जस्तै छलफल हुनुपर्छ ।

(ग) एउटा व्यक्तिको निम्ति भेटी दिनको लागि परमेश्वरको योजनामा ध्यान दिनु मुक्तिको विषयमा ध्यान दिनु जत्तिकै महत्वपूर्ण छ । यो भनिएको छ कि बाइबलले वचन सुन्ने, विश्वास गर्ने, पश्चात्ताप गर्ने, स्वीकार गर्ने र बप्तिस्मालाई संयुक्त रुपमा भन्दा भेटी दिनेलाई धेरै स्थान दिन्छ ।

(घ) तर आशिष पाउनको लागि हामीले परमेश्वरको निर्देशनहरु पालन गर्नुपर्छ । प्रभुलाई दिएको सबै भेटीको पैसा उहाँमा स्वीकार योग्य हुँदैनन् ।

(ङ) खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ (२ कोरिन्थी ९:७) । कसरी हामी खुशीसाथ दिने व्यक्ति बन्न सक्छौं (२ कोरिन्थी ९:६-११)?

[I] परमेश्वरले खुशीसाथ दिनेलाई प्रेम गर्नुहुन्छ भनेर थाहा पाउनुहोस् ।

(क) *हामीले दिनु हुँदैन्.....*

(७) तपाईले अध्ययन गर्दै हुनुहुन्छ भने समयमै गर्नुहोस् र भरपर्दो हुनुहोस् ।

(८) जब उनी खीष्टियान हुन्छन् तब खुशी हुनुहोस् ।

(घ) बालबालिकालाई सिकाउने ।

(१) राम्रो मनोवृत्ति ।

(२) एउटा खीष्टियानको जीवित उदाहरण । साना आँखाले सबै देख्छन् र कानले सुन्छन् ।

(३) आमाबाबुलाई चिन्नुहोस् ।

(४) बच्चाहरु मार्फत हामी आमाबाबुलाई सिकाउन र आउन प्रोत्साहित गर्न सक्छौं ।

(५) केही महिलाहरु सबै समय कक्षाहरु पढाउन चाहन्छन्- अरुलाई विश्राम चाहिन्छ ।

(क) यदि तपाई रमाइलो गर्नुहुन्छ भने धेरै सानो उमेरमा सहयोगी बन्न सुरु गर्न सक्नुहुन्छ ।

(ख) विशेष गरी साना कक्षाहरुमा सहायक र शिक्षक हुनु आवश्यक छ ।

(६) तपाईको छिमेकीका बच्चाहरुलाई बाइबल कक्षामा निम्तो दिनुहोस्- तिनीहरुले प्रेमको आनन्द लिनेछन् ।

(७) बाइबल कक्षाको लागि विशेष कोठा छैन के गर्न सक्नुहुन्छ?

(क) सेवाहरुभन्दा अघि वा पछिको समय सोध्नुहोस् । सम्भवतः अघि नै उत्तम होला ।

(ख) नजिकैको रुख वा घर मुनि भेट्नुहोस् ।

(ग) अन्य वयस्कहरुलाई उनीहरुको मद्दतको लागि सोध्नुहोस्- कृपया तिनीहरुलाई उनीहरुको संगति बाहिर लैजानको लागि अनुरोध गर्नुहोस् वा चुपचाप बस्नको लागि अनुरोध गर्नुहोस् ।

याद गर्नुहोस् कि येशूले साना बच्चाहरुलाई माया गर्नुभयो- धेरै महत्वपूर्ण सेवकाई हामीले भविष्यका अगुवाहरु, प्रचारकहरु र बाइबल कक्षा शिक्षकहरुलाई प्रशिक्षण दिइरहेका छौं ।

पाठ - ३

के हामीले एउटा सेवकाईको बारेमा कुरा गऱ्यौं जुन तपाईले सोच्नुभएको थियो कि तपाई राम्रो हुनुहुन्छ? तपाईले प्रयास गर्न मन पराउने एउटा थियो? सायद तपाईको नोटहरुमा घेरा बनाउनु होस् ।

हाम्रो जीवनमा भूमिकाहरु परिवर्तन हुँदा हाम्रो सेवाकाईहरु पनि परिवर्तन हुन्छन्-

(क) २०-३० वर्षहरुमा- मैले धेरै बालबालिकाका कक्षाहरुमा पढाएँ- अहिले महिलाहरुलाई प्राथमिकता दिन्छु ।

(ख) ५० वर्ष- अब श्रीमानसँग स्वतन्त्र भएर जान सक्छु- घरमा बच्चाहरु छैनन् ।

(ग) विशेष गरी बच्चाहरुको प्रारम्भिक वर्षहरुमा, तिनीहरुलाई उत्कृष्ट उदाहरण समावेश गर्नुहोस् ।

(घ) कसैले खाना पकाउँछ र नयाँ आमाहरुलाई खान लैजान्छ- एउटै भोजन सूची ।

परोपकारी सेवाकाई-

(क) हितोपदेश ३१:२०- "तिनले गरीबहरुलाई आफ्नो मुठ्ठी खोल्छिन्, र आफ्नो हात दीन-हीनहरुका लागि बढाउँछिन् ।"

(ख) हामी सबैले अवसर खोज्नु पर्छ र हामी अरु महिलाहरु र कहिलेकाहीँ हाम्रा पति र बच्चाहरुलाई भन्न सक्दैनौं ।

(ग) धेरै उपकारका कार्यहरुमा लगभग कुनै खर्च छैन ।
बुढापाकासँगको कुराकानी, रोइरहेको बच्चासँग आमाको लागि मुस्कान वा अझ राम्रो तैपनि उसको भार बोकेर मद्दत गर्ने, छेउछाउको विधुरको लागि केही खानेकुरा दिने ।

बिरामीको हेरचाह गर्दै-

केही महिलाहरु यसमा उत्कृष्ट छन् तर मलाई लाग्छ कि हामी सबै बिरामी कोठा बाहेक अरु कतै हुनेछौं ।

(क) भ्रमण मात्र होइन- (त्यो राम्रो छ) तर वास्तवमा बिरामी व्यक्तिको हेरचाह वा साथमा बस्नु ।

(ख) हुन सक्छ काम गर्न वा नुहाउनको लागि परिवारलाई समय दिने ।
नोटः म र मेरो परिवारलाई त्यो समयमा गरिएका धेरै चीजहरुको विशेष सम्झनाहरु छन् ।

अखीष्टियान छिमेकीहरुले मानिसहरुको हेरचाह गर्न सक्छन् तर खीष्टियान छिमेकी सधैं त्यहाँ हुनुपर्छ ।
हामी हाम्रो छिमेकीमा असल सामरीको रुपमा चिनिन सक्छौं । असल सामरीको कथामा उसले पूर्ण अपरिचितको हेरचाह गऱ्यो ।

प्रेरित १०:४- गरिबहरुलाई दिएको उपहारहरु परमेश्वरको सामु सम्झनाको रुपमा आएका छन् ।

(ग) मानिसहरु आफ्नो आर्थिक, मानसिक वा शारीरिक अवस्थाको बारेमा लज्जित हुन सक्छन् ।

(१) कसले गर्‍यो भनेर थाहा नपाएर दिने तरिकाहरु खोज्नुहोस् (परमेश्वर जान्नुहुन्छ) ।

(२) ढोकामा तरकारीको झोला, यसका केही हौसलाको कार्ड, साबुन - मण्डलीमा छोड्नुहोस् तिनीहरुलाई पछि टिप्न दिनुहोस् ।

मत्ती २५:४१-४५- जब हामी खाँचोमा परेकाहरुलाई खुवाउँछौं र हेरचाह गछौं, हामी यो येशूको लागि गर्दैछौं ।

यो कसरी सुसमाचार प्रचार प्रसार भयो? तपाई प्रेम र हेरचाहमा पुग्दै हुनुहुन्छ । यसले अध्ययनको लागि ढोका खोल्न सक्छ । उनीहरुलाई वा परिवारका सदस्यहरुलाई लेख वा पुस्तकहरु दिने मौका मिल्न सक्छ । सायद तपाईले पहिले कहिल्यै नभेटेको व्यक्ति हुन सक्छ- हामी लज्जित हुनु हुँदैनौं ।

अस्पतालको भ्रमण-

छोटो भ्रमण- सानो उपहार- कागज, पत्रिका, मलम, मिठाई लिएर जान सक्छौं । यदि चौबीसै घण्टा बस्ने परिवारले फलफूल र खाजाको टोकरी जम्मा गर्न सक्छ वा उनीहरुलाई खाना लैजान सक्छ ।

(क) प्रार्थना ।

(ख) आवश्यकताहरु पत्ता लगाउनुहोस्- उनका बच्चाहरु, उनका घर पालुवा जनावरहरु, उनका बिरुवाहरु, उनको आँगन, आदि । त्यसपछि हामीले मद्दत गर्न सक्ने अन्य महिलाहरुलाई सञ्चार गर्नुहोस् ।

(ग) बालबालिका र वृद्ध व्यक्तिहरुले गरेका राम्रो सेवकाईबाट तिनीहरुको व्यक्तिगत कार्डहरु पठाउनुहोस् ।

(घ) विशेष गरी यदि तिनीहरुले उनलाई चिन्छन् भने अरुलाई भेट्न प्रोत्साहन दिनुहोस् ।

(ङ) घर पुगिसकेपछि कल गर्नुहोस्- तपाईले गर्न सक्ने कामहरु छन् कि छैनन् भनेर जाँच गर्नुहोस् ।

(१) बाहिर किनमेल गर्दा खाना किन्नुहोस् ।

(२) विद्यालयबाट बालबालिकालाई लिएर आउनुहोस् ।

सकारात्मक हुनुहोस्: उसले तपाईको समस्याहरु सुन्न आवश्यक छैन् ।

परिवारमा मृत्यु-

(क) खानको लागि वा भ्रमण मात्र होइन्- घरमा जानुहोस्, चिया बनाउन सहयोग गर्नुहोस्, भाँडा धुनुहोस्, खाना पकाउन मद्दत

गर्नुहोस्, सम्हाल्नुहोस् (मेरी आमा विशेष गरी अनाथहरुको हेरचाहमा राम्रो हुनुहुन्थ्यो ।

(ख) येशूले बच्चाहरुलाई माया गर्नुभयो र हामीलाई अनाथहरुको हेरचाह गर्न विशेष आज्ञा दिनुभयो ।

(ग) बाइबल कक्षाहरुमा येशूको बारेमा र तिनीहरुलाई उदाहरणद्धारा सिकाउने मौका हुन्छ ।

(घ) पछिको जीवनमा तपाईलाई विशेष आशिष हुन सक्छ ।

साथीलाई साथीको सल्लाह-

(क) हामीले हाम्रो जीवनमा प्रयोग गरेका परमेश्वरका स्रोतहरु कसरी प्रयोग गर्ने भनेर देखाएर अन्य महिलाहरुलाई सल्लाह दिने ।

(ख) सुन्ने भन्दा बढी बाइबल सल्लाह दिनुहोस् र परिवर्तन गर्न तिनलाई मद्दत गर्नुहोस् ।

(ग) यदि तपाईले समान समस्याहरुको अनुभव गर्नुभएको छ भने विशेष उपयोगी हुनेछ । जस्तै: एकल महिला ।

(घ) रोमी १५:१४- हामीले एक अर्कालाई निर्देशन दिनु पर्छ ।

(ङ) कलस्सी ३:१६- ईश्वरीय बुद्धिको साथ सल्लाह दिनु पर्छ ।

(च) यो गर्नको लागि हामी आफै असल बाइबल विद्यार्थी हुनु पर्छ ।

सल्लाहकारको विशेषता-

(१) राम्रो स्रोता ।

(२) हेरचाह र मायालु- अंगाल्ने कुरा अद्धभूत छन् ।

(३) तिनीहरुलाई पश्चात्ताप गर्न बोलाउनुहोस (याकूब ५:१६) ।

(४) यदि तपाई तिनीहरुलाई मद्दत गर्न असमर्थ हुनुहुन्छ भने- उनीहरुलाई तपाई विश्वास गरेको पेशाको बारेमा बताउनुहोस् र हुन सक्छ ख्रीष्टियान परिवारमा मद्दत गर्न सक्ने अरु कसैलाई पनि भन्नुहोस् ।

पाठ - ४

हौसलाको सेवाकाई

रोमी १२:८- परमेश्वरबाट वरदान- केही महिलाहरु प्रशंसा र प्रोत्साहन दिन धेरै सहज हुन्छन् ।

उदाहरण: महिलालाई केही पारिवारिक समस्या भइरहेका थियो । उनी किनमेल गरिरहेको बेला अर्की महिला उनीकहाँ आइन् । केही बेर कुरा गरिन् र उनले उनको लागि प्रार्थना गरिरहेकी थिइन् र उनलाई अँगालो हालिन्- उनी जाँदै गर्दा, उनले महिलालाई भनिन् कि उनले आज आफ्नो जागिर गुमाइन् ।

फिलिप्पी ४:१९- पावलले जेलबाट लेख्दै गर्दा उनले भने कि परमेश्वरले तिनीहरुका सबै आवश्यकताहरु पूरा गर्नुहुनेछ ।

हामीले कृतज्ञता देखाउन सक्ने तरिकाहरु के-के हुन्?

(१) प्रचारकको लागि प्रोत्साहनजनक शब्दहरु ।
(२) अगुवाहरुलाई भन्नुहोस् कि तपाईलाई लाग्छ कि तिनीहरुका विचारहरु उत्तम छन् ।
(३) अर्की महिलालाई उसले आफ्नो सेवाकाइमा कत्तिको राम्रो गरिहेको छ भनी बताउनुहोस् ।
(४) नयाँ ख्रीष्टियानहरुलाई प्रभुसँगको दैनिक हिँडाइमा प्रोत्साहन दिनुहोस् ।
(५) केटाकेटी र किशोर किशोरीहरुले अरु ख्रीष्टियानहरुको प्रशंसाको साँच्चै कदर गर्छन् ।

के कसैको प्रोत्साहनले हामीलाई पाप गर्नदेखि रोकेको हुन सक्छ?

हिब्रू ३:१३- यसले पापलाई हाम्रो ढोकाबाट टाढा राख्छ ।
हिब्रू १०:२५- जब हामी सभामा भेला हुन्छौं यसले हामीलाई एक अर्कालाई प्रोत्साहन र प्रशंसा गर्ने थप मौका दिन्छ- आराधनामा बोलाउन वा भेट्नको लागि जान सजिलो हुन्छ ।

यो एउटा सेवाकाई हो जुन हामी सबैले गर्नुपर्छ ।
कोही धेरै गर्न चाहन्छन् जस्तै नोटहरु लेख्न, फोन कलहरु गर्न ।

संगठन महत्वपूर्ण छ । केवल नोटबुकमा रेकर्ड मात्र राख्न । ताकि उदाहरणको लागि सबै नयाँ आगन्तुकहरुले केही पाउँछन् । नोट वा कल गर्नुहोस् (यदि एक जना व्यक्ति कार्डहरु लिएर फोन नगरी तर त्यस महिलाले उसको छेउमा बस्नेलाई केही नभनी एकै दिन भेट्न जान्छ भने त्यो नराम्रो हुनेछ ।)

बृद्ध जनहरुको सेवाकाई

कोही-कोहीसँग कुराकानी गर्ने र वृद्धहरुको हेरचाह गर्ने यस्तो दयालु

कोमल तरिका हुन्छ । धैरै पटक यी शान्त, नम्र महिलाहरु हुन् जसले यो काम गर्छन् र धेरैजसो मानिसहरुले कहिल्यै थाहा पाउने छैनन् कि तिनीहरुले प्रभुको लागि के गर्छन्, तर व्यक्तिको लागि यो गरिएको विशेष ख्रीष्टियान मनोवृत्ति र मद्दतलाई सम्झन्छ ।

परमेश्वरले बृद्ध मानिसहरुलाई प्रयोग गरेको बाइबलीय उदाहरणहरु:

- बृद्ध मानिसहरु युवाहरुमा रमाइलो गर्छन् ।
- तिनीहरु कसैसँग कुरा गर्न रमाउँछन् ।
- तिनीहरुलाई मण्डलीको काममा सक्रिय रहन प्रोत्साहन गर्ने प्रयास गर्नुहोस् ।
- तिनीहरु बाइबल अध्ययन गर्ने, कार्डहरु पठाउने, र बाइबल पत्राचार पाठहरु जाँच गर्न समूहहरुमा भेट्न सक्छन् ।
- तिनीहरुको बुद्धि प्रयोग गर्नुहोस् ।
- मोशा, सारा, अब्राहाम, नोआ (६०० वर्ष पुरानो)

यदि तिनीहरुको परिवार छैन भने हामी तिनीहरुलाई डाक्टरसँग भेटघाट गर्नको लागि सहायता उपलब्ध गरिदिन सक्छौं ।

तिनीहरुसँग खाना, बास, लुगा र औषधि छन् भनी सुनिश्चित गर्नुहोस् । संगठनले फेरि एउटा विशेष बृद्ध व्यक्तिको हेरचाह गर्ने व्यक्तिहरुलाई प्रत्येक केही महिनामा परिवर्तन गर्न आवश्यक हुन सक्छ ताकि उनीहरुले फरक व्यक्तिहरु देख्छन् ।

महिलाहरुले विशेष कार्यक्रमहरुको आयोजन गर्दछन् ।

(१) खाना दिने, नारी दिवस, बाल कार्यक्रम, किशोर किशोरीसँग भेटघाट ।
(२) मलाई यो गर्न मन पर्ने गतिविधिहरुको योजना बनाउन निश्चित महिलाहरु उपलब्ध हुनुपर्छ । मलाई अरुसँग योजना बनाउन मन पर्छ । र यो एउटा विशेष परियोजनामा सँगै काम गर्दा रमाइलो हुन्छ । एक्लै गर्ने प्रयास नगर्नुहोस् ।
(३) संगति गर्ने नयाँ मानिसहरुलाई विशेष गरी अन्य महिलाहरुलाई आमन्त्रित गर्ने मौका हुनुपर्छ । सम्झनुहोस् सबैलाई निमन्त्रणा गर्नुपर्छ ।
(४) यो सुसमाचार प्रचार हो किनभने यसले बाइबल अध्ययन गर्न सक्छ र वा तिनीहरु आराधनाको निम्ति समयमा जान चाहन्छन् ।

उदाहरण: रोबर्ट ब्राउनकी पत्नीले मण्डलीको खानाको लागि सजावट गर्न मन पराउँछिन- उनी फूलहरु र विभिन्न चीजहरुले टेबुलहरु सुन्दर बनाउँछिन् यदि महिला दिवसको योजना बनाउँदै हुनुहुन्छ भने सबैजना युवा केटीहरुलाई पनि समावेश गर्ने तरिका खोज्ने प्रयास गर्नुहोस् ।
(१) कसैले पकाउने, सजाउने, अरुले निमन्त्रणा पठाउने, अरुले सानो

उपहार दिन्छन्, कसैले गाउँछन्, कसैले कविता पढ्छन्, ढोकामा मानिसहरु, वा बच्चाहरुको हेरचाह पनि गर्छन्, जबकि अरुले भवन सफा गर्न सक्छन् । याद गर्नुहोस् सबैभन्दा राम्रो अगुवा त्यो हो जसले अरुलाई मद्दतको लागि सोध्न सक्छ र अरुको विचार सुनेर अरुलाई सहयोग गर्न सक्छ ।

मिसनका सेवाकाईहरु

(१) महिलाहरुले अन्य शहर र देशहरुमा शिक्षकको रुपमा सेवा गर्न सक्छन् ।
(२) केही एकल महिलाहरु पनि जान्छन्- रेबेका यस गर्मीमा बर्मा जादैछिन् (विद्यालय शिक्षक) ।
(३) प्रिस्किला र अकिलास मिसनरी दम्पतीको उदाहरण थिए- कहिलेकाहीँ तिनीहरु सुसमाचार फैलाउन पावलसँग यात्रा गर्थे ।
(४) यदि तपाईको जागिरले तपाईलाई मलेसियामा जिउनको लागि लैजान्छ भने- त्यहाँ प्रभुको काममा सक्रिय हुनुहोस्- घर नभएका देशहरुमा धेरै महिलाहरुले ठूलो काम गरेका छन् ।

जब हामी हाम्रा योजनाहरु बनाउँछौं, र सायद हाम्रा बच्चाहरुको लागि पनि यो उनीहरुले कति पैसा कमाउने भन्ने कुरामा हुँदैन- तर म कसरी परमेश्वरको सेवा गर्न सक्छु भन्ने कुरामा हो । यदि तपाई सदैं हुनुहुन्छ भने तपाई सार्न अघि जाने प्रयास गर्नुहोस्- तपाई मण्डलीमा कहाँ जानुहुन्छ र तिनीहरु तपाईप्रति कत्तिको अनुकूल छन् भनेर जाँच गर्नुहोस् । मण्डली कति टाढा छ? महिलाहरु मिशन प्रयासहरुलाई बढावा दिन मण्डलीभित्र एउटा ठूलो मद्दत हुन सक्छ ।

(१) विभिन्न देशहरुका मिसनरीहरुको बारेमा पढ्नुहोस् र अरुलाई भन्नुहोस् ।
(२) तिनीहरुसँग पत्राचार गर्नुहोस् र उपहार पठाउनुहोस् ।
(३) तिनीहरुलाई प्रोत्साहन गर्नको निम्ति प्रार्थना गर्नुहोस् ।

उदाहरण: एडेलो फिलिप- ९६ वर्ष- रातको समयमा हामीलाई खाना खुवाउनुभयो । फ्रान्स, केन्या, र जापानको मण्डलीको बारेमा तपाईलाई के थाहा छ? के तपाईलाई थाहा छ जापानमा १८०० को दशकमा मिसनरीहरु थिए?

यसबारे कसरी जानकारी लिन सक्नुहुन्छ?
(१) हालको मिसनरी इन्टरनेटबाट हुन सक्छ ।
(२) विगतको मिसनरी- उनीहरु हामीलाई जानकारी दिन र आफ्नो देशको बारेमा बताउन मन पराउँछन् ।
(३) सत्यवाणी पुस्तकहरु ।

अन्य सेवाकाईहरु

- भवन सरसफाई गर्ने ।
- कक्षा कोठा सफा गर्ने ।
- कक्षा कोठाहरु सजाउनुहोस् ।
- विद्यार्थीहरुको लागि दृश्य चित्रहरु बनाउनुहोस् ।
- बप्तिस्मा गराउँदा लगाएका वस्त्रहरु धुनुहोस् ।
- नयाँ आगन्तुकहरुको लागि स्वागत उपहार वा टोकरी ।
- प्रभु भोजको भाँडो सफा राख्नुहोस् ।

अरु महिलाहरु जस्तै बन्ने प्रयास नगर्नुहोस् ।

(१) तपाई जस्तो राम्रो हुनुहुन्छ त्यही गर्नुहोस् ।

(२) यदि तपाई केही समयको लागि एउटा सेवाकाई गर्ने कोशिस गर्नुहुन्छ र तपाईलाई यो मन पर्दैन भने, तपाईलाई रमाइलो गर्ने अर्को चीजमा जानुहोस् ।

(३) परमेश्वरले हामीलाई त्यो गर्नको लागि सोध्नु हुन्न् जुन उहाँले हामीलाई गर्ने शक्ति दिनुहुन्न् । मलाई मलाकी ३:१० पद मन पर्छ । परमेश्वरले इस्राएलीहरुलाई भन्नुभयो- केवल मलाई जाँच गर्नुहोस, हेर्नुहोस् कि म तिमीलाई आशिष बर्साउछु कि बर्साउदिन ।

(क) दुष्ट, अल्छी नोकरले जस्तै आफ्नो प्रतिभालाई नगाडौं ।

(१) हाम्रो प्रतिभा विकास गरौं- यसले केही समय लिन सक्छ ।

(२) मानिसहरुले मेरो आलोचना गर्न सक्छन् । १ कोरिन्थी ४:२,३ - पावलले मानिहरुले उनको बारेमा के सोचेका छन् भन्ने कुराको वास्ता गरेनन् ।

(३) म डराउँछु- हो, येशू बगैचा र कूसमा जानुहुँदा डराउनु भएको थियो ।

प्रारिम्भक मण्डलीको वातावरण

- सँगै रहनुहोस् ।
- सँगै काम गर्नुहोस् ।
- परमेश्वरका घराना ।
- तिनीहरु संगति, रोटी भाँच्ने र प्रार्थनामा समर्पित थिए ।
- तिनीहरुले आफ्नै चीजहरु बेच्नु परे तापनि आवश्यकता भएकाहरुलाई दिए ।
- परमेश्वरको प्रशंसा गरे ।
- प्रेरित ४:२०- तिनीहरुले सुसमाचार सुनाउनु पर्‍यो ।

पाठ- ५४

योकोबेद

Jochebed

प्रस्थान १,२,१६,२२

परिचय

मोशाको बुबाको नाम के थियो? पिता अम्राम, दाजु हारुन, दिदी मिरियम थिइन् ।

(क) मोशाका आमाबाबुले परमेश्वरमा विश्वास गरेका थिए र फारो राजा देखि डराएनन् (हिब्रू ११:२३) ।

(१) तीन महिनासम्म बालक मोशाको हेरचाह गरे- केटा बच्चाहरुलाई नदीमा फाल्न भनी मिश्रीहरुलाई भनिएको थियो ।

(२) जब बच्चालाई लुकाउन सकेन- उनले एउटा योजना बनाइन् । कुशको एउटा टोकरी बनाएर त्यसलाई तारपीन र अलकत्राले लिपिन् ताकि यो नदीमा तैरियोस्- त्यसपछि किनारामा राखेर उनकी दिदी मिरिमलाई उभिएर हेर्न भनियो र उसलाई के हुन्छ भनेर फारोकी छोरीले देख्छिन् । उसले टोकरी खोल्दा बच्चा रोइरहेको थियो ।

उनले त्यस सानो बच्चालाई दया देखाएर भन्छिन् यो एउटा हिब्रू बच्चा हो । मिरियमले उनलाई सोध्छिन् कि उनी हिब्रू महिलाहरुबाट एउटा भिजेको बच्चालाई स्याहार गर्न एक जना व्यक्ति लिन पठाउँछन्, उनी मोशाकी वास्तविक आमालाई ज्याला दिन्छिन्, उनी को हुन् भनेर थाहा नभएको उनी फारोकी छोरीको छोरी बन्छिन् ।

(३) योकोबेदको योजनाले उनको सानो छोरालाई बचायो । के हामीसँग हाम्रा बालबच्चा र परिवारहरुलाई बचाउने योजना छ? उनले आफूसँग भएको कुरा प्रयोग गरिन् । यो कुनै चमत्कार थिएन् । वास्तवमा, धेरैजसो समय परमेश्वरले तिनीहरुको वरपरका चीजहरु प्रयोग गर्नुहुन्थ्यो ।

(ख) हामी उनको बढ्दो वर्षहरुको बारेमा थोरै जान्दछौं (प्रेरित ७:२०-२३) ।

(१) फोरीकी छोरीको छोराको रुपमा व्यवहार गरियो ।

(२) मिश्रीहरुको सबै तरिकाहरु सिके- उनी शब्द र काममा शक्तिशाली थियो ।

(३) उनीसँग सबै शक्ति, पैसा, शिक्षा, ठूलो घर, र उत्कृष्ट भविष्य थियो ।

(ग) मोशा ४० वर्षको हुँदा उनी हिब्रू दासहरु (उनका भाइहरु) कहाँ गए ।

(१) बोझ र एक जना मिश्रीले हिब्रूलाई हिर्काएको देखेर- कसैले नदेख्ने

गरी उसलाई माऱ्यो र बालुवामा लुकायो- मोशा भोलिपल्ट फर्केर जान्छ र बीचको झगडा रोक्न खोज्छ (हिब्रू २)। तिनीहरुले उनलाई कसको न्यायाधीश बनायो भनेर सोधे। के उसले हिजोको मानिस जस्तै ती मध्ये एक जनालाई मार्ने थियो? डरले, मोशाले देश छोड्ने निर्णय गरे किनभने जब फारोले यो कुरा सुने तब उसले मोशालाई मार्न लागेको थियो।

(२) हुन सक्छ फारोले हिब्रूहरुलाई मद्दत गर्ने प्रयास गर्नुपर्दैन- फारो पागल छ र हिब्रूहरुले मोशाद्धारा नेतृत्व गरेको चाहँदैनन्।

(३) उनी साँच्चै हिब्रू भनेर उनलाई कसले सिकायो? उनको भिजेको नर्स- उनकी आमाले भनेको हुनुपर्छ।

(क) सानै उमेरमा उनलाई आफू मिश्री होइन् भनेर उनकी आमाले बताउन थालेकी थिइन् कि उनी धर्मपुत्री भएका थिए। हरेक दिन सँगै बसेर कथाहरु सुनाउँथ्यो- उनलाई थाहा थिएन् कि उनीसँग आदम, हव्वा, नोआ, जहाज, योसेफ मिश्र देशमा आएका कथाहरु कति लामो समयदेखि सिकाइरहेकी छिन्।

(ख) मोशाले यी हिब्रू दासहरुसँगको सम्बन्ध महसुस गरे तापनि तिनको जीवन धेरै फरक थियो।

(ग) हामीले हाम्रा बच्चाहरुलाई सानै उमेरमा परमेश्वरको परिवारको सम्बन्धबारे सिकाउने प्रयास गर्नुपर्छ।

(घ) उसले आफ्नो भौतिक परिवार- भाइ, बहिनी, श्रीमती र बच्चाहरुलाई पनि माया गऱ्यो।

(घ) उनी ४० वर्षको लागि मिद्दानमा बस्छन्। त्यसपछि इस्राएलीहरुलाई मिश्रबाट लाल समुन्द्र पार गरेर लैजान्छन्।

(ङ) उनी ती इस्राएलीहरुसँग ४० वर्षसम्म उजाड स्थानमा भौतारिन्छन् र प्रतिज्ञा गरिएको भूमिमा पुग्दा उनको मृत्यु हुन्छ।

(१) हिब्रू ११:२३-२९ (पढ्नुहोस्)- मोशा र उनको विश्वासको बारेमा पद ७ मा- विश्वासको यस महान् अध्यायमा उल्लेख गरिएका अरु कुनै पनि पद भन्दा बढी छन्।

(२) योकोबेदको योजना अनुसार ऊ हिब्रू हो भनेर उनलाई थाहा थियो। मोशा तिनीहरुका नेता हुनेछन् भनी उनकी आमाले आशा गरेको कुरामा मलाई विश्वास छ। याद गर्नुहोस् कि अधिकांश केटाकेटीहरु मारिएका थिए।

(३) हामीले हाम्रा छोराछोरीहरुलाई मण्डलीमा अगुवा बन्न र बलियो खीष्टियान बन्नको लागि योजना बनाउनु पर्छ। यो हाम्रो प्राथमिकताहरु हुनुपर्छ- यो होइन् कि तिनीहरु सबैभन्दा धनी वा उत्तम लुगा लगाएका हुनेछन्। तर जीवनभर परमेश्वरका सेवकहरु हुनेछन्।

(४) एलिशिबा र जकरियाले बप्तिस्मा दिने यूहन्नालाई आकार दियो ।
(५) मरियम केवल एकजना जवान कुमारी थिइन्, तर परमेश्वरले उनीहरुलाई बालक येशूलाई वयस्कतामा हुर्काउनको लागि दिनुभयो ।
(६) मरियमका ४ छोराहरु थिए । तिनीहरु सबै प्रचारक हुनेछन् भनी तिनले प्रार्थना गरिन होलिन् । तिनीहरु प्रचारक भए । के उनले प्रार्थनामा रोकिन्- होइन् उनले तिनीहरुलाई माया गरेर सिकाइन् ।

निष्कर्ष

(क) हामीमा योकोबेदको जस्तै योजनाहरु हुनुपर्छ ।
(ख) हामीले हाम्रा बच्चाहरुकाले लागि प्रार्थना गर्नुपर्छ ।
(ग) हामीले तिनीहरुलाई हरेक दिन फरक कुरा गर्नको लागि हाम्रो समय दिनुपर्छ ती चीजहरु विशेष गरी बाइबलका कुराहरु हुन सक्छ ।
(घ) हामीले तिनीहरुलाई अगुवा र बलियो ख्रीष्टियानको रुपमा आकार दिनु पर्छ ।
(ङ) हामी योकोबेद र मोशाजस्तै साहसी र ठूलो विश्वासी हुनुपर्छ ।

पाठ- ५५ अग्रिणी महिला र दिदी प्रिस्किला

Leading Women And Sister Priscilla

प्रस्थान १,२,१६,२२

प्रेरित १७:४ लाई पढ्नुहोस्- अग्रणी महिलाहरु पावल र सिलाससँग सामेल भएका थिए । तिनीहरु कहाँ थिए? थेसेलोनिकेमा, माकेडोनियाको राजधानी- व्यस्त बन्दरगाह शहर थियो । यो शहर फरक थियो । यहाँ रोमी भन्दा ग्रीकहरु धेरै थियो । त्यहाँ ठूलो यहूदी जनसंख्या थियो । पावलले सभाघरमा येशूको बारेमा सिकाउँदै तीन शबाथहरु बिताए ।

(क) पावलले यहूदीहरुसँग तर्क गरे- प्रेरित १७:२,३ पढ्नुहोस् ।
  (१) पावलले मसीहको प्रकृतिलाई परिभाषित र व्याख्या गर्ने आधार बनाए ।
  (२) उनले आफ्नो शिक्षा भविष्यवाणी र व्यवस्थामा आधारित छ भनेर घोषणा गरे जसलाई यहूदीहरुले सम्मान गर्नेछन् ।

(ख) थेसलोनिकीका केही यहूदीहरुले पछ्याउन थाले ।
  (१) खुशीको खबर यो थियो कि ईश्वरभक्त ग्रीक र धेरै अग्रणी महिलाहरु थिए ।
  (२) २ थेसलोनिकी १:९ ले भन्छ, त्यहाँका मानिसहरु जीवित र साँचो परमेश्वरको सेवा गर्न मूर्तिहरुबाट परमेश्वरतिर फर्के ।
  (३) १ थेसलोनिकी १:६-८- तिनीहरुको विश्वास यति ठूलो थियो कि पावलले अन्य ठाउँका ख्रीष्टियानहरुलाई भन्नु परेन ।

(ग) थेसलोनिकाको भीडले पावल र सिलासलाई भेट्नुउन नसकेपछि तिनीहरुले मिसनरीहरुलाई आफ्नो घरमा राखेका यासोनमाथि आफ्नो क्रोध निकाले ।
  (१) यो भनिएको थियो कि यासोनको समुहले संसारलाई उल्टो पाऱ्यो ।

(घ) प्रेरित १७:५-१०- पावल र सिलासलाई राती बेरियामा पठाइयो ।
  (१) बेरियाका मानिसहरु धेरै महान र निष्पक्ष दिमागका थिए र तिनीहरुले दैनिक धर्मशास्त्र खोज्थे (यसले बेरियाका यहूदीहरुलाई बुझाउँछ) ।
  (२) प्रेरित १७:११-१२- ध्यान दिनुहोस् कि त्यहाँ प्रमुख महिलाहरु थिए ।

(ङ) यी प्रमुख महिलाहरु को थिए?
  (१) परमेश्वरले सबैलाई थाहा दिन चाहनुहुन्छ कि महिला र पुरुष विश्वासी हुन सक्छन् ।
  (२) यी महिलाहरु आत्म-चिन्तकहरु थिए र उनीहरुले समस्या सिर्जना गर्नेहरुलाई उनीहरुको सोचमा प्रभाव पार्न दिएनन् ।

(च) पावलले बेरिया छोडनुपर्छ किनभने यहूदीहरुले समस्या निम्त्याइरहेका छन् - त्यसैले उनी एथेन्स जान्छन् ।

(१) आज पनि हामी ती दिनहरुका एथेन्सको महिमा देख्न सक्छौं ।
(२) पावलले पुनरुत्थानको बारेमा सिकाउँदा, कतिपयले गिल्ला गरे ।
(३) थोरै मात्र उनीसँग सहभागी भए र विश्वास गरे ।

(छ) प्रेरित १७:३४- दामारिस नामको महिला
(१) सायद उनी नामले उल्लेख गरेकोले केही प्रभावकारी महिला हुनुपर्छ ।
(२) उनी मन्दिरहरुमा प्रमुख महिलाहरु मध्ये एक हुन सक्छिन् ।
(३) उनी शहरको अधिकारी पनि हुन सक्छिन् ।
(४) हाम्रा नामहरु बाइबलमा कहिल्यै लेखिने छैनन् तर यो जीवनको पुस्तकमा लेख्न सकिन्छ । यो त्यहाँ हुन सक्छ किनभने दमारिसले जस्तै हामी सुसमाचार पालन गर्छौं ।

(ज) पावल निराश भएर एथेन्स छोडेर कोरिन्थी गए ।
(१) प्रेरित १८:९,१० पढ्नुहोस्- नडरोओ- धेरै मानिसहरु ।
(२) पावल पनि निरुत्साहित भएर कहिलेकाहीँ डराए । यो हामीले बिर्सन सक्दैनौ कि पावल पनि मानिस थिए । उनलाई विशेष गरी आफ्नै मानिसहरुमा ठूलो अस्वीकार थियो । उनी आत्मिक रुपमा सबै मण्डलीहरुको चिन्ता गर्थ्यो ।

(झ) पावललाई अहिले केही विशेष साथीहरु चाहिएको थियो- याद गर्नुहोस् उसले सिलास र तिमोथीलाई बेरियामा छोडेको छ ।
(१) कोरिन्थमा उनी प्रिस्किला र अकिलासँग मिल्छन् । तिनीहरु पाल बनाउनेहरु र पहिलेका यहूदीहरु हुन- तिनीहरुमा धेरै समानता थियो ।
(२) तिनीहरु पावलको लागि विशेष थिए किनभने उनले तिनीहरुलाई आफ्नो लेखमा थप ३ पटक उल्लेख गरेको थियो ।
(३) तिनीहरु पावलसँग एफिसस गए ।
(४) प्रेरितको पुस्तकमा मिसनरी जोडी उल्लेख गरिएको छ ।
(५) मण्डली तिनीहरुको घरमा भेला हुन्थे (१ कोरिन्थी १६:१९) ।

(ञ) पावलले तिनीहरुलाई एफिसस छोडे (प्रेरित १८:२६)- अपोलोसलाई एक ठाउँमा लगेर सिकाए ।
(१) यूहन्नाको बप्तिस्माको बारेमा मात्र उनले धर्मशास्त्रबाट सिकेका थिए ।
(२) यो निजी स्थानमा सिकाउने उत्कृष्ट उदाहरण हो- यो एउटा गम्भीर विषय थियो जसलाई सच्याउनु आवश्यक थियो- तिनीहरु धेरै साहसी थिए ।

(ट) रोमी १६:३,४- यो महान टोलीको लागि एउटा धेरै विशेष सन्देश छ । यो जोडी प्रभुमा एक थियो । ख्रीष्टमा भएका हाम्रा बाहिरका मित्रताहरुलाई सम्झौं ।
(१) महिलाहरुले अब अरुलाई भेट्न र तिनीहरुलाई आफ्नो घरमा निमन्त्रणा गर्न सक्छन् ।
(२) यासेन लगाएत प्रिस्किला र अकिलासको घर सँगी ख्रीष्टियानहरुका लागि खुल्ला थियो ।

पाठ- ५६

लिडिया

Lydia

प्रेरित १६:६-१५

आजको अध्ययन फिलिप्पीको मण्डली बारेमा हो जुन एउटी महिला र उनको परिवारबाट सुरुवात भएको थियो । प्रेरित १६:१४ पढ्नुहोस्- उनको नाउँ लिडिया थियो, उनी थियाटीरा शहरकी निवासी, बैजनी वस्त्रको व्यापार गर्ने गर्थिन् ।

(क) पहिला, उनको शिक्षक पावललाई हेरौं ।
  (१) उनले पूर्वी एशिया जाने योजना बनाए तर परमेश्वले उनलाई यस समयमा अनुमनि दिनु भएन ।
  (२) त्यसको सट्टा परमेश्वरले उनलाई माकेडोनिया (अहिलेको आधुनिक ग्रीसको भाग) जान निर्देशन दिनुभयो ।
  (३) यो क्षेत्र रोमी उपनिवेश थियो । त्यहाँ ल्याटिन भाषा बोल्ने गर्‍थ्यो । यरुशलेमले जस्तै तिनीहरुले कर तिर्दैन थियो ।
  (४) यो समुन्द्री तटबाट १० माइल टाढा छ ।

(ख) पावलले शबाथ दिनमा आराधना गर्ने स्थान खोज्यो । उनले लिडिया र उनको परिवारलाई नदीको किनारमा आराधना गरिरहेको भेट्टाए ।
  (१) मिसनरीहरुको समुह महिलाहरुसँग आराधना गर्न बस्यो ।
  (२) उनी बैजनी वस्त्र बेचेर एउटी नाफा कमाउने व्यवसायी थिएन् । तर उनले आराधनाको लागि समय निकालिन् र आफ्नो घर परिवार पनि ल्याइन् ।
  (३) लिडियाले मिसनरीहरुले भनेको कुरा "सुने" र यसो भन्दछ कि पावलले भनेको कुराहरु सुन्न प्रभुले उनको हृदय खोलिदिनुभयो ।
    (क) यो वाक्यांश बाइबलमा यही स्थानमा मात्र एक पटक प्रयोग भएको छ तर हामी यसलाई सधैं सुन्छौं ।
    (ख) सुसमाचार सुनेर लिडियाको हृदय खुल्यो । पावलले सिकायो र उनको हृदय खुल्ला भयो ।
    (ग) जब हामी परमेश्वरको वचन पढ्छौं र सुन्छौं हाम्रो हृदय नरम हुनुपर्दछ र अझ धेरै सुन्ने चाहना गर्दछौं ।
    (घ) परमेश्वरले हाम्रो हृदय र दिमागलाई उहाँका शब्दहरुद्धारा खोलिदिनुहोस् भनी हामीले प्रार्थना गर्नुपर्दछ । मैले पढेका कुराहरुमा ध्यान दिन र मलाई बुझ्नको लागि सहयोग गर्नुहोस् भनी म परमेश्वरलाई अनुरोध गर्दछु ।

लिडियाबाट पाठ

(क) उनलाई हितोपदेश ३१ मा वर्णन गरिएको योग्य महिलासँग तुलना गरेको देखिन्छ ।

(ख) उनी दुवै परमेश्वरको आराधक र एउटी व्यवसायी महिला थिइन् ।
   (१) हामी दुवै हुन सक्छौं, जवसम्म हामी सिद्धान्तहरु साथमा राख्छौ जस्तैः सत्यनिष्ठा, इमानदारी, केवल वजन (हितोपदेश ११:१), अल्छी नगर्नुहोस् (हितोपदेश १०:२६) ।
   (२) हितोपदेश १६:३ पढ्नुहोस्- "तैंले गर्ने जुनसुकै कुरा परमप्रभुलाई सुम्पिदे, र तेरा योजनाहरु सफल हुनेछन् ।"
   (३) उनले आफू र आफ्नो परिवारको लागि काम भन्दा आराधना रोज्छिन् । उनले शबाथ दिन आराधना गर्न राम्रो उदाहरण बसाले ।
   (४) चिक-फिल-एका मालिक टुएट क्याथीसँग १,२०० पसलहरु छन् । ती पसलहरु अझै बृद्धि भइरहेका छन् । उनले आइतबार कहिल्यै पसल खोल्दैनन् । उनका कर्मचारीहरु र विश्वका लागि यो उत्कृष्ट उदाहरण हो ।
   (५) हामी आइतबारको दिन आराधना गर्छौं जुन दिन येशू मृत्युबाट जीवित हुनुभयो (प्रेरित २०:७ र १ कोरिन्थी १६:२) ।

(ग) के नदीको छेउमा आराधना गर्न सजिलो थियो?

(घ) लिडियाले वचन सुनिसकेपछि परमेश्वरको वचनको लागि भोकाएको छ भन्ने कुराको प्रतिक्रिया दिइन् ।
   (१) उनी परिवर्तन हुन चाहन्थिइन् थिइन् (यो गाह्रो हुन सक्छ), तर उनी येशूलाई पछ्याउन इच्छुक थिइन् ।
   (२) के हामी हाम्रो जीवनमा परमेश्वरको वचन प्रयोग गर्न चाहन्छौं र उत्सुकतापूर्वक हामीले ख्रीष्ट जस्तै बन्नको लागि परिवर्तन गर्न सक्ने तरिकाहरु खोज्छौं (ख्रीष्टियान पदयात्राको अंश) ।
   (३) उनी शबाथका दिन यहूदीहरुको प्रार्थना सभामा गइन् र ख्रीष्टियान भएर घर फर्किन् ।
   (४) जेलर र उनको घर परिवार प्रभुमा थपिएको केही समयपछि उनी फिलिप्पीको मण्डलीको पहिलो सदस्य भइन् ।
   (५) फिलिप्पीको पुस्तकमा हामी पढ्छौं कि मण्डलीमा डिकन र एल्डरहरु थिए । यो सबै नदीको किनारमा आराधना गर्ने महिलाहरुको समुहबाट सुरुवात भएको थियो ।

(ङ) लिडियाले पावल र अन्य मिसनरीहरुलाई उनको घरमा आउन र बस्न आग्रह गरिन् ।
   (१) उनले तिनीहरुलाई कर लगाइन् ।
   (२) दयालु र उदार कार्यले तिनीहरुलाई अनिश्चित समयसम्म रहन

अनुरोध गरे ।

(३) यी मानिसहरु आफ्नो घरमा बस्दा र खाँदा लिडियालाई धेरै आशिष दिने थियो । के तपाई कल्पना गर्न सक्नुहुन्न् कि उनीहरुले त्यहाँको यात्राका कथाहरु र सम्भवत् पावलले दमस्कस जाने बाटोमा के देखे र कसरी उनी अन्धा भए?

(४) हामीले शिक्षक र मिसनरीहरुलाई पनि हाम्रो घरमा स्वागत गर्नुपर्छ जुन हामीले तिनीहरुका कथाहरुबाट अन्य ठाउँहरुको बारेमा धेरै नयाँ कुराहरु सिक्छौं ।

(क) खाना राम्रो र मिठो नै हुनुपर्दैन्- तर संगतिमा आनन्द लिनुहोस् ।

निष्कर्ष

पावलले फिलिप्पीको मण्डलीलाई माया गर्थे र प्राय: प्रार्थनामा उल्लेख गर्दथे ।

(क) उनीहरु त्यहाँ केही दिन मात्र थिए तर उनीहरुले जीवनभरको सम्बन्ध विकास गरे ।

(ख) फिलिप्पी ४:१५ पढ्नुहोस्- उनीहरुले पावललाई दिएको तरिका यस्तो थियो ।

(ग) पावल भन्दछन् कि उनी येशू ख्रीष्टको स्नेहको साथ धेरै चाहना गर्थे ।

हामी वसन्त ऋतुमा फर्केर आएपछि मैले यो राम्रोसँग बुझेको छु । यहाँको मण्डली हाम्रो प्रार्थनामा छ । यहाँ के भइरहेको छ भन्ने कुरामा हाम्रो चासो छ र हामी मौका पाएपछि फर्कन तयार थियौं ।

पाठ- ५७

स्त्रीको भूमिका

Role of Woman

पाठ १:
आजको मण्डलीमा

(क) महिलाहरुले धेरै फरक भूमिकाहरु निभाएको अवस्थामा परमेश्वर, येशू र पवित्र आत्माले महिलाहरुको बारेमा के भन्नुभयो?

(१) क्यान्डेस- इथियोपियाकी रानी, हेरोदकी भाउजु, बैजनी वस्त्रको व्यापार गर्ने लिडिया, मरियम र मार्था, तिनीहरु यहूदी समुदायमा परिचित थिए ।

(२) एलिशिबा, बप्तिस्मा दिने यूहन्नाकी आमा (लूका १:५) । उनी हारुनका छोरीहरु थिइन् (जो उनीहरु क्यानान्स भूमिमा पुगेपछि पहिलो प्रधान पूजाहारी थिए) ।

(३) जकरिया उनको पति एउटा पूजाहारी थिए र उनी यरुशलेम मन्दिर गएका थिए । परमेश्वरले उसलाई उनको बच्चा हुनेछ भनी भन्नुहुँदा- उनी तिनीसँग थिएनन् ।

(४) मरियम- एउटा जवान कुमारीलाई परमेश्वरले मुक्तिदाताको आमा हुन चुन्नुभएको थियो ।

(५) महिलाहरुलाई सम्बन्धविच्छेद गरियो र कुनै उचित कारण बिना अलग गरिएको थियो । अरुलाई मन्दिरहरुमा वेश्याको रुपमा राखिएको थियो र कन्याहरुलाई तिनीहरुका देवताहरुलाई अर्पण गरिन्थ्यो ।

याद गर्नुहोस् कि यी मध्ये केही महिलाहरु उच्च पदमा थिए । अरुहरु उनीहरुको परिवारमा धेरै महत्वपूर्ण थिए । कत्तिलाई सम्पत्तिको रुपमा व्यवहार गरिन्थ्यो भने कत्तिलाई भयानक दुर्व्यवहार गरिन्थ्यो ।

आज पनि त्यस्ता संस्कृतिहरु छन् जहाँ तिनीहरु अनौठो कुराहरुमा विश्वास गर्छन् ।

(१) अफ्रिकी जनजातिहरु एउटा पति र धेरै पत्नीहरुमा विश्वास गर्छन् । तपाईहरुसँग धेरै गाईहरु र पत्नीहरु छन् भने तपाई उति नै धनी हुनुहुन्छ भनी विश्वास गर्दछन् ।

(२) अन्य ठाउँहरुमा तिनीहरु विश्वास गर्छन् कि यदि तपाई कुमारीसँग सुत्नुभयो भने तपाई एड्स रोगबाट निको हुनेछ । यसबाट धेरै जवान केटीहरुलाई बलात्कारको शिकार बनायो ।

आदम र हव्वाको समयदेखि मानिसहरुले सोच्ने र तर्क गर्ने प्रयास गरेका

थिए र के तपाईले कहिल्यै याद गर्नुभएको छ कि धेरै पटक हाम्रा विचारहरु परमेश्वरका विचारहरु होइनन् ।
याद गर्नुहोस्: इस्राएलीहरु र सुनको बाछा, दाऊद र बतशेबा ।
परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र उहाँले उत्तम कुरा जान्नुहुन्छ ।

परमेश्वरले भन्नु भएका कुराहरु हामीले सुन्नुपर्छ ।
के तपाई विश्वास गर्नुहुन्छ?

विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ ।
आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।
किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो कि जसले विश्वास गर्छ त्यो नाश हुनेछैन तर अनन्त जीवन पाउनेछ ।

प्रभुको मण्डलीमा हाम्रो "कार्य वर्णन" को लागि परमेश्वरको वचनलाई हेरौं ।

(१) के महिला प्रेरितहरु थिए? थिएनन् । प्रेरितहरुलाई कसले चुन्नुभयो? येशूले ।
(२) प्रेरितको काम के थियो? साक्षी हुनु र सुसमाचार प्रचार गर्नु ।
  (क) पत्रुसले पेन्तिकोसको दिनमा प्रचार गर्दै ।
  (ख) पावलले अन्यजातिहरुलाई प्रचार गर्दै ।
  आज हामीसँग प्रेरितहरुको सट्टामा प्रचारकहरु, सन्देशवाहकहरु, एल्डरहरु र डिकनहरु छन् ।

के महिला चेलाहरु थिए? हो, थिए ।

(१) मरियम, मार्था र लाजरस- येशू तिनीहरुको घरमा जानुभयो ।
(२) मत्ती १४:२१- त्यो आश्चर्यकर्ममा महिला र बच्चाहरु बाहेक ५,००० पुरुषहरुलाई खुवाउनुभयो ।
(३) मरियम मगदलिनी भूत आत्माहरुबाट निको भइन् ।
(४) महिला जसले उहाँको लुगाको छेउ छोइन् र विश्वासको कारण निको भइन् ।
(५) नाइनको विधवा- येशूले तिनको छोरालाई निको पार्नुभयो ।
(६) लाजरसको मृत्यु हुँदा येशू मरियम र मार्थासँग रुनुभयो ।
(७) कूसमा उहाँले भन्नु भएको केही शब्दहरु मध्ये यूहन्नाले आफ्नी आमाको हेरचाह गर्नु थियो ।
(८) मत्ती २७:५५-५६- धेरै महिलाहरु जसले येशूको सेवा गरेका थिए तिनीहरुले येशूलाई खुवाउन र सहज बनाउनको लागि हेरचाह गरेका थिए । किनभने उहाँ एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्दै हुनुहुन्थ्यो । उहाँको शीर राख्ने ठाउँ पनि थिएन् (आज घरहरु थकितहरुको हेरचाह गर्ने ठाउँ हुन सक्छ र हामी थकित भएका मानिसहरु कहाँ जान सक्छौं ।

(९) लूका २३:२८- येशू आफ्नो कूसमा टाँगिने ठाउँमा पुग्न हुँदा यरुशलेमका छोरीहरुसित मानिसहरुसँग रोए ।

मत्ती ११:२८-३०- हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ । येशूले पुरुष र महिलाहरुलाई प्रेम गर्नुहुन्छ र कसैलाई कहिल्यै टार्नुहुन्न् ।

पाठ २:
ख्रीष्टियान महिलाहरूको भूमिका

के हाम्रो विश्वास समाजमा आधारित हुन सक्छ- जो हाम्रो वरपर बस्दछन्, धार्मिक समुहहरुको जस्तै?

(क) १ कोरिन्थी ११:३- स्त्रीको शिर पुरुष हो, पुरुषको शिर खीष्ट हुनुहुन्छ ।
  (१) पद ११- पुरुष स्त्रीमा निर्भर हुन्छ किनभने ऊ यसरी नै संसारमा आएको हो ।
  (२) पद १०,११,१२- पावलले कोरिन्थीका महिलाहरुलाई किन आफ्नो शिर ढाक्ने र पुरुषहरुले नढाक्ने बारे कुरा गर्छन् ।
    (क) मानिस पहिले आएको भन्नको लागि यो संसारको निम्ति चिन्ह हो ।
    (ख) उनीहरुको समयमा यो चलन थियो जस्तो लाग्छ ।
    (ग) पद १६- परमेश्वरको मण्डलीमा त्यस्तो कुनै प्रथा छैन् ।
    (घ) अध्याय १०- कसैलाई अपमान नगर्ने बारे कुरा गर्दछ । त्यसैले यहाँ म मेरो शिर ढाक्न चाहन्छु र म घरमा हुँदा होइन् । नयाँ नियमको समयमा मण्डली भेला हुने क्षेत्रहरुमा पनि यो थिएन कि जस्तो देखिन्छ ।
    १ कोरिन्थी ११:३ पढ्नुहोस्- फेरि- समग्र विचारलाई दिमागमा राख्नुहोस् ।

  पुरुष र महिला र परमेश्वर बीचको सम्बन्ध कहिले सुरु भयो?
  के यो कूसमा थियो, वा मोशाको व्यवस्था दिएको समयमा थियो?

(ख) अदनको बगैचा । उत्पति १:२६,२७- जब परमेश्वरले पहिलो पुरुष र महिला सृष्टि गर्नुभयो ।

  उत्पति २
  (१) परमेश्वरले माटोको धुलोबाट मानिसलाई बनाउनुभयो । एउटा जीवित आत्मा भयो ।
  (२) अनि बगैचा मानिसको लागि बनाइएको थियो ।
  (३) आदमले सबै पशुहरुको नाम राख्न थाले ।
  (४) उत्पति २:२०- आदमले पशुहरुको बीचबाट मद्दत पाएनन् ।
  (५) आदमलाई परमेश्वरले मस्त निन्द्रामा पार्नुभयो र उनको करङ्गबाट स्त्री बनाउनु भयो ।
  उत्पति २:२२-२५ पढ्नुहोस्- अदनको बगैंचामा पहिलो जोडीको चित्र ।
  पद २४- तिनीहरु एक हुनेछन्- नयाँ एकता नयाँ सुरुवात ।

  मत्ती १९:४-६- परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले अलग नगरोस् ।

(ग) उत्पति ३- यदि उनले असल र खराब दिने ज्ञानको रुख खाएनन् भने उनी मर्ने छैनन् भनी सर्पले हव्वालाई परीक्षामा पाऱ्यो र सुझाव दियो । परमेश्वरले उत्पति २:१७ मा स्पष्ट रुपमा भन्नुभयो कि तिमीहरुले त्यो फल नखानू नत्र तिमी निश्चय नै मर्नेछौं ।

(१) तर हव्वाले यसलाई आफ्नै तरिकाले देखिन्- फललाई हेरिन् र त्यो हेर्नमा राम्रो थियो र सबै कुरामा सर्पले उनलाई त्यो ठीक हुनेछ भन्यो ।

(२) उत्पति ३:६ पढ्नुहोस् ।

(क) उनले फललाई हेरिन्, त्यसको स्वाद राम्रो हुनेछ भनी निर्णय गरिन् र त्यसले उनलाई परमेश्वर जस्तै बुद्धिमान बनाउन सक्छ- उनले आफ्नो पतिलाई दिए, आदमले पनि खाए ।

(ख) त्यसपछि- उनीहरु नाङ्गो भएको महसुस गरे जुन राम्रो होइन भन्ने बुझे । त्यसपछि तिनीहरुले नेभाराका पातहरु बनाएर लगाए अनि परमेश्वरबाट लुके ।

(ग) पद १२- के भइरहेको थियो भनी परमेश्वरले सिधै आदमलाई सोध्नुभयो । नाङ्गो हुनु गलत हो भनी उनीहरुलाई कसरी थाहा भयो ।

(घ) आदमको प्रतिक्रिया हामी सबैजनाको जस्तै थियो । तिनले आफ्नो पत्नीलाई दोष लगाए । उनले त्यो दिइन् र उसले खायो भने ।

(ङ) हव्वाले सर्पलाई दोष लगाई- (उसलाई बहकाएकोमा) ।

(घ) उत्पति ३:१६,१७ पढ्नुहोस् ।

(१) स्त्रीको सजाय-गर्भधान दुःखदायी हुनेछ । पीडामा सन्तान जन्माउने छ ।

(२) इच्छा उनको पतिको लागि हुनेछ तिनले स्त्रीमाथि शासन गर्नेछ ।

(३) आदमको सजाय- काँडा र सिँउडीहरु उमार्नेछन् र खानाको लागि जमिनमा काम गर्नुपऱ्यो ।

(४) आदम र हव्वा दुवै अदनको बगैंचाबाट धपाइए ।

(ङ) नयाँ नियमः १ तिमोथी २:११,१२ पढ्नुहोस् ।

(१) स्त्रीले चुपचाप सिकून् । स्त्रीले सिकाउने होइन् ।

(२) पुरुषमाथि अधिकार गर्ने होइन् ।

(३) पद १३,१४- आदम पहिले सृजिएको थियो भनी पावल तिमोथी र तिनका पाठकहरुलाई सम्झना गराउँछन् ।

(४) हव्वा छलिएको हो, आदम होइन् ।

(५) पद १५- धेरै महत्वपूर्ण, यदि हामी विश्वास, प्रेम, र पवित्रतामा आत्म-संयमतालाई निरन्तरता दिन्छौं भने महिलाहरु बालक जन्ममा बचाइनेछन् ।

गृहकार्यः

१ तिमोथी २ अध्यायलाई पढ्नुहोस् ।

खीष्टको शरीर (मण्डली बाहिरका पुरुष र महिला र खीष्टियानहरुको रुपमा उनीहरुको भूमिकालाई कसरी हेर्ने?

महिलाहरुले अझै पनि शैतान र संसारका ती मानिसहरुको कुरा सुनिरहेका छन् - जस्तै हव्वा । कमजोर पुरुषहरुले सुन्दै आएका छन् र यस संसारका हव्वाहरुलाई प्रचार गर्न दिइरहेका छन् ।

दह्रिलो पुरुषहरु साहसी हुनुपर्दछ र परमेश्वरको वचन प्रचार गर्नु पर्दछ ताकि हामी महिलाहरु परमेश्वरले चाहनु भएको जस्तो हुन सकौं ।

पाठ ३:
स्त्रीको भूमिका

१ तिमोथी २:८-१५

खीष्टियन पुरुष र महिलाहरुले मण्डली बाहिरकाहरुलाई कसरी हेर्नु पर्दछ?

(क) पुरुष मानिस- पद ८- प्रार्थना गर्नुहोस्, पवित्र हात उठाउनुहोस्, कुनै क्रोध वा विवाद नगर्नुहोस् ।

(ख) महिला- पद ९- सामान्य लुगा लगाउनुहोस्, संयमित हुनुहोस् । सुन मोतीहरु र आफू खुशी लगाउने लुगाहरुको लागि धेरै पैसा तिर्ने कुराहरु बिर्सनुहोस् बरु आफ्नो असल कामहरु धारण गर्नुहोस् ।

(ग) पद ११-१५- महिलाहरुलाई मौनतामा सिक्न दिनुहोस् ।

१ तिमोथी ३:

के एउटा महिला बिशप /एल्डर वा डिकन हुन सक्छ?

पद १- मानिस बिशप हुने इच्छा गर्दछ ।

पद २- एउटै पत्नीको पति ।

पद ४- जसले आफ्नो घरलाई राम्रोसँग चलाउन सक्छ ।

पद ७- मण्डली बाहिरका मानिसहरुको दृष्टिमा पनि असल ठहरिनुपर्छ ।

पद ११- महिलाहरु आदरणीय हुनुपर्छ, निन्दा गर्ने होइन्, संयमी र सबै कुरामा विश्वासयोग्य हुनुपर्छ ।

पद १२- डिकनहरु एउटै पत्नीको पति हुनुपर्छ, र घरलाई राम्रोसँग चलाउन सक्ने हुनुपर्छ ।

पद १५- तिनीहरुले मण्डलीमा कसरी व्यवहार गर्नुपर्छ भनी पावल तिमोथीलाई भन्दछ । पद १४ र १५ पढ्नुहोस् ।

कुनै पनि तरिकाले यसले महिलाहरुलाई कुनै एल्डर वा डिकन हो भनेर वर्णन गरेको के तपाईले देख्नुहुन्छ?

- सम्पूर्ण बाइबलका ४० जना लेखकहरु- सबै पुरुषहरु थिए ।
- पुरानो नियममा याकूबका १२ छोरा र १ छोरी थिए, सबै कुरा विभाजित हुँदा यो १२ कूलहरुमा बाँडियो ।
- नयाँ नियमका अगुवाहरु र प्रचारकहरु सधैं पुरुषहरु नै थिए ।
- १२ प्रेरितहरु सबै पुरुष मानिसहरु नै थिए ।
  (क) कतिपय स्त्रीहरुमा बढी विश्वास थिए (लूका २४:१०,११) ।

उनको पुस्तकबाट बेट्टी चोएट भन्छिन्, "यसले पुरुषहरु बढी बौद्धिक, वा बढी सक्षम वा बढी विश्वास भएकाले उनीहरुलाई परिवार र मण्डलीमा अगुवाको रुपमा नियुक्त गरेको होइन्, तर मानिस सृष्टिमा अग्रपंक्तिमा भएकोले र परमेश्वरले उनलाई एउटा अधिकारको रुपमा संरचना गर्नुभएको छ ।

यसकारण परमेश्वरको वचनमा थपेर दोषी नबनौं (प्रकाश २२:१८-१९) ।

पाठ ४:
के महिलाहरूले सिकाउन सक्छन्?

हाम्रो बाइबल अध्ययनको आधारमा के तिनीहरुले पुरुष र महिलाहरुको मिश्रित समुहमा सिकाएको प्रमाण छ? कुनै पनि परिस्थितिमा उनी जहाँ उपस्थित हुन्छिन्, तब उनले पुरुषहरुमाथि शासन गरिएको देखिन्छ ।

मानिसहरुले येशू र सुसमाचारको बारेमा सिक्ने केही तरिकाहरु के-के हुन्?

(१) व्यक्तिगत बाइबल अध्ययनमा ।
(२) कुराकानीमा ।
(३) जीवन शैलीद्धारा ।
(४) परिवारमा ।
(५) मानिसहरुको घरमा जानुहोस् ।
(६) असल कामहरु सिकाउनुहोस् ।
(७) साथीहरुसँग ।

म विश्वास गर्छु कि धेरै मानिसहरुलाई सिकाइएको छ- हुन सक्छ खीष्टको पहिलो परिचयमा पनि प्रचार गर्नु बाहेक अन्य तरिकाहरुद्धारा पनि प्रचार गर्नु अझै महत्वपूर्ण छ । किनकि यसले हामीलाई येशूको बारेमा सोच्न र प्रश्नहरु सोध्न निरन्तरता दिन्छ । यसले हामीलाई सही काम गर्न पनि उत्प्रेरित गर्छ ।

विशेष गरी स्त्रीको हैसियतमा हामीले कसरी सिकाउन सक्छौं?

(१) व्यवहार- हामी के भन्छौं र गछौं । तीतस २:३-५- "परमेश्वरको वचनको निन्दा हुन नपाओस् ।"
(२) जवान विधवाहरु- १ तिमोथी ५:१४- कुनै पनि काम नगर्नुहोस् जसले मानिसहरुलाई तपाईको बारेमा नराम्रो कुरा गरुन् (सबैका लागि राम्रो सल्लाह) ।
(३) हाम्रो घरमा । हरेक दिनको प्रत्येक मिनेट- १ पत्रुस ३:१,२

२ तिमोथी १:५- आमा युनिस र हजुर आमा लोइस ।
हामीले परमेश्वरलाई पहिलो स्थान दिँदा छोराछोरी र पतिले सिक्छन् ।
खीष्ट हाम्रो उदाहरण हुनुहुन्छ ।

हामीले घरमा सिकाउन सक्ने धेरै कुराहरु छन् जुन परमेश्वरको आज्ञाहरुमा आधारित छ ।

प्रेम, धैर्य, दया, आनन्द, अध्ययन गर्ने बानी, समय र पैसाको राम्रो व्यस्थापन, प्राथमिकता, गरिबलाई कसरी व्यवहार गर्ने, आराधनामा इमानदारिता, कसरी खाना पकाउने, सफा गर्ने.....

मेरी आमाले मलाई जतातै मण्डलीमा लैजानुभयो ।

पाठ- ५८

के नगर्ने - "दिदी सफिरा"

What Not To Do- "Sister Sapphira"

प्रेरित ४:३२; ५:११

(क) प्रेरित ४:३२-३४ मा प्रारम्भिक मण्डलीलाई हेर्नुहोस् ।

(१) हजारौं बप्तिस्मा भइरहेका छन् ।
(२) मिलेको र दयालु ।
(३) धेरैले सामान्य भलाइको लागि सम्पत्ति बेचे- बारनाबासले प्रशंसा गरे ।
(४) नयाँ परिवर्तन भएकाहरुमा ठूलो उत्साह र जोश थियो ।
(५) तिनीहरुले मसीहलाई खोजिरहेका थिए- उहाँ जुनसुकै बेला आउनुहुनेछ भनी सोचे ।

(ख) शैतानले नयाँ दृष्टिकोण प्रयोग गर्दछ ।

(१) त्यसले नयाँ मण्डलीलाई भित्रबाट आक्रमण गर्छ ।
(२) पति र पत्नी (हननिया र सफिरा) ले आफ्नो जग्गा बेच्ने योजना बनाए । उनीहरुले यो सबै मण्डलीलाई दिएको बताए तर केही हिस्सा मात्र दिए ।
(३) नयाँ नियमको मण्डलीमा लेखिएको पहिलो कपटीहरु यिनीहरु नै हुन् ।

कपटी के हो?
परिभाषा:- जानाजानी छल गर्ने, जानाजानी पाप गर्ने, खराब दृश्यलाई इन्कार गर्न चाहने, धेरै असल देखिन चाहने ।

एउटा पाखण्डीले अरु ख्रीष्टियानहरुको नजरमा तिनीहरुलाई राम्रो देखाउनको लागि जे पनि भन्नेछ तर त्यसपछि पछाडि गुनासो गर्न बाँकी राख्छ ।

(ग) हामी यो बाटो किन रोज्छौं?

(१) तिनीहरुले पैसालाई माया गरेर परमेश्वरको भन्दा बढी प्रशंसा गर्थे ।
(२) तिनीहरुले बारनाबास र अन्य परोपकार गरेका ख्रीष्टियानहरुको ईर्ष्या गर्थे ।
(३) तिनीहरुले योजना बनाउँदा तिनीहरुको अघिल्लो रातको कुराकानी कस्तो भयो?
   (क) हननियाले सफिराको ज्ञान र सायद उनको अनुमोदनको साथ काम गरे ।
   (ख) के यो सफिराको लागि हननियाको मन परिवर्तन गर्ने समय भएको थियो?

(घ) हननिया भोलिपल्ट बिहान आफै पत्रुसकहाँ आए । प्रेरित ५:३,४ पढ्नुहोस् ।

(१) हननियाले कुनै बहाना गरेनन् र आफ्नो कार्यप्रति पछुतो पनि भएनन् । उनी तुरुन्तै मरे ।

(२) ३ घण्टा पछि सफिरा आयो (हुन सक्छ उनले आफ्नो श्रीमानलाई खोज्दै थिइन्- सायद उनले खाना खान ढिलो गरेकी थिइन् ।)

(क) उनलाई त्यही प्रश्न सोधिन्छ, "भन त जमिन यत्तिमै बेचेको हो कि ।"

(ख) उनलाई सत्य बोल्ने मौका दिइएको थियो तर उनी र उनको पतिले झुट बोल्ने योजना बनाइन् ।

(ग) तुरुन्तै उनको मृत्यु भयो र उनको पतिसँगै गाडियो ।

(ङ) हामी विश्वास गर्छौं कि हाम्रा श्रीमान् वा बुवाहरु गलतमा हुनुहुन्छ भने हामीले उहाँहरुको विचारलाई कसरी परिवर्तन गर्ने भन्ने प्रयास गर्नुपर्छ । के तपाई सक्नुहुन्छ?

(१) लगनशील भएर प्रार्थना गर्नुहोस् ।

(२) अरु मानिसहरुको अगाडि उहाँलाई कहिल्यै आरोप नलगाउनुहोस्, यसलाई निजी रुपमा सामना गर्नुहोस् ।

(३) यो महत्वपूर्ण छ कि दम्पतीहरुले एक अर्कालाई सही कुरा गर्न प्रोत्साहन दिनु पर्छ ।

(क) उनी लामो सप्ताह यात्राको लागि मण्डली छोड्न चाहन्छन्- तपाई पनि उहाँसँगै जान चाहनुहुन्छ भने आराधना गर्ने स्थान र समय पाउने छन् कि पाउँदैनन् भनेर जानु अघि तपाईले कुरा गर्नुपर्छ ।

(ख) तपाई थकित हुनुहुन्छ र बच्चाहरुलाई नुहाउन आवश्यक छ र तपाई सोच्नुहुन्छ कि हामी अर्को हप्ता मात्र जान्छौं ।

(ग) साथीहरु भेला भइरहेका छन् र पिउनेछन् । उनी वास्तवमै तिनीहरुसँग हुन चाहन्छन् ।

त्यहाँ यस्तो समय पनि हुन्छन् जब एक जना महिलाले आफ्नो जीवनमा कुनै पनि पुरुषहरु भन्दा परमेश्वरको आज्ञा पालन गर्नुपर्नेछ ।

जवाफको निम्ति बाइबल हेरौं ।

(च) सफिराबाट पाठहरु

(१) शैतानको कुरा नसुन्नुहोस्- उसले हाम्रो राम्रो मनसाय लिन्छ र ती विचारहरुलाई घुमाइ दिन्छ- यो ठीक हुनेछ- "कसैलाई थाहा छैन" भनी कानेखुशी गरिदिन्छ ।

(२) शैतानले हामीलाई बताउँछ कि हामी अरु भन्दा राम्रो छौं ।

(३) शैतानले हामीलाई हाम्रो पैसा आफ्नो लागि राख भनि बताउँछ, हामीलाई अझ चाहना हुन्छ ।

(४) बिस्तारै सच्याउनुहोस् र अरुलाई सही काम गर्न प्रोत्साहित

बेट्टी चोएट्की आमाले प्रचारकलाई सुसमाचारको सभाको क्रममा उनीहरुको घरमा लगे । तिनलाई खानेकुरा खुवाउनु भयो र बस्ने व्यवस्था गर्नुभयो । उनको ठूलो परिवार तर घर सानो थियो । त्यो प्रचारक जे.सी.चोएट् थिए ।

तिमोथीलाई पावलले जवान मानिस भए तापनि नम्र विश्वास भएको भनेका थिए । २ तिमोथी १:५- उनलाई कसरी सिकाइएको थियो? युनिस र लोइसले ।

के हामी हाम्रो परिवार बाहिरका मानिसहरुलाई सिकाउन सक्छौं?

प्रेरित १८:२,२५,२६- मानिस-अकिलास, स्त्री-प्रिस्किला । पति र पत्नी तिनीहरुले अपोल्लोसले प्रचार गरेको वचन सुने । उनी एउटा यहूदी थियो । तिनीहरुले उनलाई एउटा स्थानमा लगेर परमेश्वरको मार्गलाई अझ स्पष्ट रुपमा व्याख्या गरे ।

हुनसक्छ, यदि अर्को जोडीलाई सिकाउँदा पत्नीलाई अध्ययनमा अर्को महिलासँग धेरै सहज हुन सक्छ र उनी अध्ययनमा छिटो समावेश हुन सक्छ । त्यसपछि तिमीले छोडेर गएपछि उसले र उनको पतिले एउटै कुरा सुनेको हुनेछ । महिलाको रुपमा, कहिलेकाहीं हामीले सानो टिप्पणी गछौं वा बच्चाहरुको बारेमा सानो कुरा पनि गर्न सक्छौं इत्यादि ।

के हामीले सार्वजनिक रुपमा सिकाउन सक्छौं?

तीतस २:३-५ पढ्नुहोस्, हामी यी युवतीहरुलाई कसरी सिकाउन सक्छौं?

धेरै जसो समय घरको क्षेत्रमा हुन्छ तर हामी समुह वा कक्षा वा कुनै पनि सभामा गर्न सक्छौं जहाँ पुरुष मानिसहरु उपस्थित हुँदैनन् । महिलाहरुको लागि गफ गर्न होइन् तर अध्ययन गर्न र विचार बाँड्न भेला हुनु राम्रो हो । महिलाहरु विचार र योजनामा राम्रो छन् । हामीले अरुलाई मद्दत गर्न मन पराउँछौं । वृद्ध महिलाहरुको कुरा जवान युवतीले सुन्नुपर्छ - यसले तपाईलाई धेरै समय र मन दुखाइबाट बचाउनेछ ।

खाना पकाउने विधि पढ्न वा आमा वा हजुरआमाबाट सुन्नु कुन चाहिँ सजिलो छ? तिनीहरुको सल्लाह सोध्नुहोस् । जीवन पनि त्यस्तै सत्य हो । विशेष गरी महिलाहरुलाई सोध्नुहोस् जो सुसमाचारका आत्मिक कुराहरुको बारेमा तपाईको बहिनीहरु हुन् ।

अरुको अतिथि सत्कार गरौं । यो सिकाउने एउटा राम्रो तरिका हो । यदि तपाईले पढाउन सक्नुहुन्न् भने पढाउन सक्नेलाई घरमा बोलाउनुहोस् ।

हामीले महिलाको रुपमा गर्न सक्ने सबै कुरा र संसारमा हामीले गर्न सक्ने भिन्नताहरु सम्झनुहोस्, तर विशेष गरी हामी कसरी खीष्टको शरीरलाई महिमित बनाउँछौं ।

गर्नुहोस् ।

(५) पत्नीले पति/बुबालाई सम्मान गर्ने र उहाँको अगुवाईमा समर्पण गर्ने हुनुपर्छ । तर पतिलाई पापमा डोऱ्याउने बहानाको रुपमा प्रयोग नगरौं ।

(६) हामी परीक्षाबाट फर्केर प्रार्थना गर्नुपर्छ ।

(७) परमेश्वरमा कुनै कुरा लुकेको छैन् ।

(८) हामीले सही कारणका लागि काम गर्छौं भनेर निश्चित हुनु आवश्यक छ ।

(९) परमेश्वरमा ठट्टा हुँदैन र सबै मण्डलीमा ठूलो डर छायो (प्रेरित ५:११) ।

जसरी हामीले नयाँ नियममा पढेका धेरै ख्रीष्टियान दिदी बहिनीको रुपमा उनी पनि दढ्ढिलो ख्रीष्टियान भएकी भए के हुन्थ्यो होला?

आउनुहोस् हामी बसेर कुरा गरौं र यो विषयमा परमेश्वरले के सोच्नुहुन्छ भनी भनेको भए के हुन्थ्यो? उनले भन्न सक्थिन् कि मलाई साँच्चै नयाँ घर वा नयाँ रथ वा त्यो नयाँ लुगाहरु हुनु पर्दैन ।

गरिब ख्रीष्टियानहरुलाई यति धेरै खाँचो छ कि यस पटक उनीहरुलाई सबै दिऔं भनी के पत्नीले सधै आफ्नो पतिलाई मनाउन सक्दिनन्?

के हामी आफैले आफैलाई धोका दिन सक्छौं? के हामी आफूलाई वास्तवमै थाहा पाएको भन्दा राम्रोसँग चिन्छौं?

हामी परमेश्वर र हाम्रा प्रियजनहरुलाई प्रतिज्ञा गरौं कि हामी परमप्रभुको लागि बलियो हुनेछौं ।